# लुम्बिनी प्रदेश राजधानी निर्माणको लागि

(प्रदेश सरकारका प्रशासनिक भवनहरु, प्रदेश सभाका भवनहरु तथा अन्य पूर्वाधार निर्माण)

## वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन

## राप्ती गाउँपालिका-३, दाङ जिल्ला, लुम्बिनी प्रदेश

<u>प्रतिवेदन पेश गरिएको निकाय</u>

श्री वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय

बुटवल, रुपन्देही, लुम्बिनी प्रदेश

<u>मार्फत</u>

पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), लुम्बिनी प्रदेश

<u>प्रस्तावक</u>

पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय

प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वयन ईकाई

राप्ती उपत्यका (देउखुरी), लुम्बिनी प्रदेश

**कार्तिक,२०७९**

# घोषणा-पत्र

## प्रस्तावकको घोषणा-पत्र

**प्रतिवेदनको शिर्षक:** लुम्बिनी प्रदेश राजधानी निर्माणको लागि (प्रदेश सरकारका प्रशासनिक भवनहरु, प्रदेश सभाका भवनहरु तथा अन्य पूर्वाधार निर्माण) वातावरणीय प्रभाव मूल्याङ्कन (EIA), रासी गाउँपालिका-३, दाङ, लुम्बिनी प्रदेश, नेपाल।

**प्रस्तावकको नाम र ठेगाना:** पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय, प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वयन ईकाई, रासी उपत्यका (देउखुरी), लुम्बिनी प्रदेश नेपाल।

**परामर्शदाताको नाम र ठेगाना:** ईनोभेटिभ भिजन प्रा. लि., काठमाडौ, नेपाल।

श्री ईनोभेटिभ भिजन प्रा. लि. लाई पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय, प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वयन ईकाई, रासी उपत्यका (देउखुरी) ले लुम्बिनी प्रदेश, दाङ जिल्ला, रासी गाउँपालिका वडा नं. ३ मा अवस्थित साविक रासी प्राबिधिक शिक्षालयमा प्रस्ताव गरिएको लुम्बिनी प्रदेश सरकारका प्रशासनिक भवनहरु, प्रदेश सभाका भवनहरु तथा संरचना निर्माण तथा संचालनको लागि वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्ने जिम्मेवारी उपलब्ध गराएको जानकारी गराईन्छ। परामर्शदाताले प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गरेको हो। पेश गरिएको यस प्रतिवेदन उपर प्रस्तावकको तर्फबाट निम्न घोषणा गरिन्छ;

१. हामीले अध्ययन टोलीलाई सही र सान्दर्भिक सूचना र जानकारी उपलब्ध गराएका छौं।
२. हामीले परामर्शदातालाई व्यवसायिक र स्वतन्त्रतापूर्वक अध्ययन गर्न अनुमति उपलब्ध गराएका छौं।
३. हामीले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अध्ययन गरेका छौं र समाविष्ट विषयवस्तुसँग जानकार छौं।
४. यस वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको वातवरणीय व्यवस्थापन योजनामा प्रस्तुत भएका कार्यहरुको परिपालना गर्ने र भविष्यमा देखा पर्न सक्ने अन्य प्रभावको न्यूनीकरण गर्ने छौं।
५. स्विकृत प्रतिवेदन अनुसार प्रस्ताव कार्यान्वयन गर्ने प्रतिवद्धता जाहेर गर्दछौं।

हस्ताक्षर:

पद: आयोजना प्रमुख, पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय, प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वयन

ईकाई, रासी उपत्यका (देउखुरी), लुम्बिनी प्रदेश

मिति: २०७९।०५।२४

आधिकारिक छाप:

# अध्ययन टोलीको घोषणा-पत्र

**प्रतिवेदनको शिर्षक**: लुम्बिनी प्रदेश राजधानी निर्माणको लागि (प्रदेश सरकारका प्रशासनिक भवनहरु, प्रदेश सभाका भवनहरु तथा अन्य पूर्वाधार निर्माण) वातावरणीय प्रभाव मूल्याङ्कन (EIA), राप्ती गाउँपालिका-३, दाङ, लुम्बिनी प्रदेश, नेपाल।

**प्रस्तावकको नाम र ठेगाना:** पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय, प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वयन ईकाई, राप्ती उपत्यका (देउखुरी), लुम्बिनी प्रदेश नेपाल।

**परामर्शदाताको नाम र ठेगाना:** ईनोभेटिभ भिजन प्रा. लि., काठमाडौ, नेपाल।

श्री लुम्बिनी प्रदेश सरकार, पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय, प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वयन ईकाई, राप्ती उपत्यका (देउखुरी) द्वारा साविक राप्ति प्राविधिक शिक्षालय परिसरभित्र लुम्बिनी प्रदेश सरकारका प्रशासनिक भवनहरु, प्रदेश सभाका भवनहरु तथा संरचना निर्माणको लागि प्रस्ताव गरिएको आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदन तयारीको लागि ईनोभेटिभ भिजन प्रा. लि. को तर्फबाट सम्बन्धमा अध्ययन टोलीको तर्फबाट निम्न घोषणा गर्दछौं;

१. यस वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदनमा हामी टोली सदस्यको रुपमा संलग्न छौं।
२. हामी सम्मिलित अध्ययन टोलीले यो अध्ययन व्यवसायिक र स्वतन्त्रतापूर्वक, उचित अध्ययन विधिको प्रयोग गरि प्रतिवेदन तयार गरेको छ।
३. अध्ययनले पत्ता लगाएका विषयवस्तुहरु हाम्रा ज्ञान/जानकारी अनुसार सही/साँचो हुन्, यसमा प्रयोग गरिएका तथ्याङ्क तथा जानकारी नियतवस तोडमोढ गरिएको छैन।
४. प्रतिवेदनमा समावेश भएको कार्यक्षेत्र भित्रको कुनै पनि तथ्याङ्क तथा जानकारीमा तोढमोढ भेटिएमा जिम्मेवार हुनेछौं।
५. हामीले वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन अध्ययन गरेको छौं।

| विज्ञको नाम | कार्य क्षेत्र |
|---|---|
| डा. नारायण प्रसाद घिमिरे | वातावरणवीद/ टोली प्रमूख |
| प्रसन कर्माचार्य | वातावरणवीद/ टोली सदस्य |
| श्रवणकुमार घिमिरे | प्राकृतिक स्रोत व्यवस्थापन विज्ञ/ टोली सदस्य |
| रामप्रसाद सापकोटा | ईन्जिनियर/ टोली सदस्य |
| रमेशचन्द्र अधिकारी | समाजशास्त्री / टोली सदस्य |
| नितेश खड्का | भूगोलविद्/ टोली सदस्य |
| विकास रानाभाट | भूगर्भविद्/ टोली सदस्य |
| डा. विनोद दवाडी | जलवायुविद्/ टोली सदस्य |
| लक्ष्मी खतिवडा | भाषाविद्/ टोली सदस्य |

विज्ञ टोलीलाई अध्ययनमा संलग्न गराउने संस्थाको छाप:

Innovative Vision



Innovative Vision

मिति: २०७९।०५।१६

# कार्यकारी सारांश

**प्रस्तावकको विवरण:**

प्रस्तावित "लुम्बिनी प्रदेश राजधानी (प्रदेश सरकारका प्रशासनिक भवनहरु, प्रदेश सभाका भवनहरु तथा अन्य पूर्वाधार) निर्माण आयोजना" को वातावरणीय प्रभाव मूल्याङ्कनको प्रस्तावक पर्यटन, ग्रामीण तथा सहरी विकास मन्त्रालय, प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वन एकाइ, राप्ती उपत्यका (देउखुरी) रहेको छ। यस आयोजना सञ्चालन गर्नका लागि कार्यालय, दाङ जिल्ला, राप्ती गाउँपालिका-३ स्थित साबिक राप्ती प्राविधिक शिक्षालयमा रहेको छ।

**प्रस्तावको विवरण:**

लुम्बिनी प्रदेशको संसद्ले २०७७ असोज २० गते दाङ जिल्लाको राप्ती र गढवा गाउँपालिका र अर्घाखाँची जिल्लाको शीतगङ्गा नगरपालिकालाई समेट्दै राप्ति उपत्यकामा राजधानी स्थापना गर्ने निर्णय गरेको थियो। प्रदेश राजधानी गुरुयोजना अनुरुप प्रदेश राजधानीमा प्रशासनिक, शैक्षिक, स्वास्थ्य, औद्योगिक, यातायात सेवा क्षेत्र, व्यापारिक क्षेत्र, उत्पादन क्षेत्र र आवास क्षेत्र गरी ब्लक बनाइएको छ। प्रदेश सभाको निर्णय तथा गुरुयोजना बमोजिम राप्ति गाउँपालिका-३ मा अवस्थित साबिक राप्ति प्राविधिक शिक्षालय परिसरमा प्रदेश सरकारका प्रशासनिक भवन, प्रदेश सभाका भवन तथा संरचनाको निर्माणका लागि प्रस्ताव गरिएको छ। यस अध्ययनले साविक राप्ती प्राविधिक शिक्षालयले ओगटेको चारकिल्लाभित्र प्रदेश सरकारका प्रशासनिक मन्त्रालय भवन र प्रदेश सभा भवन निर्माणलाई मात्र समेटेको छ। जसअन्तर्गत १ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, १२ मन्त्रालय भवन, १ संसद् चमेना गृह, १ पुस्तकालय, १ संसदीय समिती भवन, १ प्रदेश सचिवालय भवन, १ प्रदेश सभा भवन र ६ संसदीय दल भवन गरी कुल २४ वटा भवन निर्माण गरिनेछन्। त्यस्तै सडक, ढल निकास, परिसर पर्खाल, सडक बत्ती, सुरक्षा पोस्टजस्ता अन्य संरचनाहरू पनि निर्माणका लागि प्रस्ताव गरिएको छ। साबिकको राप्ती प्राविधिक शिक्षालयले उपयोग गर्दै आएको १२.१६३६ हेक्टर ऐलानी पर्ती जमिन जग्गाको भोगचलनका लागि नेपाल सरकारबाट लुम्बिनी प्रदेश सरकारलाई स्वीकृति दिइएको छ। आयोजना परिसरभित्र रहेका २१ भवन, ३ सुरक्षा पोस्ट, १४ शौचालय, टवटा ब्लक पाँच वर्कसप, एक विश्राम कक्ष र दुई पोखरीसहितका कुल ५२ संरचनामध्ये तीनवटा शौचालयबाहेक अन्य सम्पूर्ण संरचनाहरू आयोजनाको निर्माण तथा सञ्चालनका लागि प्रयोग गरिनेछन्। लुम्बिनी प्रदेश सरकारको वातावरण संरक्षण ऐन, २०७७ तथा नियमावली, २०७७ बमोजिम प्रस्तावित आयोजना निर्माण गर्दा वातावरणीय अध्ययन गरी आयोजना कार्यान्वयन गर्दा आयोजना क्षेत्र र वरपरको वातावरणमा पर्न सक्ने प्रभावको पहिचान गरी व्यवस्थापनका उपायहरूको अवलम्बन गर्दै वातावरणीय क्षति न्यून गर्नुपर्ने भएकोले आयोजनाको वातावरणीय अध्ययन गर्न लागिएको हो।

**अध्ययन प्रक्रिया:**

यस वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन प्राथमिक र द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्कहरूको आधारमा तयार गरिएको छ। भौतिक, जैविक र सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण अन्तर्गतका प्राथमिक तथ्याङ्कहरूको स्थलगत, प्रयोगशाला परीक्षण एवं वैज्ञानिक विधि प्रयोग गरी अवलोकनमार्फत तथ्याङ्कहरू सङ्कलन गरिएको छ। भौतिक वातावरणसँग सम्बन्धित तथ्याङ्कहरूका लागि भू-गर्भ तथा भू-सतहको नक्साङ्कन विधिहरू अवलम्बन गरिएको छ। त्यसैगरी जैविक वातावरणमा भोगाधिकार क्षेत्र अवलोकन र अन्तर्क्रिया कार्यक्रमजस्ता पद्धतिहरू अपनाइएको छ। आयोजना क्षेत्रका वन्यजन्तुहरू स्तनधारी चरा र सरीसृप तथा उभयचरहरूको अध्ययन स्थलगत अवलोकन तथा सरोकार व्यक्तिसँगको अन्तर्वार्ता एवं अन्तर्क्रियामार्फत गरिएको छ। आर्थिक, सामाजिक एवं सांस्कृतिक अवयवहरूको अध्ययनका लागि आयोजनाको स्थलगत अध्ययन र अन्तर्वार्ताजस्ता अध्ययन विधिहरू अवलम्बन गरिएको छ। आयोजना कार्यान्वयनले आयोजना क्षेत्रमा के कस्तो प्रभाव पारेको छ भनि यकिन गर्न आयोजना क्षेत्रका विद्यालय,

अस्पताल, स्वास्थ्यचौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन मिति २०७९।०५।०२ मा ७ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको थियो।

त्यसैगरी मिति २०७९।०५।१५ मा सार्वजनिक सुनुवाइमार्फत स्थानीय जनता र सरोकारवाला निकायलाई आयोजनाका बारेमा जानकारी दिने तथा सुझावहरू सङ्कलन गर्ने कार्य गरिएको छ। त्यसैगरी प्रकाशित एवं अप्रकाशित तथ्याङ्क सङ्कलन तथा अध्ययन, विश्लेषण, मस्यौदा प्रतिवेदन तयारी, सूचना सम्प्रेषणजस्ता विधिहरू अवलम्बन गर्दै मस्यौदा प्रतिवेदन तयार गरिएको छ। तथ्याङ्कलाई भू-सूचना प्रणाली, स्प्रेडसिटलगायतका सफ्टवेरको प्रयोग गरी विश्लेषण गरिएको छ। **यसैगरी मस्यौदा प्रतिवेदनलाई पूर्ण गर्न तथा छुटेका राय सुझावलाई समावेश गर्नका निम्ति सात दिने प्रतिवेदन सार्वजनिकीकरण सूचना प्रकाशन गरिनेछ।** प्रतिवेदनउपर प्राप्त सुझाव, अध्ययन, छलफल, सार्वजनिक सुनुवाइ, आयोजनाका सिफारिस र विज्ञले उठान र पहिचान गरेका सवालहरु समावेश गरी प्रतिवेदन स्विकृतका लागि मन्त्रालयमा पेस गरिएको छ।

**अध्ययनको औचित्य:**

प्रस्तावित आयोजनाले पाँच हेक्टरभन्दा बढी जमिनमा भवन तथा सडक संरचना निर्माण गर्ने, तथा दैनिक २०,००० लिटरभन्दा बढी भूमिगत पानी उपयोग गर्ने भवन निर्माण गर्ने भएकोले लुम्बिनी प्रदेश सरकारको वातावरण संरक्षण ऐन, २०७७ र नियमावली २०७७ अनुसार वातावरणीय अध्ययन गर्न र प्रस्तावित विकास वातावरणमैत्री भएको सुनिश्चित गर्न आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गरिएको हो।

## आयोजना क्षेत्रको विवरण:

आयोजना स्थल लुम्बिनी प्रदेशको दाङ जिल्ला, राप्ती गाउँपालिका-३ स्थित लालमटियामा अवस्थित साबिक राप्ती प्राविधिक शिक्षालय परिसरमा प्रस्ताव गरिएको छ। आयोजना स्थल काठमाडौँबाट भरतपुर, बुटवल हुँदै पूर्वपश्चिम महेन्द्र राजमार्गको भालुबाङ लालमटिया सडक खण्डमार्फत ३८६ किमि दूरी पार गरेर पुग्न सकिन्छ। राजमार्गबाट आयोजना स्थलको दूरी २०० मिटर रहेको छ। आयोजनाको दक्षीणतर्फ पूर्व पश्चिम महेन्द्र राजमार्ग रहेको छ भने उत्तरतर्फ विद्युत् ट्रान्समिसन लाइन र दोलाई खोला रहेका छन्। आयोजना स्थल छेउमा रहेको बस्ती बागडड्डी बस्ती रहेको छ। राजमार्गबाट दक्षिणतर्फ राप्ती नदी र नदीको सहायक खोला स्यानो खोला रहेका छन्। आयोजनास्थल पूर्व-पश्चिम फैलिएको खेतीयोग्य जमिन तथा बस्ती क्षेत्र छ र उत्तर र दक्षिणमा वनले ढाकेको पहाडको बीचमा अवस्थित राप्ती उपत्यकामा रहेको छ। आयोजनास्थल भौगोलिक हिसाबले ८२°४२'५.२९९२" देखि ८२°४२'२६.२०९८" पूर्वी देशान्तरसम्म र २७°५०'४६.६९०८" देखि २७°५१'१.३४८" उत्तरी अक्षांशसम्म फैलिएको छ भने समुद्री सतहबाट २८८ मिटरको उचाइमा रहेको छ। आयोजना क्षेत्रको औषत वार्षिक वर्षा ११२० मिमि रहेको छ। त्यस्तै औसत तापक्रम १७ डिग्री सेल्सियसदेखि २७ डिग्री सेल्सियससम्म रहेको छ। आयोजना क्षेत्रमा वार्षिक वर्षा १८.५२ मिमिले घटिरहेको देखिन्छ भने अधिकतम तापक्रम ०.०६५ र न्यूनतम तापक्रम ०.०११ डिग्री सेल्सियले बढिरहेको देखिन्छ। राप्ती गाउँपालिकाको खेतीयोग्य जमिन र घाँसे मैदान घट्दै गइरहेको र महेन्द्र राजमार्गको वरपर बस्ती तथा आवास क्षेत्र बढिरहेको पाइएको छ। आयोजना स्थलमा हाल भवन तथा संरचनाहरूले ०.४०१ हेक्टर क्षेत्रफल ओगटेको छ। आयोजनामार्फत बन्ने थप भवनहरूले १.९३०४ हेक्टर जमिन ओगट्छ। आयोजनास्थलमा विद्यमान भवन र नयाँ निर्माण गरिने भवनको क्षेत्रफल जुन कुल जमिन १२.१६३६ हेक्टरको २१.५१ प्रतिशत हुन आउँछ। बाँकी रहेको जमिनमध्ये ४.६६२ हेक्टर (३८.३३%) जमिनलाई पोखरी, मण्डल, सडक संरचना निर्माण गर्न तथा ४.८८४८ हेक्टर (४०.१६%) जमिन हरियाली विकास क्षेत्र निर्माण गर्न प्रस्ताव गरिएको छ।



Innovative Vision

आयोजना क्षेत्र वन क्षेत्र नभए पनी आयोजनास्थलको उत्तर र दक्षिणतर्फको चुरे पहाडमा सालको वन रहेको। आयोजना वरपरको क्षेत्रमा सामुदायिक वन व्यवस्थापन प्रणाली अवलम्बन गरिएको छ। आयोजनास्थल नेपालका संरक्षित क्षेत्रहरू भन्दा बाहिर पर्दछ। आयोजना क्षेत्रबाट सबैभन्दा नजिकको संरक्षित क्षेत्र बाँके राष्ट्रिय निकुञ्ज आयोजना क्षेत्रबाट ५२.५ किमिको दूरीमा रहेको छ। त्यसैगरी दाङ जिल्लाको चुरे क्षेत्र आयोजना क्षेत्रबाट १.२ किमिको दूरीमा रहेको छ। आयोजना परिसरभित्र २१ प्रजातिका ४०२ वटा रुख रहेका छन् जसमा आँपका रुखको बाहुल्य रहेको छ। अन्य प्रजातिका वनस्पति टिक, मसला, सिसौ, सिमल, पप्लर, कदम गोल्डमोहर, निम, जामुन, शिरीष, बोटल ब्रस, कटहर, धमला, अम्बा, खयर, पीपल, बडहर, अमला, दबदबे र बर रहेका छन्। आयोजना स्थल पहिले नै भौतिक संरचना भएको राप्ती प्राविधिक शिक्षालयमा प्रस्ताव गरिएकाले स्तनधारी वन्यजन्तुको बसोबास रहेको छैन। आयोजना स्थलमा नियमति रूपमा चरा र कहिलेकाहीँ सर्पलगायतका सरीसृप देख्न सकिन्छ। आयोजना क्षेत्र वरिपरि १२ प्रकारका स्तनधारी वन्यजन्तु रतुवा, न्याउरी मुसा, पहरे बाँदर, दुम्सी, खरायो, लोखर्के, बँदेल, चमेरो, सालक, स्याल, फ्याउरो, चितुवा पाइने गरेको जानकारी प्राप्त भएको छ। उत्तरतर्फको चुरे फेदीमा रतुवा र बँदेल नियमित रूपमा देखिने तथा अन्य प्रजातिका स्तनधारी वन्यजन्तुहरू कहिलेकाहीँ देखिने गरेको पाइएको छ। त्यसैगरी आयोजना क्षेत्र वरपर पाइने चराहरू ढुकुर, लामपुच्छ्रे, चिवे, तित्रा, भङ्गेरा, सारउ, फिस्टे, चिल, जुरेली, कोइली, सुगा, गौंथली, कालिज, काग आदि रहेका छन्। त्यस्तै आयोजना क्षेत्रमा पाइने सरीसृप हरेउ, धामन, करेत, गोमनलगायतका सर्प, छेपारो र गोहोरो रहेका छन् भने उभयचर पाहा र भ्यागुता रहेका छन्। राप्ती नदीमा पाइने जलचरहरू बाम, झिङ्गे, माहुर, भुरा, तिलोरी, चरङ्गा, अन्धाई, दिरामाछा, गँगटा, घुँगी आदि रहेका छन्। दोलाई खोलामा बर्सातको समयमा मात्र पानी हुने भएकोले अन्य सिजनमा जलचरहरू पाइँदैनन्।

राप्ती गाउँपालिकामा ८७६३ घरधुरी रहेका छन् भने जम्मा जनसङ्ख्या ४४४३३ रहेको छ। जनसङ्ख्याको आधारमा पुरुष ५१.३ प्रतिशत र महिला ४७.७ प्रतिशत रहेका छन। त्यसैगरी प्रतिपरिवार औसत जनसङ्ख्या ५.०७ जना रहेको छ। गाउँपालिकाको आयोजना सञ्चालन हुने वडा नं. ३ र प्रभावित हुने वडा नं. ४ र २ को जनसङ्ख्या १९३९५ रहेको छ भने घरधुरी सङ्ख्या ३७९८ रहेको छ। जनसङ्ख्याको आधारमा आयोजना प्रभावित क्षेत्रले गाउँपालिकाको ४३.६४ प्रतिशत जनसङ्ख्या प्रतिनिधित्व गर्छ। राप्ती गाउँपालिका सामाजिक संरचनाको दृष्टिकोणबाट विविधतायुक्त रहेको पाइएको छ। गाउँपालिकामा छ जाति समूह पहाडी ब्राह्मण, क्षेत्री, मधेसी आदिवासी जनजाति, पहाडी आदिवासी जनजाति, मधेसी ब्राह्मण, क्षेत्री, पहाडी दलित र मधेसी दलितको मुख्य बसोबास रहेको छ। गाउँपालिकाको अर्थतन्त्र मुख्यतया कृषि, व्यापार, उद्योग, थोक तथा खुद्रा बजार, होटल, पर्यटन तथा सेवाजस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उष्ण हावापानी भएको, वरिपरि वनले घेरिएको उपत्यकाको माटोको बनोट तथा समतल जमिन भएको यस आयोजना क्षेत्र कृषिका लागि उपयुक्त उर्वर माटो भएको हुँदा यस क्षेत्रका अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। त्यसैगरी महेन्द्र राजमार्गको आसपासमा व्यापार व्यवसाय र होटल गर्नेको सङ्ख्या पनि उल्लेख्य रहेको छ। सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयामका रूपमा रहेको शिक्षा क्षेत्रमा राप्ती गाउँपालिका दाङ जिल्लाका अन्य स्थानको तुलनामा केही अगाडि रहेको छ। पाँच वर्षभन्दा माथिको जनसङ्ख्याको साक्षरता प्रतिशत ८७.१४ प्रतिशत रहेको छ। गाउँपालिकामा दुईवटा स्वास्थ्य चौकी सिसहनिया र भालुवाङमा सञ्चालित छन्। गाउँपालिकामा २५ शैयाको अस्पताल नभएकाले अन्य सबै मापदण्ड पूरा गरे पनि नगरपालिकामा स्तरोन्नति हुन सकेको छैन। अस्पताल निर्माणका लागि प्रदेश सरकारले बजेट छुट्याएको छ भने निर्माणको कार्यको प्रक्रिया सुरु भएको छ। गाउँपालिकामा प्राकृतिक मनोरम डाँडा, नदी र हरियाली क्षेत्र रहेकाले पर्यटकीय हिसाबमा समेत राप्ती उपत्यका महत्वपूर्ण रहेको छ। राप्ती गाउँपालिकामा हिन्दुहरूको प्रसिद्ध धार्मिक स्थल भद्राक्षीदेवी मन्दिर रहेको छ। त्यस्तै थारू र मगर बसोबास थलो रहेकोले यो गाउँपालिकाका जातीय तथा सांस्कृतिक



Innovative Vision
for innovation at work

दृष्टिकोणले समेत महत्वपूर्ण छ। मातृभाषाअनुसार यस गाउँपालिकामा नेपाली भाषा पछि सबैभन्दा बढी थारू भाषाको प्रयोग गरिन्छ। अन्य मातृभाषाहरू मगर, गुरुङ, अवधी, हिन्दी, भोजपुरी आदि रहेका छन्।

### आयोजनाको विकल्प विश्लेषणः

आयोजनास्थल साबिक राप्ती प्राविधिक शिक्षालयमा प्रस्ताव गरिएको र शिक्षालयलाई राप्ती उपत्यकाकै गढवा गाउँपालिका-३ मा रहेको श्री सरस्वती उच्च माध्यमिक विद्यालय परिसरमा स्थानान्तरण भइरहेको छ। यसर्थ आयोजनाको कार्यान्वयनबाट विद्यमान प्राविधिक शिक्षालय प्रभावित हुने देखिन्छ। राप्ती गाउँपालिका-३, लालमटियास्थित साबिक शिक्षालय परिसरमा प्रदेश राजधानीका संरचना निर्माण गर्ने भनी लुम्बिनी प्रदेश सरकारले निर्णय गरिसकेको छ भने नेपाल सरकारले प्रदेश राजधानीका लागि भोगाधिकार दिई सकेको छ। आयोजना स्थलमा हाल भवन तथा संरचना विद्यमान रहेको र विद्यमान प्रकृतिकै आयोजना प्रस्ताव गरिएको छ। आयोजनाको विकल्पका रूपमा साबिक प्राविधिक शिक्षालय रहेको स्थानमा आयोजना निर्माण गर्ने, शिक्षालयको पूर्वतर्फ रहेको खाली जमिनमा आयोजना कार्यान्वयन गर्ने र आयोजना कार्यान्वयन नगर्ने विकल्पबारे अध्ययन गरिएको छ। प्राविधिक शिक्षालयको स्थानान्तरण कार्य जारी रहेको र प्रदेश तथा केन्द्र सरकारले जमिनको उपयोग बारेमा निर्णय गरिसकेको तथा आयोजनालाई आवश्यक क्षेत्रफलको जमिन उपलब्ध रहेको तथा वन क्षेत्रको उपयोग नहुने भएकाले साबिक प्राविधिक शिक्षालय परिसरमा आयोजना कार्यान्वयन गर्नु उपयुक्त देखिएको छ।

### वातावरणीय प्रभावहरुः

**सकरात्मक प्रभावहरुः** आयोजना कार्यान्वयनका सकारात्मक प्रभावहरू आयोजना क्षेत्रमा आर्थिक गतिविधि बढ्ने तथा स्थानीय अर्थ व्यवस्थामा वृद्धि हुने, रोजगारीको अवसर सिर्जना हुने, व्यापार व्यवसायको अवसर प्राप्त हुने, प्रशासनिक सहजता, सार्वजनिक सेवा र सुविधामा वृद्धि हुने, उत्पादित स्थानीय चिज-वस्तुले बजार पाउने, जमिनको मूल्य वृद्धि भई सम्पत्तिको मूल्याङ्कन बढ्ने र व्यवसाय गर्न सहज हुने आदि रहेका छन्। यस आयोजना कार्यान्वयनले निर्माणको समयमा मात्र रोजगारी र आर्थिक गतिविधि बढ्ने नभई आयोजना सञ्चालनको समयमा थप रोजगारी सिर्जना हुने तथा आर्थिक गतिविधि बढ्ने भएकोले सकारात्मक प्रभावहरू दिगो किसिमका रहेका छन्।

**प्रतिकूल प्रभावहरुः** आयोजना कार्यान्वयनबाट भौतिक वातावरणमा विभिन्न प्रतिकूल प्रभाव/सवाल देखा पर्ने देखिन्छ। आयोजनको निर्माण सामग्री अव्यवस्थित भण्डारणले आयोजना स्थल र वरिपरिको वातावरणमा बनाउने धुलो र हिलोको प्रभाव बढाउँदछ। राप्ती प्राविधिक शिक्षालयको प्रयोगशाला स्थानान्तरणका लागि समय कम दिइँदा शिक्षण सामग्री र प्रयोगशालाका रसायनहरू व्यवस्थापन गर्न चुनौती थपिने देखिन्छ। त्यसैगरी निर्माणको चरणमा आयोजना स्थल र आयोजना जोड्ने सडकमा उत्सर्जन हुने धुलो, धुवाँ, र निर्माण र सवारीसाधनले हुने ध्वनि प्रदूषण हुने देखिन्छ, जसको कारण वरिपरिको वातावरण प्रदूषित हुन सक्ने देखिन्छ। साबिक राप्ती प्राविधिक शिक्षालयका भवनहरूले आयोजना परिसरको ०.६८६३ हेक्टर क्षेत्रफल ओगटेकोमा थप बन्ने भवनसहित विद्यमान भवनहरूले २.६१६७ हेक्टर क्षेत्रफल ओगट्छन्। त्यसैगरी आयोजनाको सडक, पोखरी, मण्डलजस्ता संरचनाले ४.६६२ हेक्टर ओगट्दछन्। यसर्थ प्रस्तावित निर्माण कार्यले आयोजना क्षेत्रको कुल ६.५९२५ हेक्टर क्षेत्रफलको भूउपयोगमा परिवर्तन हुने देखिन्छ। कामदार शिविरबाट उत्पादन हुने ठोस तथा तरल फोहोरको व्यवस्थापन नभएमा प्रदूषण गराउन सक्ने तथा महामारी निम्त्याउन सक्ने देखिन्छ। आयोजनस्थल समथर जमिनमा रहेको र राजमार्गभन्दा दक्षिणतर्फ पानी नबग्ने भएकोले उचित निकासको अभावमा आयोजना क्षेत्र डुबानमा पर्न सक्ने देखिन्छ। निर्माण सामग्री बोकेका गाडीहरूको चाप आयोजना जोड्ने सडकमा बढ्ने तथा सडकसँगै जोडिएका घरहरू रहेकाले दुर्घटनाको सम्भावना बढ्ने तथा आयोजना स्थल छिर्न



Innovative Vision

तथा निस्कन बाटो साँघुरो हुने देखिन्छ। आयोजना सञ्चालनको चरणमा आयोजना स्थलको प्रशासनिक भवन तथा खुला क्षेत्रबाट निस्किएको ठोस तथा तरल फोहोरमैला व्यवस्थापनसम्बन्धी सवाल चुनौती पूर्ण देखिन्छ। आयोजना कार्यान्वयनको अप्रत्यक्ष प्रभाव स्वरूप राप्ती उपत्यकामा सहरीकरण बढ्ने जमिनको खण्डीकरण तथा भूउपयोगमा परिवर्तन हुने र भूमिगत पानीको उपयोगमा चाप बढ्न सक्नेजस्ता प्रमुख प्रभावहरू आकलन गरिएको छ।

त्यसैगरी जैविक वातावरणअन्तर्गत आयोजनाका संरचनाहरू निर्माण गर्न जमिन खाली गर्दा आयोजना स्थलको जैविक विविधतामा असर पर्ने देखिन्छ। आयोजनास्थलमा रहेका २१ प्रजातिका ४०२ वटा रुखहरू कटान गर्नुपर्दछ। उक्त कार्यबाट हाल आयोजनास्थलमा चराले प्रयोग गर्दै आएका रुखहरू नास हुने तथा ४.८८४८ हेक्टरको प्रस्तावित हरियाली विकास क्षेत्रमा रुख बिरुवा हुर्कन लामो समय लाग्ने हुँदा चराको विचरण क्षेत्रमा असर पर्दछ। त्यसैगरी आयोजनाका कामदारहरूका अनधिकृत गतिविधिले वन क्षेत्रमा आगलागी हुन सक्ने, माछा मार्ने, वन्यजन्तु र वनस्पतिको चोरीसिकार र अवैध व्यापारजस्ता गतिविधिमा वन तथा वन्यजन्तुमा प्रभाव पार्न सक्ने देखिन्छ। आयोजना निर्माण अवधिमा आयोजना स्थलको पानी खोलामा मिसिँदा राप्ती नदीको पानीको गुणस्तरमा ह्रास आउने तथा सञ्चालनको समयमा पानी प्रशोधन नगरी ढल निकास गरिएमा आयोजना क्षेत्रकै जलीय पारिस्थितिकीय प्रणालीमा असर पार्न सक्ने देखिन्छ। त्यसैगरी आयोजनाको अप्रत्यक्ष प्रभाव स्वरूप राप्ती उपत्यकामा बढ्ने सहरीकरणले वन क्षेत्रमा अतिक्रमण बढ्न सक्ने देखिन्छ।

त्यस्तै आर्थिक, सामाजिक तथा सांस्कृतिक वातावरणमा विभिन्न प्रतिकूल प्रभाव/सवालहरू देखा पर्ने देखिन्छ। राप्ती प्राविधिक शिक्षालयको स्थानान्तरणले शिक्षण भवन, कक्षाकोठा र प्रयोगशाला तथा शिक्षण गतिविधिमा असर पर्ने देखिन्छ। त्यसैगरी आयोजना निर्माणको समयमा ठूलो सङ्ख्यामा आवश्यक कामदारका लागि खानेपानी, सरसफाइ र शौचालयसम्बन्धी सवालहरू चुनौतीपूर्ण रहेका छन्। कामदारको स्वास्थ्य र सुरक्षा ख्याल गर्न पर्ने तथा उपयुक्त व्यवस्थापन योजना अनाउनु पर्ने देखिन्छ। आयोजना क्षेत्रमा बाहिरी कामदारको सङ्ख्या बढ्दा सामाजिक सद्भाव र शान्ति तथा सुरक्षामा असर पार्न सक्ने देखिन्छ। सवारीसाधनको बढ्दो चापका कारण सवारी दुर्घटना बढ्न सक्ने र आश्रित परिवारलाई प्रभाव पार्न सक्ने छ। निर्माण व्यवसायीले महिला र पिछडिएको समूहका व्यक्तिहरूलाई ज्यालामा विभेद गर्न सक्ने तथा बालबालिकाको श्रम शोषण हुन सक्ने र काममा लगाउन सक्ने देखिन्छ। आयोजना कार्यान्वयनका कारण स्थानान्तरण भइरहेको राप्ती प्राविधिक शिक्षालयका विद्यार्थीको आवतजावत गर्न र गोबरडिहामा डेरा उपलब्धतामा कठिनाइ हुने आकलन गरिएको छ। त्यसैगरी आयोजना सञ्चालनको अप्रत्यक्ष प्रभाव स्वरूप आयोजना क्षेत्रको सहरीकरणमार्फत स्थानीय संस्कृति र रहनसहनमा असर पर्न सक्ने सहरीकरण बढ्न गई खेतीयोग्य जमिनको खण्डीकरण तथा स्थानीय खाद्य सुरक्षामा असर पर्न सक्ने देखिन्छ।

**नकरात्मक प्रभाव न्यूनीकरणका उपायहरु**

यस आयोजनालाई वातावरणमैत्री बनाउनका लागि वातावरणीय अध्ययनले पहिचान गरेका अनुकूल प्रभावहरूलाई बढावा गर्ने तथा प्रतिकूल प्रभावहरूलाई न्यूनीकरण/निराकरण गर्ने उपायहरू प्रतिवेदनमा प्रस्ताव गरिएको छ।

**भौतिक वातावरण**

आयोजना स्थलबाट निर्माणको क्रममा निस्कने जमिनको सतहको मलिलो माटोलाई संरक्षण गर्न एउटा संरक्षण स्थल निर्माण गरिनेछ र उक्त माटोलाई निर्माण सम्पन्न भएपछि हरियाली विकास क्षेत्रमा बिच्छ्याइ प्रयोग गरिनेछ। आयोजनाका लागि आवश्यक निर्माण सामग्रीको भण्डारण अस्थायी रूपमा आयोजना परिसरभित्र बन्द प्रणालीमा गरिनेछ। राप्ती प्राविधिक शिक्षालयलाई शिक्षालयका पठन सामग्रीहरू, फर्निचर, सामान तथा प्रयोगशाला स्थानान्तरणका लागि



Innovative Vision

आवश्यक समय उपलब्ध गराइनेछ। आयोजना क्षेत्रमा उत्सर्जन हुने धुलो, धुवाँ र ध्वनिको न्यूनीकरणका लागि निर्माण कार्य दिनको समयमा मात्र सञ्चालन गरिनेछ। निर्माण चरणमा हुने वायु प्रदूषणलाई न्यूनीकरण गर्न निर्माण स्थलमा दिनमा दुई पटक पानी छर्कने काम गरिनेछ र महेन्द्र राजमार्गबाट आयोजना स्थल जोड्ने २०० मिटर सडकमा धुलो न्यूनीकरणका लागि दिनको तीन पटक पानी छर्कने व्यवस्था मिलाइनेछ। त्यसैगरी उक्त पहुँच सडकको नियमित मर्मत सम्भार गरिनेछ। आयोजना निर्माण गतिविधिबाट निस्कने ठोस फोहोरलाई खुला रूपमा जलाउनमा पूर्ण प्रतिबन्ध लगाइनेछ। भू-उपयोगमा हुने परिवर्तन न्यूनीकरणका लागि आयोजनाको नक्साङ्कन अनुसार खुला र हरियाली क्षेत्रलाई कायम राखी निर्माण कार्य अघि बढाइने छ। आयोजना स्थलमा सिर्जित हुने फोहोरमैला व्यवस्थापनका लागि अस्वीकार, कम गर्ने, पुनः प्रयोग र पुनः प्रशोधन गर्ने सिद्धान्तलाई कडाइका साथ लागू गरिनेछ। निर्माणको समयमा आयोजनास्थलबाट निस्कने फोहोर पानीलाई थिग्र्याएर मात्र प्राविधिक शिक्षालयको ढल प्रणालीमार्फत पठाइनेछ। आयोजनास्थलभित्र बर्सातको समयमा जम्मा हुने पानीको निकासका लागि आयोजना स्थलको उत्तरतर्फ रहेको सडक हुँदै नयाँ ढल निकास निर्माण गरिनेछ। आयोजना सञ्चालनको समयमा उत्पादन हुने तरल फोहोरमैलालाई प्रत्येक भवनमा प्रशोधन प्लान्ट स्थापना गरी शुद्धीकरण गरेर मात्र ढल प्रणालीमा छाडिनेछ। हिउँदको समयमा उक्त पानी सोक पिटमार्फत जमिनमुनि पठाइनेछ भने बर्सातको समयमा ढलमार्फत पठाइनेछ। शौचालयको फोहोरलाई सेप्टी ट्याङ्कीमा पठाइनेछ भने निस्किएको पानीलाई फोहोर पानी प्रशोधन प्लान्टमार्फत शुद्धीकरण गरिनेछ। आयोजनाका निर्माण सामग्री बोकेका ट्रक तथा टिप्पर र अन्य सवारी साधनमा महेन्द्र राजमार्गबाट आयोजनास्थल छिर्ने सडकमा अधिकतम २० किमी/प्रतिघण्टाको गति सीमित गरिनेछ। निर्माणको लागि प्रयोग हुने सवारीसाधनलाई पूर्वपश्चिम राजमार्गको लालमटिया बागडङ्गी खण्डको विद्यमान सडकमार्फत एकतर्फी प्रवेश गर्ने र पूर्वतर्फबाट निस्कने व्यवस्था मिलाइने छ। आयोजना सञ्चालनको अवधिमा आवश्यक पर्ने पानीको व्यवस्थापनका लागि धाराको पानीलाई पहिलो प्राथमिकता दिइनेछ। आकाशे पानीको व्यवस्थापन तथा भूमिगत पानी पुनर्भरणका लागि हरेक भवन परिसर र सडक छेउमा दूरीअनुसार कुल ९७ वटा रिचार्ज पिटको निर्माण गरिनेछ। त्यसैगरी फोहोर पानी प्रशोधन गरी बर्सातको समयमा बाहेक अन्य सिजनमा सोक पिटमार्फत जमिनमुनि पठाइनेछ। आयोजनाले उपयोग गर्ने पानीको पुनर्भरण तथा पानीको संरक्षणका लागि आयोजना क्षेत्रको उत्तरतर्फ रहेको चुरे फेदीमा १० वटा पानी पुनर्भरण पोखरी निर्माण गरिनेछ। आयोजना सञ्चालनपश्चात् बढ्न सक्ने सहरीकरणलाई व्यवस्थित बनाउनका लागि आयोजनाले मन्त्रालय र प्रदेश सरकारलाई अनुरोध गर्नेछ। व्यक्तिगत घर र घडेरीका लागि खुला क्षेत्र र संरचना बनाइने क्षेत्रको अनुपात, बर्सातको पानीलाई जमिनमुनि पठाउने व्यवस्थालगायतका विषयमा नीतिगत व्यवस्था गर्न अनुरोध गरिनेछ।

**जैविक वातावरण**

आयोजना स्थल खाली गर्दा आयोजना स्थलको वनस्पति तथा रुखहरूमा पर्ने प्रभाव न्यूनीकरणका लागि डिभिजन वन कार्यालयमार्फत टाँचा लगाइएका रुख मात्र कटान मुछान गरिनेछ। रुखहरू कटान गर्नुपूर्व रुखमा चराका गुँडहरू भए नभएको यकिन गरी कुनै रुखमा चराको गुँड पहिचान भएमा उक्त रुख चराले बच्चा नहुर्काउञ्जेलसम्म कटान गरिन ेछैन। काटिएका रुखहरूको १: १० का दरले हुन आउने सट्टा भर्ना बराबरको ४,०२० वृक्षरोपण डिभिजन वन कार्यालय दाङ, देउखुरीले पत्ता लगाएका खाली जमिनमा सञ्चालन गरी पाँच वर्षसम्म हेरचाह गरिनेछ। उक्त कार्यका लागि प्रतिबिरुवा ४३० का दरले कुल १७ लाख २८ हजार छ सय रुपियाँ छुट्याइएको छ। त्यसैगरी आयोजनाको प्रस्तावित हरियाली विकास क्षेत्रमा आयोजना निर्माणपश्चात् आफ्नै खर्चमा रुख बिरुवा लगाउनेछ। आयोजना क्षेत्रको वन तथा वनस्पति संरक्षणको महत्व बढाउन जैविक विविधता संरक्षणसम्बन्धी होर्डिङ बोर्डहरू कम्तीमा १० स्थानमा राख्नका लागि पाँच लाख रुपियाँ छुट्याइएको छ। आयोजनास्थलको उत्तर र दक्षिणतर्फ रहेका



Innovative Vision

चुरे पहाडमा हुन सक्ने आगलागी न्यूनीकरण तथा जैविक विविधताको महत्व बुझाउन लागि कामदार अभिमूखीकरण तालिम प्रदान गरिनेछ। आयोजनाका कामदारलाई सुपरभाइजरको निगरानीमा राख्ने व्यवस्था मिलाइनेछ। निर्माणको समयमा आयोजनाा परिसरबाट उत्सर्जन हुने फोहोर पानीलाई थिग्राउने पोखरीमा थिग्राएपछि मात्र विद्यमान राप्ती प्राविधिक शिक्षालयको ढल प्रणालीमार्फत निकास गरिनेछ। आयोजनाले प्रयोग गर्ने कामदार शिविरको शौचालय, बाथरुम र भान्साबाट निस्किएको पानीलाई सेफ्टी ट्याङ्की र सोक पिट बनाई जमिनमुनि पठाउनेछ। आयोजना सञ्चालनको समयमा हरेक भवन तथा शौचालयबाट निस्किएको फोहोर पानीलाई प्रशोधन गरेर मात्र ढल प्रणालीमा छाडिनेछ। आयोजना क्षेत्र तथा चुरेको फेदीमा वन अतिक्रमण रोक्न डिभिजन वन कार्यालय र राप्ती गाउँपालिकाको सहकार्यमा जनचेतनामूलक होर्डिङ बोर्डको स्थापना गरिनेछ।

**आर्थिक, सामाजिक एवम् साँस्कृतिक वातावरण**

आयोजना कार्यान्वयनका कारण मुख्य प्रभावित हुने राप्ती प्राविधिक शिक्षालयलाई शिक्षालयका पठन सामग्रीहरू, फर्निचर, सामान तथा प्रयोगशाला स्थानान्तरणका लागि आवश्यक समय उपलब्ध गराइनेछ। महेन्द्र राजमार्गबाट आयोजनास्थल जोड्ने २०० मिटर बाटो स्तरोन्नति गर्दा उक्त बाटोको विद्यमान भोगाधिकार अनुसार नै सडक मर्मत सम्भार गर्न प्रस्ताव गरिएको छ। निर्माणका लागि प्रयोग हुने सवारीसाधनलाई पूर्वपश्चिम महेन्द्र राजमार्गको लालमटिया बागडङ्गी खण्ड (दक्षिणतर्फ)को विद्यमान सडकमार्फत एकतर्फी प्रवेश गर्ने र पूर्वतर्फबाट निस्कने व्यवस्था मिलाइने छ। प्रशासनिक गतिविधिका साना सवारीसाधनबाहेक निर्माण व्यवसायीका सम्पूर्ण सवारीसाधन एकतर्फी रूपमा सञ्चालन गरिनेछ। निर्माणको चरणमा आयोजनास्थलमा कामदारका लागि स्वच्छ र सफा खानेपानी, सरसफाइ र शौचालयको उपलब्धता कायम गरिनेछ। लैङ्गिक समानता अनुकूल दिशा निर्देशलाई ध्यानमा राख्दै निर्माण कामदारलाई शौचालय र नुहाउने कोठाको राम्रो सुविधा उपलब्ध गराइनेछ। आयोजनास्थलमा प्रयोग गरिने धाराको पानीको गुणस्तर प्रत्येक छ-छ महिनामा जाँच गरिनेछ र मूल्याङ्कनको आधारमा सुधार गरिनेछ। धाराको पानी फिल्टर गरी उपलब्ध गराइनेछ। फिल्टरहरू प्रतिस्थापन र अभिलेखहरू राखिएको छ भनी सुनिश्चित गरिनेछ। आयोजनाका कामदारको पेसागत सुरक्षा र स्वास्थ्यमा पर्ने असरलाई न्यूनीकरण गर्न सुरक्षा सामग्री, प्राथमिक उपचारको उपलब्धता, कामदार बीमालगायतका प्रस्तावित उपायहरू लागू गर्नेछ। सबै निर्माण कामदारहरूलाई स्वास्थ्य सुरक्षा सामग्रीहरू (मास्क्, एप्रोन, चस्मा, जुत्ता) उपलब्ध गराइनेछ र प्रयोग सुनिश्चित गरिने छ। निर्माण स्थलमा प्राथमिक उपचार किटहरूको व्यवस्था गरिनेछ। कर्मचारीहरूलाई दुर्घटना जोखिमहरू र कामसँग सम्बन्धित हुन सक्ने स्वास्थ्य जोखिमबारे सूचित गरिनेछ। उनीहरूलाई आवश्यक प्रशिक्षण, अभ्यास र निर्देशन दिइनेछ। त्यसैगरी आयोजनासँग सम्बन्धित काम गर्दा जीवन क्षति र कुनै पनि प्रकारको चोटपटक र दुर्घटनाका लागि कामदार बीमाको व्यवस्था गरिनेछ। प्रत्येक कामदारको बीमा गरिनेछ र सो रकमलाई ठेक्का सम्झौतामा सामेल गरिनेछ। त्यस्तै कामदारलाई अनिवार्य सामाजिक सुरक्षा कार्यक्रममा समावेश गराइनेछ। बाहिरबाट कामदारको आगमन कम गर्न स्थानीय कामदारलाई उनीहरूको सीप, ज्ञान र योग्यताअनुसार काममा प्राथमिकता दिइनेछ। बाहिरबाट आउने कामदारलाई फरक धर्म र संस्कृतिको सद्भाव राख्न, महिला र वरिष्ठ सदस्यलाई सम्मान गर्न तथा आफूभन्दा कनिष्ठलाई माया र सहयोग गर्न अभिमूखीकरण तालिम दिइनेछ। स्थानीय शान्ति र सुरक्षा खलल पुऱ्याउने गतिविधि नियन्त्रण गर्न स्थानीय सरकारसँग समन्वय गरिनेछ। आयोजनाका कामदारबीच समान रोजगारीको अवसर सुनिश्चित गरिनेछ। आयोजनाका कामदारलाई लिङ्गको आधारमा विभेद गरिने छैन। कामदारलाई एक अर्कालाई सम्मान गर्न तथा कसैले विभेद गरे रिपोर्ट गर्न अभिमूखीकरण गरिनेछ। त्यसैगरी १६ वर्षमुनिका बालबालिकालाई काममा लगाउन प्रतिबन्ध गरिनेछ। प्राविधिक शिक्षालयका विद्यार्थीको आवतजावतलाई सहजीकरण गर्न तथा तत्कालै डेरा नपाइने समस्याको हल गर्नका लागि शिक्षालयलाई प्रदेश सरकारमार्फत बस सुविधा



Innovative Vision

प्रदान गरिनेछ। त्यसैगरी स्थानीय भालुबाङ बजारबाट सिसहनिया हुँदै गोबरडिहासम्म सञ्चालनमा रहेको स्थानीय यातायातलाई प्रभावकारी बनाउनका लागि आवश्यक अध्ययन गर्न मन्त्रालयमार्फत प्रदेश सरकार र गाउँपालिकालाई अनुरोध गरिनेछ। आयोजना क्षेत्रको थारू संस्कृति संरक्षण र संवद्र्धनका लागि आयोजना क्षेत्रमा होमस्टे र सांस्कृतिक प्रदर्शनी स्थल निर्माण तथा व्यवसाय सञ्चालनका लागि आयोजनाले सोसम्बन्धी तालिम र भ्रमण सहयोग उपलब्ध गराउनेछ। आयोजनाले आयोजना क्षेत्रका मठ मन्दिर र संस्कृति झल्काउने होर्डिङ बोर्ड भालुबाङ बजारमा स्थापना गरी प्रचारप्रसार गर्नेछ। व्यवस्थित सहरीकरणको योजना र योजना मुताविक सहरीकरणका लागि आयोजनाले मन्त्रालय र प्रदेश सरकारलाई अनुरोध गर्नेछ। त्यसैगरी भूउपयोग नियमावली २०७९ कार्यान्वयन तथा अनुगमनका लागि राप्ती गाउँपालिका, गढवा गाउँपालिका र शीतगङ्गा नगरपालिकालाई अनुरोध गरिनेछ।

**सकारात्मक प्रभाव प्रवलीकरणका उपायहरु**

प्रभावित क्षेत्रमा सकारात्मक प्रबलीकरण गर्न एवं वातावरण संरक्षण गर्न उल्लेखित कार्यक्रम सञ्चालन गरिनेछ।

- आयोजना क्षेत्रमा उपलब्ध दक्ष, अर्धदक्ष र अदक्ष कामदारलाई क्षमताको आधारमा काममा पहिलो प्राथमिकता दिई रोजगारी उपलब्ध गराइनेछ।
- आयोजना सञ्चालनको चरणमा राप्ती उपत्यकामा सहरीकरण हुने भएकोले उक्त अवधिमा आयोजना क्षेत्रमा नै कामदार उपलब्ध गराउने उद्देश्य राखी होटल, प्लम्बिङ, इलेक्ट्रिसियनजस्ता जनशक्ति उत्पादनका लागि राप्ती प्राविधिक शिक्षालय र राप्ती गाउँपालिका, गढवा गाउँपालिका र शीतगङ्गा नगरपालिकासँगको सहकार्यमा तालिमको व्यवस्था गरिनेछ। त्यसैगरी स्थानीयस्तरमा उपलब्ध सामग्रीलाई कोसेलीका रूपमा विकास गर्न कोसेली तयार गर्ने तालिमसमेत उपलब्ध गराइनेछ।
- खाद्यान्न, तरकारी, फलफूल, मासु, दुग्ध तथा पेय पदार्थको आवश्यकता पर्ने हुनाले त्यस्ता सामग्रीहरू आयोजनाको कामदार शिविरमा उपलब्ध गराउनु परेमा स्थानीय उत्पादन र आपूर्तिकर्तालाई प्राथमिकता दिइने छ।
- आयोजनाले वातावरणीय व्यवस्थापन उपायहरू अवलम्बन नगरेमा काममा सक्ने ढिलाइलाई न्यूनीकरण गर्न वातावरणीय व्यवस्थापन शाखा (Environmental Management Unit) सञ्चालन गरी आयोजनालाई चुस्त रुपमा सञ्चालन गरिनेछ।
- आयोजनाको निर्माणसँगै व्यवस्थित सहरीकरण, खानेपानी, ढल तथा नाला, सडक सुधार, फोहोर व्यवस्थापन, स्वास्थ्य र शिक्षामा सुधारलगायतमा सार्वजनिक सेवा र सुविधाको वृद्धिका लागि पर्यटन, ग्रामीण तथा सहरी विकास मन्त्रालय, प्रदेश पूर्वाधार प्राधिकरणमार्फत प्रदेश सरकारसँग समन्वय गरिनेछ।
- राजमार्गदिखि आयोजनास्थल छिर्ने २०० मिटर सडकमा सडकको दुवैतर्फ बिरुवा हुर्काएर हरियाली विकास गरिनेछ।
- आयोजना क्षेत्रमा पन्छी संरक्षणका लागि डिभिजन वन कार्यालयसँगको सहकार्यमा स्थानीय स्तरमा सञ्चालित पशु वृद्धा आश्रम तथा गिद्ध संरक्षण केन्द्रलाई सहयोग उपलब्ध गराउनेछ।

**वातावरणीय व्यवस्थापन योजनाः**

आयोजना निर्माण तथा सञ्चालनका लागि प्रस्तावित वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरू एवं निरीक्षण कार्यलाई प्रभावकारी र व्यवस्थित बनाउनका लागि वातावरणीय व्यवस्थापन योजना तयार गरिएको छ। प्रतिवेदनमा प्रस्ताव गरिएको वातावरणीय व्यवस्थापन योजनाले आयोजना कार्यान्वयनको क्रममा पर्ने प्रभाव न्यूनीकरण तथा निरीक्षण योजना बनाई कार्यान्वयन गर्न सहयोग पुऱ्याउनेछ। वातावरणीय व्यवस्थापन योजना स्थानीय सरोकारवाला निकाय, प्रदेश



Innovative Vision

सरकार, वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय, पर्यटन, ग्रामीण तथा सहरी विकास मन्त्रालय, वन निर्देशनालय, डिभिजन वन कार्यालय, जिल्ला समन्वय समिति, राप्ती गाउँपालिका, वातावरण इन्जिनियर/निरीक्षक र स्थानीय सङ्घसंस्थाहरूको सहकार्यमा कार्यान्वयन गर्न प्रस्तावकको मुख्य दायित्व हुनेछ। प्रतिवेदनले प्रत्येक वातावरणीय प्रभावका सूचकहरू, कार्यान्वयन गराउने संस्था, निरीक्षण गर्ने संस्था, कार्यान्वयनको समय तथा आवश्यक आर्थिक व्यवस्थापनका विषयलाई प्रस्ट रूपमा प्रस्तुत गरेको छ। वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनका निम्ति निम्नानुसारको लागत छुट्याइएको छ।

| **क्र.स.** | **वातावरणीय लागतका शीर्षकहरु** | **लागत** |
|---|---|---|
| १ | वातावरणीय प्रभाव न्यूनीकरण | १,२१,४३,६०० |
| २ | सकारात्मक प्रभाव प्रवलीकरण | ३०,००,००० |
| ३ | वातावरण संरक्षण कार्यक्रम | ५,८०,०००.०० |
| ४ | आन्तरिक अनुगमन | ३६,००,००० |
| ५ | वातावरणीय परीक्षण | ४,४०,००० |
|  | **कुल वातावरणीय ब्यवस्थापन योजना कार्यान्वयन** | **१,९७,७३,६००** |
|  | आयोजनाको कुल लागत | ६,४७,६०,३६,७८८.४८ |

**वातावरणीय अनुगमन योजनाः**

यस आयोजनाको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयन गर्न तथा आन्तरिक अनुगमनका लागि छुट्टै संरचना वातावरणीय व्यवस्थापन शाखा (Environmental Management Unit) बनाई वातावरण निरीक्षणको व्यवस्था मिलाइएको छ। वातावरणीय पक्षहरूको निरीक्षण कार्यका लागि आयोजनाले आवश्यक ३६ लाख रुपियाँ र आन्तरिक अनुगमनका लागि व्यवस्था गरिएको छ। त्यसैगरी वातावरणीय परीक्षणको लागि चार लाख ४० हजार रुपियाँ छुट्याइएको छ।

**निष्कर्ष**

नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी गरिएका ऐन, नियम र निर्देशिकालाई समावेश गर्दै यस वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गरिएको छ। प्रस्तुत वातावरणीय अध्ययन प्रतिवेदनले वर्तमान भौतिक, जैविक, आर्थिक र सामाजिक तथा सांस्कृतिक वातावरणमा पर्ने सकारात्मक र नकारात्मक प्रभाव पार्ने कुरा औंल्याएको छ। आयोजना कार्यान्वयनबाट राप्ती प्राविधिक शिक्षालय स्थानान्तरणबाहेकका प्रायः नकारात्मक प्रभाव अल्पकालीन स्तरका छन् र प्रस्ताव गरिएको न्यूनीकरणका उपायबाट सजिलै कम गर्न सकिने देखिन्छ। स्थानान्तरण गरिएको राप्ती प्राविधिक शिक्षालयलाई आयोजनाले वातावरणीय व्यवस्थापन योजनाअनुसार सहयोग गर्दै अन्य व्यवस्थापन योजनालाई राम्रोसँग कार्यान्वयन गर्दै प्रस्तावित आयोजना कार्यान्वयन गर्न उपयुक्त देखिन्छ।



Innovative Vision

# विषय सूची


**विषय** **पाना नं.:**

घोषणा-पत्र ........ i

कार्यकारी सारांश ........ iv

विषय सूची ........ xiii

तस्बिरको सूची ........ xvi

तालिकाको सूची ........ xvii

प्रतिवेदनमा प्रयोग गरिएका छोटकरी शव्दहरु ........ xix

परिच्छेद १ ........ १

१. प्रतिवेदन तयार गर्ने संस्थाको नाम र ठेगाना ........ १

१.१ प्रस्तावकको परिचय ........ १

१.२ परामर्शदातृ संस्थाको परिचय ........ १

१.३ वातावरणीय प्रभाव मूल्याङ्कनको औचित्य ........ १

१.४ वातावरणीय प्रभाव मूल्याङ्कनको उद्देश्यहरु ........ २

१.५ प्रस्तावको सान्दर्भिकता ........ ३

परिच्छेद-२ ........ ४

२. प्रस्तावको परिचय ........ ४

२.१ भूमिका ........ ४

२.२ प्रस्तावको विवरण ........ ४

२.३ प्रस्तावको उदेश्य ........ १५

परिच्छेद-३ ........ १६

३. प्रतिवेदन तयार गर्दा अपनाइएको विधि ........ १६

३.१ सम्बन्धित प्रकाशित वा अप्रकाशित सामग्री/प्रतिवेदनको पुनरावलोकन ........ १६

३.२ प्रस्तावको प्रभाव क्षेत्र निर्धारण ........ १६

३.३ प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको नक्साको अध्ययन तथा विश्लेषण ........ १७

३.४ चेकलिष्ट/म्याष्ट्रिक्स तथा प्रश्नावलीको निर्माण गरी आवश्यक तथ्याङ्क सङ्कलन ........ १८

३.५ स्थलगत अध्ययन ........ १८

३.६ सङ्कलित नमूनाको प्रयोगशालामा विश्लेषण ........ १९

३.७ तथ्याङ्कको विश्लेषण ........ १९

३.८ प्रभावको पहिचान, आकलन तथा उल्लेखनीय प्रभावको मूल्याङ्कन गर्दा अपनाइएको विधि ........ १९

३.९ मस्यौदा प्रतिवेदनको तयारी ........ १९




Innovative Vision

३.१० सार्वजनिक परामर्श, छलफल, अन्तरक्रिया र सुनुवाई आदि .......... २०

३.११ सार्वजनिक सूचना तथा सूचना सम्प्रेषण र सुझाव सङ्कलन .......... २०

३.१२ सुझाव समावेश गरी अन्तिम प्रतिवेदनको तयारी .......... २०

परिच्छेद–४ .......... २१

प्रस्तावसँग सम्बन्धित नीति, कानून तथा मापदण्ड .......... २१

परिच्छेद ५ .......... २९

विद्यमान वातावरणीय अवस्था .......... २९

५.१ भौतिक वातावरण .......... २९

५.२ जैविक वातावरण .......... ४०

५.३ सामाजिक आर्थिक तथा साँस्कृतिक .......... ४७

परिच्छेद–६ .......... ६६

प्रस्तावको विकल्प विश्लेषण .......... ६६

परिच्छेद–७ .......... ६८

प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव .......... ६८

७.१ सकारात्मक प्रभावहरु .......... ६८

७.२ नकारात्मक प्रभावहरु .......... ७०

७.३ आयोजना क्षेत्रका सरोकारवालले उठाएका सवालहरु .......... ८६

परिच्छेद–८ .......... ९४

अनुकूल प्रभाव अभिवृद्धि तथा प्रतिकूल प्रभाव न्यून गर्ने उपाय .......... ९४

८.१ अनुकुल प्रभाव अभिबृद्धिका उपायहरु .......... ९४

८.२ नकारात्मक प्रभावहरु न्यूनिकरणका उपायहरु .......... ९६

८.३ सार्वजनिक सुनुवाईमा उठेका सबालहरुको सम्बोधन .......... ११४

८.४ वातावरण संरक्षण कार्यक्रम .......... ११५

८.५ गुनासो निवारण संयन्त्र .......... ११५

८.६ भूकम्पीय जोखिमका लागि आकस्मिक पूर्वतयारी योजनाको संरचना .......... ११६

८.७ आगोको जोखिमको लागि आपतकालीन तयारी योजनाको संरचना .......... ११७

परिच्छेद–९ .......... ११९

वातावरणीय अनुगमन .......... ११९

९.१ अनुगमनका प्रकार .......... ११९

९.२ वातावरणीय अनुगमनका सूचक .......... १२५

९.३ अनुगमनको विधि ............ १२५

९.४ अनुगमनको लागि समय तालिका ............ १२५

९.५ अनुगमन गर्ने निकाय ............ १२५

९.६ अनुगमनको लागि अनुमानित रकम ............ १२६

परिच्छेद–१० ............ १२८

वातावरणीय सम्परीक्षण ............ १२८

१०.१ वातावरणीय सम्परीक्षण ............ १२८

१०.२ वातावरणीय सम्परीक्षणमा संलग्न हुने पक्षहरु ............ १२९

१०.३ वातावरणीय सम्परीक्षणका प्रकार ............ १२९

१०.४ वातावरणीय सम्परीक्षण प्रतिवेदनको ढाँचा ............ १२९

१०.५ वातावरणीय सम्परीक्षण लागत ............ १३६

१०.६ वातावरणीय व्यवस्थापन सम्बन्धि लागत ............ १३६

परिच्छेद–११ ............ १३८

निष्कर्ष तथा प्रतिबद्धता ............ १३८

परिच्छेद–१२ ............ १४०

सन्दर्भ सामग्री ............ १४०

परिच्छेद–१३ ............ १४२

अनुसूची ............ १४२

परिच्छेद–१४ ............ १४३



Innovative Vision

# तस्बिरको सूची

**विषय** **पृष्ठ नं.:**


तस्बिर २. १: नेपालको नक्सामा आयोजना क्षेत्र........................................ ५
तस्बिर २. २:रासी गाउँपालिकाको नक्सामा आयोजना क्षेत्र........................................ ६
तस्बिर २. ३: टोपोग्राफिक नक्सामा आयोजना क्षेत्र........................................ ६
तस्बिर ५.१: रासी गाउँपालिकाको भूउपयोग नक्सा........................................ ३०
तस्बिर ५. २: घोराही स्टेसनको वर्षाकोको अवस्था........................................ ३१
तस्बिर ५. ३: घोराही स्टेसनको सन् २००१-२०१६ सम्मको औषत मासिक वर्षाको विवरण........................................ ३२
तस्बिर ५. ४: आयोजना क्षेत्रको सन् १९८०-२०१५ सम्मको औषत वर्षाको विवरण........................................ ३२
तस्बिर ५. ५: घोराही स्टेसनको तापक्रमको अवस्था........................................ ३३
तस्बिर ५. ६: घोराही स्टेसनको सन् २००० देखी २०१७ सम्मको औषत मासिक तापक्रमको अवस्था........................................ ३४
तस्बिर ५. ७: आयोजना क्षेत्रको सन् १९८०-२०१५ सम्मको औषत तापक्रमको विवरण........................................ ३४
तस्बिर ५. ८: रासी गाउँपालिकाको भौगर्भिक नक्सा........................................ ३५
तस्बिर ५. ९: नेपालको भौगर्भिक नक्सामा भूकम्पका केन्द्रबिन्दू र आयोजना क्षेत्र देखाईएको नक्सा........................................ ३६
तस्बिर ५. १०: नेपालको भूकम्पीय जोखिम नक्सामा आयोजना क्षेत्र देखाईएको नक्सा........................................ ३७
तस्बिर ५. ११: भूकम्पबाट जमिन हल्लिने कन्टुर नक्सामा आयोजना क्षेत्र देखाईएको नक्सा........................................ ३८
तस्बिर ५. १२: आयोजना क्षेत्रलाई नेपालको संरक्षित क्षेत्रहरुमा देखाईएको नक्सा........................................ ४१
तस्बिर ५. १३: रासी गाउँपालिकाको उमेर अनुसार लैङ्गिक अवस्था........................................ ४९
तस्बिर ५. १४: रासी गाउँपालिकाको जातजातिको अवस्था........................................ ५०
तस्बिर ५. १५: रासी गाउँपालिकामा धर्म अनुसार जनसंख्याको अवस्था........................................ ५१
तस्बिर ५. १६: रासी गाउँपालिकामा रहेका घरको बनोटको अवस्था........................................ ५२
तस्बिर ५. १७: रासी गाउँपालिकाको साक्षरताको अवस्था........................................ ५३
तस्बिर ५. १८: रासी गाउँपालिकाको शैक्षिक स्तरको अवस्था........................................ ५४
तस्बिर ५. १९: रासी गाउँपालिकामा प्रयोग गरिने खानेपानीका स्रोतहरुको अवस्था........................................ ५६
तस्बिर ५. २०: रासी गाउँपालिकामा प्रयोग गरिने शौचालयको अवस्था........................................ ५७
तस्बिर ५. २१: रासी गाउँपालिकामा बत्ती बाल्न प्रयोग गरिने उर्जाको अवस्था........................................ ५९
तस्बिर ५. २२: रासी गाउँपालिकामा खाना पकाउन प्रयोग गरिने उर्जाको अवस्था........................................ ६०
तस्बिर ५. २३: रासी गाउँपालिकामा बोलिने मातृभाषाको अवस्था........................................ ६४
तस्बिर ८. १: गुनासो निवारण संयन्त्र........................................ ११६
तस्बिर ८. २: आपतकालिन भूकम्प पूर्वतयारी योजना........................................ ११७
तस्बिर ८. ३: आगोको जोखिमको लागि आपतकालीन तयारी योजना........................................ ११८




Innovative Vision

# तालिकाको सूची

**विषय** **पृष्ठ नं.:**


तालिका २. १: आयोजना स्थलसम्मको पहुँचमार्गको विवरण ........ ७
तालिका २. २: आयोजनाका मुख्य विशेषताहरु........ ७
तालिका २. ३: आयोजनाको लागि आवश्यकता पर्ने जनशक्तिको विवरण........१२
तालिका २. ४: आयोजनाका लागि आवश्यक जमिनको विवरण ........१३
तालिका २. ५: आयोजनाको निर्माण तालिका पहिलो चरण........१५
तालिका २. ६: आयोजनाको निर्माण तालिका दोस्रो चरण........१५
तालिका ३. १: आयोजना प्रभाव क्षेत्रको विवरण ........१७
तालिका ५.१: आयोजना क्षेत्रको भू–उपयोगको विवरण ........३०
तालिका ५.२: घोराही स्टेसनको सन् २०१९–२०२१ को वायुको गुणस्तरको विवरण........३९
तालिका ५.३: वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनको क्रममा मापन गरिएको आयोजना क्षेत्रको वायुको गुणस्तरको विवरण ........३९
तालिका ५.४: वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनको क्रममा मापन गरिएको आयोजना क्षेत्रको वायुको गुणस्तरको विवरण ........ ४०
तालिका ५.५: प्रस्ताव कार्यान्वयन गर्दा कटान हुने रुखको विबरण........ ४२
तालिका ५.६: आयोजना क्षेत्रका गैरकाष्ठजन्य वनस्पती तथा उपयोग सम्वन्धी विवरण........ ४३
तालिका ५.७: आयोजना क्षेत्रमा पाईने स्तनधारी वन्यजन्तुको विवरण ........४४
तालिका ५.८: आयोजना क्षेत्रमा पाईने चराको विवरण ........ ४५
तालिका ५.९: आयोजना क्षेत्रमा पाईने सरीसृत तथा उभयचरको विवरण........ ४६
तालिका ५.१०: आयोजना क्षेत्र वरपरका नदी प्रणालीमा पाईने जलचरको विवरण........ ४६
तालिका ५.११: राप्ती गाउँपालिका तथा आयोजना प्रभावित वडाहरुको जनसाङ्खिक विवरण ........ ४७
तालिका ५.१२: राप्ती गाउँपालिका तथा गाउँपालिकाका वडाहरुको जनसाङ्खिक विवरण ........ ४७
तालिका ५.१३: राप्ती गाउँपालिकाको उमेर समूहअनुसारको लैङ्गिक विवरण ........४८
तालिका ५.१४: राप्ती गाउँपालिकाको जातजाति समूहको जनसंख्या विवरण ........४९
तालिका ५.१५: राप्ती गाउँपालिकाको धर्म अनुसारको जनसंख्या विवरण ........५०
तालिका ५.१६: राप्ती गाउँपालिकामा रहेका घरको बनोटको विवरण........५१
तालिका ५.१७: राप्ती गाउँपालिकाको साक्षरता विवरण ........५३
तालिका ५.१८: राप्ती गाउँपालिकाको शैक्षिक स्तरबारे विवरण........५४
तालिका ५.१९: राप्ती गाउँपालिकाको स्वास्थ्य संस्थाबारे विवरण........५५
तालिका ५.२०: राप्ती गाउँपालिकामा प्रयोग गरिने खानेपानीका स्रोतहरु ........५६
तालिका ५.२१: राप्ती गाउँपालिकामा प्रयोग गरिने शौचालयको विवरण........ ५७
तालिका ५.२२: राप्ती गाउँपालिकाका वडाहरुमा बत्ती बाल्न प्रयोग गरिने उर्जाका स्रोतहरुको विवरण........५८
तालिका ५.२३: राप्ती गाउँपालिकाका वडाहरुमा खाना पकाउन प्रयोग गरिने उर्जाका स्रोतहरुको विवरण........ ५९
तालिका ५.२४: राप्ती गाउँपालिकामा बोलिने मातृभाषाको विवरण ........६३




Innovative Vision

तालिका ७. १:  वातावरणीय प्रभावको तह निर्धारण........................................................................८८
तालिका ८. १:  अनुकूल प्रभाव अधिकतम तथा प्रतिकुल प्रभाव न्यूनतम गर्ने उपायको कार्यान्वयन तथा लाग्ने अनुमानित रकम र कार्यान्वयनको जिम्मेवारी....................................................................१०८
तालिका ८. २:  सार्वजनिक सुनुवाईमा उठेका सबालहरुको सम्बोधन यसप्रकार रहेको छ;.........................११४
तालिका ८. ३:  गाउँपालिकाको सिफारिसमा उठेका सबालहरुको सम्बोधन यसप्रकार रहेको छ;..................११५
तालिका ८. ३:  वातावरण संरक्षण कार्यक्रम लागत .................................................................११५
तालिका ९. १: आयोजनाको प्रभाव अनुगमन तालिका.................................................................१२१
तालिका ९. २: वातावरणीय अनुगमनका लागि लाग्ने खर्च...........................................................१२६
तालिका १०. १: वातावरणीय सम्परीक्षणको ढाँचा.....................................................................१२९
तालिका १०. २: वातावरणीय सम्परीक्षणको चेकलिष्ट................................................................ १३१
तालिका १०. ३: वातावरणीय ब्यवस्थापन योजना कार्यान्वयनका निम्ति लागत....................................... १३६
तालिका १४. १: वातावरणीय व्यवस्थापन योजना.....................................................................१४४



Innovative Vision

# प्रतिवेदनमा प्रयोग गरिएका छोटकरी शव्दहरु

| | |
|---|---|
| CBS | Central Bureau of Statistics |
| dB | Decibel |
| DHM | Department of Hydrology and Meteorology |
| DIA | Direct Impact Area |
| EN | Endangered Species IUCN Categories |
| ICIMOD | International Centre for Integrated Mountain Development |
| IIA | Indirect Impact Area |
| IUCN | International Union for Conservation of Nature |
| kVA | Kilovolt-Ampere |
| LC | Least Concerned Species IUCN Categories |
| LDCRP | Local Disaster and Climate Resilience Plan |
| MBT | Main Boundary Thrust |
| MENRIS | Mountain Environment Regional Information Systems |
| MFT | Main Frontal Thrust |
| NPWCA | National Park and Wildlife Conservation Act |
| NT | Near Threatened Species IUCN Categories |
| RRM | Rapti Rural Municipality |
| USGS | United States Geological Survey |
| VU | Vulnerable Species IUCN Categories |
| ZOI | Zone of Influence |
| एफ्रोडाईट | APHRODITE: Asian Precipitation - Highly-Resolved Observational Data Integration Towards Evaluation of Water Resources |
| कि.मि. | किलोमिटर |
| वा.व्य.ई. | वातावरणीय व्यवस्थापन ईकाई |
| वा.व्य.यो. | वातावरणीय व्यवस्थापन योजना |
| साईटिस | Convention on International Trade in Endangered Species of Wild Fauna and Flora |
| सीटीईभीटी | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद |
| हे. | हेक्टर |



Innovative Vision

# परिच्छेद १

## १. प्रतिवेदन तयार गर्ने संस्थाको नाम र ठेगाना

### १.१ प्रस्तावकको परिचय

आयोजनाको प्रस्तावक पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय, प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वयन ईकाई रहेको छ। आयोजना सञ्चालनका लागि यस ईकाई जिम्मेवार निकाय रहने छ। प्रस्तावकको नाम र ठेगाना यस प्रकार रहेको छः

**प्रस्तावकको नाम र ठेगानाः**
पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय,
प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वयन ईकाई,
राप्ती उपत्यका (देउखुरी), लुम्बिनी प्रदेश
ईमेल.: pccpiudang@gmail.com

### १.२ परामर्शदातृ संस्थाको परिचय

ईनोभेटिभ भिजन प्रा. लि., काठमाडौं लाई पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय, प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वयन ईकाईले लुम्बिनी प्रदेश, दाङ जिल्लाको, राप्ति गाउँपालिका वडा नं. ३ राप्ती उपत्यका (देउखुरी) मा प्रस्ताव गरिएको लुम्बिनी प्रदेश राजधानीको मन्त्रालय प्रशासनिक भवन र प्रदेश सभा भवन निर्माणको लागि वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्ने जिम्मेवारी उपलब्ध गराएको छ। प्रस्ताव तयार गर्ने संस्थको नाम र ठेगाना यस प्रकार रहेको छः

**प्रस्ताव तयार गर्ने संस्थको नाम र ठेगाना**
ईनोभेटिभ भिजन प्रा. लि.
काठमाडौं, नेपाल
फोन नं.: +९७७ १ ४३८७६९७ |+९७७ ९८५१२४८२४८
ईमेलः innovativevisionktm@gmail.com

### १.३ वातावरणीय प्रभाव मूल्याङ्कनको औचित्य

प्रस्तावित आयोजनाले ६.५९२५ हेक्टर जमिनमा भवन तथा संरचना निर्माण गर्ने, तथा दैनिक २०,००० लिटरभन्दा बढी भूमिगत पानी उपयोग गर्ने भवन निर्माण गर्ने भएकोले लुम्बिनी प्रदेश सरकारको वातावरण संरक्षण ऐन, २०७७ र नियमावली २०७७ अनुसार वातावरणीय अध्ययन गर्न र प्रस्तावित विकास वातावरणमैत्री भएको सुनिश्चित गर्न प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्नुपर्ने देखिन्छ। यसर्थ आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कनको लागि नियमावलीको नियम ९ बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी लुम्बिनी प्रदेश सरकार, वन,वातावरण तथा भू-संरक्षण मन्त्रालयमा पेश गरिएको छ।

| मापनको आधार | कानूनी दायरा | प्रस्तावको दायरा | अनुसूची |
|---|---|---|---|
| भवन निर्माणको क्षेत्रफल | ५ हेक्टर भन्दा बढी जमिनमा आवास विकास गर्ने। (आवास, भवन, तथा बस्ती विकास र शहरी विकास क्षेत्र) | साविक रासी प्राविधिक शिक्षालय, दाङले चर्चेको चारकिल्लाभित्र रहेको कित्ता नं. १ को २-२-९ (बिघा) र कित्ता नं. १८ को १५-१६-१५ (बिघा) गरी जम्मा १७-१९-४ (बिघा) ऐलानी पर्ने जग्गा १२.१६ हेक्टर क्षेत्रफलमा प्रस्तावमा उल्लेखित भौतिक संरचना निर्माण गर्ने। | वातावरण संरक्षण नियमावली, २०७७ को नियम ३, अनुसूची-३, (ङ) ३ |
| दैनिक भूमिगत पानीको प्रयोग | दैनिक २०,००० लिटर भन्दा माथि प्रयोग हुने भवन निर्माण गर्ने | ३०,००० लिटर | वातावरण संरक्षण नियमावली, २०७७ को नियम ३, अनुसूची-३, (ङ) ६ |

## १.४ वातावरणीय प्रभाव मूल्याङ्कनको उद्देश्यहरु

वातावरणीय प्रभाव मूल्याङ्कनकको प्रमुख उद्देश्य आयोजनको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावहरुको पहिचान गरी त्यसबाट पर्न सक्ने असरहरुको बारेमा जिम्मेवार निकायहरुलाई जानकारी उपलब्ध गराउनु तथा आयोजना कार्यान्वयनबाट वातावरणमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनिकरण र सकारात्मक प्रभावहरुको अभिवृद्धिका लागि उपयुक्त एवं व्यवहारिक उपायहरु सिफारिस गर्दै आयोजनालाई वातावरण मैत्री बनाउन सिफारिस गर्नु रहेको छ। वातावरणीय प्रभाव मूल्याङ्कनका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन्;

- प्रस्ताव कार्यान्वयन स्थलको जैविक, भौतिक, रासायनिक तथा सामाजिक, आर्थिक एवं सांस्कृतिक अवस्थितिको पहिचान गर्न;
- प्रस्तावित कार्यबाट स्थानीय जैविक, भौतिक, रासायनिक तथा सामाजिक-सांस्कृतिक वातावरणमा पर्न सक्ने अनुकूल तथा प्रतिकूल असरहरु पहिचान गरी निर्माणका चरणको आधारमा परिणाम, फैलावट एवं अवधि भावस्तरीकरण गर्दै तिनको लेखाजोखा गर्न;
- प्रस्तावका बिभिन्न विकल्पहरुको विश्लेषण गर्न;
- आयोजना कार्यान्वयनबाट वातावरणमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनिकरण र सकारात्मक प्रभावहरुको अभिवृद्धिका लागि उपयुक्त र प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिने उपायहरु सिफारिस गर्न;
- आयोजना क्षेत्रका स्थानीय समुदाय, सरोकारवाला संघसंस्थाहरुलाई आयोजनाका बारेमा जानकारी दिन, परिचित गराउन तथा उनीहरुका राय सुझाव सङ्कलन गरि आयोजना कार्यान्वयनबाट पर्न सक्ने प्रभावहरुको पहिचान गर्दै र उनीहरुका सवालहरु समावेश गराउन;
- उक्त क्रियाकलापको लागि वातावरणीय व्यवस्थापन योजना, अनुगमन योजना र वातावरणीय परीक्षण योजना तर्जुमा गर्न;



Innovative Vision

- सम्बन्धित सरोकारवालाहरुलाई प्रस्तावका वातावरणीय पक्षको बारेमा जानकारी गराउनु तथा प्रस्ताव कार्यान्वयनको निर्णय लिनका लागि आवश्यक जानकारी उपलब्ध गराउन।

## १.५ प्रस्तावको सान्दर्भिकता

लुम्बिनी प्रदेशको प्रदेश सभाले २०७७ असोज २० गते दाङ जिल्लाको रासी र गढवा गाउँपालिका र अर्घाखाँची जिल्लाको शीतगंगा नगरपालिकालाई समेट्दै रासि उपत्यकामा राजधानी स्थापना गर्ने निर्णय गरेको थियो। हाल लुम्बिनी प्रदेश सरकार र प्रदेश सभाका संरचनाहरु प्रदेशको अस्थायी राजधानी तोकिएको मुकाम बुटवलमा रहेको छन्। यसर्थ प्रदेश राजधानी निर्माणको लागि प्रदेश सरकारका प्रशासनिक भवन, प्रदेश सभा भवन तथा संरचनाहरुको निर्माणको लागि वातावरणीय अध्ययन गर्न लागिएको छ। प्रस्तावद्धारा ५ हेक्टरभन्दा बढी क्षेत्रमा भवन निर्माण तथा शहरिकरण र दैनिक २०,००० लिटरभन्दा माथि भूमिगत पानीको उपयोग हुने देखिएकाले लुम्बिनी प्रदेश सरकारको वातावरण संरक्षण ऐन, २०७७ तथा नियमावली २०७७ बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गरिएको हो।



Innovative Vision

# परिच्छेद-२

## २. प्रस्तावको परिचय

लुम्बिनी प्रदेश, दाङ जिल्लाको रासी उपत्यका (देउखुरी) मा पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय, प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वयन ईकाई द्वारा लुम्बिनी प्रदेशको राजधानीको प्रशासनिक भवन, प्रदेश सभाका भवन तथा संरचनाहरुको निर्माणका लागि प्रस्ताव गरिएको छ। १ मुख्यमन्त्री तथा मन्त्रीपरीषदको कार्यालय, १२ मन्त्रालय भवन, १ प्रदेश सभा चमेना गृह, एक पुस्तकालय, १ संसदीय समिती भवन, १ प्रदेश सचिवालय भवन, १ प्रदेश सभा भवन र ६ संसदीय दल भवन गरी कुल २४ वटा भवनहरु निर्माण गरिनेछन्। त्यसैगरी ढल निकाश, सुरक्षा पोष्ट परिसर पर्खाल लगायतका संरचनाहरु प्रस्ताव गरिएको छ।

### २.१ भूमिका

नेपालको संविधानले जन-आन्दोलन २०६२-६३ र बिभिन्न समयमा भएका राजनीतिक आन्दोलनको आकांक्षा पूरा गर्दै राज्यको शक्ति र सेवाको विकेन्द्रीकरण, समावेशी विकास र सुशासनको उद्देश्यसहित सातवटा प्रदेश सरकारको व्यवस्था गरेको छ। लुम्बिनी प्रदेश तिनै सात प्रदेशहरुमध्येको पश्चिम नेपालमा अवस्थित एउटा प्रदेश हो। लुम्बिनी प्रदेशको सभाले २०७७ असोज २० गते दाङ जिल्लाको रासी र गढवा गाउँपालिका र अर्घाखाँची जिल्लाको शीतगंगा नगरपालिकालाई समेट्दै रासि उपत्यकामा राजधानी स्थापना गर्ने निर्णय भएको थियो। प्रदेश राजधानी गुरुयोजना अनुरुप प्रदेशको राजधानीमा प्रशासनिक, शैक्षिक, स्वास्थ्य, औद्योगिक, यातायात सेवा क्षेत्र, व्यापारिक क्षेत्र, उत्पादन क्षेत्र र आवास क्षेत्र गरी ब्लक बनाइएको छ। प्रदेश सभाको निर्णय र सरकारको गूरुयोजना बमोजिम रासि गाउँपालिकाको वडा नं. ३ मा अवस्थित साविक रासि प्राविधिक शिक्षालय परिसरमा प्रदेश सरकारका प्रशासनिक भवन, सभाहल तथा संरचनाहरुको निर्माणको लागि प्रस्ताव गरिएको छ। यस अध्ययनले साविक रासी प्राविधिक शिक्षालयले ओगटेको चारकिल्लाभित्र प्रदेश सरकारका प्रशासनिक मन्त्रालय भवन र प्रदेश सभा भवन निर्माणलाई मात्र समेटेको छ। प्रस्ताव अन्तर्गत १ मुख्यमन्त्री तथा मन्त्रीपरीषदको कार्यालय, १२ मन्त्रालय भवन, १ प्रदेश सभा चमेना गृह, एक पुस्तकालय, १ संसदीय समिती भवन, १ प्रदेश सचिवालय भवन, १ प्रदेश सभा भवन र ६ संसदीय दल भवन गरी कुल २४ वटा भवनहरु निर्माणको लागि योजना बनाईएको छ। त्यस्तै सडक, ढल निकाश, परिसर पर्खाल, सडक बत्ती, सुरक्षा पोष्ट जस्ता अन्य संरचनाहरु पनि निर्माणको लागि प्रस्ताव गरिएको छ। यस प्रस्ताव कार्यान्वयनको लागि लुम्बिनी प्रदेश सरकार, पर्यटन, ग्रामीण तथा शहरी विकास मन्त्रालय, अन्तर्गत प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वयन इकाई, रासी उपत्यका (देउखुरी), दाङ स्थापना गरिएको छ। लुम्बिनी प्रदेश सरकारको वातावरण संरक्षण ऐन, २०७७ तथा नियमावली, २०७७ बमोजिम प्रस्तावित आयोजना निर्माण गर्दा वतातवरणीय अध्ययन गरी आयोजना कार्यान्वयन गर्दा आयोजना क्षेत्र र वरपरको वातावरणमा पर्न सक्ने प्रभावहरुको पहिचान गरी व्यवस्थापनका उपायहरुको अवलम्बन गर्दै वातावरणीय क्षति न्यून गर्नपर्ने भएकोले आयोजनाको वातावरणीय अध्ययन गर्न लागिएको हो।

### २.२ प्रस्तावको विवरण

#### २.२.१ अवस्थिति

प्रस्तावित संरचनाहरु लुम्बिनी प्रदेशको दाङ जिल्लाको सात गाउँपालिका मध्ये रासी गाउँपालिका वडा नं. ३ मा अवस्थित छन्। रासी गाउँपालिका दाङ जिल्लाको दक्षिण पूर्वमा अर्घाखाँची र प्यूठान जिल्लासँग जोडिएको गाउँपालिका

हो। दाङ जिल्लामा चुरे क्षेत्र बाहेक कुनै पनि संरक्षित क्षेत्र, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष र संरक्षित सिमसार क्षेत्रहरु छैनन्। आयोजना क्षेत्रबाट चुरे १.२ कि.मि. टाढा अवस्थित छ। यसर्थ आयोजना क्षेत्र नेपालका कुनै पनि संरक्षित क्षेत्रभित्र पर्दैन। आयोजनास्थल पूर्व-पश्चिम महेन्द्र राजमार्गसँग जोडिएर २०० मिटर उत्तरतर्फ अवस्थित छ। उक्त स्थानमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (सीटीईभीटी) अन्तर्गतको साविक राप्ती प्राविधिक शिक्षालयका २१ भवन, ३ सुरक्षा पोष्ट, १४ शौचालय, ६ वटा ब्लक ५ वर्कसप, १ विश्राम कक्ष र २ पोखरी सहितका कुल ५२ संरचनाहरू रहेका छन्। भवन तथा संरचनाहरुमध्ये मध्ये ३ वटा शौचालय बाहेक अन्य सम्पूर्ण संरचनाहरु आयोजनाको निर्माण तथा सञ्चालनको लागि प्रयोग गरिने छन्। उक्त शिक्षालयलाई दाङ जिल्लाकै गढवा गाउँपालिका वडा नं. ३, गोबरडिहा स्थित श्री सरस्वती माध्यामिक विद्यालय परिसरमा स्थानान्तरण भैरहेको छ। भौगोलिक हिसाबमा आयोजना क्षेत्र समुन्द्री सतहदेखि २८८ मिटरको उचाईमा अवस्थित छ। आयोजना क्षेत्रको तस्बिर नं. २.१ मा नेपालको नक्सामा देखाईएको छ भने र तस्बिर नं. २.२ मा गाउँपालिकाको नक्सामा देखाईएको छ।




तस्बिर २. १: नेपालको नक्सामा आयोजना क्षेत्र

*नक्सा स्रोत: नापी विभाग, २०२० को डेटा र अध्ययन टोली*




तस्बिर २. २:राप्ती गाउँपालिकाको नक्सामा आयोजना क्षेत्र

*नक्सा स्रोत: नापी विभाग, २०२० को डेटा र अध्ययन टोली*




तस्बिर २. ३: टोपोग्राफिक नक्सामा आयोजना क्षेत्र

*नक्सा स्रोत: नापी विभाग, १९९६ को डेटा र अध्ययन टोली*

### २.२.२ पहुँच

आयोजना क्षेत्रसँगको मूख्य पहुँचमार्ग काठमाडौंदेखि भरतपुर-बुटवल हुँदै भालुबाङ लालमटीया रहेको छ। पूर्वपश्चिम महेन्द्र राजमार्गको भालुबाङ-लालमटीया सडक खण्डबाट २०० मिटरको दूरीमा आयोजनास्थल रहेको छ। राजमार्गबाट आयोजनास्थल छिर्ने सडक औषतमा १० मिटर चौंडाईको रहेको छ। उक्त सडकको सम्पूर्ण चौंडाई कालो पत्रे गरिएको छैन भने कालोपत्रे बिग्रिएको अवस्थामा रहेको छ। आयोजना निर्माण तथा सञ्चालनको लागि सडकमा नाला बनाउनपर्ने तथा नियमित मर्मतसम्भारको आवश्यकता रहेको छ।

तालिका २. १: आयोजना स्थलसम्मको पहुँचमार्गको विवरण

| **सडकको नाम** | **सडकको स्तर** | **सडकको अवस्था** | **दूरी (किमि मा)** |
|---|---|---|---|
| काठमाडौं-भरतपुर | राजमार्ग (H6) | कालोपत्रे | १५० |
| भरतपुर - लालमटीया | राजमार्ग (H1) | कालोपत्रे | २३६ |
| लालमटीया-आयोजनास्थल | स्थानी सडक (L) | बिग्रिएको कालोपत्रे | ०.२ |

आयोजनाका मुख्य विशेषताहरु यसप्रकार रहेका छन्;

तालिका २. २: आयोजनाका मुख्य विशेषताहरु

| **बिषय** | **विवरण** |
|---|---|
| आयोजनाको नाम | लुम्बिनी प्रदेश राजधानी निर्माण आयोजना (मन्त्रालय प्रशासनिक भवन तथा प्रदेश सभा भवन) |
| प्रस्तावकको नाम | पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय, प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वयन ईकाई |
| **भौगोलिक स्थान** | |
| गाउँपालिका | रासी गाउँपालिका, वडा नं. ३ |
| प्रभावित वडाहरु | वडा नं. ३, २ र ४ |
| जिल्ला | दाङ |
| प्रदेश | लुम्बिनी |
| अक्षांश | २७° ५०' ५३.१८" N |
| देशान्तर | ८२° ४२' १६.८७" E |
| समून्द्री सतहबाट उचाई | २८८ मिटर |
| पहुँच | काठमाडौं – लालमटीया, पूर्व-पश्चिम महेन्द्र राजमार्ग ३८६ कि.मि. को दुरीमा र राजमार्गबाट २०० मिटरको दूरीमा |
| जग्गा कित्ता नम्बर | कित्ता न. १ र कित्ता नं. १८ |
| जग्गा स्वामित्व | नेपाल सरकारको स्वामित्व रहेको ऐलानी पर्ती जग्गा, साविक रासी प्राविधिक शिक्षालय, लालमटीया ले उपभोग गर्दै आईरहेको |
| कित्ताको कुल क्षेत्रफल | १२.१६३६ हेक्टर |
| **भवन तथा निर्माण क्षेत्र** | |
| भवन तथा संरचनाले ओगट्ने क्षेत्रफल | विद्यमान भवन: ०.६८६३ हेक्टर (५.६४%)<br>नयाँ भवन: १.९३०४ हेक्टर (१५.८७%)<br>सडक तथा अन्य संरचना: ४.६६२ हेक्टर (३८.३३%) |
| खुला हरियाली क्षेत्र | ४.८८४८ हेक्टर (४०.१६%) |



Innovative Vision

| बिषय | विवरण |
|---|---|
| भवन संख्या | १ मुख्यमन्त्री तथा मन्त्रीपरीषदको कार्यालय, १२ मन्त्रालय भवन, १ प्रदेश सभा चमेना गृह, एक पुस्तकालय, १ संसदीय समिती भवन, १ प्रदेश सचिवालय भवन, १ प्रदेश सभा भवन र ६ संसदीय दल भवन गरी कुल २४ वटा भवन |
| | |
| भवनको उचाई (भुईतलाबाट) | मुख्यमंत्रीको कार्यालय-२४.२ मिटर,<br>मंत्रीपरिषदको कार्यालय-२१.९ मिटर |
| भवनको भुईतलाको क्षेत्रफल | १४२९.०५ वर्ग मिटर, मुख्यमंत्रीको कार्यालय<br>७९१.९८ वर्ग मिटर, मंत्रीपरिषदको कार्यालय |
| भवनका प्रकार | ढलान |
| पार्किङ्ग गर्न सकिने कारको संख्या | मुख्यमंत्रीको कार्यालय-१६ वटा,<br>मंत्रीपरिषदको कार्यालय-८४ वटा |
| पार्किङ्ग गर्न सकिने मोटर साईकलको संख्या | मुख्यमंत्रीको कार्यालय-२० वटा,<br>मंत्रीपरिषदको कार्यालय-१२६ वटा |
| **आन्तरिक सडक** | |
| मूल सडक (कालोपत्रे) | १२१२ मिटर (१२ मिटर चौंडाई भएको २-२ मिटर फूटपाथ सहित)<br>४२९ मिटर (१० मिटर चौंडाई भएको १.५-१.५ मिटर फूटपाथ सहित) |
| लिङ्क सडक | ११४०.८ मिटर (७ मिटर चौंडाई भएको)<br>२५७.७७ मिटर (६ मिटर चौंडाई भएको) |
| पैदल यात्री बाटो | रहने |
| **अन्य संरचनाहरु** | |
| हरियाली विकास क्षेत्र | ३४५२५.७९३ वर्ग मिटर |
| पानी पोखरी | ३ वटा |
| विश्राम केन्द | ४ वटा |
| पानी पोखरी जाने काठको पुल | ४ वटा |
| सुरक्षाकर्मी पोष्ट | ५ वटा |
| फउन्टेन (सजावट) | १ वटा |
| मण्डल निर्माण | २ वटा |
| एम्पी थियटर | १ वटा |
| कोर्टयार्ट | १ वटा |
| विद्युत कन्ट्रोल कोठा | १ वटा |
| वुद्ध स्तुपा जाने भऱ्याङ | १ वटा |
| रिचार्ज पिट | ९७ वटा |
| **सुविधाहरु** | |
| लिफ्ट संख्या | मुख्यमंत्रीको कार्यालयमा-१ वटा,<br>मंत्रीपरिषदको कार्यालयमा-७ वटा |
| अपाङ्गता भएका व्यक्तिका लागि र्‍याम्प | रहनेछन् |



Innovative Vision

| बिषय | विवरण |
| --- | --- |
| आपतकालीन समयमा बाहिर निस्कनको लागि व्यवस्था | रहनेछ |
| धुवाँ पहिचान गर्ने यन्त्र र आगो निभाउने उपकरणहरू | रहनेछ |
| बैठक हल | प्रत्येक भवनमा एक/एक वटा रहनेछन् |
| सभा हल | १ वटा |
| A/C सुविधा, कोठा तताउने/चिस्याउने सुविधा | रहनेछ |
| **खानेपानी तथा सरसफाई** | |
| पानी भण्डारण ट्याङ्की | ७ घन मि. क्षमताको २ वटा ट्याङ्की निर्माण गरिने हरेक भवनलाई |
| अग्नी नियन्त्रणको लागि पानी भण्डारण ट्याङ्की | रहनेछ |
| दैनिक पानी आवश्यकता | ५०,००० लिटर प्रति दिन<br>भूमिगत पानी (३०,००० लिटर प्रति दिन)<br>मुलको पानी (२०,००० लिटर प्रति दिन) |
| फोहोर मैला उत्पादन | ठोस फोहोर (१३५ किलोग्राम प्रति दिन)<br>तरल फोहोर (३०,००० लिटर प्रति दिन) |
| सेफ्टीक ट्याङ्क | प्रत्येक भवनमा १-१ वटा रहनेछ |
| ढल प्रशोधन प्लान्ट (STP — Sewage Treatment Plant) | प्रत्येक भवनमा १-१ वटा रहनेछ (१०० घ.मि. प्रतिदिन क्षमता) |
| **अन्य आवश्यक कुराहरु** | |
| उर्जा | उर्जाको श्रोत— नेपाल विद्युत प्राधिकरणको ग्रीडबाट<br>वैकल्पिक उर्जा — २ वटा जेनरेटर (क्षमता — ३०० KV) |
| कामदार संख्या | निर्माण चरण- २२८ दक्ष कामदार, ६८२ सामान्य श्रमिक, ५ इन्जिनियर र १० सुपरभाइजर |
| प्रस्तावित आयोजनाको लागि कुल अनुमानित लागत | ने.रु. ६,४७,६०,३६,७८८.४८ |
| निर्माण समय | ४ वर्ष |

### २.२.३ आयोजनाका संरचना एवं अवयवहरुको जानकारी

आयोजनालाई आवश्यक पर्ने संरचना तथा स्थानहरुको विवरण यस प्रकार रहेको छः

- कामदार शिविर
- पार्किङ क्षेत्र
- निर्माण भण्डारण क्षेत्र
- आन्तरिक सडक
- संरक्षित माटो राख्ने स्थल
- फोहोर बस्तु जम्मा गर्ने तथा व्यवस्थापन गर्ने स्थल

### २.२.३.१ कामदार शिविर

आयोजनाको प्रशासनिक कार्यका लागि कार्यालय र आवासीय कामदारका लागि कामदार शिविर रासी प्राविधिक शिक्षालयमा हाल कायम रहेका भवन तथा संरचनाहरुमा नै स्थापना गर्न प्रस्ताव गरिएको छ। आयोजनाका लागि थप शिविरको आवश्यकता भएमा आयोजना परिसरभित्रै स्थापना गरिनेछ। आयोजनाको शिविरमा सामान्य स्वास्थ्य सुबिधा, सफा खानेपानी, चमेना गृह, शौचालय, बाथरुम, सुत्ने कोठा, बिजुली र टीभी हुनेछ।

### २.२.३.२ पार्किङ क्षेत्र

आयोजना सञ्चालनका लागि दैनिक प्रयोग गरिने सवारी साधन तथा निर्माण सामग्री ढुवानीका लागि प्रयोग गरिने ट्रकको पार्किङ गर्नका लागि पार्किङ क्षेत्र आयोजना परिसरभित्र नै प्रस्ताव गरिएको छ। पार्किङ स्थलले एक वटा स्काभेटर, एक वटा बुलडोजर, दुईवटा डम्प ट्रक, एक वटा सर्भिस भ्यान, एक वटा ट्याङ्कर, दुईवटा जीप र चार वटा मोटरसाईकल पार्किङ् गर्नेछ। आयोजनाले प्रत्येक भवनको लागि पार्किङ क्षेत्रको विकास गर्नेछ।

### २.२.३.३ निर्माण सामग्री भण्डारण कक्ष

आयोजनालाई आवश्यक ढुङ्गा, गिटी, बालुवा, सिमेन्ट, रड जुता निर्माण सामग्रीको भण्डारणको लागि आयोजना स्थल परिसरभित्रनै भण्डारण गर्न प्रस्ताव गरेको छ। भण्डारण कक्षमा आयोजनालाई आवश्यक मेसिनहरु र गाडीहरु सञ्चालनको लागि लमहीको तेल डिपोबाट ल्याईएको खनिज तेललाई भण्डारण गर्न प्रयोग गरिनेछ।

### २.२.३.४ आन्तरिक सडक

पूर्व-पश्चिम महेन्द्र राजमार्गबाट आयोजना परिसरको मूल गेट २०० मिटरको दूरीमा रहेको छ। यसर्थ आयोजना स्थलसम्म यातायातको पहुँच रहेकाले पुहँचका लागि नयाँ सडकको आवश्यकता देखिएको छैन। प्रदेश सरकारको प्रशासनिक राजधानी भवनहरु एक आपसमा जोड्नको लागि १२ मिटर चौंडाई भएको १११२ मिटर लामो र ४२९ मिटर लामो (१० मिटर चौंडाई भएको १.५-१.५ मिटर फूटपाथ सहित), कालोपत्रे मूल सडक, ७ मिटर चौंडाई भएको ११४०.८ मिटर लामो र २५७.७७ मिटर (६ मिटर चौंडाई भएको) लिङ्क सडक, २ मिटर चौंडाई भएको ११०० मिटर लामो फूटपाथ, भवनसम्म पुग्न पैदल यात्री बाटोको निर्माण गर्ने प्रस्ताव गरिएको छ।

### २.२.३.५ जमिनको सतहको मलिलो माटो राख्ने स्थल

निर्माण स्थलको जमिनको सतहको मलिलो माटो व्यवस्थापन गर्न एउटा व्यवस्थापन स्थल प्रस्ताव गरिएको छ। उक्त मलिलो माटोलाई आयोजनाको हरियाली क्षेत्र व्यवस्थापन, बगैंचा र ल्याण्डस्केपिङको लागि प्रयोग गरिनेछ। आयोजनाबाट निस्किएको माटोलाई आयोजना स्थल परिसरभित्रै व्यवस्थापन गरिनेछ। अन्य कुनै व्यवस्थापन क्षेत्रको आवश्यकता पर्ने छैन।

### २.२.३.६ ठोस फोहोर बस्तु जम्मा गर्ने तथा व्यवस्थापन गर्ने स्थल

आयोजना स्थलमा कामदार शिविरको भान्सा, तथा सामानहरु प्याकिङ बाट प्राप्त हुने ठोस फोहोर बस्तुलाई जम्मा गर्न तथा व्यवस्थापन गर्न गर्नका लागि एउटा छुट्टै फोहोर व्यवस्थापन स्थल एवं विधि प्रस्ताव गरिएको छ। आयोजना निर्माणपश्चात सञ्चालनको लागि समेत छुट्टै फोहोर संकलन/व्यवस्थापन स्थल निर्माण गर्न प्रस्ताव गरिएको छ।



Innovative Vision

### २.२.४ आयोजना सम्बन्धि कृयाकलाप

यो आयोजना भर्खरै कार्यान्वयनमा जाने प्रकृतीको आयोजना हो। आयोजना कार्यान्वयनका लागि रुखहरु हटाउने बाहेकका प्रमुख कामहरु गर्न पर्ने अवस्था छैन। विद्यमान राप्ती प्राविधिक शिक्षालयका संरचनालाई निर्माण सामग्रीको भण्डारण तथा कामदार शिविरको लागि प्रयोग गर्न सकिने अवस्था रहेको छ। त्यस्तै आयोजनाको आन्तरिक सडकमा पर्ने तीन वटा शौचालय बाहेक अन्य भवन तथा संरचना हटाउन पर्ने छैन।

#### २.२.४.१ निर्माण कार्य गर्नुपूर्वका क्रियाकलापहरु

क) शिक्षालयलाई स्थानान्तरण गर्ने

ख) आयोजना क्षेत्रका रुखहरु प्रचलित कानून बमोजिम हटाउने

ग) आयोजना क्षेत्रलाई तारबार गर्ने

घ) कामदार शिविर र भण्डारण कक्ष स्थापना गर्ने

ङ) पहुँचमार्ग निर्माण एवं मर्मत गर्ने

#### २.२.४.२ निर्माण कार्य हुँदा गरिने क्रियाकलापहरु

क) भवन निर्माण गर्ने

ख) सडक निर्माण गर्ने, पैदल यात्रीका लागि बाटो निर्माण गर्ने

ग) ढल निकासको व्यवस्था गर्ने

घ) परिसर पर्खाल र तारबार गर्ने

ङ) बगैंचा, फउन्टेन, मण्डल, बुद्ध स्तुपा, एम्पी थियटर, हरियाली क्षेत्र र ल्याण्डस्केपिङ गर्ने

च) पानी प्रशोधन प्लान्ट स्थापना गर्ने

छ) पानी भण्डारण ट्याङ्की व्यवस्था गर्ने

ज) विद्युत कन्ट्रोल भवन

झ) सभा हल

ञ) पानी पोखरी

ट) सुरक्षा पोष्ट निर्माण गर्ने

#### २.२.४.३ आयोजना संचालन पश्चात् गरिने क्रियाकलापहरु

क) प्रदेश सरकारको कार्यालय सञ्चालन गर्ने

ख) आवश्यकता अनुसार परिसरभित्र संरचनाहरु थप गर्ने

ग) मर्मत सम्भार गर्ने

### २.२.५ निर्माण सामग्री तथा साधनहरु

आयोजनालाई आवश्यक निर्माण सामग्रीहरु निर्माण व्यवसायीमार्फत आपूर्ती गरिनेछ। आवश्यक सामग्रीहरु यसप्रकार रहेका छन्;

- आयोजनालाई आवश्यक पर्ने सिमेन्ट लमही/घोराही वा नजिकको बजारबाट बाट आपूर्ती गरिने।
- ढुङ्गा, गिटी र बालुवा लगायतका निर्माण सामग्री सरकारबाट अनुमतिप्राप्त क्रसर तथा ढुङ्गा उद्योग वा स्थानीय आपूर्तीकर्ताबाट आपूर्ती गरिने।



Innovative Vision

- रड, फलाम, स्टील र जस्ता निर्माण सामग्री लमही तथा वरपरका शहरका हार्डवेर पसलहरुबाट निर्माण आपूर्ती गरिने।
- बिभिन्न प्रकारका सवारी साधन र मेसिनरीहरु खरिद तथा बहालमा लिने व्यवस्था मिलाईने।

### २.२.६ आवश्यक उर्जा र इन्धनको आपूर्ति

निर्माणको अवधिमा उर्जाको स्रोतको रूपमा आयोजनाका विद्युतिय उपकरणहरु चलाउनको लागि बिजुलीको प्रयोग गरिनेछ भने ब्याकअपको लागि २०० kVA को एउटा जेनेरेटर समेत राखिनेछ। त्यसैगरी सञ्चालनको समयमा ३०० kVA को दुईवटा जेनेरेटर राखिनेछ भने विद्युतीय उर्जाको अधिकतम उपयोग गरिनेछ। आयोजनालाई आवश्यक खनिज ग्यास र तेल (डिजेल, पेट्रोल र मट्टितेल) लमहीका डिपोहरुबाट आपूर्ती गरिने।

### २.२.७ आवश्यक जनशक्ति

आयोजनाका भवन र संरचना निर्माण को लागि करिव ४ वर्ष लाग्ने अनुमान गरिएको छ। आयोजनालाई कूल ९२५ जना कामदार ४ वर्षको लागि निरन्तर आवश्यक पर्ने देखिन्छ। जसबाट लगभग २७ लाख ७५ हजार दिन रोजगारी उपलब्ध हुने देखिन्छ। आयोजनालाई आवश्यक पर्ने जनशक्तिको विवरण यसप्रकार रहेको छ।

तालिका २. ३: आयोजनाको लागि आवश्यकता पर्ने जनशक्तिको विवरण

| अवधि/प्रकार | अदक्ष/ अर्धदक्ष | दक्ष | विशेषज्ञ | कूल |
|---|---|---|---|---|
| निर्माणको चरणमा | ६८२ | २२८ | १५ | **९२५** |

स्रोत: अध्ययन टोली, २०७९

### २.२.८ जग्गाको क्षेत्रफल तथा प्रकार

साविक राप्ती प्राविधिक शिक्षालय परिसरमा नेपाल सरकारको स्वामित्वमा रहेको र शिक्षालयले भोगचलन गरिरहेको १२.१६३६ हेक्टर ऐलानी पर्ती जमिन रहेको छ। हाल उक्त जग्गाको भोगचलनको लागि नेपाल सरकारबाट लुम्बिनी प्रदेश सरकारलाई स्विकृती दिईएको छ। उक्त जमिन तथा शिक्षालयका विद्यमान संरचना उपयोग गर्दै प्रदेश सरकाले आयोजना निर्माण गर्ने निर्णय गरेको छ। यसर्थ आयोजनालाई आवश्यक पर्ने सम्पूर्ण जमिन सरकारी जमिन रहेको र वन क्षेत्र बाहेकको क्षेत्र रहेको देखिन्छ। भू-उपयोगका आधारमा आयोजना क्षेत्र मिश्रित किसिमको रहेको छ। आयोजना क्षेत्रमा शिक्षालयका भवनहरु, सडक संरचना विद्यमान छन् भने घाँस तथा झाडी र आपँका रुखहरुले ढाकेको क्षेत्रको बाहुल्य रहेको छ। शिक्षालयका विद्यमान भवनहरुले ०.६८६३ हेक्टर (५.६४%) ओगटेको छ। आयोजनाका प्रस्तावित भवनहरुले ढाक्ने जमिनको क्षेत्रफल १.९३०४ हेक्टर (१५.८७%) रहेको छ। आयोजना निर्माणपछी भवनले ढाकेको क्षेत्र २.६१६७ हेक्टर पुग्नेछ जुन कुल जमिनको २१.५१% रहेको छ। बाँकी रहेको जमिनमध्ये ४.६६२ हेक्टर (३८.३३%) जमिनलाई लाई पोखरी, मण्डल, सडक संरचना निर्माण गर्न तथा ४.८८४८ हेक्टर (४०.१६%) जमिन हरियाली विकास क्षेत्र निर्माण गर्न प्रस्ताव गरिएको छ। आयोजनाको लागि आवश्यक सम्पूर्ण जमिन स्थायी प्रकृतिको रहेको छ।



Innovative Vision

तालिका २. ४: आयोजनाका लागि आवश्यक जमिनको विवरण

| **क्र.स.** | **संरचना** | **जमिनको प्रकृति (हे. मा)** | | | | | | | | | | **कुल (हे. मा)** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वन | | खेतियोग्य जमिन | | बगर सहितको बाँझो जमिन | | घास, बुट्यान र झाडीले ढाकेको हाल संरचना भएको क्षेत्र | | समूहगत योगफल | | |
| | | निजी | सरकारी | निजी | सरकारी | निजी | सरकारी | निजी | सरकारी | निजी | सरकारी | |
| १. | साविक भवन संरचना | – | – | – | – | – | – | – | ०.६८६३ | – | ०.६८६३ | ०.६८६३ |
| **नयाँ भवन तथा संरचना** | | | | | | | | | | | | |
| **क. भवन** | | | | | | | | | | | | |
| **मन्त्रालयतर्फ** | | | | | | | | | | | | |
| २. | मुख्यमन्त्री तथा मन्त्रीपरिषद भवन (१) | – | – | – | – | – | – | – | ०.१४५४ | – | ०.१४५४ | ०.१४५४ |
| ३. | मन्त्रालय भवनहरु (१२) | – | – | – | – | – | – | – | ०.९५०४ | – | ०.९५०४ | ०.९५०४ |
| ४. | विश्राम केन्द (४) | – | – | – | – | – | – | – | ०.०२५६ | – | ०.०२५६ | ०.०२५६ |
| ५. | सुरक्षाकर्मी घर (१) | – | – | – | – | – | – | – | ०.००५६ | – | ०.००५६ | ०.००५६ |
| ६. | विद्युत कन्ट्रोल कोठा (१) | – | – | – | – | – | – | – | ०.००७५ | – | ०.००७५ | ०.००७५ |
| **प्रदेश सभातर्फ** | | | | | | | | | | | | |
| ७. | प्रदेश सभा हल हल (१) | – | – | – | – | – | – | – | ०.१२६७ | – | ०.१२६७ | ०.१२६७ |
| ८. | प्रदेश सचिवालय (१) | – | – | – | – | – | – | – | ०.१४३८ | – | ०.१४३७ | ०.१४३७ |
| ९. | क्यान्टिन ब्लक (१) | – | – | – | – | – | – | – | ०.०४६९ | – | ०.०४६८ | ०.०४६८ |
| १०. | पुस्तकालय ब्लक (१) | – | – | – | – | – | – | – | ०.०५६७ | – | ०.०५६७ | ०.०५६७ |
| ११. | समिति भवन ब्लक (१) | – | – | – | – | – | – | – | ०.१२५९ | – | ०.१२५९ | ०.१२५९ |
| १२. | प्रदेश सभा दल भवन ब्लक (१) | – | – | – | – | – | – | – | ०.२१८४ | – | ०.२१८४ | ०.२१८४ |
| **अन्य** | | | | | | | | | | | | |
| १३. | प्रवेश द्वार (२) | – | – | – | – | – | – | – | ०.०१३७ | – | ०.०१३७ | ०.०१३७ |
| १४. | परिसर पर्खाल (१) | – | – | – | – | – | – | – | ०.०६३८ | – | ०.०६३८ | ०.०६३८ |
| **ख. सडक तथा पैदल यात्री मार्ग** | | | | | | | | | | | | |
| १५. | मूल सडक (कालोपत्रे) १२ चौडा मिटर फुटपाथ सहित | – | – | – | – | – | – | – | १.४५४३ | – | १.४५४३ | १.४५४३ |
| १६. | मूल सडक (कालोपत्रे) १० मिटर चौडा फुटपाथ सहित | – | – | – | – | – | – | – | ०.४२९३ | – | ०.४२९३ | ०.४२९३ |
| १७. | लिङ्क सडक (ब्लकले बनेको) | – | – | – | – | – | – | – | ०.९५३२ | – | ०.९५३२ | ०.९५३२ |

| क्र.स. | संरचना | जमिनको प्रकृति (हे. मा) | | | | | | | | | | कुल (हे. मा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वन | | खेतियोग्य जमिन | | बगर सहितको बाँझो जमिन | | घास, बुट्यान र झाडीले ढाकेको हाल संरचना भएको क्षेत्र | | समूहगत योगफल | | |
| | | निजी | सरकारी | निजी | सरकारी | निजी | सरकारी | निजी | सरकारी | निजी | सरकारी | |
| १८. | पैदल यात्री बाटो (ब्लकले बनेको) | – | – | – | – | – | – | – | ०.०४५८ | – | ०.०४५८ | ०.०४५८ |
| **ग.** | **अन्य संरचना** | | | | | | | | | | | |
| १९. | कोर्टयार्ड क्षेत्र | – | – | – | – | – | – | – | ०.६९७९ | – | ०.६९७९ | ०.६९७९ |
| २०. | प्रदेश सभातर्फ पार्किङ | – | – | – | – | – | – | – | ०.२६६१ | – | ०.२६६१ | ०.२६६१ |
| २१. | मण्डल निर्माण (२) | – | – | – | – | – | – | – | ०.२४२८ | – | ०.२४२८ | ०.२४२८ |
| २२. | एम्पी थियटर (१) | – | – | – | – | – | – | – | ०.१८२१ | – | ०.१८२१ | ०.१८२१ |
| २३. | वुद्ध स्तुपा जाने भऱ्याङ (१) | – | – | – | – | – | – | – | ०.०८२३ | – | ०.०८२३ | ०.०८२३ |
| २४. | फउन्टेन (सजावट) (१) | – | – | – | – | – | – | – | ०.०४५७ | – | ०.०४५७ | ०.०४५७ |
| २५. | फोहोर पानी प्रशोधन प्लान्ट (१) | – | – | – | – | – | – | – | ०.०३०० | – | ०.०३०० | ०.०३०० |
| २६. | खानेपानी प्रशोधन प्लान्ट (१) | – | – | – | – | – | – | – | ०.०३५१ | – | ०.०३५१ | ०.०३५१ |
| २७. | पानी पोखरी (३) | – | – | – | – | – | – | – | ०.१८१४ | – | ०.१८१४ | ०.१८१४ |
| २८. | पानी पोखरी जाने काठको पुल (४) | – | – | – | – | – | – | – | ०.०१६१ | – | ०.०१६१ | ०.०१६१ |
| **घ.** | **हरियाली विकास क्षेत्र** | | | | | | | | | | | |
| २९. | मन्त्रालयतर्फ | – | – | – | – | – | – | – | ३.४५२६ | – | ३.४५२६ | ३.४५२६ |
| ३०. | प्रदेश सभातर्फ | – | – | – | – | – | – | – | ०.६१७० | – | ०.६१७० | ०.६१७० |
| ३१. | साविक पोखरी | – | – | – | – | – | – | – | ०.१९०४ | – | ०.१९०४ | ०.१९०४ |
| ३२. | अन्य खाली क्षेत्र | – | – | – | – | – | – | – | ०.६२५० | – | ०.६२५० | ०.६२५० |
| | **समूहगत योगफल** | – | – | – | – | – | – | – | १२.१६३६ | – | १२.१६३६ | १२.१६३६ |
| | **कुल** | – | | – | | – | | १२.१६३६ | | – | १२.१६३६ | १२.१६३६ |
| | **प्रतिशतमा (%)** | – | | – | | – | | १०० | | – | १०० | – |

स्रोत: स्थलगत अध्ययन र प्रस्तावक, २०७९

### २.२.९ निर्माण योजना र तालिका

आयोजानाका भवन तथा संरचना निर्माणका लागि करिव ४ वर्षको समय लाग्ने अनुमान गरिएको छ। आयोजना तयारीका लागि तीन महिना लाग्नेछ। पहिलो चरणको निर्माण भवन निर्माण(१ मुख्यमन्त्री कार्यालय र ७ वटा मन्त्रालय) को लागि २४ महिना, आयोनाका अन्य संरचनाहरु निर्माण गर्न १५ महिना र रंगरोगन, सजावट र हस्तान्तरणको लागि ६ महिना लाग्नेछ।

तालिका २. ५: आयोजनाको निर्माण तालिका पहिलो चरण

| विवरण/ महिना | ०-३ | ३-६ | ६-९ | ९-१२ | १२-१५ | १५-१८ | १८-२२ | २२-२४ | २४-२७ | २७-३० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जमिन खाली गर्ने तथा निर्माण सामग्रीको तयारी | | | | | | | | | | |
| भवन निर्माण गर्ने | | | | | | | | | | |
| सडक, पैदलमार्ग, ल्याण्डस्केपिङ, पोखरी मण्डल लगायतका संरचना निर्माण | | | | | | | | | | |
| रंगरोगन, सजावट र हस्तान्तरण | | | | | | | | | | |

त्यसैगरी दोस्रो चरणको निर्माण भवन निर्माण(५ वटा मन्त्रालय र प्रदेश सभाका भवनहरु, प्रदेश सचिवालय, क्यान्टिन, पुस्तकालय, समूह भवन, प्रदेश सभा सदस्य भवन रसुरक्षा पोष्ट) को लागि १८ महिना, आयोनाका अन्य संरचनाहरु निर्माण गर्न ९ महिना र रंगरोगन, सजावट र हस्तान्तरणको लागि ३ महिना लाग्नेछ।

तालिका २. ६: आयोजनाको निर्माण तालिका दोस्रो चरण

| विवरण/ महिना | १८-२२ | २२-२४ | २४-२७ | २७-३० | ३०-३३ | ३३-३६ | ३६-३९ | ३९-४२ | ४२-४५ | ४५-४८ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| भवन तथा संरचना निर्माण गर्ने | | | | | | | | | | |
| रंगरोगन, सजावट र हस्तान्तरण | | | | | | | | | | |

### २.३ प्रस्तावको उदेश्य

प्रस्तावित आयोजनाका निम्न उद्देश्यहरु रहेका छन्;

- लुम्बिनी प्रदेश सभाको निर्णय बमोजिम राप्ती उपत्यका (देउखुरी) मा प्रदेश राजधानी निर्माण गर्ने
- लुम्बिनी प्रदेश सरकारका मन्त्रालयका प्रशानिक भवन तथा संरचना र प्रदेश सभा सँग सम्बन्धित पूर्वाधारहरु निर्माण गर्ने
- प्रदेश सरकारका प्रशासनिक सेवाहरु राप्ती उपत्यका (देउखुरी) मा सञ्चालन एवं सेवा प्रदान गर्ने

# परिच्छेद-३

## ३. प्रतिवेदन तयार गर्दा अपनाइएको विधि

### ३.१ सम्बन्धित प्रकाशित वा अप्रकाशित सामग्री/प्रतिवेदनको पुनरावलोकन

यस आयोजनाको बिस्तृत आयोजना प्रतिवेदन, गुरुयोजना नक्साहरु, आयोजना सञ्चालन हुने राप्ती गाउँपालिकाको पार्श्वचित्र भू-गर्भ पार्श्वचित्र, राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा, गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता (WASH) प्रतिवेदन, स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना प्रतिवेदन आदिको अध्ययन तथा पुनरावलोकन गरिएको छ। यसका अतिरिक्त आयोजनासँग सम्वन्धित कानूनी दस्तावेजहरुको समेत पुनरावलोकन गरिएको छ। पूनरावलोकन गरिएका सामग्रीहरुको सूची यसप्रकार रहेको छ

- आयोजनाको सम्भाव्यता प्रतिवेदन, २०७९
- राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा, २०७८
- राप्ती गाउँपालिकाको खानानी, सरसफाई तथा स्वच्छता (WASH) प्रतिवेदन, २०७८
- स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना, २०७७
- राप्ती गाउँपालिकाको पार्श्वचित्र, २०७६
- Geological Study of Rapti Rural Municipality Dang, 2020
- National Housing and Population Census 2011, (Household, Population and Sex) ward level (based on new structure of 753 local units), 2017
- The state of Nepal's Forest, 2015
- Churia Forests of Nepal, 2014

### ३.२ प्रस्तावको प्रभाव क्षेत्र निर्धारण

आयोजनाका संरचनाहरु निर्माण गर्दा तथा संचालनको चरणमा आयोजनस्थल वरपर पर्नसक्ने सम्भावित वातावरणीय असरहरुको आधारमा प्रभाव क्षेत्र निर्धारण गरिएको छ। अध्ययनले आयोजनाका कृयाकलापबाट पर्ने असरको परिणाम, फैलावट र अवधिको आधारमा प्रभाव क्षेत्रलाई तीन भागमा बाढेको छ। आयोजना भन्नाले "प्रदेश राजधानी निर्माण आयोजना" र प्रभाव क्षेत्र भन्नाले "प्रत्यक्ष प्रभाव क्षेत्र", "अप्रत्यक्ष प्रभाव क्षेत्र" र "प्रभावित क्षेत्र" रहेका छन्। प्रत्यक्ष प्रभाव क्षेत्रले आयोजना कार्यान्वयन हुने स्थल तथा यसका संरचनाहरुलाई बुझाउँदछ। आयोजना क्षेत्र भन्नाले राप्ती गाउँपालिका, राप्ती उपत्यका र आयोजनास्थल वरपरको क्षेत्र बुझाउँदछ भने आयोजनास्थल भन्नाले साविक राप्ती प्राविधिक शिक्षालयको चार किल्ला बुझाउँदछ।

#### ३.२.१ प्रत्यक्ष प्रभाव क्षेत्र (DIA)

प्रत्यक्ष प्रभाव क्षेत्र भन्नाले आयोजना कार्यान्वयन हुने स्थल तथा आयोजना कार्यान्वयनका लागि बनाईने संरचनाहरु र यस्ता संरचनाहरु संचालन एवं आयोजना कार्यान्वयनबाट प्रभावित हुने क्षेत्र, आयोजनाका लागि छुट्याईएको तथा नियन्त्रण गरिएको क्षेत्रलाई बुझाउने छ। अध्ययनले भवन तथा संरचनाहरु निर्माण हुने क्षेत्र र आयोजनाका संरचनाहरुबाट ५०० मिटरको दूरीसम्मका क्षेत्रलाई प्रत्यक्ष प्रभावित क्षेत्र निर्धारण गरेको छ। आयोजना कार्यान्वयनबाट

यस क्षेत्रमा सबैभन्दा बढी असर पर्नेछ। राजनीतिक नक्साङ्कनको आधारमा, आयोजनाको प्रत्यक्ष प्रभावित क्षेत्र रासी गाउँपालिका वडा नं. ३, २ र ४ भित्र पर्दछन्।

### ३.२.२ अप्रत्यक्ष प्रभाव क्षेत्र (IIA)

अप्रत्यक्ष प्रभाव क्षेत्र भन्नाले आयोजना कार्यान्वयन हुने स्थल तथा आयोजना कार्यान्वयनका लागि बनाईने संरचनाहरु र यस्ता संरचनाहरु संचालन एवं आयोजना कार्यान्वयनबाट अप्रत्यक्ष रूपमा प्रभावित हुने क्षेत्रलाई बुझाउने छ। अध्ययनले भवन तथा संरचनाहरु निर्माण हुने क्षेत्र र आयोजनाका संरचनाहरुबाट ५०० मिटर बाहिरदेखि आयोजना संचालन हुने गाउँपालिकाको वडाको सिमासम्मको क्षेत्रलाई अप्रत्यक्ष प्रभावित क्षेत्र निर्धारण गरेको छ। आयोजना कार्यान्वयनबाट यस क्षेत्रमा प्रत्यक्ष प्रभावित क्षेत्रमा भन्दा कम असर पर्नेछ। राजनीतिक नक्साङ्कनको आधारमा, आयोजनाको अप्रत्यक्ष प्रभावित क्षेत्र रासि गाउँपालिका वडा नं. ३, २ र ४ पर्दछन्।

### ३.२.३ प्रभावित क्षेत्र (ZOI)

प्रभावित क्षेत्र भन्नाले आयोजना द्वारा संचालित कृयाकलापहरुद्वारा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव नपर्ने तर प्रशासनिक तथा प्राविधिक रुपमा असर पर्नसक्ने आयोजना क्षेत्र वरीपरीका क्षेत्रहरु बुझिन्छ। अध्ययनले आयोजना कार्यान्वयन हुने गाउँपालिका, तर प्रत्यक्ष वा अप्रत्यक्ष प्रभावित क्षेत्र बाहिरको क्षेत्रलाई प्रभावित क्षेत्र निर्धारण गरेको छ। राजनीतिक नक्साङ्कनको आधारमा, रासि गाउँपालिका प्रभावित क्षेत्र भित्र पर्दछ।

तालिका ३. १: आयोजना प्रभाव क्षेत्रको विवरण

| प्रभावको वर्गिकरण | प्रत्यक्ष प्रभावित क्षेत्र | अप्रत्यक्ष प्रभावित क्षेत्र | प्रभावित क्षेत्र |
|---|---|---|---|
| प्रभाव निर्धारण | भवन तथा संरचनाहरु निर्माण हुने क्षेत्र र आयोजनाका संरचनाहरुबाट ५०० मिटरको दूरीसम्मका क्षेत्र | प्रत्यक्ष प्रभावित क्षेत्र बाहिरदेखि आयोजना संचालन हुने गाउँपालिकाको वडाको सिमासम्मको क्षेत्र | आयोजना कार्यान्वयन हुने गाउँपालिका |
| असर पर्ने क्षेत्र | आयोजना संचालन हुने रासी उपत्यका क्षेत्रको बागडड्डी, लालमटीया र मौरीघाट गाउँ | रासि गाउँपालिका वडा नं. ३, २ र ४ वडा भित्रका क्षेत्रहरु | रासी गाउँपालिका |

*स्रोत: अध्ययन टोली, २०७९*

## ३.३ प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको नक्साको अध्ययन तथा विश्लेषण

आयोजना क्षेत्रको नक्सालाई टोपोग्राफिक नक्सा, गुगल नक्सा, भूउपयोग नक्सा, र भूगर्भ नक्सामा ओभरले गरी पुनरावलोकन गरिएको थियो। साथै आयोजनको नक्सा, डिजाईन र प्लान समेत अध्ययन गरिएको थियो। नक्साको सहयोगले भौतिक वातावरणसँग सम्बन्धित टोपोग्राफिक जानकारी: भिरालोपना, पहिरो, चट्टान भएको ठाउँ, बस्ती क्षेत्र, खेतीयोग्य जमिन, नदी, वनजंगल; नदी: नदी, खोला, खोल्साको सञ्जाल, सञ्जालको घनत्व, भिरालोपना, जलाधार क्षेत्र; जलवायु सम्बन्धी: समुन्द्री सतहदेखिको उचाई, आद्रता (चिसोपना, सुख्खापना) आदि; जैविक वातावरणसँग सम्बन्धित बोटबिरुवाले ढाकेको क्षेत्रको आधारमा: वन, झाडी/बुट्यान, घाँसे जमिन, बाँझो जमिन आदि; भिरालोपना, जमिनको फर्काई (पाटो), वनको



Innovative Vision

घनत्व र वनको वितरण र सामाजिक तथा आर्थिक वातावरणका बस्तीको वितरण, घरहरुको घनत्व, खेतियोग्य जमिनको वितरण, स्थानहरु बारे जानकारी जस्तै मन्दिर, विद्यालय, भौतिक संरचना आदि जानकारीहरु प्राप्त गरियो।

## ३.४ चेकलिष्ट/म्याष्ट्रिक्स तथा प्रश्नावलीको निर्माण गरी आवश्यक तथ्याङ्क सङ्कलन

अनुसूचीमा ७ राखिए बमोजिमको चेकलिष्ट चेकलिष्ट/म्याष्ट्रिक्स तथा प्रश्नावलीको निर्माण गरी भौतिक, जैविक र सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरणसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गरिएको थियो।

## ३.५ स्थलगत अध्ययन

अध्ययन संलग्न भिन्न भिन्न टोलीहरुद्वरा आयोजना क्षेत्रको स्थलगत अध्ययन मिति २०७९ जेठ २७ देखी असर ३ गतेसम्म गरिएको थियो। त्यसैगरी विभिन्न समयमा थप अध्ययन, तथ्याङ्क संकलन तथा नमूना संकलन गरिएको थियो। स्थलगत अध्ययनको क्रममा भौतिक, जैविक र सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरणसँग सम्बन्धित तथ्याङ्कहरु सङ्कलन गरिएको थियो।

### ३.५.१ भौतिक वातावरण

आयोजना क्षेत्रको भौतिक वातावरणको अध्ययन एवं जानकारी सङ्कलनको लागि आयोजना स्थल तथा वरिपरिका क्षेत्रहरुको भौतिक वातावरणका पक्षहरुको भौतिक वातावरण विज्ञ सम्मिलित टोलीले अध्ययन गरेको छ। आयोजनास्थल र आयोजनाका संरचनाहरु बन्ने स्थानको ५०० मिटर वरिपरिको क्षेत्रमा केन्द्रित भएर यस अध्ययन गरिएको छ। तथापि आयोजना क्षेत्रका मुख्य बस्ती तथा क्षेत्रलाई समेत अध्ययनमा समाबेस गरिएको छ। भौतिक वातावरणका टोपोग्राफी, भूउपयोग, माटो, भूगर्भ, हाईड्रोलोजी, जलवायु, पानीको गुणस्तर, ध्वनि तथा कम्पन, हाल भैरहेका तथा प्रस्ताव गरिएका विकासका पूर्वाधार एवं संचलनका बारेमा समेत अध्ययन गरिएको छ। आयोजना क्षेत्रको भौतिक वातावरणसँग सम्बन्धित तस्वीरहरु रेकर्ड तथा सङ्कलन गरिएको छ।

### ३.२.२.१ जैविक वातावरण

वातावरणीय प्रभाव मूल्याङ्कनको लागि आयोजना क्षेत्र भित्रको बोटबिरुवा तथा त्यस क्षेत्रको जैविक विविधता अध्ययन गरिएको छ। अध्ययनका लागि आयोजना क्षेत्रमा पर्ने वन भित्रका सम्पूर्ण रुखहरुको गणना (Total count) गरिएको छ। आयोजना क्षेत्रमा भेटिएका वन्यजन्तुका शरिरका चिन्हहरु, दिसा, आवाज, खोस्रिएको/पन्जाले बनाएको चिन्ह, रुखमा भाग, दुला/खोपिल्टा एवं चराका गुँडहरुको रेकर्ड गरिएको छ। त्यस्तै आयोजना क्षेत्रमा पाईने वन्यजन्तु तथा माछाहरुका बारेमा प्रत्यक्ष अवलोकन तथा लक्षित व्यक्ति अन्तर्वार्ता विधिबाट जानकारी सङ्कलन गरिएको छ। जैविक वातावरणका सम्पूर्ण पक्षको स्थलगत जानकारी दिने गरी तस्वीर समेत सङ्कलन तथा रेकर्ड गरिएको छ।

### ३.२.२.२ सामाजिक, आर्थिक, साँस्कृतिक वातावरणमा अपनाउनुपर्ने विधि

आयोजना क्षेत्रको सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरणसँग सम्बन्धित जानकारी सङ्कलनको लागि आयोजना क्षेत्रको बारेमा प्रत्यक्ष अवलोकन तथा लक्षित व्यक्ति अन्तर्वार्ता र अन्तर्क्रिया मार्फत गरिएको छ। सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरणका विज्ञसहितको अध्ययन टोलीद्वारा गरिने स्थलगत अध्ययनमा घरधुरी र जनसंख्याको वितरण, जातजातिहरु, धर्म, मातृभाषा, शैक्षिक अवस्था, स्वास्थ्य संस्थाको अवस्था, गाउँ जोड्ने सडक, खानेपानीको स्रोत, उर्जाको स्रोत, धार्मिक स्थलहरु, स्थानीयले मान्ने मुख्य चाडपर्वहरु, स्थानीयले लगाउने प्रमुख बालीनालीहरु, त्यहाँ लगाउँदै आएका प्रमुख फलफूलहरु, स्थानीय स्तरमा गरिएको तरकारी खेती, खेतबारीमा सिंचाईको अवस्था, सिंचाई समूहको नाम, पशुपालन


Innovative Vision

तथा कुखुरापालन एवं तिनको व्यवसायिकरणको अवस्था, बस्तीमा सञ्चालनमा रहेका आयोजनाहरु, बस्ती क्षेत्रमा काम गर्ने संघसंस्थाहरु, नजिकमा पर्ने बजार क्षेत्र/आर्थिक कारोवार हुने ठाउँ, बस्तुहरुको बजारभाउ, कामको ज्याला दर, गाउँपालिकाको वडा कार्यालय भएको स्थान, नजिकको प्रहरी चौकी रहेको स्थानको अध्ययन गरिएको छ। त्यसैगरी आयोजना क्षेत्रमा पाईने गैरकाष्ठजन्य वन पैदावरको व्यापार व्यवसायको पनि अध्ययन गरिएको छ। आयोजनाको नजिकमा पर्ने बस्तीका स्थानीयसँग प्रभावसँग सम्बन्धित छलफल तथा अन्तर्क्रिया कार्यक्रम गरिएको छ। आयोजनाको प्रत्यक्ष प्रभावित क्षेत्रमा जानकार व्यक्ति अन्तर्वार्ता मार्फत सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरणको विवरण संकलन गरिएको छ।

## ३.६ सङ्कलित नमूनाको प्रयोगशालामा विश्लेषण

आयोजना क्षेत्रको नजिकमा पर्ने दोलाई खोलामा वर्षाको समय बाहेक पानी नहुने भएकोले गुणस्तर परीक्षण गरिएको छैन। आयोजनस्थलमा प्रयोग गरिने धाराको पानी र साविक रासी प्राविधिक शिक्षालयबाट निस्केको ढल निकासको पानीको नमुना सङ्कलन गरी प्रयोगशालामा गुणस्तर परिक्षण गरिएको थियो। उक्त परिक्षणको नतिजा एवं विश्लेषण प्रतिवेदनको अनुच्छेद ६, ‑आयोजना क्षेत्रको विद्यमान वातावरणीय अवस्था‑ मा राखिएको भने प्रयोशालाबाट प्राप्त परिक्षण प्रतिवेदनलाई अनुसूची ६ मा राखिएको छ।

## ३.७ तथ्याङ्कको विश्लेषण

अध्ययनबाट प्राप्त मात्रात्मक तथ्याङ्कलाई बारम्बारता, औषत, प्रतिशत र कूल योगफलको आधारमा तथा गुणबोधक तथ्याङ्कलाई तिन्का गुणहरुको आधारमा विश्लेषण गरिएको छ। आयोजनास्थलबाट हटाउन पर्ने रुखहरुको टिम्बर आयतन र दाउराको आयतन वन नियमावली २०७९ को अनुसूची ९ मा दिईएको विधि र सुत्रहरु प्रयोग गरी निकालिएको छ। विश्लेषणको क्रममा विभिन्न सूचकाङ्क, राष्ट्रिय तथा अन्तरार्ष्ट्रिय मापदण्ड, प्रकाशित अनुसूचीसँग तुलना गरिएको छ।

## ३.८ प्रभावको पहिचान, आकलन तथा उल्लेखनीय प्रभावको मूल्याङ्कन गर्दा अपनाइएको विधि

आयोजना क्षेत्रको भौतिक, जैविक र सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरणमा पर्न सक्ने प्रभावको आँकलनको लागि म्याट्रिक्स बिधिको प्रयोग गरिएको थियो। पहिचान भएका र अनुमान गरिएका दुबै खाले असहरुको महत्वबारे मूल्याङ्कन गरिएको छ। मूल्याङ्कनको आधारमा राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५० अनुसार प्रत्येक प्रभाबहरुलाई परिणामको आधारमा उच्च (६०), मध्यम(२०) र न्यून (१०); फैलावटको आधारमा क्षेत्रीय (६०), स्थानीय (२०) र आयोजना स्थल (१०); प्रभाव अवधिको आधारमा छोटो अवधि (५), मध्यम अवधि (१०) र लामो अवधि (२०) अनुसार अङ्क विभाजन गरी कूल योगफलको आधारमा सामान्य (<४५), उच्च (४५-८५) र अति उच्च (>८५) प्रभावमा वर्गिकरण गरिएको छ।

## ३.९ मस्यौदा प्रतिवेदनको तयारी

साहित्यको पुनरावलोकन, स्थानीय र सरोकारावाला निकायसँग गरिएका छलफल तथा तहाँबाट प्राप्त सुझाव र स्थलगत अध्ययनबाट प्राप्त विषयवस्तुलाई समेटी यो प्रतिवेदन तयार गरिएको छ।


Innovative Vision

### ३.१० सार्वजनिक परामर्श, छलफल, अन्तरक्रिया र सुनुवाई आदि

स्थलगत अध्ययनको क्रममा आयोजनास्थल साविक राप्ती प्राविधिक शिक्षालय, लालमटीया, बागडड्डी र वरिपरिका बस्तीका स्थानीय तथा सरोकारवाला र मूख्य जानकार व्यक्तिहरुसँग छलफल तथा परामर्श र अन्तर्क्रिया गरिएको थियो। छलफल र जानकार व्यक्तिबाट प्राप्त जानकारीलाई प्रतिवेदनमा समावेश गरिएको छ। आयोजनाको सार्वजनिक सुनुवाई कार्यक्रम आयोजनास्थलमा अवस्थित साविक राप्ती प्राविधिक शिक्षालयको सभाहलमा आयोजना गरिएको थियो। सुनुवाई कार्यक्रममा मुख्य रुपमा आयोजना प्रभावित लालमटीयाका स्थानीय तथा जनप्रतिनिधि, डिभिजन वन कार्यालय देउखुरीका प्रमुख र प्रदेश सरकारका बिभिन्न निकायका प्रतिनिधीहरुको उपस्थिती थियो। आयोजनाको सार्वजनिक सुनुवाईको विवरण अनुसूची ३ मा राखिएको छ।

### ३.११ सार्वजनिक सूचना तथा सूचना सम्प्रेषण र सुझाव सङ्कलन

आयोजना क्षेत्रका स्थानीय व्यक्ति, समूदाय, सरोकारवाला निकाय र संघसंस्थाहरुको जानकारी तथा आयोजनाबाट पर्न सक्ने वातावरणीय असरहरु बारे सुझावहरु सङ्कलन तथा अध्ययनमा समावेश गर्नका निम्ती लुम्बिनी प्रदेशको वातावरण संरक्षण नियमावली २०७७ को नियम ६-२ बमोजिम प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावको सम्वन्धमा सात दिनभित्र लिखित सुझाव उपलब्ध गराउन नियमावलीको अनुसूची ४ बमोजिमको ढाँचामा मिति २०७९/०२/०५ गतेको मध्यान्न राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिएको थियो। त्यसैगरी प्रस्ताव कार्यान्वयन हुने स्थानीय तह तथा त्यस क्षेत्रमा रहेका सरोकारवाला निकाय, व्यक्ति वा संस्थालाई प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्नसक्ने प्रभावको सम्वन्धमा सात दिनभित्र लिखित सुझाव उपलब्ध गराउन नियमावलीको नियम ९(१) बमोजिम अनुसूची ९ बमोजिमको ढाँचामा स्थनीय तहको कार्यालय तथा संस्थाहरुमा टाँस गरिएको सूचना टाँस गरी सो सूचनालाई मिति २०७९/०५/०२ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिका प्रकाशन गरिएको थियो। त्यसैगरी नियम ४(४) बमोजिम आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धि सार्वजनिक सुनुवाईको लागि मिति २०७९/०५/१३ गतेको प्रदेश टुडे (दाङको तुल्सीपुरबाट प्रकाशित हुने) राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिएको थियो। त्यसैगरी लमहीबाट प्रशारण हुने स्थानीय एफएम रेडियो नयाँ युग १०७.५ मेगाहर्जमार्फत मिति २०७९/०५/१३ देखी १५ सम्म सार्वजनिक सुनुवाई कार्यक्रमको सूचना प्रशार गरिएको थियो। **आयोजनाको लागि तयार गरिएको प्रतिवेदन अध्ययन तथा उतार गर्न लागि सात दिने सूचना प्रकाशन गरि राय सुझाव संकलनको लागि प्रतिवेदन सार्वजनिकीकरण गरिने छ। आयोजनाले प्रशार गरेका सूचनाहरुलाई प्रतिवेदनको अनुसूची ४ मा राखिएको छ। सूचना अनुरुप आयोजनाको प्रस्तावक र अध्ययन गर्ने परामर्शदातालाई कुनै लिखित सवाल, प्रतिक्रिया र सुझावहरु प्राप्त भएमा सवाल सम्बोधन गरी प्रतिवेदन स्वीकृतीको लागि पेश गरिनेछ।**

### ३.१२ सुझाव समावेश गरी अन्तिम प्रतिवेदनको तयारी

अध्ययनका सम्पूर्ण प्रक्रियाहरुबाट प्राप्त राय सुझाव समावेश गरि यस प्रतिवेदनलाई अन्तिम मस्यौदा प्रतिवेदनको रुप दिईएको छ। वन, वातावरण तथा भू-संरक्षण मन्त्रालयमा प्रस्तुतीकरण मार्फत प्राप्त हुने विज्ञहरुको सुझावलाई समेत समावेश गरि यस आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कनको प्रतिवेदन तयार गरिएको छ।



Innovative Vision

# परिच्छेद-४

## प्रस्तावसँग सम्बन्धित नीति, कानून तथा मापदण्ड

वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको लागि स्वीकृत भएको कार्यसूचीमा समावेश गरिएका नीति, ऐन, नियम, निर्देशिका, मापदण्ड, सन्धि, सम्झौता तथा आयोजनासँग आकर्षित हुने अन्य नीति/नियमलाई यस प्रतिवेदनमा समावेश गरिएको छ।

| विवरण | प्रतिवेदन तयार पार्दा पुनरावलोकन गरिने दफा/नियम/खण्ड तथा सम्वन्धित बिवरण | |
|---|---|---|
| | **बुँदा** | **सम्बन्धित विवरण** |
| **१. संविधान** | | |
| नेपालको संविधान | धारा ३० | नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ। वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षती बापत पीडितलाइ प्रदूषक बाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ। |
| | धारा ५१ | राज्यका नीतिहरु अन्तर्गत (छ) प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोग सम्वन्धि नीति:<br>(५) जनसाधारणमा वातावरणीय स्वच्छन्दता सम्बन्धी चेतना बढाई औधोगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनिकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्धन रदिगो उपयोग गर्ने<br>(८) वातावरण प्रदूषण गर्नेले सो बापत दायित्व ब्यहोर्नुपर्ने तथा वातावरण संरक्षणमा पूर्वसावधानी र पूर्वसूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासको सिद्धान्त अवलम्बन गर्ने। |
| **२. योजना, नीति र रणनीति** | | |
| पन्ध्रौं योजना, २०७६।७७-२०८१।८२ | खण्ड ८.१ | <u>रणनीति तथा कार्यनीति</u><br>वातावरणमैत्री, सुलभ र उत्थानशील आवास निर्माण तथा स्तरोन्नति गरिनेछ। |
| | खण्ड ८ को | सबै प्रकारका प्रदूषण रोकथाम, नियन्त्रण र न्यूनीकरणका लागि प्रभावकारी प्रणाली स्थापना गरिनेछ। |
| राष्ट्रिय वातावरण नीति, २०७६ | खण्ड ८.२ वातावरणीय मूल प्रभाविकरण | <u>**निति**</u><br>बिकासका आयोजनाहरुको सबै चरणमा वातावरणीय पक्षलाई आन्तरिकिकरण गर्ने।<br><u>**रणनिति तथा कार्यनिति**</u><br>वातावरणीय प्रभाव बाट उत्पन्न प्रतिकुल प्रभावहरु न्यूनिकरण र अनुकूल प्रभाव अभिबृद्धिका लागि आवश्यक रकम वातावरणीय अध्यन गर्दा नै छुट्टाई अघि बढ्नु पर्नेछ।<br>वाताववरणीय अध्यन प्रतिवेदनको कार्यान्वयन बारे नियमित अनुगमन र परीक्षण गरिने छ। |
| | उपखण्ड ८.३ | स्वच्छ तथा स्वास्थ वातावरण कायम गर्न आवश्यक व्यवस्था मिलाइनेछ। |
| | उपखण्ड ८.५ | भोतिक पूर्वाधारको निर्माण गर्दा वातावरण मैत्री संरचना निर्माण गरिनेछ। |
| राष्ट्रिय वन नीति, २०७५ (२०२०) | ८.१ वनको भू-स्वामित्व | <u>रणनीति तथा कार्यनीति</u><br>वनको भू-स्वामित्व अन्तर्गत नीति एव रणनीतिहरुमा राष्ट्रिय प्राथमिकता |



Innovative Vision

| विवरण | प्रतिवेदन तयार पार्दा पुनरावलोकन गरिने दफा/नियम/खण्ड तथा सम्वन्धित बिवरण | |
|---|---|---|
| | **बुँदा** | **सम्बन्धित विवरण** |
| | | प्राप्त वा राष्ट्रिय गौरवका आयोजनाहरु सञ्चालन गर्न बन प्रयोग गर्नुको विकल्प नभएमा संघले कानून, निर्देशिका तथा कार्यविधिका आधारमा वन क्षेत्र प्रयोग गर्ने व्यवस्था गर्ने र वन क्षेत्र प्रयोग गर्दा घटेको वनको क्षेवफललाई परिपूर्ति हुने गरी संघले प्रदेश तथा स्थानीय तहसँग समेत समन्वय गरी वृक्षारोपण तथा बनको पुर्नस्थापना गर्ने रणनीति लिएको कुरा उल्लेख छ। त्यसैगरि प्रभावित क्षेत्रमा वृक्षारोपण तथा वनको पुर्नस्थापना गर्नेछ। |
| नेपाल वातावरणीय नीति तथा कार्ययोजना, २०५०(१९९३) | | वातावरणीय प्रभाव बाट उत्पन्न प्रतिकूल प्रभावहरु न्यूनिकरण र अनुकुल प्रभाव अभिबृद्धिका लागि आवश्यक रकम वातावरणीय अध्यन गर्दा नै छुट्याई अघि बढ्नु पर्नेछ। |
| राष्ट्रिय संरक्षण रणनीति, २०४४ (१९८८) | नीति ११ संग सम्बन्धित | स्वास्थ्य संरक्षण तथा प्रवर्धनका लागि वातावरण प्रदूषणको प्रभावकारी नियन्त्रण गर्दै स्वच्छ वातावरणमा बाँच्न पाउने नागरिक अधिकारलाई सुनिश्चित गर्न |
| ३. **ऐनहरु** | | |
| प्रदेश वातावरण संरक्षण ऐन २०७७ (२०२०) | दफा ३ | प्रस्तावकले तोकिए बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न वातावरणीय अध्ययन गर्नुपर्दछ। |
| | दफा ४ | प्रस्तावको विकल्पको विश्लेषण गर्नुपर्दछ |
| | दफा ५ | वातावरणीय मूल्याङ्न गर्न पर्ने प्रस्तावको हकमा क्षेत्रनिर्धारण र कार्यसूची तयार गरी स्विकृती गराउनुपर्दछ। |
| | दफा ७ | कसैले पनि यस ऐन बमोजिमा वातावरणीय अध्ययन स्विकृत नगराई कुनै पनि प्रस्ताव कार्यान्वयन गर्न वा गराउन हुँदैन |
| वातावरण संरक्षण ऐन, २०७६(२०१९) | दफा ३<br>दफा ४ | **वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्ने:** १) क्षेत्र निर्धारण तथा कार्य सूची तयार गर्नुपर्ने प्रस्तावको तोकिए बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयारगरि २) प्रस्ताव स्वीकृतीका लागि पेश गर्नु पर्नेछ।<br>(१) यस ऐन बमोजिम कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपूर्व वातावरणीय प्रभाव मूल्याङ्कनको हकमा क्षेत्र निर्धारण र कार्यसूची स्वीकृत गर्नु पर्नेछ। |
| वन ऐन, २०७६ (२०१९) | दफा ४२ | **वनक्षेत्रको प्रयोग:** (१) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, लगानी बोर्डबाट लगानी स्वीकृत भएको योजना, राष्ट्रिय गौरवका आयोजना सञ्चालन गर्न वनक्षेत्रको प्रयोग गर्नु बाहेक अन्य कुनै पनि विकल्प नभएमा र प्रचलित कानून बमोजिमको वातावरणीय परीक्षण बाट त्यस्तो योजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा नेपाल सरकारले त्यस्तो योजना सञ्चालन गर्नको निमित्त राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न तोकिए बमोजिम स्वीकृति दिन सक्नेछ।<br>उपदफा (१) बमोजिम योजना सञ्चालनको लागि वनक्षेत्र उपलब्ध गराउँदा जति वनक्षेत्र प्रयोग गर्नु पर्ने हो कम्तीमा त्यति नै क्षेत्रमा रुख रोप्नको लागि सम्भव भएसम्म आयोजनास्थलको नजिक पर्ने राष्ट्रिय वनक्षेत्रसँग जोडिएको र समान भौगोलिक र पारिस्थितिकीय क्षेत्रमा पर्ने तथा वनको विकास गर्न सकिने भू-बनोट भएको जग्गा उपलब्ध गराउनु पर्नेछ। |



Innovative Vision

| विवरण | प्रतिवेदन तयार पार्दा पुनरावलोकन गरिने दफा/नियम/खण्ड तथा सम्वन्धित बिवरण | |
|---|---|---|
| | बुँदा | सम्बन्धित विवरण |
| | दफा (३) | राष्ट्रिय वन क्षेत्रको भू-उपयोग परिवर्तन गर्न, ओगाधिकार कसैलाई उपलब्ध गराउन वा अन्य किसिमले हक हस्तान्तरण गर्न नेपाल सरकार मन्त्रिपरिषदको निर्णय आवशयक पर्ने व्यवस्था गरिएको छ। |
| | दफा (४१) | पूर्वधार विकासको लागि नेपाल सरकारको निर्णय वमोजिम कुनै आयोजनालाई उपलब्ध वन क्षेत्रको -उपयोग परिवर्तन गर्न वाधा नपुग्ने व्यवस्था गरिएको छ। |
| | दफा (४२) | राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, लगामी बोर्डबाट लगानी स्वीकृत भएको योजना, राष्ट्रिय गौरवका आयोजना सञ्चालन गर्न वन क्षेत्रको प्रयोग गर्ने वाहेक अन्य कुनै पनि विकल्प नभएमा र प्रचलित कानून वमोजिमको वातावरणीय परिक्षणवाट त्यस्तो योजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा नेपाल सरकारले त्यस्तो योजना सञ्चालन गर्नको निम्ति राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न तोकिए वमोजिम स्वीकृति दिन सक्ने कुरा उल्लेख गरेको छ। |
| वालश्रम (निषेध र नियमन गर्ने) ऐन, २०७५ | | १४ वर्ष उमेर नपुगेका बालबालीकालाई जोखिमपूर्ण काममा लगाएमा ३ महिनासम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनै व्यवस्था छ। प्रस्तावित आयोजना निर्माण र सञ्चालको लागि वाल श्रम प्रयोगमा निषेध गरिनेछ। |
| बन्यजन्तु तथा वनस्पतिको अन्तरराष्ट्रिय व्यापारलाई नियमन तथा नियन्त्रण गर्न वनेको ऐन, २०७३ | दफा २ र उपदफा ३ | लोपोन्मुख तथा खतरामा परेका जाती वा प्रजातिहरूको अवैध कारोबारलाई नियन्त्रण गर्न यो ऐन कार्यान्वयन गरिएको थियो। यस ऐनले कुनै पनि खतरामा पर्ने प्रजातिहरूको नमुना किन्न, बेच्न निषेध गरेको छ। यसले कुनै पनि लोपोन्मुख प्रजातिहरूको अनुसन्धानको लागि प्रजातिहरूको नियन्त्रण प्रजनन सहित प्रयोग गर्नबाट पनि रोक्ने व्यवस्था गरिएको छ। |
| स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | | ढुङ्गा, गिट्टी, बालुवा, माटो, खरीढुङ्गा तथा स्लेट जस्ता खानीजन्य वस्तुको सङ्कलन, उत्खनन् तथा उपयोगको अनुमति, नवीकरण, व्यवस्थापन तथा राजस्व सङ्कलनको जिम्मेवारी स्थानीय सरकारको रहनेछ। |
| श्रम ऐन, २०७४ | दफा ३ उपदफा २ | यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित पारिश्रमिक वा सुविधा भन्दा कम पारिश्रमिक वा सुविधा लिने दिने गरी वा यस ऐनमा उल्लिखित शर्तको बिपरित हुने गरी रोजगारदाता तथा श्रमिकबिच रोजगार सम्झौता यो ऐन विपरीत भएको मानिनेछ र सो हदसम्म त्यस्तो रोजगार सम्झौता बदर हुनेछ। |
| | दफा ४ उपदफा १ | कुनै पनि श्रमिकलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बाँधा श्रममा लगाउन पाउने छैन। |
| | दफा ५ | कसैले पनि बालबालिकालाई कानुन विपरीत हुने गरी कुनै काममा लगाउनु पाउने छैन। |
| | दफा ६ उपदफा १ | रोजगारदाताले श्रमिकलाई धर्म, वर्ण, लिङ्ग, जात जाति, श्रम ऐन, २०७४ उत्पत्ति, भाषा वा वैचारिक आस्था वा अन्य त्यस्तै आधार मध्ये कुनै कुराको आधारमा भेदभाव गर्न पाइने छैन। |

| विवरण | प्रतिवेदन तयार पार्दा पुनरावलोकन गरिने दफा/नियम/खण्ड तथा सम्वन्धित बिवरण | |
|---|---|---|
| | **बुँदा** | **सम्बन्धित विवरण** |
| | दफा ७ को उपदफा १ | लिङ्गको आधारमा श्रमिकबिच समान मूल्यको कामको लागि पारिश्रमिकमा भेदभाव गर्न पाइने छैन। |
| फोहरमैला व्यवस्थापन नियमावली, २०७० | नियम ६ को उपनियम २ | जैविक तथा अजैविक लगायतका फोहरलाई श्रोतमै छुट्याउने गते हानिकारक वा रसायनिक फोहरमैलालाई छुट्टाछुट्टै पृथकीकरण तथा व्यवस्थापन गर्नु पर्ने कुराको वारेमा उल्लेख गरिएको छ।<br>प्रस्तावित आयोजनाले यस नियमावलीमा उल्लेख भए वमोजिम जैविक, अजैविक, हानिकारक वा रसायनिक फोहरमैलालाई छुट्टाछुट्टै पृथकीकरण गरी व्यवस्थापन गर्नेछ। |
| भवन ऐन, २०५५ | दफा १० | भवन संहिता अनुसार भवन निर्माण गर्नुपर्नेछ। |
| | दफा ११ | भवनको डिजाईन तथा नक्सा स्विकृती लिनु पर्नेछ। |
| भू-तथा जलाधार व्यवस्थापन ऐन, २०३९ (१९८२) | दफा १० | प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि कसैले संरक्षित जलाधार क्षेत्रभित्रको जग्गा मध्ये बाढी वा पैह्रो आउने वा आउन सक्ने वा भू-क्षय वा भू-कटान हुने वा हुन सक्ने जग्गा भनी जलाधार संरक्षण अधिकृतले तोकिदिएको जग्गामा जलाधार संरक्षण अधिकृतको अनुमति नलिई कसैले देहायको कुनै कार्य गर्न पाउने छैन<br>क) कुनै खोला, नाला, खहरे, ताल वा जलाश्रयको वा भूमिगत पानी कुनै किसिमले थुन्ने वा जम्मा गर्ने वा थुनिएको वा जम्मा गरिएको पानी कूलो, सहायक कूलो, ढलद्वारा वा अन्य कुनै किसिमले अन्यत्र लैजाने वा फर्काउने वा त्यस्तो पानी त्यसरी थुनी, जम्मा गरी लगी, फर्काई वा अन्य कुनै किसिमले कुनै काममा प्रयोग गर्ने, (ग) भैरहेको वन जङ्गल, रुख, विरुवा, झारपात, घाँस वा अन्य प्राकृतिक वनस्पति काट्ने वा अन्य कुनै किसिमले नष्ट गर्ने, ङ) ढुङ्गा बालुवा, वा अन्य प्रकारको माटो खन्ने, झिक्ने वा लैजाने, च) फोहर मैला तथा यस्तै वातारवरण दूषित पार्ने खालको अन्य कसिंगरहरु फयाँक्ने वा त्यस्तो फोहर मैला र कसिंगरहरु थुपार्ने वा राख्ने ठाउँको निर्माण गर्ने, (छ) उद्योग, व्यवसाय वा बसोबासको बस्ती स्थापना गर्ने, |
| राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ | | राष्ट्रिय निकुञ्जको व्यवस्था बन्यजन्तु र यसको बासस्थानको अरक्षण शिकारमा नियन्त्रण र प्राकृतिक सौन्दर्यको दृष्टिकोणवाट विशेष महत्व राख्ने ठाउँहरुको संरक्षण, सम्बर्दन, विकास तथा उचित व्यवस्थापन र उपयोग गरी सर्वसाधारण जनताको सदाचार र सुविधा कायम राख्न यो ऐन कार्यान्वयन गरिएको हो। यस ऐनको दफा ३ (ख। को २ वमोजिम वातावरणमा प्रतिकूल असर नपुग्ने र बन्यजन्तुलाई हानी नोक्सानी नपुग्ने गरी मध्यवर्ती क्षेत्रमा सेवा वा सुविधा सञ्चालन गर्न सकिने कुराको बारेमा उल्लेख गरिएको छ। साथै ऐनमा नेपालका संरक्षित प्रजातिहरुको सूची उल्लेख गरिएको छ। आयोजना क्षेत्रमा उक्त प्रजातिहरुको उपलब्धता भएमा आयोजनाले विशेष ख्याल गर्नपर्ने हुन्छ। |
| ४. **नियम र नियमावली** | | |
| वन नियमावली २०७९ | नियम (८७) | सबै परियोजनाहरूले वनक्षेत्र उपयोग गर्ने सम्बन्धमा न्यूनतम वा वन क्षेत्र प्रयोग नहुने गरी डिजाइन गर्नुपर्छ। वनक्षेत्र प्रयोग गर्ने विकल्प नभएको |

| विवरण | प्रतिवेदन तयार पार्दा पुनरावलोकन गरिने दफा/नियम/खण्ड तथा सम्वन्धित बिवरण | |
|---|---|---|
| | **बुँदा** | **सम्बन्धित विवरण** |
| | | अवस्थामा नेपाल सरकारले राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना वा लगानी बोर्डको स्वीकृतीमा सञ्चालनका निम्ति प्रस्ताव गरिएका आयोजनालाई नेपाल सरकारको निर्णय पश्चात् वन क्षेत्रको जग्गा उपलब्ध गराउने व्यवस्था गरेको छ। आयोजनाले वन जग्गाको क्षतिपूर्ति वन प्राधिकरणलाई दिनेछ। वन क्षेत्रको क्षतिपूर्ति र वृक्षारोपण बराबर लागतमा गर्न सकिन्छ। |
| प्रदेश वातावरण संरक्षण नियमावली, २०७७ (२०२०) | नियम ३ | नियमावलीको अनुसूची १ मा रहेका प्रस्तावहरुले संक्षिप्त वातावरणीय अध्ययन , अनुसूची २ मा रहेकाले प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन र अनुसूची ३ मा रहेकाले वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्दछ। |
| | अनुसूची ३ | प्रस्तावित आयोजनाले ५ हेक्टर भन्दा बढी क्षेत्रमा भवन तथा संरचना विकास गर्ने भएको तथा दैनिक २० हजार लिटर भन्दा बढी भूमिगत पानीको उपयोग गर्ने भएकोले वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्दछ। |
| वातावरण संरक्षण नियमावली, २०७७ (२०२०) | नियम ३<br><br>नियम ४<br><br><br>नियम ५ | **वातावरणीय अध्ययन गर्नु पर्ने:** ऐनको दफा ३ को उपदफा (१) को प्रयोजनको लागि प्रस्तावकले अनुसूची-३ मा उल्लिखित प्रस्तावको हकमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ।<br>**क्षेत्र निर्धारण गर्नु पर्ने:** (१) प्रस्तावकले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नु अघि क्षेत्र निर्धारण गर्नु पर्नेछ।<br>(४) उपनियम (३) बमोजिम प्राप्त राय सुझाव र सो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभाव समेत उल्लेख गरी प्रस्तावकले अनुसूची-५ बमोजिमको ढाँचामा क्षेत्र निर्धारणको प्रतिवेदन तयार गर्नु पर्नेछ। उक्त प्रतिवेदन स्वीकृतीका लागि वन तथा वातावरण मन्त्रादयमा पेश गर्नु पर्नेछ।<br>**कार्यसूची तयार गर्नु पर्ने:** (१) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु अघि क्षेत्र निर्धारण प्रतिवेदनको आधारमा कार्यसूची तयारगरि (३) दुवै प्रतिवेदन स्वीकृतिको लागि एकै साथ पेश गर्न सक्नेछ। |
| सङ्कटापन्न बन्यजन्तु तथा वनस्पतिको अन्तर राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६ | नियम ३१ | हेनको दफा ३, ४ वा १० प्रयोजनाका लागि अनुमतिपत्र लिन चाहने व्यक्ति, संस्था वा निकायले विभिन्न अनुसूची वमोजिमको ढाँचामा व्यवस्थापन निकाय समक्ष निवेदन दिनु पर्ने व्यवस्था गरेको छ। स्विकृत प्राप्त व्यक्ति, संस्था वा निकाय बाहेकले वन्यजन्तुको ओसारपसार गर्न पाउने छैन। |
| श्रम नियमावली २०७५ | नियम १६ | कामको प्रकृति अनुसार काम गर्ने समयको निर्धारण गर्नु पर्नेछ। |
| | नियम ३४ | कार्यस्थलमा हुनसक्ने व्यवसायिक स्वास्थ्य तथा सुरक्षा जोखिमका बारे जोड दिंदै व्यवसायिक स्वास्थ्य तथा सुरक्षा जोखिमका सम्बन्धमा मार्गनिर्देशन बनाउनु<br>पर्नेछ। |
| | नियम ५३ | श्रमिकहरूलाई व्यक्तिगत सुरक्षाको सामग्री र प्राथमिकउपचार उपलब्ध गराउनु पर्नेछ। |
| फोहोरमैला व्यवस्थापन नियमावली, २०७० (२०१३) | नियम ९ | <u>फोहरमैला व्यवस्थापन स्थल बन्द पश्चातको व्यवस्थापन</u><br>(१) (ङ) फोहरमैला व्यवस्थापन स्थल बन्द पश्चात् निश्चित समयसम्म सो स्थलमा आवतजावत बन्द गर्नु पर्ने र अपनाउनु पर्ने सचेतना सम्बन्धी विषयहरु अवलम्बन गर्ने, (च) प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनका सुझावहरुको अवलम्बन गर्ने। |

| विवरण | प्रतिवेदन तयार पार्दा पुनरावलोकन गरिने दफा/नियम/खण्ड तथा सम्वन्धित बिवरण | |
|---|---|---|
| | बुँदा | सम्बन्धित विवरण |
| | | (२) (२) फोहरमैला व्यवस्थापन स्थलको बन्द पश्चातको व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था स्थानीय निकायले सोको सम्बन्धमा तोकेको मापदण्ड तथा निर्देशिकामा उल्लेख गरिए बमोजिम हुनेछ।<br>(३) (१) स्थानीय निकायले ऐनको दफा ६ बमोजिम कम्तीमा जैविक र अजैविक लगायतका फोहरमैलालाई स्रोतमै छुट्याउने गरी तोक्दा हानिकारक वा रासायनिक फोहरमैलालाई छुट्टाछुट्टै पृथकीकरण तथा व्यवस्थापन गर्ने गरी तोक्नु पर्नेछ। यसरी तोकिएकोमा फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले सोही बमोजिम पृथकीकरण गर्नु पर्नेछ।<br>(४) (२) उपनियम (१) बमोजिम पृथकीकरण गरिएको रासायनिक वा हानिकारक फोहरमैला व्यवस्थापन गर्ने दायित्व सम्बन्धित उत्पादकको हुनेछ।<br>(५) (३) स्थानीय निकायले उपनियम (१) बमोजिम फोहरमैला स्रोतमै छुट्याउने, फोहरमैलाको उत्पादन स्रोतमै कम गर्ने र व्यवस्थापनको उपयुक्त प्रविधि अवलम्बन गर्ने सम्बन्धमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नेछ। |
| भवन नियमावली, २०६६ | नियम ३(१) | भवन निर्माण गर्न चाहने व्यक्ति, संस्था तथा सरकारी निकायले नक्सा स्वीकृतिका लागि नगरपालिका समक्ष दरखास्त दिँदा भवनको डिजाइन समेत पेश गर्नु पर्नेछ। |
| ५. **निर्देशिका** | | |
| वातावरण व्यवस्थापन निर्देशिका, २०५३ (१९९७) | अध्याय २.१ | आयोजना क्षेत्रको वातावरणका अवयवहरुमा पर्न सक्ने प्रतिकुल प्रभाव न्यूनिकरण गर्ने एवं अनुकुल प्रभाव बृध्दिको उचित व्यवस्थापन ग सूनिस्चित गर्नुपर्नेछ। |
| राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५० (१९९३) | | आयोजनाहरुले वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५० को प्रावधानहरु लाइ समेत अनुशरण गर्दै सम्पन्न गर्नु पर्ने हुन्छ। |
| ६. **मापदण्ड** | | |
| वस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७२ | - | नेपाल सरकार, सहरी विकास मन्त्रालयद्वारा प्रकाशित वस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७२ अनुसार भवन निर्माण मापदण्डहरूको पालना गरिनेछ। |
| नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ | - | वातावरण संरक्षण नियमावली २०५४ ले दिएको अधिकार प्रयोग गरी सवारी प्रदूषण सम्बन्धी मापदण्ड तयार गरी लागु गरेको छ। मिति २०६९।०६।२९ मा नेपाल राजपत्रमा प्रकाशित गरिएको उक्त मापदण्डले डिजल तथा पेट्रोलबाट चल्ने विभिन्न किसिमका सवारी साधनको लागि प्रदूषण मापदण्ड तोकेको छ। |



Innovative Vision

| विवरण | प्रतिवेदन तयार पार्दा पुनरावलोकन गरिने दफा/नियम/खण्ड तथा सम्वन्धित बिवरण | |
|---|---|---|
| | बुँदा | सम्बन्धित विवरण |
| राष्ट्रिय ध्वनी गुणस्तर मापदण्ड, २०६९ (२०१२) | २०६९/०७/१३ राजपत्र, संख्या ३० | यस आयोजना सञ्चालन गर्दा वातावरण बिज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०६९।०७।१९ को राजपत्रमा प्रकाशित मापण्ड भित्रको ध्वनी प्रदूषणको सिमा भित्र रहनु पर्नेछ। |
| डिजेल जेनरेटरबाट निष्कासन भई हावामा जाने धुवाँको लागि उत्सर्जन सीमा, २०६९ | - | नेपाल सरकारले वातावरण संरक्षण नियमावली २०५४ ले दिएको अधिकार प्रयोग गरी डिजल जेनेरेटरबाट निष्काशन भई हावामा जाने धुँवाको लागि उत्सर्जन सीमा तोकी सो मापदण्ड सम्बन्धी सूचना २०६९।०७। १३ गतेको राजपत्रमा प्रकाशित गरेको थियो। सो मापदण्डले ८ देखी ५६० किलोवाट क्षमताको नयाँ पैठारी गरिने डिजल जेनेरेटरको लागि मापदण्ड निर्धारण गरेको छ। |
| राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२ | क | राष्ट्रिय जलस्रोत ऐन २०४९ को दफा १८ बमोजिमको राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुरुप यस आयोजना सञ्चालन गर्दा खानेपानीको गुणस्तरका बिभिन्न पारामिटरहरु तोकेको सिमा भित्र रहनु पर्नेछ। |
| राष्ट्रिय वायुको गुणस्तर मापदण्ड, २०६० (२००३) | २०६०/३/१९ राजपत्र, संख्या १७ | यस आयोजना सञ्चालन गर्दा वातावरण बिज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०६०।४।१९ को राजपत्रमा प्रकाशित मापदण्ड अनुरुप प्रदूषण सिमा भित्र रहनु पर्नेछ। |
| राष्ट्रिय भवन संहिता, २०६० | - | यस संहिताले विभिन्न किसिमका निर्माण सामग्री प्रयोग हुने गरी सानादेखि अग्ला भवनहरुलाई भूकम्प प्रतिरोधी बनाउनका लागि गर्नु पर्ने इन्जिनियरिङ डिजाइनका लागि आवश्यक प्रकृया र मापदण्डहरु प्रदान गर्दछ। यस संहिताले स्थापित इन्जिनियरिङ मान्यता र सिद्धान्त अनुरुप भूकम्प प्रतिरोधी भवनको विश्लेषण र डिजाइन विधिलाई मार्गदर्शन गर्न मद्दत गर्दछ। |
| **७.अन्तर्राष्ट्रिय सन्धि सम्झौता** | | |
| जैविक विविधता सम्मेलन, १९९२ | धारा ८ | संयुक्त राष्ट्रसंघ द्वारा ब्राजिलको रियो दि जेनेरियोमा आयोजित जैविक विविधता सम्मेलन एक बहुपक्षीय सन्धी रहेको छ। सम्मेलनका मुख्य ३ वटा उद्देश्यहरु; जैविक विविधताको संरक्षण, जैविक विविधताको दिगो उपयोग र आनुवंशिक स्रोतबाट प्राप्त फाईदाको उचित र समान बितरण रहेका थिए। नेपाल सन् १९९४ मा जैविक विविधता महासन्धिको पक्ष राष्ट भएको थियो। उक्त सम्मेलनको धारा ८ ले संरक्षित क्षेत्र नजिकका क्षेत्रमा जैविक विधितता संरक्षको लागि वातावरण मैत्री र दिगो विकास लाई जोड दिएको छ। |
| जलवायु परिवर्तन सम्बन्धि संयुक्त राष्ट संघीय संरचना महासन्धि, १९९२ | - | मानीय क्रियाकलापहरुद्वारा वातावरणमा भैरहेको हरितृह ग्यासको खतरनाक उत्सर्जनलाई नियमन गरि जलवायु प्रक्रियामा पुगेको हस्तक्षेपलाई नियन्त्रण गर्नु यस सन्धिको उद्देश्य रहेको छ। यो सन्धि सन् १९९४ मा कार्यान्वयनमा आएको हो भने नेपालले यसलाई १९९९ मा अनुमोदन गरेको थियो। आयोजना स्थलको बोटबिरुवा, लाथ्रा र रुख कटानले थोरै भएपनि कार्वन सञ्चितिको मात्रालाई घटाउने देखिन्छ।यो सन्धि आयोजना कार्यान्वयनसँग प्रासंगिक रहेको छ। |
| अन्तर्राष्ट्रिय श्रम संगठनको आदिवासी तथा जनजाति महासन्धि, १९८९ | - | अन्तर्राष्ट्रिय श्रम संगठनको आदिवासी तथा जनजाति महासन्धिले आदिवासी र जनजातीलाई विकास योजना र कार्यक्रम तथा प्रक्रियाहरुमा लागि प्राथमिकता तय गर्ने अधिकार प्रदान गर्दछ। सन्धिले कामदारबीच विभेद, बालश्रम, जवरजस्ती श्रम, मजदुर संगठन, सामुहिक मोलतल जस्ता मुख्य कुराहरुलाई सम्बोधन गरेको छ। नेपालले सन् २००७ मा सन्धिलाई अनुमोदन गरेको थियो। |

| विवरण | प्रतिवेदन तयार पार्दा पुनरावलोकन गरिने दफा/नियम/खण्ड तथा सम्वन्धित बिवरण | |
|---|---|---|
| | **बुँदा** | **सम्बन्धित विवरण** |
| संकटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको अन्तर्राष्ट्रिय व्यापार नियमन तथा नियन्त्रण सम्बन्धि अन्तर्राष्टिय महासन्धि १९७३ (साईटिस) | - | संकटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको संरक्षणका लागि सन् १९७३ मा साईटिस सम्मेलन स्विटजरल्याण्डको जेनेभामा आयोजना गरिएको थियो। उक्त महासन्धिको अनुसूची १, २ र ३ मा उल्लेखित वन्यजन्तु तथा वनस्पतिका प्रजातिको अन्तर्राष्ट्रिय व्यापार नियमन तथा नियन्त्रण गर्नु पक्ष राष्ट्रको दायित्व रहेको छ। अनुसूची १ मा संरक्षित प्रजाति, अनुसूची २ मा लोपोन्मुख प्रजाति, र अनुसूची ३ मा लोप हुने खतरा रहेका प्रजाति रहेका छन्। नेपाल सन् १९७५ मा साईटिसको पक्ष राष्ट भएको हो। नेपालले संकटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको संरक्षणका लागि सन्धि अनुररुप ऐन तथा नियमावली बनाउने र कार्यान्वयन गर्ने काम गरिरहेको छ। |

# परिच्छेद ५

## विद्यमान वातावरणीय अवस्था

आयोजना क्षेत्रको विद्यमान वातावरणीय अवस्थालाई भौतिक वातावरण, जैविक वातावरण र सामाजिक आर्थिक तथा साँस्कृतिक वातावरण गरी तीन वटा वातावरणमा छुट्याई विभिन्न उपशिर्शकहरुमा वर्णन गरिएको छ।

### ५.१ भौतिक वातावरण

#### ५.१.१ भौगोलिक अवस्था

आयोजना क्षेत्र लुम्बिनी प्रदेशको दाङ जिल्ला, राप्ती गाउँपालिका वडा नं. ३ स्थित लालमटीयामा अवस्थित साविक राप्ती प्राविधिक शिक्षालय परिसरमा प्रस्ताव गरिएको छ। आयोजना स्थल भौगोलिक हिसाबले ८२°४२'५.२९९२" देखि ८२°४२'२६.२०९८" पूर्वी देशान्तर सम्म र २७°५०'४६.६९०८" देखि २७°५१'१.३४८" उत्तरी अक्षांशसम्म फैलिएको छ। आयोजनास्थल समून्द्री सतहबाट २८८ मिटरको उचाईमा रहेको छ। राप्ती गाउँपालिका दक्षिण पूर्वमा अर्घाखाँची जिल्लाको शीतगंगा नगरपालिका र प्यूठान जिल्लाको सरुमारानी गाउँपालिकासँग जोडिएको गाउँपालिका हो। त्यसैगरी उत्तरतर्फ दाङ जिल्लाको बंगलाचुली गाउँपालिका, दक्षीणतर्फ गढवा गाउँपालिका र पश्चिमतर्फ लमही नगरपालिका रहेका छन्। प्रस्तावित निर्माण स्थलमा प्राविधिक शिक्षालयमम साना-ठूला गरी ५२ वटा भवन संरचना विद्यमान रहेका छन्। जसमध्ये आयोजना कार्यान्वयनको क्रममा तीन वटा शौचालय मात्र भत्कनेछन्। उक्त शिक्षालय गढवा गाउँपालिका वडा नं. ३ को गोबरडिहा स्थित सरस्वती माध्यामिक विद्यालय परिसरमा स्थानान्तरण भैरहेको छ। आयोजनाको दक्षीणतर्फ २०० मीटरको दूरीमा पूर्व पश्चिम महेन्द्र राजमार्ग रहेको छ भने उत्तरतर्फ करिब २०० मीटरको दूरीमा विद्युत ट्रान्समिसन लाईन र ८०० मीटरको दूरीमा दोलाई खोला रहेका छन्। राजमार्गबाट दक्षिणतर्फ राप्ती नदी र नदीको सहायक खोला स्यानो खोला रहेका छन्।

#### ५.१.२ धरातलीय अवस्था

आयोजना क्षेत्र भौगिलिक हिसाबले भावर क्षेत्र (डुन भ्याली) मा अवस्थित छ। उत्तरतर्फ चुरे पहाड रहेको छ भने दक्षिणतर्फ राप्ती नदी र गोबरडिहा पहाड रहेको छ। आयोजना स्थल समथर स्थलमा नदीतट भन्दा टाढा पूर्व-पश्चिम महेन्द्र राजमार्गको समिपमा पर्दछ। आयोजना क्षेत्रका खोला, खोल्सी र नालाहरु राप्ती नदीका सहायक खोलाहरु हुन् र यी dendritic प्रकृतिका रहेका छन्।

#### ५.१.३ भू-उपयोग

भू-उपयोगका आधारमा आयोजना क्षेत्र मिश्रित किसिमको रहेको छ। आयोजना स्थलमा शिक्षालयका भवनहरु, सडक संरचना विद्यमान छन् भने घाँस तथा झाडी र आपँका रुखहरुले ढाकेको क्षेत्रको बाहुल्य रहेको छ। शिक्षालयका विद्यमान भवनहरुले ०.६८६३ हेक्टर ओगटेको छ। आयोजना निर्माणपछी भवनले ढाकेको क्षेत्र २.६१६७ हेक्टर पुग्नेछ जुन कुल जमिनको २१.५१% रहेको छ। आयोजनाको आन्तरिक सडक, भवन तथा संरचनाले कुल ७.२७८७ हेक्टर (५९.८४%) ओगट्छ। आयोजना क्षेत्र वरीपरीको भूभाग खेतीयोग्य जमिन र बस्तीले ढाकेको छ। बस्तीहरु मुख्यतया पूर्व पश्चिम महेन्द्र राजमार्गको छेउछाउमा केन्द्रित रहेका छन्। उत्तरतर्फको चुरे पहाड वन क्षेत्रले ढाकेको छ भने दक्षिण तर्फ राप्ती नदी, खेतीयोय फाँट र गोबरडिहा पहाड रहेको छ। समग्रमा पूर्व-पश्चिम फैलिएको खेतीयोग्य



Innovative Vision

जमिन र बस्ती क्षेत्र छ भने उत्तर र दक्षिणमा वनले ढाकेको पहाड रहेको छ। राप्ती गाउँपालिकाको क्षेत्रफल १६,१०१.७८ हेक्टर रहेको छ। ICIMOD को हिन्दकूस हिमालय क्षेत्रको क्षेत्रीय भूउपयोग दस्तावेज अनुसार गाउँपालिकाको ६०% भन्दा बढी जमिन वन क्षेत्रले ढाकेको छ। त्यसैगरी करिब ३०% भूभाग खेती गरिएको जमिनले ढाकेको छ भने बाँकी जमिन अन्य किसिमका भूउपयोगले ढाकिएको छ।

तालिका ५.१: आयोजना क्षेत्रको भू-उपयोगको विवरण

| क्र.सं. | भूउपयोगको किसिम | ओगटेको क्षेत्र (हे.) | | | भूउपयोग परिवर्तन(%) | भूउपयोग परिवर्तन(हे.) |
|---|---|---|---|---|---|---|
| | | सन २००० | सन् २०१० | सन् २०१९ | | |
| १ | नदी/खोला/ताल | १४४.६३ | ६६.२५ | १४९.४६ | ३.३४ | ०.२५ |
| २ | वनजंगल | ८,४३८.०१ | ८,९२५.३८ | ९,८६७.७१ | १६.९४ | ७५.२५ |
| ३ | बगर | ७३७.४० | ६५७.२० | ७०९.७४ | -३.७५ | -१.४६ |
| ४ | घर तथा संरचना विकास क्षेत्र | १४.३४ | २५.८३ | १४९.३८ | ९४१.४४ | ७.११ |
| ५ | खेती गरिएको जमिन | ६,१८०.०२ | ६,१५०.५४ | ५,१४४.२६ | -१६.७६ | -५४.५१ |
| ६ | घाँसे मैदान | ५८७.३८ | २७६.५७ | ८१.२३ | -८६.१७ | -२६.६४ |
| | कूल | १६,१०१.७८ | १६,१०१.७८ | १६,१०१.७८ | | |

ICIMOD को सन् २०००, २०१० र २०१९ को भूउपयोग दस्तावेजलाई विश्लेषण गर्दा सबैभन्दा धेरै प्रतिशत भू-उपयोग बृद्धि घर तथा संरचना विकासमा भएको छ भने सबैभन्दा कम वृद्धि नदी/नालामा देखिन्छ। अर्कातर्फ सबैभन्दा बढी घाँसे मैदान परिवर्तन भई घटेको छ भने सबैभन्दा कम बगर क्षेत्र घटेको छ।




तस्बिर ५.१: राप्ती गाउँपालिकाको भूउपयोग नक्सा

सन् २००० र २०१९ को भूउपयोगलाई तुलना गर्दा वन क्षेत्र वार्षिक रुपमा ७५.२५ हेक्टरले बढेको देखिन्छ भने घाँसेमैदान २६.६४ हेक्टरले घट्दै गैरहेको दिखिन्छ।त्यसैगरी घर तथा संरचनाको विकास वार्षिक रुपमा ७.११ हेक्टरले बढेको देखिन्छ भने खेती गरिएको जमिन वार्षिक ५४.५१ हेक्टरले घट्दै गैरहेको देखिन्छ।

### ५.१.४ जलवायु

जलवायुको हिसाबले आयोजना क्षेत्रमा उष्ण प्रकारको हावापानी रहेको छ। उष्ण प्रदेशीय हावापानी पाइएता पनि बाह्रै महिना एकैनासको हावापनी छैन। यहाँ चैत्र महिनादेखि आश्विनको सुरुसम्म गर्मी हुन्छ त्यस्तै आश्विन, कार्तिक र फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने मंसिर, पौष र माघमा जाडो हुन्छ। जेष्ठको अन्त्य देखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ।

#### ५.१.४.१ वर्षा

आयोजना क्षेत्रमा ८० प्रतिशत भन्दा बढी वर्षा असारदेखि भदौसम्म पर्दछ। वर्षा, गृष्म ऋतुको असार महिनामा सुरु भएर वर्षा ऋतुको भदौ महिनासम्म पर्दछ भने बाँकी वर्षा वर्षको बाँकी नौ महिनामा हुने गर्दछ। घोराहीमा रहेको वर्षा मापन केन्द्रका अनुसार वर्षाको मात्रा निरन्तर घटिरहेको देखिन्छ। तलको चित्रमा घोराही स्टेसनमा सन् १९८९ देखी २०१९ सम्म मापन गरिएको वर्षाको अवस्थालाई चित्रण गरिएको छ। आयोजना क्षेत्रको औषत वार्षिक वर्षा ११२० मिमि रहेको छ।




तस्बिर ५. २: घोराही स्टेसनको वर्षाकोको अवस्था

स्रोत: *LDCRP, RRM, 2021*




तस्बिर ५. ३: घोराही स्टेसनको सन् २००१-२०१६ सम्मको औषत मासिक वर्षाको विवरण

स्रोत: *DHM, Meteorological Station Ghorahi, 2017*

आयोजना स्थलमा वर्षा मापन केन्द्र नभएकोले एफ्रोडाईट ग्रिडेड ईन्टरपोलेटेड तथ्याङ्क मार्फत पछिल्लो तीन दशक (सन् १९८० - २०१५) को जलवायु तथ्याङ्क विश्लेषण गरिएको छ। अध्ययन समय तथ्याङ्कको उपलब्धता अनुरुप तय गरिएको हो। अध्ययनले मापन केन्द्रको तथ्याङ्कमा जस्तै जुलाईमा सबैभन्दा बढी र नोभेम्बरमा सबैभन्दा कम पानी परेको देखाएको छ। आयोजना क्षेत्रमा मनसुनी बर्षा मे महिनाबाट सुरु भएर जुन महिनामा अधिकतम सिमामा पुगी घट्दै जान्छ।




तस्बिर ५. ४: आयोजना क्षेत्रको सन् १९८०-२०१५ सम्मको औषत वर्षाको विवरण

आयोजनास्थल राप्ती उपत्यकामा रहेकाले त्यस क्षेत्रको वायुको दिशा र पहाडको असर (orographic effect) ले पानी पर्ने मात्रामा परिवर्तन ल्याउन सक्ने देखिन्छ। वार्षिक तथ्याङ्कले सबैभन्दा बढी पानी सन् १९९८ मा करिब १९२०

मिमि देखाएको छ भने सबैभन्दा कम सन् २०११ मा करिब ९०० मिमि देखाएको छ। तथ्याङ्कको ट्रेन्ड घोराही मापन केन्द्रसँग मिल्दोजुल्दो देखिन्छ। अध्ययन समयको औषत वर्षाको विश्लेषण गर्दा आयोजना क्षेत्रमा प्रतिवर्ष ११ मिमिका दरले वर्षा घटीरहेको छ तथापी वर्षाको मात्रामा उल्लेखनीय घटबढ देखिदैन (p>०.०५)।

### ५.१.४.२ तापक्रम

घोराही मापन केन्द्रमा सन् १९८९ को औसत अधिकतम तापक्रम २७.१७ डिग्री सेल्सियस (डिसे) रहेको थियो भने २०१९ को औसत अधिकतम तापक्रम २९.४३ डिसे रहेको थियो। त्यसैगरी न्युनतम तापक्रम सन् १९८९ मा १७.६७ डिसे रहेकोमा सन् २०१९ मा १७.७३ डिसे रहेको थियो। यसरी हेर्दा अधिकतम तापक्रम बार्षिक रुपमा ०.०६५ डिसेका दरले बढेको देखिन्छ भने न्युनतम तापक्रम ०.०११ डिसे प्रति बर्षका दरले बढेको देखिन्छ। यसर्थ घोराही क्षेत्रको समग्र तापमान बढ्दै गैरहेको छ। औषत तापक्रम १७ डिग्री सेल्सियस देखी २७ डिग्री सेल्सियस सम्म रहेको छ। तलको चित्रमा घोराही स्टेसनमा सन् १९८९ देखी २०१९ सम्म मापन गरिएको औषत अधिकतम तापमानको अवस्थालाई चित्रण गरिएको छ।




तस्बिर ५. ५: घोराही स्टेसनको तापक्रमको अवस्था

स्रोत: *LDCRP, 2077*




तस्बिर ५. ६: घोराही स्टेसनको सन् २००० देखी २०१७ सम्मको औषत मासिक तापक्रमको अवस्था

*Source: DHM, Meteorological Station Ghorahi, 2017*

आयोजना स्थलमा जलवायु मापन केन्द्र नभएकोले एफ्रोडाईट ग्रिडेड ईन्टरपोलेटेड तथ्याङ्क मार्फत पछिल्लो तीन दशक (सन्  १९८० - २०१५) को जलवायु तथ्याङ्क विश्लेषण गरिएको छ। अध्ययनले जुन महिनामा सबैभन्दा बढी र जनवरी महिनामा सबैभन्दा तापक्रम देखिएको छ। आयोजना क्षेत्रमा हिउँदको समयमा जनवरी महिनाबाट तापक्रम बढ्न सुरु गर्छ भने जुन महिनामा अधिकतम बिन्दूमा पुग्दछ, तत्पश्चत तापक्रम घट्दै जान्छ।




तस्बिर ५. ७: आयोजना क्षेत्रको सन् १९८०-२०१५ सम्मको औषत तापक्रमको विवरण

आयोजनास्थल उपत्यकामा रहेकाले त्यस क्षेत्रको वायुको दिशाले तापक्रममा परिवर्तन ल्याउन सक्ने देखिन्छ। वार्षिक औषत तथ्याङ्कले सबैभन्दा बढी तापक्रम सन् २०१० मा करिब २५.२५ डिसे देखाएको छ भने सबैभन्दा कम सन् १९८३ मा करिब २३.७ डिसे देखाएको छ। तथ्याङ्कको ट्रेन्ड घोराही मापन केन्द्रसँग मिल्दोजुल्दो देखिन्छ। अध्ययन समयको औषत तापक्रमको विश्लेषण गर्दा आयोजना क्षेत्रमा प्रतिवर्ष ०.००७ डिसेका दरले तापक्रम बढिरहेको छ।

### ५.१.५ जल तथा जलाधार क्षेत्र

राप्ती नदी यस क्षेत्रको मुख्य नदी हो। गाउँपालिकाका रहेका अन्य नदी नालाहरु करम्दी खोला, दोलाई खोला, कालापानी खोला, भूल्केखोला, टिसुवाखोला, मच्छिताल खोला, गनाहाखोला, सिङ्गे खोला, गोपीनाला, बगासोती खोला आदि रहेका छन्। आयोजनाको दक्षीणतर्फ दोलाई खोला रहेका छ भने दक्षीणतर्फ राप्ती नदी र नदीको सहायक खोला स्यानो खोला रहेका। आयोजना क्षेत्रका खोला, खोल्सी र नालाहरु राप्ती नदीका सहायक खोलाहरु हुन् र यी dendritic प्रकृतिका रहेका छन्। गाउँपालिकामा हर्सेडाँडा पोखरी, चितुवाखोली ताल, चखेवा सिमसार क्षेत्र, खौराहाबाबा पोखरी, सुन्दरपुर पोखरी गरी पाँच वटा मुख्य पोखरी रहेका छन्। साविक राप्ती प्राविधिक शिक्षालयको ढल निकास पानी करम्दी खोलामा लगेर छाडिएको छ। उक्त खोला दोलाई खोलामा मिसिएर राप्ती नदीमा पुग्दछ। करम्दी र दोलाई खोलामा वर्षाको समयमा बाहेक पानी हुँदैन।

### ५.१.६ भू-गर्भ

भौगर्भिक हिसाबमा प्रस्तावित आयोजना क्षेत्र भावर क्षेत्र (डुन भ्याली) मा अवस्थित छ। उत्तरतर्फ चुरे पहाड रहेको छ भने दक्षीणतर्फ राप्ती नदी र गोबरडिहा पहाड रहेको छ। आयोजना क्षेत्र भावर क्षेत्रको सिवालिक लिथोयुनिटले ढाकेको छ। यो क्षेत्र स्याण्डस्टोन र मडस्टोनले बनेको छ। यस क्षेत्रको चट्टानलाई तल्लो सिवालिक र मध्यम सिवालिकमा बर्गीकरण गरिएको छ। तल्लो सिवालिक चट्टान हलुका पहेंलो, सुन्तला, खैरो हरियो र गाढा खैरो रङका मडस्टोन, मध्यमदेखी मसिनो कणले बनेका स्यान्डस्टोन र सिल्टस्टोनले बनेका छन्। आयोजना क्षेत्रमा पाईने चट्टान यसै प्रकृतीको चट्टान हो। आयोजना स्थल राप्ती नदीले थुपारेको गेगर र माटोमाथी सयौं वर्ष अघि बनेको समथर भूभाग हो। भावर क्षेत्र सबैभन्दा पछी कमजोर पत्रे चट्टानले बनेको हुनाले समग्रमा यो क्षेत्र भौगोलिक हिसाबले सम्बेदनशिल रहेको छ। समथर क्षेत्रमा नदी कटान र चुरे क्षेत्रमा पहिरोको प्रकोप बढाउन सक्ने भौगर्भीक स्थिती देखिन्छ। तर आयोजनास्थल नदी तटभन्दा टाढा रहेकाले कटानको सम्भावना छैन।




तस्बिर ५. ८: राप्ती गाउँपालिकाको भौगर्भिक नक्सा



Innovative Vision

स्रोतः राप्ती गाउँपालिकाको भू-गर्भ अध्ययन प्रतिवेदन, सन् २०२०

### ६.१.६.१ चट्टान र माटोको किसिम

### ६.१.६.२ भूगर्भीय बनौट/संरचना

आयोजना क्षेत्रमा भौगर्भिक हिसाबमा सक्रिय faults and folds भएको क्षेत्रमा पर्दैन। आयोजनास्थल Main Boundary Thrust (MBT) र Main Frontal Thrust (MFT) को बीचमा रहेको समथर र स्थिर भूगोलमा रहेको छ। यहाँका चट्टानहरु स्याण्डस्टोन र मडस्टोन रहेका छन्।

### ६.१.६.३ पहिरो

आयोजना क्षेत्र समथर क्षेत्रमा रहेको र आयोजना स्थलसँग पहाडी भूगोल नजोडिएकोले पहिरोको सम्भावना छैन।

### ६.१.६.४ भूक्षय

आयोजना क्षेत्र समथर क्षेत्रमा रहेको तथा नदी कटानको समेत सम्भावना नभएकाले भूक्षयको सम्भावना देखिएको छैन।

### ६.१.६.५ भूकम्पीय जोखिम

नेपाल भूकम्पीय जोखिमका हिसाबले उच्च जोखिम भएका क्षेत्रहरु मध्ये एक संवेदनशिल क्षेत्रमा पर्दछ। दक्षिणतर्फबाट भारतीय प्लेट (Indian Plate) निरन्तर रुपमा उत्तरतर्फ अघि बढिरहेको छ। युरासियन प्लेटसँगको (Eurasian Plate) सँगको ठक्करले हिमालय क्षेत्रमा ठूलो मात्रमा शक्ति निस्कने र उक्त शक्ति भूकम्पमार्फत बाहिरिने गरेको छ।




तस्बिर ५. ९: नेपालको भौगर्भिक नक्सामा भूकम्पका केन्द्रबिन्दू र आयोजना क्षेत्र देखाईएको नक्सा

यसर्थ हाम्रा विकासका संरचनाहरु निर्माण गर्दा भूकम्पीय जोखिमलाई मध्यनजर गर्दै प्रतिरोधी संरचनाहरुको डिजायन तथा निर्माण कार्यन्वयन गर्न आवश्यक छ। भूकम्पीय जोखिमका हिसाबले नेपालको तराई क्षेत्र पहाडी र हिमाली भूगोलभन्दा बढी सुरक्षित मानिन्छ। माथिको नक्सामा संयुक्त अधिराज्य भौगर्भिक सर्भे (USGS) को भूकम्पीय केन्द्रको तथ्याङ्क प्रस्तुत गरिएको छ। तथ्याङ्क अनुसार विशेषगरी काठमाडौं वरपरको मध्य नेपाल तथा सुदूरपश्चिम क्षेत्रका पहाडी भूगोलमा भूकम्पका अधिकांश केन्द्र बिन्दू पाईएका छन्। आयोजना क्षेत्रमा हालसम्म कुनैपनि म्याग्नीच्युडको भूकम्प गएको छैन। यसर्थ आयोजनास्थल भूकम्पीय जोखिममा परेको देखिदैन।

तर राष्ट्रिय भूकम्प प्रविधि समाज नेपालले निर्माण गरेको भूकम्पीय जोखिम नक्साङ्कन अनुसार आयोजना स्थल भूकम्पीय सम्भावनाको हिसाबले उच्च जोखिममा भएको क्षेत्रमा पर्दछ। यस नक्साङ्कन अनुसार नेपालको सम्पूर्ण भूभाग मध्यम देखी अति उच्च जोखिममा पर्ने देखाईएको छ। यसर्थ भूकम्प गईहालेमा जमिन कत्तिको हल्लन्छ र त्यसले संरचनाहरुलाई कत्तिको क्षति पुऱ्याउँदछ भनेर हेर्न पर्ने हुन्छ।




तस्बिर ५. १०: नेपालको भूकम्पीय जोखिम नक्सामा आयोजना क्षेत्र देखाईएको नक्सा

राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रको जमिन हल्लिने गतिको कन्टुर नक्साङ्कन अनुसार आयोजना स्थल ११० गलको गतिले हल्लिने सम्भावना रहेको देखिन्छ। उक्त गति ०.११ g (गुरुत्वाकर्षणको हिस्सा) बराबरको हुन्छ। यसर्थ आयोजनाका भवन संरचनाहरु डिजायन तथा निर्माण गर्दा जमिन हल्लिने उक्त गति भन्दा माथिल्लो क्षमताको निर्माण गर्नपर्ने हुन्छ। सन् २०१५ मा गोरखाको बारपाक केन्द्रबिन्दू भएर गएको ७.८ म्याग्निच्युड क्षमताको भूकम्पको जमिन हल्लाउने गति ०.३०g पाईएको थियो। प्रस्तावित आयोजनाको सम्भाव्यता प्रतिवेदनले भूकम्पीय कम्पन गोरखा भूकम्पको कम्पन जतिको हुनसक्ने र उक्त गतिलाई बिचार गरी ०.३०g थेग्न सक्ने भवन डिजायन र निर्माण गर्न सिफारिस गरेको छ। राष्ट्रीय भवन संहिताले बुटवल क्षेत्रलाई ०.३०g र नेपालगञ्ज क्षेत्रलाई ०.४०g मा राखेको छ। यि दूई शहरको बीचमा पर्ने आयोजनास्थलमा भवन निर्माण गर्दा ०.३५g भूकम्पको कम्पन थेग्ने संरचना निर्माण गर्न आयोजनाले प्रस्ताव गरेको छ।




तस्बिर ५. ११: भूकम्पबाट जमिन हल्लिने कन्टुर नक्सामा आयोजना क्षेत्र देखाईएको नक्सा

### ५.१.७ वायुको गुणस्तर र ध्वनीको स्तर

#### ६.१.७.१ वायुको गुणस्तर

आयोजना क्षेत्र ग्रामिण इलाकामा भएको र वरपर उद्योग धन्दा नभएकोले यस क्षेत्रको वायुको गुणस्तरमा तात्विक प्रभाव पार्ने स्रोतहरु पूर्व पश्चिम महेन्द्र राजमार्गमा चल्ने सवारी साधन बाहेक अन्य छैनन्। महेन्द्र राजमार्गको आयोजना क्षेत्रमा पर्ने सडक खण्ड कालोपत्रे कायम रहेकोले सडकको छेउ भागमा खाली जमिनबाट सवारी गुडाउँदा बाहेक धुलो नउड्ने देखिन्छ। तथापी स्थानीय सडक, बस्तीका घर जोड्ने स-साना गल्ली र बाटा हुँदै हिड्ने मोटरसाईकल, साईकल तथा मोटर गाडीले सडकमा धुलो ल्याई पुऱ्याउँदछ। त्यसैगरी खाना पकाउँदा निस्ने धुवाँ, खेती तथा गाईबस्तु पाल्दा निस्कने ग्याँसहरु वायु प्रदूषणका स्रोतरु रहेका छन्। स्थलगत अध्ययनमा आयोजना क्षेत्रको वायुको गुणस्तरमा प्रभाव पार्नसक्ने कुनै पनि ठूला स्रोतहरु भेटिएका छैनन्। आयोजना क्षेत्रमा Real time वायुको गुणस्तर नाप्ने उपकरण जडान नभएकोले हाते उपकरणको प्रयोग गरेर वायुको गुणस्तर मापन गरिएको थियो। आयोजना क्षेत्रबाट सबैभन्दा नजिकको वायु गुणस्तर मापन केन्द्र घोराहीमा रहेको छ जुन आयोजना क्षेत्रबाट ३० किमि उत्तर पश्चिममा रहेको छ। World Air Quality Project को http://aqicn.org/city/nepal/dang/ बाट तथ्याङ्क संङ्कलनगरि धुलाका कणहरुको मात्रा ($PM_{10}$ र $PM_{2.5}$) सन् २०१९ को मार्च देखि सन् २०२१ डिसेम्बर सम्मको तथ्याङ्कलाई विश्लेषण गरिएको छ। मापन केन्द्रमा औषत $PM_{2.5}$ ७३.६२ देखि ८०.३८ $\mu g/m^3$ सम्म तथा $PM_{10}$ को मात्रा ३१.१९ देखि ३५.१० $\mu g/m^3$ थियो। मासिक औषत $PM_{2.5}$ को मात्रा सबैभन्दा बढी सन् २०२१ को डिसेम्बर महिनामा १३४.२१ $\mu g/m^3$ मापन गरिएको छ भने सबभन्दा न्यून सन् २०१९ को सेप्टेम्बर महिनामा २७.४८ $\mu g/m^3$ मापन गरिएको छ।

त्यसैगरी मासिक औषत $PM_{10}$ को मात्रा सबैभन्दा बढी सन् २०२१ को जनवरी महिनामा ७१.२ μg/$m^3$ मापन गरिएको छ भने सबभन्दा न्यून सन् २०१९ को सेप्टेम्बर महिनामा ७.३२ μg/$m^3$ मापन गरिएको छ।

**तालिका ५.२:** घोराही स्टेसनको सन् २०१९-२०२१ को वायुको गुणस्तरको विवरण

| **महिना** | **$PM_{2.5}$** | | | **$PM_{10}$** | | |
|---|---|---|---|---|---|---|
| | **सन् २०१९** | **सन् २०२०** | **सन् २०२१** | **सन् २०१९** | **सन् २०२०** | **सन् २०२१** |
| जनवरी | – | – | १२४.४ | – | – | ७१.२ |
| फेब्रुअरी | – | ६५.५७ | – | – | २९.२८ | – |
| मार्च | ९७.00 | ८२.९६ | ९५.८६ | – | ४0.0३ | ४0.४७ |
| अप्रिल | ९७.८८ | ७९.६७ | ११६.0६ | – | ४७ | ५९.६ |
| मे | १0९.८३ | ७0.१७ | ७0.४१ | – | ४१.२३ | २९.८६ |
| जुन | ७६.५७ | ४७.२३ | ४७.७ | ४७.0८ | १८.५ | १७ |
| जुलाई | ४४.८६ | ४४.४४ | ५0.२३ | १७.१४ | १४.१४ | १४.८५ |
| अगष्ट | ३0.२३ | ३0.६२ | ४0.८६ | ८.२३ | ९.८२ | १२.७१ |
| सेप्टेम्बर | २७.४८ | ५३.९२ | – | ७.३२ | १७.८५ | – |
| अक्टोबर | १0२.३९ | ९८.३८ | – | ४५.५६ | ४९.९५ | – |
| नोभेम्बर | १२२.३१ | १0२.६४ | – | ५२.६९ | ४२.५ | – |
| डिसेम्बर | ९५.३0 | १३४.२१ | – | ४0.३२ | ७0.५४ | – |
| **औषत** | **८0.३८** | **७३.६२** | **७७.९३** | **३१.१९** | **३४.६२** | **३५.१0** |

*Source: World Air Quality Project, 2022*

स्थलगत अध्ययनको क्रममा हाते वायु गुणस्तर मिटरबाट नापिएको आयोजना स्थल र महेन्द्र राजमार्गको आयोजना स्थल छिर्ने बिन्दूमा मापन गरिएको वायुको गुणस्तर यसप्रकार रहेको छ।

**तालिका ५.३:** वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनको क्रममा मापन गरिएको आयोजना क्षेत्रको वायुको गुणस्तरको विवरण

| **सूचक** | **आयोजनास्थल** | | | **लालमटीया सडक खण्ड** | | |
|---|---|---|---|---|---|---|
| | बिहान (समय: ७:२५) | मध्यान्न (समय:१२:४० ) | बेलुकी (समय:६:३५) | बिहान (समय: ७:००) | मध्यान्न (समय:१:०० ) | बेलुकी (समय:६:००) |
| पिएम १० (μg/$m^3$) | ६३.५ | ७४.५ | ९९.३ | ४१.७ | ८३.२ | ९२.५ |
| पिएम २.५ (μg/$m^3$) | ४३.९ | ४२.५ | ६१.५ | ३२.५ | ४३.३ | ६२.५ |
| तापमान (°C) | २३.८९ | ३७.१ | ३३.८ | २३.८९ | ३८.४ | ३२.७७ |
| आद्रता (%) | ६६ | ४४ | ५६ | ६६ | ४५ | ५८ |

स्रोत: अध्ययन टोली, २०७९

### ६.१.७.२ ध्वनीको अवस्था

प्रस्तावित आयोजनास्थल पूर्व पश्चिम महेन्द्र राजमार्गको समिपमा २०० मिटर उत्तरतर्फ रहेको छ। राजमार्गमा गुड्ने सवारी साधन र तिन्ले लगाउने प्रेसर हर्न बाहेक आयोजना क्षेत्रको ध्वनीको गुणस्तरमा प्रभाव पार्ने उल्लेख्य स्रोतहरु छैनन्। स्थलगत अध्ययनको क्रममा आयोजना क्षेत्रको तात्विक प्रभाव पार्ने स्रोतहरु भेटिएका छैनन्। स्थलगत अध्ययनको क्रममा हाते ध्वनी मापन मिटरको प्रयोग गरि मापन गरिएको तथ्याङ्क अनुसार सबैभन्दा उच्च ध्वनी ७४.६ dB महेन्द्र राजमार्गको आयोजना स्थल छिन्ने ठाउँमा पाईएको छ भने सबैभन्दा न्यून ध्वनी ५ dB आयोजनास्थलमा

पाईएको छ। आयोजना क्षेत्रको औषत ध्वनीको अवस्था २०.२ देखि ५५.८ dB को बीचमा रहेको छ। विश्व स्वास्थ्य संगठनको अनुसार दिनको समयमा घर बाहीरको वातावरणको ध्वनी ५० देखि ५५ dB लाई सामान्य ध्वनिको मात्रा मानिन्छ। यसर्थ आयोजनास्थलको ध्वनिको गुणस्तर विश्व स्वास्थ्य संगठनले तोके अनुरुपको रहेको छ। राजमार्गमा गुड्ने सवारीसाधनको आवतजावतले त्यहाँको ध्वनीको गुणस्तरमा प्रभाव पारेको मापन गरिएको ध्वनीको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५.४: वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनको क्रममा मापन गरिएको आयोजना क्षेत्रको वायुको गुणस्तरको विवरण

| सूचक | आयोजनास्थल | | | लालमटीया सडक खण्ड | | |
|---|---|---|---|---|---|---|
| | बिहान (समय: ७:२५) | मध्यान्न (समय:१२:४० ) | बेलुकी (समय:६:३५) | बिहान (समय: ७:००) | मध्यान्न (समय:१:०० ) | बेलुकी (समय:६:००) |
| अधिकतम ध्वनी (dB) | ४२.५ | ५९.४ | ५४.५ | ६६ | ७५.४ | ७४.६ |
| न्यूनतम ध्वनी (dB) | ५ | १६.२ | १५.३ | ११ | ४०.१ | ४१ |
| औषत ध्वनी (dB) | २०.२ | ३५.६ | २९ | ३५.२ | ५५.८ | ५१.२ |

स्रोत: अध्ययन टोली, २०७९

### ५.१.८ पानीको गुणस्तर

आयोजनास्थल कुनैपनी खोला र नदीसँग प्रत्यक्ष रुपमा जोडीएको छैन। तथापी आयोजनास्थलबाट बगेर जाने पानी करम्दी खोल्सी हुँदै उत्तरतर्फ रहेको दोलाई खोलामा मिसिन्छ। उक्त खोला राप्ती नदीको एक सहायक खोला हो। करम्दी खोल्सी र दोलाई खोलामा वर्षातको समयमा बाहेक अन्य समयमा पानी नहुने भएकोले खोल्सी र खोलाको पानीको गुणस्तर परीक्षण गरिएको छैन। राप्ती नदीको पानी प्रत्यक्ष अवलोकनको क्रममा सफा र सङ्लो देखिन्छ। वातावरणीय प्रभाव मूल्याङ्कको स्थलगत अध्ययनको क्रममा आयोजना स्थलमा हाल शिक्षालयले प्रयोग गरिरहेको पानीको गुणस्तर र शिक्षालयको ढल प्रणालीबाट निस्किएको पानीको गुणस्तर परिक्षण गरिएको थियो। ढल प्रणालीबाट निस्किएको पानीको गुणस्तर परिक्षण गर्दा प्रशोधन गरिएको गुणस्तरको पाईएको भएता पनि हाल शिक्षालयले कुनै पनि प्रकारको ढल प्रशोधन प्लान्ट भने स्थापना गरेको छैन। राप्ती प्राविधिक शिक्षालयको उत्तरतर्फ रहेको स्थानीय सडक छेउमा राखिएको ढल प्रणाली फुटेको र राप्ती नदीबाट सिँचाईका ल्याईएको पानी मिसिएको पाईएकोले ढलको पानीको गुणस्तर प्रशोधन गरिए बराबरको कायम हुन पुगेको अनुमान गरिएको छ। हाल राप्ती प्राविधिक शिक्षालयले गाउँपालिकाको खानेपानी प्रणालीबाट प्राप्त धाराको पानी प्रयोग गरिरहेको छ। आयोजना निर्माण तथा सञ्चालनको अवधिमा समेत उक्त पानी खानेपानीको लागि प्रयोग गरिन्छ। उक्त पानीको परिक्षण गर्दा राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड भित्र रहेको पाईएको छ। आयोजना क्षेत्रमा संकलन गरिएको पानीको नमुनाको गुणस्तर प्रतिवेदन यस प्रतिवेदनको अनुसूची ६ मा राखिएको छ।

## ५.२ जैविक वातावरण

### ५.२.१ वनस्पती

#### ५.२.१.१ जंगलको किसिम

आयोजना क्षेत्र समुन्द्री सतहबाट २८८ मिटरको उचाईमा अवस्थित छ। आयोजना क्षेत्र वन क्षेत्र नभए पनी आयोजनास्थलको उत्तर र दक्षीणतर्फको चुरे पहाडमा सालको वन रहेको छ। नदी तट क्षेत्रमा सिसौ र खयर जस्ता

महत्वपूर्ण प्रजाति पाईन्छन्। आयोजना क्षेत्र दुईतर्फ हरियो पहाड र पूर्व-पश्चिम बस्ती तथा खेतीयोग्य जमिनले घेरिएको राप्ती उपत्यकामा रहेको छ। Mountain Environment Regional Information Systems (MENRIS) ले वनस्पतिको फैलावटको हिसावमा तयार गरेको तथ्याङ्कको आधारमा आयोजना क्षेत्रमा दुई प्रकारका वनस्पति समूहहरु पाईन्छन्। ती वनस्पतिका प्रमुख समूहहरु Lower Tropical Sal and Broad Leaved Forest र Hill Sal Forest रहेका छन्। आयोजना स्थल भएको क्षेत्रलाई Lower Tropical Sal and Broad Leaved Forest ले प्रतिनिधित्व गर्छ भने उत्तर दक्षिणका पहाडका वन क्षेत्रलाई Hill Sal Forest ले प्रतिनिधित्व गर्छ। तथापी राप्ती गाउँपालिकामा पाइने प्रमुख बनस्पतीका प्रजातिहरू साल, सिमल, सिसौं, जामुन, खयर, वोटधँगेरो, वर, पीपल, सौर, अमला, आँप, राजवृक्ष, अशोक, मसला, अम्बा, केरा, कागती, भोगटे, तित्री, फडिर, असारे, साज, सिरीस, तारी, कुसुम, क्यामुना, सान्दन आदि रहेका छन्। आयोजना स्थलमा आँपका रुखहरुको बाहुल्य रहेको छ भने सजावटको लागि अशोकका पोथ्राहरु रहेका छन्। त्यसैगरी थोरै संख्यामा मसला, अम्बा कदम, जामुन, कटहर, सिसौं, सिमल, पीपल, नीम, वर र अमलाका रुखहरु पनि आयोजना स्थलमा रहेका छन्। राप्ती प्राविधिक शिक्षालय स्थापना अघि सो क्षेत्र बस्ती तथा खेती गरिएको क्षेत्र भएकाले वनको विकास भएको पाईएको छैन। यस बाहेक आयोजना स्थलमा सजवटका लागि रोपिएका बनस्पति र घाँसे मैदान रहेका छन्।

### ५.२.१.२ संरक्षणको अवस्था

प्रस्तावित आयोजना क्षेत्र नेपालका संरक्षित क्षेत्रहरु भन्दा बाहिर पर्दछ। आयोजना क्षेत्रबाट सबैभन्दा नजिकको संरक्षित क्षेत्र बाँके राष्ट्रिय निकुञ्ज हो। जसको सिमाना आयोजना क्षेत्रबाट ५२.५ किमिको दूरीमा रहेको छ।




तस्बिर ५. १२: आयोजना क्षेत्रलाई नेपालको संरक्षित क्षेत्रहरुमा देखाईएको नक्सा

*स्रोत: नापी विभाग २०२० र अध्ययन टोली २०७९*

त्यसैगरी दाङ जिल्लाको चुरे क्षेत्र आयोजना क्षेत्रबाट १.२ किमिको हवाई दूरीमा रहेको छ। माथीको नक्सामा आयोजना क्षेत्रलाई नेपालका संरक्षित क्षेत्रको नक्सामा देखाईएको छ। आयोजना क्षेत्रमा सामुदायिक वन व्यवस्थापन प्रणाली अवलम्बन गरिएको छ। प्रस्तावित आयोजना स्थल कुनै पनि वन क्षेत्रमा पर्दैन, साविक राप्ती प्राविधिक शिक्षालयको भोगचलन गर्दै आएको नेपाल सरकारको स्वामित्व भएको पर्ती ऐलानी जमिन अन्तर्गत पर्दछ।

### ५.२.१.३ वन व्यवस्थापनको अवस्था

आयोजना स्थल नेपाल सरकारको ऐलानी पर्ती जग्गामा रहेको छ। आयोजनास्थलको वरीपरीको क्षेत्रमा सामुदायिक वन व्यवस्थापन प्रणाली अवलम्बन गरिएको छ। राप्ती गाउँपालिका क्षेत्रभित्र १४ वटा सामुदायिक वनहरु रहेका छन्।

### ५.२.१.४ वनस्पतीका प्रमुख प्रजाति

राप्ती गाउँपालिकामा पाइने प्रमुख बनस्पतीका प्रजातिहरू साल, सिमल, सिसौं, जामुन, खयर, वोटधँगेरो, वर, पीपल, सौर, अमला, आँप, राजवृक्ष, अशोक, मसला, अम्बा, केरा, कागती, भोगटे, तित्री, फडिर, असारे, साज, सिरीस, तारी, कुसुम, क्यामुना, सान्दन आदि रहेका छन्। स्थलगत अध्ययनको क्रममा आयोजना स्थलमा आँपका रुखहरुको बाहुल्य रहेको पाईएको छ। त्यसैगरी थोरै संख्यामा मसला, अम्बा कदम, जामुन, कटहर, सिसौ, सिमल, पीपल, नीम, वर र अमलाका रुखहरु पनि छन्। प्राविधिक शिक्षालय स्थापना अघि आयोजना स्थल स्थानीयको बस्ती तथा खेती गरिएको जमिन भएकोले वनको विकास नभएको र फलफूलका रुखहरुको विकास भएको पाईएको छ।

### ५.२.१.५ आयोजना क्षेत्रमा रहेका कुल रुखहरुको विवरण

आयोजनास्थल वन क्षेत्रमा नपर्ने भएता पनि नेपाल सरकारको स्वामित्वमा भएको जमिनमा पर्ने भएकोले सरकारी जमिनमा रहेका रुखहरु हटाउन वन नियमावली २०७९ बमोजिम कार्यान्वयन गर्नुपर्दछ। आयोजनास्थल डिभिजन वन कार्यालय देउखुरी, दाङ अन्तर्गतको देउखुरी सब डिभिजन वन कार्यालयको कार्य क्षेत्रमा रहेको छ। आयोजनाका प्रतिनिधि र डिभिजन वन कार्यालयका प्रतिनिधिको संयुक्त स्थलगत अध्ययनमा आयोजनाले कटान गर्नुपर्ने क्षेत्रमा २१ प्रजातिका ४०२ वटा रुख पाईएका छन्। जसमध्ये आयोजना स्थलमा आँपका रुखहरुको बाहुल्य रहेको छ। अन्य मुख्य प्रजातिका वनस्पतिहरु टिक, मसला, सिसौ, सिमल, पप्लर र कदम रहेका छन्। १० भन्दा कम संख्या भएका रुखहरु गोल्डमोहर, निम, जामुन, सिरिष, बोटल ब्रस, कटहर, धमला, अम्बा, खयर, पिपल, बडहर, अमला, दबदबे र बर रहेका छन्। आयोजना स्थलमा रहेका ४०२ रुखहरुबाट ७९४२.४३ क्यूफिट टिम्बर काठ तथा ९१२०.५१ क्यूफिट दाउरा क्षति हुन्छ। तलको तालिकामा आयोजनालाई आवश्यक रुख तथा पोलको विवरण प्रस्तुत गरिएको छ।

तालिका ५.५: प्रस्ताव कार्यान्वयन गर्दा कटान हुने रुखको विबरण

| क्र.सं. | रुख नाम | संख्या | टिम्बर (घन फिट) | दाउरा (घन फिट) |
|---|---|---|---|---|
| १. | आँप | १२० | १११९.५० | १७१३.६६ |
| २. | टिक | ७२ | २४६.०९ | २७६.४६ |
| ३. | मसला | ६९ | २४४०.७१ | २४९७.६१ |
| ४. | सिसौ | ४६ | ९८०.२४ | ११३१.३७ |
| ५. | सिमल | १५ | १५८२.०३ | १७८९.३७ |
| ६. | पप्लर | १४ | ४८५.८४ | ४९८.९७ |
| ७. | कदम | १२ | २१०.९९ | २१३.२३ |

| क्र.सं. | रुख नाम | संख्या | टिम्बर (घन फिट) | दाउरा (घन फिट) |
|---|---|---|---|---|
| ८. | गोल्डमोहर | ८ | १४२.०८ | १५५.०८ |
| ९. | निम | ८ | ६६.५६ | ८१.७३ |
| १०. | जामुन | ७ | १३०.४२ | १२९.२९ |
| ११. | सिरिष | ६ | ११३.८० | ११७.४५ |
| १२. | बोटल ब्रस | ६ | ३९.२४ | ८३.९४ |
| १३. | कटहर | ५ | ३८.१८ | ४२.८६ |
| १४. | धमला | ३ | १०९.६४ | ११३.३० |
| १५. | अम्बा | २ | ६.८० | १०.९० |
| १६. | खयर | २ | १६.९२ | ०.०० |
| १७. | पिपल | २ | १५१.४४ | १९४.०० |
| १८. | बडहर | २ | ३४.८१ | ३५.२७ |
| १९. | अमला | १ | १५.२० | १४.२५ |
| २०. | दबदबे | १ | ०.९० | ४.०१ |
| २१. | बर | १ | ११.०३ | १७.७५ |
| | **जम्मा** | **४०२** | **७९४२.४३** | **९१२०.५०** |

### ५.२.१.६ गैरकाष्ठजन्य वनस्पती तथा उपयोग

स्थलगत अध्ययन र स्थानीयसँगको अन्तर्क्रियाबाट आयोजना क्षेत्र वरपर पाईने गैरकाष्ठजन्य वनस्पतीहरु विवरण संकलन गरिएको छ। वनस्पतिलाई तिनको गुण र उपयोगको आधारमा प्रयोग हुने भाग सहित उल्लेख गरिएको छ।

तालिका ५.६: आयोजना क्षेत्रका गैरकाष्ठजन्य वनस्पती तथा उपयोग सम्वन्धी विवरण

| क्र.सं. | वनस्पतिको नाम | प्रयोग हुने भाग | प्रयोग |
|---|---|---|---|
| १ | चिउरी | फल | दमको उपचार |
| २ | हर्रो | फल | झाडापखालाको उपचार |
| ३ | बर्रो | फल | दम र विष खाएको उपचार |
| ४ | तुलसी | पात | घाँटी दुखेको उपचार |
| ५ | अमला | फल | झाडापखाला, जन्डिस, र आगोले जलेको उपचार |
| ६ | निम | पात | ज्वरो, टाउको दुखाई, पेट दुखाई |
| ७ | साल | पात र बोक्र | ज्वरो, झाडापाखाला र डन्डिफोर आउँदा |
| ८ | बोझो | गानो फल | घाँटी दुखेको, खोकी लागेको उपचार |
| ९ | टिमुर | फल | पेट दुखेको उपचार |
| १० | तितेपाती | पात | अन्नपात किराबाट जोगाउन |
| ११ | घिउकुमारी | पात | आगोले पोलेको उपचार |
| १२ | सिस्नु | पात र फूल | मधुमेहको उपचार |
| १३ | लेमनग्रास | पात | शक्ति बढाउन ज्वरो घटाउन |

स्रोत: स्थलगत अध्ययन, २०७९

### ५.२.२ प्राणी तथा जनावरहरु

#### ५.२.२.१ स्तनधारी वन्यजन्तु

आयोजना स्थल पहिलेनै भौतिक संरचना भएको रासी प्राबिधिक शिक्षालयमा प्रस्ताव गरिएकाले स्तनधारी वन्यजन्तुको बसोबास रहेको छैन। आयोजना क्षेत्र वरीपरी १२ प्रकारका स्तनधारी वन्यजन्तु आवतजावत गर्ने गरेको जानकारी स्थलगत अध्ययन र जानकार व्यक्ती अन्तर्वार्ता मार्फत प्राप्त भएको छ। यस क्षेत्रमा पाईने स्तनधारी वन्यजन्तुहरु रतुवा, न्याउरी मुसा, पहरे बाँदर, दुम्सी, खरायो, लोखर्के, बँदेल, चमेरो, सालक, स्याल, फ्याउरो, चितुवा आदी रहेका छन्। उत्तरतर्फको चुरे फेदीमा रतुवा र बँदेल नियमित रुपमा देखिने तथा अन्य प्रजातिका स्तनधारी वन्यजन्तुहरु कहिंलेकाहीं देखिने गरेको पाईएको छ।

आयोजना क्षेत्रमा पाईने स्तनधारी वन्यजन्तुको विवरण तलको तालिकामा दिईएको छ। तालिकामा प्रत्येक प्रजातिको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन अनुसार नेपालमा संरक्षणको अवस्था, प्रकृती संरक्षण कोषको रातो सूची र संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापारलाई नियमन तथा नियन्त्रण गर्ने अन्तर्राष्ट्रिय संधिको अनुसूची अनुरुप समेत उल्लेख गरिएको छ।

तालिका ५.७: आयोजना क्षेत्रमा पाईने स्तनधारी वन्यजन्तुको विवरण

| क्र.सं. | वन्यजन्तुको नाम | अङ्ग्रेजी नाम | वैज्ञानिक नाम | संरक्षणको अवस्था | | |
|---|---|---|---|---|---|---|
| | | | | **IUCN** | **CITES** | **NPWCA** |
| १. | रतुवा | Barking Deer | *Muntiacus muntjak* | LC | - | - |
| २. | न्याउरी मुसा | Mongoose | *Mustela spp.* | LC | Appendix-III | - |
| ३. | पहरे बाँदर | Assam macaque | *Macaca assamensis* | NT | Appendix-II | Protected |
| ४. | दुम्सी | Porcupine | *Hystrix indica* | LC | - | - |
| ५. | खरायो | Indian Hare | *lepus nigricollis* | LC | - | - |
| ६. | लोखर्के | Five-striped Palm Squirrel | *Funambulus pennantii* | LC | - | - |
| ७. | बँदेल | Wild Boar | *Sus scrofa* | LC | - | - |
| ८. | चमेरो | Indian flying fox | *Pteropus giganteus* | LC | Appendix- II | - |
| ९. | सालक | Indian pangolin | *Manis crassicaudata* | EN | Appendix-I | Protected |
| १०. | स्याल | Jackal | *Canis aureus* | LC | Appendix-III | - |
| ११. | फ्याउरो | Bengal Fox | *Vulpes bengalensis* | LC | Appendix-III | - |
| १२. | चितुवा | Clouded Leopard | *Panthera pardus* | VU | Appendix-I | - |

स्रोत: स्थलगत अध्ययन, २०७९

आयोजना क्षेत्र वरीपरीका स्थानीयका अनुसार पछिल्लो १०-१५ वर्षदेखी बाघ हराएर गएको छ भने चितुवा रतुवा र बँदेलको संख्या भने वर्षेनी वृद्धि हुँदै गैरहेको छ।

#### ५.२.२.२ चरा

आयोजना स्थलमा आँप र सिसौका झ्याम्म परेका रुखहरु तथा टिक, सिमल र मसला जस्ता ठूला रुखहरु भएकाले चराको उल्लेख्य उपस्थिती रहेको छ। स्थलगत अध्ययन तथा स्थानीयसँगको अन्तर्क्रियाबाट आयोजना क्षेत्र वरपरको भागमा १४ वटा चराका प्रजाति पाईएको छ। अध्ययन टोलीले ढुकुर, सारउ, फिस्टे र जुरेली चरा प्रत्यक्ष अवलोकन



Innovative Vision

गरेको थियो भने बाँकि चराहरु स्थानीयसँगको अन्तर्क्रियाबाट लिईएको छ। आयोजना क्षेत्र वरपर पाईने चराहरु ढुकुर, लामपुच्छ्रे, चिवे, तित्रा, भङ्गेरा, सारउ, फिस्टे, चिल, जुरेली, कोईली, सुँगा, गौंथली, कालिज, काग डंगर गिद्ध आदी रहेका छन्। अध्ययनको समयमा आयोजना स्थलमा चराका गुँडहरु पाईएका छैनन्। चराको संरक्षणको अवस्था सहितको जानकारी तलको तालिकामा प्रस्तुत गरिएको छ। आयोजना क्षेत्रमा पाईने सम्पूर्ण चराका प्रजातिहरु प्रकृती संरक्षण संघको रातो सूचीमा कम सरोकार भएका चराका प्रजाति पर्दछन् भने राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनले नेपालमा संरक्षित प्रजातिमा राखेका चरामध्ये पर्दैनन्। त्यसैगरी संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापारलाई नियमन तथा नियन्त्रण गर्ने अन्तर्राष्ट्रिय संधिको अनुसूचीमा समेत समाविष्ट छैनन्।

तालिका ५.८: आयोजना क्षेत्रमा पाईने चराको विवरण

| **क.सं.** | **चराको नाम** | **वैज्ञानिक नाम** | **संरक्षणको अवस्था** | | |
|---|---|---|---|---|---|
| | | | **IUCN** | **CITES** | **NPWCA** |
| १. | कुर्ले ढुकुर | *Spilopelia chinensis* | LC | - | - |
| २. | लामपुच्छ्रे | *Urocissa flavirostris* | LC | - | - |
| ३. | चिबे | *Dicrurus caerulescens* | LC | - | - |
| ४. | तित्रा | *Francolinus francolinus* | LC | - | - |
| ५. | भङ्गेरा | *Passer domesticus* | LC | - | - |
| ६. | सारउ | *Acridotheres tristis* | LC | - | - |
| ७. | फिस्टे | *Orthotomus sutorius* | LC | - | - |
| ८. | चिल | *Milvus migrans* | LC | - | - |
| ९. | जुरेली | *Pycnonotus cafer* | LC | - | - |
| १०. | कोईली | *Eudynamys scolopacea* | LC | - | - |
| ११. | सुँगा | *Psittacula krameri* | LC | - | - |
| १२. | गौंथली | *Riparia chinensis* | LC | - | - |
| १३. | कालिज | *Lophura leucomelana* | LC | - | - |
| १४. | काग | *Crovus splendens* | LC | - | - |
| १५. | डंगर गिद्ध | *Gyps bengalensis* | CE | - | - |

स्रोत: स्थलगत अध्ययन, २०७९

आयोजना क्षेत्रवरीपरी १० वर्ष पहिले मयुर पाईने गरेको भएता पनि हाल त्यस क्षेत्रमा मयुर हराएर गएको पाईएको छ।

### ५.२.२.३ सरीसृप तथा उभयचर

आयोजना क्षेत्रमा पाईने सरीसृप सर्प, छेपारो र गोहोरो रहेका हुन् भने उभयचर पाहा र भ्यागुता हुन्। आयोजना स्थल वरपर पाईने हरेउ, धामन, करेत, गोमन लगायतका सर्प, भ्यागुता आदी कहिलेकाहीं आयोजनास्थलमा समेत देखिने गरेको पाईएको छ। आयोजना क्षेत्र वरपर पाईने सरीसृप तथा उभयचरको जानकारी तलको तालिकामा दिईएको छ।

तालिका ५.९: आयोजना क्षेत्रमा पाईने सरीसृत तथा उभयचरको विवरण

| क्र.सं. | प्रजातिको नाम | वैज्ञानिक नाम | संरक्षणको अवस्था | |
|---|---|---|---|---|
| | | | **IUCN Status** | **National Status** |
| १. | हरेउ सर्प | *Trimeresurus albolabris* | IUCN-LC | - |
| २. | धामन | *Ptyas mucosa* | - | - |
| ३. | करेत | *Bungarus caeruleus* | IUCN-LC | - |
| ४. | गोमन | *Naja naja* | - | - |
| ५. | छेपारो | *Calotes versicolor* | IUCN-LC | - |
| ६. | गोहोरो | *Varanus bengalensis* | IUCN-LC | |
| ७. | भ्यागुता | *Rana tigrine* | IUCN-LC | - |

स्रोत: स्थलगत अध्ययन, २०७९

### ५.२.२.४जलचर

आयोजना स्थलको नजिकमा रहको रासी नदी तथा दोलाई खोलामा माछाका प्रजातिहरु पाईन्छ। तर दोलाई खोलामा वर्षाको समयमा मात्र पानी हुने हुँदा माछा सोही समयमा मात्र देखिन्छन्। स्थलगत अध्ययनको क्रममा रासी नदीमा पाईने जलचरहरु बाम, झिंगे, माहुर, भुरा, तिलोरी, चरङ्गा, अन्धाई, दिरामाछा, गँगटा, घुँङ्गी आदी पाईएको छ। आयोजना क्षेत्रमा पाईने जलचरहरुलाई तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका ५.१०: आयोजना क्षेत्र वरपरका नदी प्रणालीमा पाईने जलचरको विवरण

| क्र.सं. | प्रजातिको नाम | वैज्ञानिक नाम | संरक्षणको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १. | वाम | *Monopterus cuchia* | - | Native Fish |
| २. | झिङ्गे | *Nephropidae spp* | - | - |
| ३. | माहुर | - | - | - |
| ४. | तिलोरी | - | - | - |
| ५. | दिरा | - | - | - |
| ६. | अन्धाई | - | - | - |
| ७. | चरङ्गा | - | - | - |
| ८. | भुरा | *Channa marulius* | - | Native Fish |
| ९. | गँगटा | *Brachyura* | - | - |
| १०. | घुँङ्गी | - | - | - |

स्रोत: स्थलगत अध्ययन, २०७९

### ५.२.२.५ वन्यजन्तुको वासस्थानको अवस्था

स्थलगत अध्ययनको क्रममा आयोजनास्थलमा चरा र सरीसृप बाहेक अन्य वन्यजन्तुको बसोबास पाईएको छैन। आयोजना स्थलमा रहेका आँप र सिसौका झ्याम्म परेका रुखहरु तथा टिक, सिमल र मसला जस्ता ठूला रुखहरुमा चरा बस्ने गरेका छन्। त्यस्तै सर्प र भ्यागुता बेला बेलामा आयोजनास्थलमा देखिने गरेको पाईएको छ। संरक्षणका हिसाबले महत्वपूर्व चरा र सरीसृप आयोजनास्थलमा देखिएका छैनन्। डंगर गिद्ध रासी उपत्यकाका फाँटमा पाईएको भएता पनि हालसम्म गिद्धले रासी प्राविधिक शिक्षालयभित्र रहेका रुखहरुमा बस्ने तथा गुँड बनाउने गरेको पाईएको छैन।

Innovative Vision

## ५.३ सामाजिक आर्थिक तथा साँस्कृतिक

### ५.३.१ जनसाङ्खिक विवरण

#### ५.३.१.१ जनसंख्या

राष्ट्रिय जनगणना(२०६९) को प्रारम्भिक विवरण अनुसार रासी गाउँपालिकाको जनसंख्या ५२,१५८ रहेको छ जस मध्ये पुरुष ४७.४ प्रतिशत (२४,७२० जना) र महिला ५२.६ प्रतिशत (१३,३६६ जना) रहेका छन्। यस गाउँपालिकामा पुरुषको तुलनामा महिलाको संख्या बढि रहेको पाईएको छ। सोही अनुसार लैंगिक अनुपात प्रति १०० महिलामा पुरुषको संख्या ९०.०९४ रहेको छ। त्यसैगरी गाउँपालिकामा ११८३७ घरधुरीहरु रहेका छन् भने औषत घरधुरी जनसंख्या ४.४ रहेको छ। गाउँपालिकाको जनघनत्व ३२२ जना प्रति वर्ग किलोमिटर रहेको छ।

तालिका ५.११: रासी गाउँपालिका तथा आयोजना प्रभावित वडाहरुको जनसाङ्खिक विवरण

| गाउँपालिका/वडाहरु | जनगणना वर्ष | घरधूरी | जनसंख्या | पुरूष (%) | महिला (%) | औषत घरधुरी जनसंख्या |
|---|---|---|---|---|---|---|
| रासी गाउँपालिका | २०६८ | ८०५५ | ४०७६४ | ४७.७५ | ५२.२५ | ५.०६ |
| | २०७८ | ११८३७ | ५२१५८ | ४७.३९ | ५२.५९ | ४.४१ |
| वडा नं. ३ | २०६८ | १०५७ | ५३७१ | ४९.१९ | ५०.८१ | ५.०८ |
| वडा नं. ४ | २०६८ | १०४५ | ५२५७ | ४६.६४ | ५३.३६ | ५.०३ |
| वडा नं. २ | २०६८ | १०५५ | ५०९८ | ४८.०४ | ५१.९६ | ४.८३ |

स्रोत: CBS, २०६८ र २०७८

गाउँपालिकाको आयोजना सञ्चालन हुने वडा नं.३ र प्रभावित हुने वडा नं.४ र २ को जनसंख्या जनगणना २०६८ अनुसार १५७२६ रहेको छ भने घरधूरी संख्या ३१५७ रहेको छ। जनसंख्याको आधारमा आयोजना प्रभावित क्षेत्रले गाउँपालिकाको ३८.५८ प्रतिशत जनसंख्या प्रतिनिधित्व गर्छ।आयोजना सञ्चालन हुने वडामा गाउँपालिकाको अरु वडाहरुको तुलनामा धेरै जनसंख्या रहेको छ। गाउँपालिका जस्तै वडाहरुमा पनि महिला र पुरुषबीच जनसंख्याको असमान वितरण रहेको छ जहाँ पुरूषको तुलनामा तात्विक रुपमा महिलाको संख्या धेरै रहेको छ।

गाउँपालिकाको पार्श्वचित्र २०७६ अनुसार जनसंख्याको विवरण जनगणनाको भन्दा केही फरक देखिन्छ। जनगणनामा हाल बसोबास रहिआएका मानिसहरुको मात्र गणना भएको र पार्श्वचित्रमा वैदेशिक रोजगारीमा गएका र देशका अन्य शहरमा शिक्षा तथा रोजगारीको लागि ६ महिनाभन्दा बढी बसोबास गर्ने व्यक्तिक समेतको गणना भएको हुन सक्ने देखिन्छ। गाउँपालिकाको पार्श्वचित्र अनुसार यस गाउँपालिकामा जम्मा ८७६३ घरधुरी रहेका छन् भने जम्मा जनसंख्या ४४४३३ रहेको छ। जनसंख्याको आधारमा पुरुष ५१.३ प्रतिशत र महिला ४८.७ प्रतिशत रहेका छन्। त्यसैगरी प्रति परिवार औषत जनसंख्या ५.०७ जना रहेको छ। वडागत आधारमा जनसंख्याको वितरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ;

तालिका ५.१२: रासी गाउँपालिका तथा गाउँपालिकाका वडाहरुको जनसाङ्खिक विवरण

| क्र.सं. | जम्मा घरधुरी संख्या | पुरुष | महिला | तेस्रो लिंगी | जम्मा जनसंख्या | जनघनत्व |
|---|---|---|---|---|---|---|
| १ | ११६६ | २६७४ | २४२४ | ६ | ५१०५ | २२४ |
| २ | १३४२ | ३५११ | ३२८१ | ० | ६७९२ | २८४.१८ |
| ३ | १२४१ | ३४०२ | ३२३८ | १ | ६६४१ | ७१.२२ |

| क्र.सं. | जम्मा घरधुरी संख्या | पुरुष | महिला | तेस्रो लिंगी | जम्मा जनसंख्या | जनघनत्व |
|---|---|---|---|---|---|---|
| ४ | १२२५ | ३०७५ | २८८७ | ० | ५९६२ | ३७७.३ |
| ५ | ७५६ | १९६३ | १९३९ | २ | ३९०४ | ९२.५ |
| ६ | ९१८ | २६६७ | २५२३ | ० | ५१९० | ५६७.६ |
| ७ | ८४५ | २२१९ | २३३३ | २ | ४५५४ | ५४८.६ |
| ८ | ९२० | २३८० | २१८२ | ० | ४५६२ | ४९५.८८ |
| ९ | ३६० | ८९२ | ८३० | १ | १७२३ | ७९.७ |
| जम्मा | ८७६३ | २२७८३ | २१६३७ | १३ | ४४४३३ | २७४.९ |

स्रोत: रासी गाउँपालिकाको पार्श्वचित्र, २०७६

### ५.३.१.२ उमेर समूह

गाउँपालिकाको पार्श्वचित्र २०७६ अनुसार रासि गाउँपालिकाको १०-१४ वर्ष उमेर समूहको संख्या सबैभन्दा बढी रहेको छ भने ८० वर्षभन्दा माथिको जनसंख्या सबैभन्दा कम रहेको छ। गाउँपालिकाको तथ्याङ्कले युवाहरुको बाहुल्य रहेको र काम गर्न सक्ने मानिसहरु धेरै भएको देखाएको छ। यसर्थ तथ्याङ्कले गाँउपालिकामा मानव स्रोतको प्रशस्त मात्रामा सम्भावना रहेको तथ्यलाई देखाउँछ।

तालिका ५.१३: रासी गाउँपालिकाको उमेर समूहअनुसारको लैङ्गिक विवरण

| उमेर समूह | पुरुष | महिला | तेस्रो लिङ्गि | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| ०-४ | १६०१ | १४०६ | ० | ३००७ | ६.८ |
| ५-९ | १९७३ | १७५१ | ३ | ३७२७ | ८.४ |
| १०-१४ | २२५८ | २२३३ | १ | ४४९२ | १०.१ |
| १५-१९ | २४६४ | २३७९ | ३ | ४८४६ | १०.९ |
| २०-२४ | २३६६ | २४.२६ | ४ | ४७९६ | १०.८ |
| २५-२९ | २२६० | २२०२ | १ | ४४६३ | १० |
| ३०-३४ | १८६७ | १८५२ | ० | ३७२८ | ८.४ |
| ३५-३९ | २९३५ | १७५१ | ० | ३६८३ | ८.३ |
| ४०-४४ | १४३२ | ११९२ | १ | २६२५ | ५.९ |
| ४५-४९ | १२५४ | ११६१ | ० | २४१५ | ५.४ |
| ५०-५४ | ८९२ | ७९४ | ० | १६८६ | ३.८ |
| ५५-५९ | ७२९ | ७३२ | ० | १४६१ | ३.३ |
| ६०-६४ | ५३७ | ६१४ | ० | ११५१ | २.६ |
| ६५-६९ | ५४४ | ५०६ | ० | १०५० | २.६ |
| ७०-७४ | ३४१ | ३१४ | ० | ६८२ | २.४ |
| ७५-७९ | १९० | १७३ | ० | ३६३ | १.५ |
| ८०-८४ | ७६ | ७२ | ० | १४८ | ०.८ |
| ८५-८९ | ३४ | ३४ | ० | ६८ | ०.३ |
| ९०-९४ | १२ | १३ | ० | २५ | ०.२ |
| ९५-९९ | ९ | ५ | ० | १४ | ०.१ |
| जम्मा | २२७८३ | २१६३७ | १३ | ४४४३३ | १०० |

स्रोत: रासी गाउँपालिकाको पार्श्वचित्र, २०७६




तस्बिर ५. १३: रासी गाउँपालिकाको उमेर अनुसार लैङ्गिक अवस्था

### ५.३.१.३ जात धर्म

रासी गाउँपालिका सामाजिक संरचनाको दृष्टिकोणबाट विविधतायुक्त रहेको पाईएको छ। गाउँपालिकाको पार्श्वचित्र २०७६ गाउँपालिकाको जनसंख्यालाई विश्लेषण गर्दा ६ जाति समूह पहाडी ब्राम्हण/क्षेत्री, मधेसी आदिवासी जनजाती, पहाडी आदीवासी जनजाती, मधेसी ब्राम्हण/क्षेत्री, पहाडी दलित र मधेसी दलित आदि वसोवास रहेको पाईएको छ। वडामा आधारित जातजाति अनुसारको जनसंख्या, घरधुरी विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका ५.१४: रासी गाउँपालिकाको जातजाति समूहको जनसंख्या विवरण

| वडा नं | पहाडी ब्राह्मण क्षेत्री | मधेसी आदिवासी जनजाति | पहाडी आदिवासी जनजाति | मधेसी ब्राह्मण क्षेत्री राजपुत | पहाडी दलित | मधेसी दलित | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | २६१९ | ४५ | १५६८ | ३८ | ४०४ | १० | ४२१ | ५१०५ |
| २ | २२७७ | १९०१ | २११२ | ३४ | ४४१ | २३ | ४ | ६७९२ |
| ३ | ११२७ | ४३०१ | ८२७ | १३ | ३०२ | ९ | ६२ | ६६४१ |
| ४ | १८४५ | २९६९ | २३५ | ६०८ | २१० | २५ | ६० | ५९६२ |
| ५ | २५६ | २५४८ | ९२८ | १७ | १२० | ८ | २७ | ३९०४ |
| ६ | १७८ | ४६६५ | १८३ | १२ | १७ | १२९ | ६ | ५१९० |
| ७ | ७५२ | २१७४ | १२४४ | १ | ७० | १ | ३१२ | ४५५४ |
| ८ | ९६२ | २५६० | ७३० | ४ | २२९ | १ | ७६ | ४५६२ |
| ९ | २०१६ | २ | ११३२ | ० | ३७३ | ० | ० | १७२३ |
| जम्मा | १०२३२ | २११६५ | ८९५९ | ७२७ | २१६६ | २१६ | ९६८ | ४४४३३ |




तस्बिर ५. १४: रासी गाउँपालिकाको जातजातिको अवस्था

यस गाउँपालिकाका अधिकांश मानिसहरूले हिन्दू धर्म (९७%) अपनाएको देखिन्छ भने गाउँपालिकामा बौद्ध, ईसाई, ईस्लाम, किरात धर्म अपनाई धार्मिक सहिष्णुता साथ आ-आफ्नो धर्म अनुसार रिती संस्कृति अङ्गालेको पाईएको छ। गाउँपालिकामा मानि आएको धर्मको विस्तृत विवरण लाई तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका ५.१५: रासी गाउँपालिकाको धर्म अनुसारको जनसंख्या विवरण

| वडा | हिन्दू | ईसाई | ईस्लाम | वौद्ध | किरात | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ४९२९ | ३५ | १२३ | ५ | १ | १२ | ५१०५ |
| २ | ६५६३ | १७४ | १९ | ३५ | ० | १ | ६७९२ |
| ३ | ६३८८ | २०७ | १० | १६ | ० | २१ | ६६४१ |
| ४ | ५७८२ | १५३ | २३ | ० | ० | ४ | ५९६२ |
| ५ | ३७७८ | ७५ | ६ | २ | १ | ४२ | ३९०४ |
| ६ | ४९८१ | ११६ | ८३ | ४ | ० | ६ | ५१९० |
| ७ | ४४०५ | ११४ | ४ | ३ | ० | २८ | ४५५४ |
| ८ | ४५१९ | २० | ० | १७ | ० | ६ | ४५६२ |
| ९ | १४८२ | ७ | २२८ | ० | ० | ६ | १७२३ |
| जम्मा | ४२८२७ | ९०० | ४९६ | ८२ | २ | १२६ | ४४४३३ |

स्रोत: रासी गाउँपालिकाको पार्श्वचित्र, २०७६




तस्बिर ५. १५: रासी गाउँपालिकामा धर्म अनुसार जनसंख्याको अवस्था

### ५.३.१.४ पेशा

गाउँपालिकाको अर्थतन्त्र मुख्यतयाः कृषि, व्यापार, उद्योग, थोक तथा खुद्रा बजार, होटल, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उष्ण हावापानी भएको, उत्तर-दक्षिण वनले घेरिएको उपत्यकाको माटोको बनोट तथा समतल जमिन भएकोले आयोजना क्षेत्र कृषिको लागि उपयुक्त उर्वर माटो रहेको छ। यसर्थ यहाँका अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। त्यसैगरी महेन्द्र राजमार्गको आसपासमा व्यापार व्यवसाय र होटल गर्नेको संख्या पनि उल्लेख्य रहेको छ।

### ५.३.१.५ घरधूरी

गाउँपालिकाको पार्श्वचित्र २०७६ अनुसार रासी गाउँपालिकामा कुल ८७६३ घरधूरीहरु रहेका छन्। त्यसैगरी आयोजना सञ्चालन हुने र प्रभावित क्षेत्रमा पर्ने वडा नं. ३, ४ र २ मा ३७९६ घरधूरीहरु रहेका छन्। गाउँपालिका भित्र रहेका घरहरुको स्वरुपलाई हेर्दा बनोट संरचनाका आधारमा सबैभन्दा बढि ढलान घरहरु पाईएको छ। गाउँपालिकामा भएका घरहरु मध्ये ढुङ्गा र माटोलेले जोडेको घरहरु ९.५५ प्रतिशत, ढुङ्गा र सिमेन्टले जोडेको १३.९८ प्रतिशत, काठको घर ५.५७ प्रतिशत, टिनको २१.७४ प्रतिशत, इटाको जोडाई भएको ७.१० प्रतिशत, ढलानले जोडिएको ३१.९४ प्रतिशत, खर ६.१६ प्रतिशत र अन्य ३.९६ प्रतिशत रहेको छ। वडागत आधारमा उक्त विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ;

तालिका ५.१६: रासी गाउँपालिकामा रहेका घरको बनोटको विवरण

| वडा नं | ढुङ्गा माटो | ढुङ्गा सिमेन्ट | काठको | टिनको | इट्टा | ढलान | खर | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ९८ | ४८१ | ६९ | ४८ | ३८ | ४१७ | २१ | ४ | ११६६ |
| २ | ५०९ | ६६३ | १११ | १३ | २९ | १२ | ४ | १ | १३४२ |
| ३ | ७० | ६ | ० | ५६१ | ५२ | ३८८ | १३४ | ३० | १२४१ |
| ४ | ३० | ९ | ५१ | २०० | ३३० | ३६३ | ६९ | १६३ | १२१५ |
| ५ | ३४ | ४ | ० | २०७ | २९ | २९९ | १७१ | १२ | ७५६ |
| ६ | ६ | ४२ | १८ | २५७ | १३० | ३२६ | ७९ | ६० | ९१८ |
| ७ | १ | २ | १ | २८९ | ३ | ४७६ | २५ | ४८ | ८४५ |
| ८ | ५ | ० | १ | ३२७ | ९ | ५१८ | ३१ | २९ | ९२० |
| ९ | ८४ | १८ | २४७ | ३ | २ | ० | ६ | ० | ३६० |
| **जम्मा** | ८३७ | १२२५ | ४८८ | १९०५ | ६२२ | २७९९ | ५४० | ३४७ | ८७६३ |

स्रोत: रासी गाउँपालिकाको पार्श्वचित्र, २०७६




तस्बिर ५. १६: रासी गाउँपालिकामा रहेका घरको बनोटको अवस्था

**५.३.१.६ बसाइँ सराई**

कुनै पनि स्थानमा जनसंख्या परिवर्तन हुने कारणहरुमध्ये एक प्रमुख कारण बसाइसराई मानिएको छ। विभिन्न अवसर र रोजगारीको खोजीमा देश भित्र वा देश बाहिर एक स्थानबाट अर्को स्थानमा स्थाई वा अस्थाई रुपमा बसाई सरेर जाने प्रवृत्ति क्रमश बढ्दै गएको पाइन्छ। यसरी बसाई सरी आउनुका मुख्य कारणहरु आर्थिक वृद्धि, द्वन्द्व, सामाजिक कारण, व्यापार र रोजगार रहेका छन्। मलिलो माटो भएकोले खेति गर्नको लागि पहाडबाट तराई क्षेत्रमा बसाईसराई गर्नेहरुको संख्या बढि रहेको पाईएको छ।

गाउँपालिकाको पार्श्वचित्र २०७६ अनुसार २०७५ सालमा गाउँपालिका क्षेत्रको १ वर्ष अवधिको बसाँईसराईको विवरण अनुसार ६३१ परिवारले वसाई सराई गरेर आएको तथ्याङ्क पाईएको थियो। वसाई सराई गरेर आउनुको कारणहरुमा मुख्य गरेर शिक्षा, रोजगारी, तथा व्यवसाय साथै सेवा सुविधा भएको स्थान तर्फ वसाई सराई गरेर आएको पाईएको छ। आयोजना क्षेत्र लुम्बिनी प्रदेशको राजधानी तथा प्रशासनिक केन्द्र हुने भएकाले बसाँईसराई बढ्ने अनुमान गरिएको छ।

**५.३.२ शिक्षा**

**५.३.२.१ शैक्षिक संस्थाको संख्या र किसिम**

शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक संस्थाहरुबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरुप यस गाउँपालिकामा सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण अनुसार रासी गाउँपालिकामा आधारभूत विद्यालय २३ र माध्यामिक विद्यालय ९ र मदरसा ५ गरी जम्मा ३७ विद्यालय रहेका छन्। आयोजना सञ्चालन हुने वडा नं. ३ मा ४ वटा आधारभूत विद्यालय छन् भने प्रभावित क्षेत्रभित्र पर्ने २ र ४ नं. वडामा ३ वटा आधारभूत र २ वटा माध्यामिक विद्यालय रहेका छन्। त्यसैगरी गाउँपालिकामा १४ वटा अङ्ग्रेजी बोर्डीङ विद्यालयहरु सञ्चालनमा रहेका छन्।

Innovative Vision

राप्ती क्षेत्रकै प्राविधिक शिक्षाको गन्तव्य रहेको राप्ती प्राविधिक शिक्षालय परिसरमा आयोजना कार्यान्वयन गर्न लागिएको छ। यसबाट प्राविधिक शिक्षालय स्थानान्तरण भएको छ। प्राविधिक शिक्षालयमा कृषी डिप्लोमा तह,सिभिल ईन्जिनियरिङ प्रि डिप्लोमा तह,आँखासम्बन्धी डिप्लोमा तह लगायतका विषयहरु पढाई भैरहेको छ। शिक्षालयमा करिव १३०० विद्यार्थीहरुले अध्ययन गरिरहेका छन्। राप्ती गाउँपालिकामा ७ वटा उच्च मावि तथा क्याम्पस छन्।

### ५.३.२.२ साक्षरता दर

सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयमको रुपमा रहेको शिक्षा क्षेत्रमा राप्ती गाउँपालिका दाङ जिल्लाका अन्य स्थानको तुलनामा केही अगाडी रहेको देखिन्छ। गाउँपालिकाको पार्श्वचित्र २०७६ अनुसार यस गाउँपालिकाको जनसंख्या ४४४३३ रहेको छ जसमध्ये ५ बर्ष मुनीको बालबालिका संख्या ३००७ रहको छ। बाँकी रहेको जनसंख्याको साक्षरता प्रतिशत ८७.१४ प्रतिशत रहेकोछ।वडागत आधारमा साक्षरता अवस्थाको विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ;

तालिका ५.१७: राप्ती गाउँपालिकाको साक्षरता विवरण

| वडा नं | जम्मा जनसङ्ख्या | ५ वर्ष मुनिको जनसङ्ख्या | निरक्षर | साक्षर |
|---|---|---|---|---|
| १ | ५१०५ | २९० | ३५४ | १२१३ |
| २ | ६७९२ | ४६० | ७२१ | १४१६ |
| ३ | ६६४१ | ४९४ | ११३७ | १४९४ |
| ४ | ५९६२ | ४१० | ७४९ | १७४१ |
| ५ | ३९०४ | २९८ | ४३६ | ९६९ |
| ६ | ५१९० | ३०८ | ६९९ | १४९३ |
| ७ | ४५५४ | ३२७ | ६६१ | ६६९ |
| ८ | ४५६२ | २६८ | ३१७ | १५०४ |
| ९ | १७२३ | १५२ | २५३ | ९३६ |
| **जम्मा** | **४४४३३** | **३००७** | **५३२७** | **११४३५** |

स्रोत: राप्ती गाउँपालिकाको पार्श्वचित्र, २०७६




तस्बिर ५. १७: राप्ती गाउँपालिकाको साक्षरताको अवस्था

### ५.३.२.३ शैक्षिक स्तर

राසी गाउँपालिकामा ५ वर्ष माथीको जनसंख्या मध्ये ५,३२७ जना स्कूल नगएका, ११,४३५ जना साक्षर, ५,९१४ प्राथमिक तह, ९,०२६ आधारभूत तह, ४६६० मा.वि. तह, १३९७ स्नातक तह, ४७४ स्नातकोत्तर तह, २८ जना विद्यावारिधि र १३१ जनाले प्राविधिक शिक्षा अध्ययन गरेको देखिन्छ। शैक्षिक विवरणलाई तलको तालिकामा देखाइएको छ।

तालिका ५.१८: राසी गाउँपालिकाको शैक्षिक स्तरबारे विवरण

| वडा नं | निरक्षर | ५ वर्ष मुनिको जनसङ्ख्या | साक्षर | पूर्व प्रावि | आधारभुत | एस ई ई | मा वि | स्नातक | स्नातकोत्तर | विध्यावारिधि | प्रविधिक |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३५४ | २९० | १२१३ | २१८ | १७६२ | ६४० | २४० | २८६ | १०२ | ० | ० |
| २ | ७२१ | ४६० | १४१६ | ७०९ | १७३८ | ८७२ | ४९३ | २५६ | ९१ | २ | ३६ |
| ३ | ११३७ | ४९४ | १४९४ | १०६५ | १२२७ | ५८८ | ३९४ | १७७ | ५७ | ४ | ४ |
| ४ | ७४९ | ४१० | १७४१ | ८३३ | ९४२ | ४९८ | ५६५ | १३० | ३३ | ९ | ५२ |
| ५ | ४३६ | २९८ | ९६९ | ५४३ | ८७९ | ३६४ | २८७ | १०० | २४ | ० | ४ |
| ६ | ६९९ | ३०८ | १४९३ | ५१० | १०११ | ५१० | ३८६ | १८७ | ६८ | ६ | १२ |
| ७ | ६६१ | ३२७ | ६६९ | ११२२ | ६७६ | ४८५ | ३४३ | १३४ | ५२ | ४ | १८ |
| ८ | ३१७ | २६८ | १५०४ | ६०२ | ७०६ | ६८५ | ३०६ | १२१ | ४७ | ३ | ३ |
| ९ | २५३ | १५२ | ९३६ | २५२ | ८५ | १८ | १७ | ९ | ० | ० | १ |
| जम्मा | ५३२७ | ३००७ | ११४३५ | ५९१४ | ९०२६ | ४६६० | ३०३४ | १३९७ | ४७४ | २८ | १३१ |

स्रोत: राසी गाउँपालिकाको पार्श्वचित्र, २०७६




तस्बिर ५. १८: राසी गाउँपालिकाको शैक्षिक स्तरको अवस्था

## ५.३.३ स्वास्थ्य र सरसफाई

### ५.३.३.१ स्वास्थ्यको स्थिति

राසी गाउँपालिकाभित्र रहेका स्वास्थ्य संस्थाहरुमा पुग्न मोटर वा पैदल दुवै प्रयोग गर्न सकिने स्थानमा रहेका छन्। गाउँपालिकामा दुईवटा स्वास्थ्य चौकी सिसहनिया र भालुवाङमा संञ्चालित छन्। छरिएर रहेका बस्ती तथा भौगोलिक अवस्थिति अनुसार विभिन्न वडाहरुबाट यी स्वास्थ्य संस्थाहरुसम्म पुग्न फरक फरक समय लाग्दछ। गाउँपालिकाको

पार्श्वचित्र अनुसार ४३.३६ प्रतिशत घरधुरीलाई स्वास्थ्य संस्था पुग्न आधा घण्टा भन्दा कम समय लाग्दछ भने ३०.२४ प्रतिशत घरधुरीलाई नजिकको स्वास्थ्य संस्थासम्म पुग्न पैदल आधा देखि एक घण्टा सम्मको समय लाग्दछ। एक घण्टा भन्दा धेरै पैदल समय लाग्ने घरधुरी २६.४० प्रतिशत रहेका छन्। रासी गाउँपालिकामा २५ शैयाको अस्पताल नभएकोले अन्य मापदण्ड पुरा गरे पनि नगरपालिकामा स्तरोन्नत्ती हुन सकेको छैन। प्रदेश सरकारले ५० शैयाको अस्पाताल निर्माणको लागि बजेट छुट्याएको छ र निर्माणको प्रक्रिया अघि बढेको छ।

### ५.३.३.२ रोगका प्राकार

गाउँपालिका भित्रका स्थानीयमा देखिने रोगहरु मौसमी रुघाखोकी, ज्वरो, झाडापखाला, दम, मदुमेह, बाथ, उच्च रक्तचाप, ग्यास्ट्रिक आदी रहेका छन्। त्यसैगरी चोटपटक, सुन्निने तथ जलन भएका बिरामीहरु पनि स्वास्थ्यसंस्थामा आउने गरेका छन्। त्यस्तै केटाकेटीमा श्वासप्रश्वास सम्बन्धि रोगहरु, निमोनिया, झाडापखाला, कडा जलवियोजन, मलेरिया, दादुरा र कुपोषण समेत देखिने गरेको छ।

### ५.३.३.३ स्वास्थ्य संस्थाका प्रकार

रासी गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरु अन्तर्गत साविक गाउँ विकास समिति अनुसार स्वास्थ्य चौकी २ वटा संञ्चालित छन्। यी स्वास्थ्य चौकीहरुमा दरबन्दी अनुसारका प्राविधिक जनशक्तिले सेवा प्रवाह भईरहेको छ। त्यसैगरी निजी स्वास्थ्य सेवा प्रदायकको रुपमा क्लिनिकहरु तथा मेडिकल संञ्चालनमा रहेको देखिन्छ। स्वास्थ्य चौकी बस्तीभन्दा टाढा रहेको स्थानहरुमा गाउँपालिका मार्फत सुलभ स्वास्थ्य पहुँचका लागि सामुदायिक स्वास्थ्य ईकाईहरु शुरुवात गरिएको पाईएको छ।

तालिका ५.१९: रासी गाउँपालिकाको स्वास्थ्य संस्थाबारे विवरण

| क्र.सं. | स्वास्थ्य संस्था | विवरण |
|---|---|---|
| १ | भालुवाङ स्वास्थ्य चौकी | १ वटा भालुवाङ |
| २ | सिसहनिया स्वास्थ्य चौकी | १ वटा सिसहनिया |
| ३ | मेडिकल हल | २५ वटा |

स्रोत: रासी गाउँपालिकाको पार्श्वचित्र, २०७६

### ५.३.३.४ खानेपानीको अवस्था

रासी गाउँपालिकाको खानेपानीको प्रमुख स्रोत धारा तथा पाइप रहेको छ। गाउँपालिका भित्र रहेको घरधुरी मध्ये करिव ४२ प्रतिशत घरधुरीले सुलभ रुपमा रुपमा घरधुरीमानै खानेपानी सुविधा उपभोग गर्ने गरेको पाईएको छ। गाउँपालिका पार्श्वचित्र अनुसार कुल धरधुरीको ४९ प्रतिशत घरधुरीले खानेपानी संकलनको लागि १५ मिनेट भन्दा कम समय खर्चनुपर्ने देखिएको छ भने ६ प्रतिशत घरधुरी १५ देखि आधाखण्टा सम्म समय खर्चनु पर्ने देखिएको छ। ४ खानेपानी संकलनको लागि आधाघण्टा भन्दा धेरै समय लाग्ने घरधुरी प्रतिशत रहेको छ।

रासी गाउँपालिकामा उपयोग गरिने खानेपानी श्रोत मध्ये ४४ प्रतिशत घरधुरीमा व्यक्तिगत वा सार्वजनिक सुरक्षित धारामार्फत खानेपानी उपभोग गर्ने गरेको पाईएको छ। त्यसैगरी ट्यूववेल मार्फत ४३ प्रतिशत घरधुरीले, ७.९० प्रतिशत घरधुरीले छोपिएको इनार वा कुवाको खानेपानी प्रयोग गर्ने गरेको देखिन्छ। त्यस्तै ५.२६ प्रतिशत घरधुरीले नछोपिएको इनार वा कुवाको पानी प्रयोग गर्ने गरेको पाईएको छ। वडागत उक्त विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ;

तालिका ५.२०: रासी गाउँपालिकामा प्रयोग गरिने खानेपानीका स्रोतहरु

| वडा नं | धारा | ट्युबवेल | इनार, कुवा, जरुवा (खुल्ला) | इनार कुवा, जरुवा (छोपिएको) | नदि कुलो नहर पोखरी | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | १०६५ | २ | १२ | ८४ | ० | २ | ११६५ |
| २ | १२०६ | ३ | ८७ | ३६ | ० | १० | १३४२ |
| ३ | ४४० | ३२६ | ३१६ | १४७ | ११ | १ | १२४१ |
| ४ | ४९ | ११२१ | १० | ३४ | ० | १ | १२१५ |
| ५ | १५३ | ५९१ | ८ | १ | १ | २ | ७५६ |
| ६ | २९५ | ६२१ | ० | १ | ० | १ | ९१८ |
| ७ | ५५५ | २७१ | २ | ० | ० | १७ | ८४५ |
| ८ | ५१ | ८६८ | ० | ० | ० | १ | ९२० |
| ९ | ४४ | ० | २५८ | ५८ | ० | ० | ३६० |
| जम्मा | ३८५८ | ३८०३ | ६९३ | ३६१ | १२ | ३५ | ८७६२ |

स्रोत: रासी गाउँपालिकाको पार्श्वचित्र, २०७६




तस्बिर ५. १९: रासी गाउँपालिकामा प्रयोग गरिने खानेपानीका स्रोतहरुको अवस्था

आयोजना स्थलमा कुनैपनि खानेपानी आयोजना सञ्चालनमा छैनन् भने मुहान समेत छैनन्।

### ५.३.३.५ शौचालयको अवस्था

गाउँपालिकाको पार्श्वचित्र २०७६ अनुसार गाउँपालिकामा भएका घरधुरी मध्ये ७० प्रतिशत घरधुरीमा मापदण्डयुक्त शौचालय प्रयोग गर्ने गरिएको छ। त्यस मध्ये ४१.०१ प्रतिशत घरधुरीमा मापदण्डयुक्त सेफ्टीट्याङ्की छ भने ३ प्रतिशत घरधुरीमा शौचालयलाई ढल वा रिङ्गमा जडान गरिएको छ। त्यसैगरी बायोग्यासमा जडान गरिएको शौचालय २५.११ प्रतिशत रहेको पाईएको छ। अस्थायी वा खाल्डे शौचालय २१ प्रतिशत घरधुरीमा छ भने ७.८ प्रतिशत घरधुरीले शौचालय नभएको पाईएको छ। तलको तालिकामा रासी गाउँपालिकाका घरपरिवारले प्रयोग गर्ने शौचालयको प्रकारलाई उल्लेख गरिएको छ।

तालिका ५.२१: रासी गाउँपालिकामा प्रयोग गरिने शौचालयको विवरण

| वडा नं | आधुनिक सेप्टिट्याङ भएको | सेप्टिट्याङ्कीलाई ढल वा रिङमा जोडिएको | आधुनिक मापदण्डयुक्त बायोग्याँसमा जडान गरिएको | अस्थायी खाल्डे चर्पी भएको | चर्पि नभएको | सामुदायिक संस्थागत वा अन्य चर्पि प्रयोग गर्ने | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ९३७ | १० | ११४ | ८० | २२ | २ | ११६५ |
| २ | ४१८ | १९ | २१८ | ६३७ | ४६ | ४ | १३४२ |
| ३ | ६९९ | ८३ | २४४ | १२९ | ३० | ५६ | १२४१ |
| ४ | ४६० | २८ | ३३० | २८९ | ८० | २८ | १२१५ |
| ५ | ३८४ | १७ | १८० | १०८ | ६२ | ५ | ७५६ |
| ६ | १०१ | ३५ | ४९४ | १८० | १०० | ८ | ९१८ |
| ७ | १५१ | ११८ | ३८६ | ७२ | ११४ | ४ | ८४५ |
| ८ | ३८२ | १७ | २३४ | २७० | १२ | ५ | ९२० |
| ९ | ६४ | ० | १ | ७६ | ३१९ | ० | ३६० |
| **जम्मा** | **३५९६** | **३३७** | **२२०१** | **१८४१** | **६८५** | **११२** | **८७६२** |

स्रोत: रासी गाउँपालिकाको पार्श्वचित्र, २०७६




तस्बिर ५. २०: रासी गाउँपालिकामा प्रयोग गरिने शौचालयको अवस्था

पछिल्लो समयमा विभिन्न संघ संस्था, नेपाल सरकारका साथै नगरिक समाजको सक्रिय पहलमा सञ्चालन भएका "एक घर एक चर्पी कार्यक्रम", "खुला दिशा मुक्त क्षेत्र कार्यक्रम" लगायत जनचेतनामुलक कार्यक्रहरुले गाउँपालिकामा शैचालयको प्रयोग बढ्दै गएको छ।

### ५.३.३.६ फोहोरमैला व्यवस्थापनको अवस्था

रासी गाउँपालिकाका भित्री भूभागमा बसोबास गर्ने घर परिवारहरुले आफ्नो फोहोर आफै व्यवस्थापन गर्ने गरेको पाइएको छ। हाल गाउँपालिकामा उत्पादित फोहोर आफै व्यवस्थापन गर्ने, खोल्सा खोल्सीमा खाल्टा बनाइ पुर्ने गरेको देखिएको छ। गाउँपालिका पार्श्वचित्र २०७६ अनुसार साना बजारी क्षेत्र तथा राजमार्ग आसपासका बाक्लो बस्ती

भएको स्थानबाट संकलन भएको फोहरमैलालाई गाउँपालिकाले ट्र्याक्टर मार्फत संकलन गरी सुरक्षित रुपमा विसर्जनको शुरुवात गरिएको पाईएको छ।

### ५.३.४ भौतिक/सामुदायिक पूर्वाधार

#### ५.३.४.१ यातायात पूर्वाधार

रासी गाउँपालिकाका सबै वडाहरू सडक सञ्जालमा जोडीए पनि बाह्रै महिना चल्ने सडक सञ्जाल विस्तार हुन सकेको छैन। गाउँपालिकामा टेक्टर, गाडा, साइकल, बस, मोटरसाइकलहरूको उपयोग गरिएको देखिन्छ। गाउँपालिकामा बस सेवा चालु रहेको छ। पूर्व पश्चिम महेन्द्र राजमार्गको भालुवाङ - लमही सडक खण्डको सिङ्गेसम्म (१५ किलोमिटर) स्तरीय कालोपत्रे सडक रहेको छ। त्यसैगरी गाउँपालिका भित्र ७१.२३ कि.मि कूल लम्बाई भएका ३ वटा नगरस्तरीय सडकहरु रहेका छन्। जसमध्ये २२.१८ कि.मि. सडक ग्राभल गरिएको छ भने ४६.१३ कि.मि. कच्ची र २.९२ कि.मि. सडक ट्र्याकखोल्ने अवस्थामा रहेको छ।

#### ५.३.४.२ उर्जा आपूर्ती

रासी गाउँपालिकाका सबै वडाहरुमा विद्युतीकरणको काम नेपाल विद्युत प्राधिकरणले गर्दै आएको छ। गाउँपालिका पार्श्वचित्र २०७६ अनुसार यस गाउँपालिका रहेका घरधुरीहरु मध्ये ९०.६८ प्रतिशत घरले बत्ती बाल्नको लागि राष्ट्रिय प्रसारण लाईनको बिद्युत प्रयोग गर्ने गरेको पाईएको छ। त्यसैगरी बत्तीको लागि सोलार बत्ती प्रयोग गर्ने ४.४७ प्रतिशत र मट्टीतेल टुकी प्रयोग गर्ने घरधुरी १.८४ प्रतिशत रहेका छन्। वडागत रुपमा बत्तीको लागि इन्धन प्रयोगको अवस्था विवरण तालिकामा तल प्रस्तुत गरिएको छ।

तालिका ५.२२: रासी गाउँपालिकाका वडाहरुमा बत्ती बाल्न प्रयोग गरिने उर्जाका स्रोतहरुको विवरण

| वडा नं | मट्टितेल | सोलार | राष्ट्रिय प्रसारणको लाइन | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | ४० | ७ | १०७२ | ४७ | ११६६ |
| २ | १० | १३ | १२८१ | ३८ | १३४२ |
| ३ | २ | ५ | १२०७ | २७ | १२४१ |
| ४ | २३ | १ | ११७७ | १४ | १२१५ |
| ५ | ३ | ८४ | ६२८ | ४१ | ७५६ |
| ६ | १४ | १३ | ८७० | २१ | ९१८ |
| ७ | ४० | ६ | ७८९ | १० | ८४५ |
| ८ | १६ | ३ | ८९३ | ८ | ९२० |
| ९ | १३ | २६० | ३० | ५७ | ३६० |
| **जम्मा** | **१६१** | **३९२** | **७९४७** | **२६३** | **८७६३** |

स्रोत: रासी गाउँपालिकाको पार्श्वचित्र, २०७६



तस्बिर ५. २१: रासी गाउँपालिकामा बत्ती बाल्न प्रयोग गरिने उर्जाको अवस्था

त्यसैगरी गाउँपालिकामा रहेका धेरैजसो घरधुरीहरुले खाना पकाउन प्रयोग गर्ने ऊर्जाको प्रमुख श्रोत दाउरा हो। गाउँपालिका ५१.७४ प्रतिशत घरधुरीले खाना दाउराले पकाउने गर्दछन् भने ३१.४४ प्रतिश घरधुरीले सिलिण्डर ग्याँस मार्फत खाना पकाउने गर्दछन्। यस बाहेक १६.३९ प्रतिशत घरधुरीमा बाँयोग्यास जडान गरिएको पाईएको छ। वडागत रुपमा उक्त विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ;

तालिका ५.२३: रासी गाउँपालिकाका वडाहरुमा खाना पकाउन प्रयोग गरिने उर्जाका स्रोतहरुको विवरण

| वडा नं | दाउरा | मट्टितेल | विध्युत | बायोग्याँस | सिलिणडर ग्याँस | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ६५४ | ० | २२ | ५९ | ४२९ | २ | ११६७ |
| २ | ७४६ | ० | २ | १२५ | ४६८ | १ | १३४४ |
| ३ | ६२३ | ० | ० | १८३ | ४३४ | १ | १२४१ |
| ४ | ५९३ | ० | ० | २०९ | ४१२ | १ | १२१५ |
| ५ | ४६४ | ० | २ | १७३ | ११६ | १ | ७५६ |
| ६ | ४०२ | ० | २ | १७६ | ३३८ | ० | ९१८ |
| ७ | ४३३ | ० | १ | २६० | १५१ | ० | ८४५ |
| ८ | २६७ | ० | ० | २५१ | ४०१ | १ | ९२० |
| ९ | ३५२ | ० | ० | ० | ६ | २ | ३६० |
| जम्मा | ४५३४ | ० | २९ | १४३६ | २७५५ | ९ | ८७६३ |

स्रोत: रासी गाउँपालिकाको पार्श्वचित्र, २०७६




तस्बिर ५. २२: राप्ती गाउँपालिकामा खाना पकाउन प्रयोग गरिने उर्जाको अवस्था

**५.३.४.३ सञ्चार**

राप्ती गाउँपालिकामा जिल्ला तथा केन्द्रबाट सिधा प्रशारण भएका एफ.एम. र रेडियो नेपाल लगायत विभिन्न स्टेसनहरु सुन्न सकिन्छ। गाउँपालिकाका सबै वडाहरूमा नेपाल टेलिकम र एनसेल दुवैको मोवाइल फोन सेवा उपलब्ध रहेको छ।त्यस्तै गाउँपालिकामा राष्ट्रिय दैनिक पत्रिकाहरु नियमित रुपमा आउने गर्दछन्। गाउँपालिका पार्श्वचित्र २०७६ अनुसार स्थानीय रुपमा वडा नं. १ को भालुवाङ्ग बजारबाट साप्ताहिक देऊखुरी टुडे नामक पत्रिका प्रकाशन हुने गरेको छ। यसैगरी दैनिक चिठ्ठी पत्र आदानप्रदानको लागि भालुबाङ्ग, मसुरिया र सिसहनियामा हुलाक कार्यालयहरु रहेका छन्। यद्धपि प्रविधिको बढ्दो प्रयोगका कारण हाल हुलाक सेवाको प्रयोग कम हुँदै आएको छ। गाउँपालिकामा दुरसंञ्चार सेवा प्रदायक कम्पनी नेपाल टेलिकमको कार्यालय पाखापानीमा रहेको छ। यहाँबाट मोवाईल, ल्याण्डलाइन, एडिएसल इन्टरनेट लगायतका सेवा प्रदान गरिदै आएको छ। यस बाहेक नीजि स्तरमा एनसेलले मोवाएल र इन्टरनेट सेवा विस्तार गरेको छ। हाल आयोजनास्थलमा नेपाल टेलिकमको टावर कम टिप्ने तथा गुणस्तर कम भएको पाईएको छ। त्यस्तै गाउँपालिकाको वडा न. २ मा ५०० वाटको रेडियो राप्ती ९८.४ मेघाहर्ज स्थापना तथा प्रसारण हुदै आएको छ।

**५.३.४.४ बजार**

राप्ती गाउँपालिका गाउँपालिकामा स्थानीय कृषि उपजहरु खरिद तथा विक्रीको लागि साना तथा मझौला व्यापारी मार्फत गाउँबस्तीहरुबाटै संकलन गरी नजिकै भालुवाङ, पिपरी, सिसनिया, लालमटिया, मौरीघाट आदी बजारमा विक्री गर्ने गरिएको छ। गाउँपालिकाको पार्श्वचित्र २०७६ अनुसार उत्पादन भएका कृषि जन्य उपजहरु लमही नगरपालिका क्षेत्रमा समेत विक्री वितरण गर्ने गरिएको छ। दैनिक उपभोग्य वस्तुहरु खरिद तथा बिक्रीका लागि स्थानीय बजारहरु मार्फत गर्ने गरिएको छ। गाउँपालिका भित्र व्यापार तथा व्यबसाय संञ्चालनको लागि विशेषगरी पूर्व पश्चिम राजमार्ग जोडिएको साना बजारी क्षेत्रहरुमा व्यापार फष्टाएको पाईन्छ। भालुवाङ्ग, सिसनिया, मौरीघाट, पिपरी, सग्रापुर आदि स्थानहरु व्यापारिक केन्द्रको रुपमा विकास हुदै गएका छन्। वडा न. १ को भालुवाङ बजार दाङ जिल्लाबाट उत्तरी जिल्लाहरु जोड्ने

नाकाको रुपमा समेत विकास भएको छ। आयोजना स्थल साना व्यापारिक केन्द्र मध्येको एक मौरीघँटमा अवस्थित छ। आयोजना क्षेत्र प्रदेश राजधानी तथा प्रशासनिक केन्द्र रहने भएकाले बजार बढ्ने र बिस्तार हुने देखिन्छ।

**५.३.४.५ सिंचाई प्रणाली**

गाउँपालिकामा सतही एवं भूमीगत जल सिंचाईको उपलब्धता रहेको छ। कृषिको लागि उर्वर माटो भएको र गाउँपालिकामा ठूलो जनसंख्या कृषिमा निर्भर रहेको हुँदा प्राकृतिक स्रोतको उपयोग गरी सबै खेतियोग्य जमिनमा सिंचाई सुविधा पुऱ्याउन सके रोजगारीका अवसर बढ्नुका साथै कृषि उत्पादनमा पनि प्रशस्त बृद्धि हुने देखिन्छ।

**५.३.४.६ उद्योग/कलकारखाना**

यस गाउँपालिकामार्फत् विभिन्न पहाडी जिल्लाहरूसँगको व्यापार समेत हुने गरेको छ। यहाँ विभिन्न बजारहरु व्यापार व्यवसायका लागि प्रशिद्ध रहेका छन्। यस्ता बजारहरूबाट विशेषगरी खुद्रा व्यापार हुने गरेको छ। यसैगरी रासी गाउँपालिकाबाट थोक व्यापार समेत हुने गरेको छ। थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित खाद्य वस्तु चामल, पिठो, तेल अन्य पहाडी तथा तराईका जिल्लासँग हुने गरेको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै विदेशी वस्तुको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत उल्लेख्य मात्रामा थोक र खुद्राबिक्री यस गाउँपालिकाबाट हुने गरेको पाईएको छ।

**५.३.५ आर्थिक**

**५.३.५.१ रोजगारी/पेशा/व्यवसाय**

गाउँपालिकाको अर्थतन्त्र मुख्यतयाः कृषि, व्यापार, उद्योग, थोक तथा खुद्रा बजार, होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। खेती किसानीको लागि उपयुक्त हावापानी, माटोको बनोट तथा समतल जमिन भएको यस गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएकोले अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। आयोजना क्षेत्रका मूख्य पेशाहरु तरकारी खेती, बस्तुभाउ पालन, र कुखुरा पालन रहेका छन्। आयोजना क्षेत्रका स्थानीय रोजगारीको लागि भारत र खाडी मुलुक जाने गरेका छन्।

**५.३.५.२ जग्गाको स्वामित्व**

रासी गाउँपालिकामा बसोबास गर्ने परिवारमा महिला र पुरुष दुबैमा जमिनको स्वामित्व रहेको छ। तर पनि गाउँपालिकामा जग्गाको स्वामित्वमा अझैपनि लैङ्गिक असमानता रहेको पाईएको छ। महिलाभन्दा पुरुषहरुमा जग्गाको स्वामित्व बढी रहेको देखिन्छ।

**५.३.५.३ कृषी उत्पादन**

रासी गाउँपालिकाको कृषि उत्पादनमा प्रमुख रुपमा धान, मकै तथा गहुँ रहेको छ। साथै गाउँपालिकाका केही वडाहरु मकै उत्पादनका लागि सुपरजोनका रुपमा रहेको छ। त्यस्तै गाउँपालिकामा उत्पादन हुने प्रमुख नगदेबालीहरु बेसार, जडिबुटी तथा पहाडी क्षेत्रमा अदुवाको खेति रहेका छन्। यस्ता उत्पादन भएका नगदेबालीहरु स्थानीय खपतका साथै नजिकको बजारमा किसानहरुले संकलन गरी विक्री वितरण समेत गर्ने गरेको पाईएको छ। यस क्षेत्रमा तोरी उत्पादन धेरै हुने भएकोले मौरी चरनको लागि रुखविरुवा प्रशस्त पाईने हुनाले यो क्षेत्र मौरी तथा मह उत्पादनको लागि समेत अनुकुल रहेको पाईएको छ। यस गाउँपालिकाका क्षेत्रमा उत्पादन हुने प्रमुख फलफूलहरु आँप, लिची, केरा, नासपाती, मेवा तथा अमिलो जातका फलफूलहरु रहेका छन्।

**५.३.५.४पशुपालन**

गाउँपालिकामा पालिने मुख्य घरपालुवा जनावरहरु गाई, भैंसी र बाख्रा रहेका छन्। यसबाट गाउँबासीहरुको जीविकोपार्जनमा उल्लेख्य सुधार भैरहेको पाईएको छ। पशुजन्य उत्पादनहरु जस्तै, दुध, दही, घिउ तथा मासुका लागि कुखुरा, खसी, बोकाहरुको बिक्रीबाट आम्दानी बढेको देखिन्छ। यहाँ डेरी उद्योग, व्यापारिक फार्म, गाइ, भैसी, कुखुरा फार्महरु लगायतका कृषिजन्य उद्योगहरु रहेका छन। रास्री गाउँपालिकामा कुखुरा तथा पशुजन्य मासुको उत्पादनमा हुनुका साथै नजिकका अन्य बजारहरूमा बिक्री वितरण गर्दै आईरहेको छ।

**५.३.५.५ आय आर्जन र खर्च**

गाउँपालिकाका स्थानीयको आम्दानीको स्रोत कृषी क्षेत्रबाट आयआर्जन, व्यापार व्यवसाय, वैदेशिक रोजगार, सेवा आदी रहेका छन्। त्यस्तै खर्चका स्रोतहरु दैनिक उपभोग्य सामान, ईलेक्ट्रोनिक्स सामान, लत्ताकपडा, स्टेसनरी आदि रहेका छन्। आयोजना क्षेत्रका ज्यामी (बलको काम गर्ने) मजदुरले दैनिक ८५० रुपैंया कमाउँछन् भने कृषी सम्बन्धी काम गर्ने पुरुष मजदुरले दैनिक ६५० रुपैंया र महिलाले ४०० पाउँछन्। त्यसैगरी सिकर्मीले दैनिक ७०० रुपैंया कमाउँछन्।

**५.३.६ जलउपयोग**

गाउँपालिकामा सतही एवं भूमीगत जल सिंचाईको उपलब्धता रहेको छ। कृषिको लागि उर्वर माटो भएको र गाउँपालिकामा ठूलो संख्यामा जनता कृषिमा निर्भर रहेको हुँदा प्राकृतिक स्रोतको उपयोग गरी सबै खेतियोग्य जमिनमा सिचाई सुविधा पुऱ्याउन सके रोजगारीका अवसर बढ्नुका साथै कृषि उत्पादनमा पनि प्रशस्त बृद्धि हुने देखिन्छ। आयोजना स्थलमा कुनै पनि सिंचाई कुलो रहेका छैनन्।

**५.३.७ संस्कृती**

**५.३.७.१ ऐतिहासिक र साँस्कृतिक धरोहर**

गाउँपालिकामा प्राकृतिक मनोरम डाँडाहरु तथा नदीहरु र हरियाली क्षेत्रहरु रहेकाले पर्यटकीय हिसाबमा रास्री उपत्यका महत्वपूर्ण रहेको छ। रास्री गाउँपालिकामा हिन्दूहरुको प्रसिद्ध धार्मिक स्थल लभद्राक्षीदेवी मन्दिर रहेको छ। यहाँ बर्षेनी सयौं धार्मिक पर्यटकहरु दर्शनको लागि आउने गर्दछन्। त्यस्तै थारु र मगर बसोबास थलो रहेकोले यो गाउँपालिकाका जातीय तथा सांस्कृतिक दृष्टिकोणले समेत महत्वपूर्ण रहेको छ।

**५.३.७.२ साँस्कृतिक मान्यता, चालचलन र परम्परा**

रास्री गाउँपालिका सँस्कृति, कला, भाषा तथा साहित्यका दृष्टिकोणले धनी गाउँपालिकाका रुपमा हेरेको छ। गाउँपालिकामा विभिन्न किसिमका जातजाति, धर्म र भाषाभाषी बोल्ने परिवारहरुको बसोबास रहेको छ। गाउँपालिकामा बसोबास गर्दै आएका थारु र मगर समुदाय मौलिक सँस्कृतिको दृष्टिले धनी छन्। आदिवासी थारु र मगर समुदायको मौलिक सँस्कृति, चालचलन, भेषभूषा, भाषा, लवाइखवाइ साँस्कृतिको सम्पदाको रुपमा बनेको छ। चाडपर्व वा अन्य कुनै औपचारिक कार्यक्रममा मात्रै जातीगत रुपमा आफ्नो पोशाक लगाउने गरेको पाईन्छ।



Innovative Vision

## ५.३.८ भाषा

### ५.३.८.१ स्थानीय भाषा र बोल्ने समुदाय

यस गाउँपालिकामा बसोबास गर्ने व्यक्तिहरूले बोल्ने विभिन्न मातृभाषाहरूमा विविधता रहेको पाइन्छ। मातृभाषाअनुसार जनसंख्याको तुलनात्मक अध्ययन गर्दा यस गाउँपालिकामा नेपाली भाषापछि सबैभन्दा बढी थारु भाषाको प्रयोग गरिन्छ। अन्य मातृभाषाहरु मगर, गुरुङ, अबधि, हिन्दी, भोजपुरी आदि रहेका छन्।

### ५.३.८.२ मातृभाषा बोल्ने समुदाय

गाउँपालिकाको पार्श्वचित्र २०७६ अनुसार गाउँपालिकामा ११ विभिन्न भाषा बोल्ने जनसंख्या पाईएको छ। जसअनुसार सबैभन्दा धेरै ४७.७७ प्रतिशत जनसंख्याले नेपाली भाषा बोल्ने गर्दछन्। दोस्रोमा थारु भाषा बोल्ने ४७.३७ प्रतिशत रहेको देखिन्छ। त्यसैगरी मगर भाषा बोल्ने जनसंख्या ३ प्रतिशत रहको पाईन्छ। विभिन्न जातजाती अनुसार आफ्नो मातृभाषा बोल्ने गरेको भएपनि माध्यम भाषाको रुपमा नेपाली भाषानै प्रयोग गर्ने गरिएको छ। आयोजना क्षेत्रमा नेपाली र थारु भाषा प्रमुख भाषाका रुपमा रहेका छन्। वडागत आधारमा भाषाअनुसारको जनसंख्या विवरण तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५.२४: रासी गाउँपालिकामा बोलिने मातृभाषाको विवरण

| वडा नं | नेपाली | थारु | मगर | गुरुङ | अवधी | हिन्दी | तामाङ | नेवारी | मैथिलि | भोजपुरी | उर्दु | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५०२६ | २१ | २४ | ० | ० | १६ | २ | ४ | १२ | ० | ० | ० | ५१०५ |
| २ | ४६६८ | १५३३ | ४८६ | ७० | ३ | १० | ६ | १६ | ० | ० | ० | ० | ६७९२ |
| ३ | २०८९ | ४२२२ | ३०९ | ९ | ० | ४ | २ | ० | ० | १ | ० | ५ | ६६४१ |
| ४ | ३०३३ | २९१५ | ९ | १ | ० | २ | ० | ० | ० | १ | ० | १ | ५९६२ |
| ५ | १८१९ | २०४७ | २७ | ० | ० | ० | ० | ० | १ | १ | ० | ९ | ३९०४ |
| ६ | ८९६ | ४१९४ | ११ | ० | ८४ | ० | १ | ० | ० | ३ | १ | ० | ५१९० |
| ७ | ९५८ | ३५२८ | ५७ | १ | ० | ४ | २ | २ | ० | ० | ० | २ | ४५५४ |
| ८ | १४२६ | ३५९२ | ४१६ | १०२ | १ | ३ | ० | ० | ० | ० | ० | २२ | ४५६२ |
| ९ | १७१३ | ० | १० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १७२३ |
| जम्मा | २१६२८ | २१०५२ | १३४९ | १८३ | ८८ | ३९ | १३ | २२ | १३ | ६ | १ | ३९ | ४४४३३ |

स्रोत: रासी गाउँपालिकाको पार्श्वचित्र, २०७६

Innovative Vision




तस्बिर ५. २३: रासी गाउँपालिकामा बोलिने मातृभाषाको अवस्था

### ५.३.९ चाडवाड र अन्य प्रथा

#### ५.३.९.१ प्रमुख चाडबाड र समारोह

यस गाउँपालिकामा विभिन्न जाती, धर्म, सम्प्रदाय र भेषभुषाका मानिसहरु बसोबास गर्दछन्। यहाँ अधिकांश हिन्दू धर्म मान्ने मानिसहरु रहेका छन् भने मुस्लिम र ईसाई धर्म मान्ने मानिसहरु पनि छन्। सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरु छन्। जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, होली, चैते दशैं, साउने-माघे सक्रान्ती, माघी, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, स्वस्थानी पूर्णिमा, कर्कट संक्रान्ति, संकट पूजा, बुद्धजयन्ती, ईद, वकर ईद, इदुलफितर, क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष आदि चाडपर्वहरु रहेका छन्।

तिथी र विशेष पर्वको अवसरमा यस क्षेत्रमा रहेका धार्मिक स्थलहरुमा विभिन्न धार्मिक तथा सांस्कृतिक जमघट समेत हुने गरेको पाईएको छ। शिवरात्रीको दिन गाउँपालिकाको वडा न. ८ को पिपरीमा मेला लाग्ने गर्दछ भने वडा न. २ को हर्सेडाँडा मन्दिरमा नवरात्र मेला, वडा न. ७ को अन्तन्तपुर रामघाट मेला, वडा न. ५ को खौराहाबाबा मेला आदि विशेष रहेका छन्।

#### ५.३.९.२ अन्तिम संस्कार गर्ने स्थल र प्रचलन

गाउँपालिकाका अधिकांश मानिसहरूले धर्मको रुपमा सनातन हिन्दू धर्मलाई अपनाएको हुनाले नदी किनारमा दाहसंस्कार गर्ने चलन रहेको छ। आयोजना स्थलसँग जोडिएका कुनै पनि अन्तिम संस्कार स्थलहरु रहेका छैनन्।

### ५.३.१० शान्ती सुरक्षाको अवस्था

स्थलगत अध्ययनको क्रममा आयोजना क्षेत्रको शान्ती सुरक्षाको अवस्था सामान्य राप्ती गाउँपालिकको कार्यालय नजिकै भालुवाङमा प्रहरीचौकी रहको छ। उक्त क्षेत्रको शान्ति र सुरक्षा त्यहाँ अवस्थित प्रहरी चौकीले हेर्ने गरेको छ। सुरक्षाकर्मीको सक्रिय निगरानी तथा सवारी साधनको आवतजावतको अनुगमनले अवाञ्छित क्रियाकलापहरु रोक्न मद्धत गरेको पाईयो। आयोजना स्थल लाललमटीया क्षेत्रमा पछिल्लो समय चोरी, डकैति र आपराधिक गतिबिधिहरु भएको पाईएको छैन। आयोजना क्षेत्र लुम्बिनी प्रदेश सरकारको प्रशासनिक केन्द्र बन्ने भएकोले यो क्षेत्रको शान्ति र सुरक्षाको लागि थप काम गर्नुपर्ने देखिन्छ।

# परिच्छेद-६

## प्रस्तावको विकल्प विश्लेषण

आयोजनास्थल साविक राप्ती प्राविधिक शिक्षालय सञ्चालनमा रहेको स्थानमा प्रस्ताव गरिएकाले आयोजनाको कार्यान्वयनबाट प्राविधिक शिक्षालयको स्थानान्तरण भएको छ। हाल राप्ती प्राविधिक शिक्षालयले शिक्षालयका प्रशासनिक, कक्षाकोठा र प्रयोगशालाका सामग्रीहरु राप्ती उपत्यकाको गढवा गाउँपलिका वडा नं. ३ गोबरडिहा स्थित श्री सरस्वती उच्च माध्यामिक विद्यालय परिसरमा स्थानान्तरण गरीरहेको छ। लुम्बिनी प्रदेश सरकारले नेपाल सरकारबाट उक्त जमिनको भोगाधिकार पाईसकेको छ। यसर्थ आयोजना कार्यान्वयनबाट शिक्षालयको स्थानान्तरण भएको छ। आयोजनास्थलमा हाल भवन तथा संरचना विद्यमान रहेको र विद्यमान प्रकृतीकै आयोजना प्रस्ताव गरिएको छ।

| विकल्प | अनुकूल वातावरणीय प्रभाव | प्रतिकूल वातावरणीय प्रभाव |
|---|---|---|
| **विकल्प १: हाल प्राविधिक शिक्षालय रहेको स्थानमा आयोजना निर्माण गर्ने** | | |
| **डिजाइन:** ईन्जिनियरिङ डिजाईन अनुसार भवन तथा संरचनाहरुको निर्माण गर्ने। | भवन तथा संरचनाहरु बलियो हुने तथा विपद्को समयमा समेत सेवा प्रवाह गर्न सक्ने। हाल विद्यमान संरचना भन्दा आधुनिक र व्यवस्थित संरचना निर्माण गरिने। | - |
| **आयोजना स्थल:** हाल राप्ती प्राविधिक शिक्षालय सञ्चालनमा रहेको स्थानमा शिक्षालयलाई स्थानान्तरण गरी आयोजना कार्यान्वयन गर्ने। | - | राप्ती प्राविधिक शिक्षालय पूर्वपश्चिम महेन्द्र राजमार्गको पहुँचबाट टाढा रहेको गोबरडिहा मा सञ्चालन गरिने। हाल अध्ययन गरिरहेका र नयाँ विद्यार्थीलाई उक्त स्थानमा डेरा पाउन समस्या। अहिलेको शिक्षालयबाट पैदल जान करिब ४५ मिनेटको समय लाग्ने। |
| **भू-बनौट:** भवन, बाटो, घाँसे मैदान र रुख बुटाहरु रहेको समथर जमिन। | भूबनोटमा उल्लेख्य परिवर्तन नहुने। | - |
| **अपनाईने प्रविधि:** जग खन्न एस्काभेटर र मानव शक्तिको प्रयोग गरिनेछ। भवन निर्माणको लागि आवश्यक सामान तलमाथि गर्न क्रेन समेत प्रयोग गर्न सकिनेछ। | आयोजना समयमै सकिने। प्रदूषण समय घट्ने। | - |
| **सञ्चालन विधि:** यस आयोजननाको लागि असान्दर्भिक | - | - |

<table>
<tr><th>विकल्प</th><th>अनुकूल वातावरणीय प्रभाव</th><th>प्रतिकूल वातावरणीय प्रभाव</th></tr>
<tr><td>समय तालिका: वर्षाको समय (जेठ १५ देखी भदौ १५ सम्म ३ महिना) बाहेक अन्य समयमा जग खन्ने काम नगर्ने। अन्य निर्माणका कामहरु वर्षैभरी गरिने।</td><td>हिलो र तत्पश्चात सिर्जना हुने धुलोको समस्या कम हुने।</td><td>आयोजनाको काम गर्ने तालिका प्रभावित हुन सक्ने।</td></tr>
<tr><td>कच्चा पदार्थ: आयोजनाका संरचनाहरु निर्माण गर्दा स्वीकृत प्राप्त स्थानीय क्रसर उद्योगबाट ढुङ्गा, गिटी र बालुवा खरिद गर्ने।</td><td>क्रसर उद्योगबाट आयोजनालाई आवश्यक ढुङ्गा, गिटी र बालुवा खरिद गरिने भएकोले स्थानीय खोला नालाहरुमा असर नपर्ने।</td><td>-</td></tr>
<tr><td>वन तथा सरकारी जग्गाको प्रयोग: हाल भवन तथा संरचना निर्माण भई सञ्चालनमा रहेको १२.१६ हेक्टर सरकारी पर्ती ऐलानी जमिनको प्रयोग गर्ने। वन क्षेत्र प्रयोग नगर्ने।</td><td>राष्ट्रिय वन क्षेत्र क्षति नहुने।</td><td>-</td></tr>
<tr><td colspan="3">प्रतिकूल असर: यस आयोजनाको प्रतिकूल प्रभाव अनुच्छेद ७ मा वर्णन गरिएको छ।</td></tr>
<tr><td colspan="3">विकल्प २: शिक्षालयको पूर्वतर्फ रहेको खाली जमिनमा आयोजना कार्यान्वयन गर्ने<br>साविक राप्ती प्राविधिक शिक्षालयको पूर्वतर्फ करिब ५.६ हेक्टर खाली सरकारी जमिन रहेको छ। उक्त स्थान हाल खुला चउरको रुपमा रहेको छ। आयोजना कार्यान्वयनको लागि १२ हेक्टर भन्दा बढि जमिन आवश्यक पर्ने भएकोले उक्त खाली जमिनबाट पूर्ती नहुने देखिन्छ। भविष्यमा प्रदेश सरकारले संरचना विस्तार गर्नु परेमा उक्त जमिन प्रयोग गर्न सकिने बिकल्प रहेकाले प्रस्ताव गरिएकै स्थल उपयुक्त रहेको।</td></tr>
<tr><td colspan="3">विकल्प ३: आयोजना कार्यान्वयन नगर्ने<br>लुम्बिनी प्रदेशको राजधानी राप्ती उपत्यकामा निर्माण गर्ने भनि लुम्बिनी प्रदेशको सार्वभौम प्रदेश सभाको निर्णय बमोजिम प्रदेश सरकारले लालमटीयामा प्रदेश राजधानी निर्माण गर्ने प्रस्ताव गरेको हो। त्यसैगरी आयोजना स्थल वन क्षेत्रमा प्रस्ताव नगरिएकाले राष्ट्रिय वन क्षेत्रमा क्षति हुने देखिदैन। उक्त स्थलमा हाल प्रदेश सभा भवन निर्माणाधिन रहेको र प्राविधिक शिक्षालयलाई गोबरडिहास्थित श्री सरस्वती माध्यामिक विद्यालयको संरचना उपयोग गर्न आवश्यक तयारी भई स्थानान्तरण भैरहेको अवस्थामा आयोजना कार्यान्वयन नगर्ने बिकल्प उपयुक्त देखिंदैन।</td></tr>
</table>

Innovative Vision

# परिच्छेद-७

## प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव

यस खण्डमा स्वीकृत कार्यसूचीको आधारमा प्रस्ताव कार्यान्वयन गर्दा आयोजना क्षेत्रको भौतिक, जैविक र सामाजिक, आर्थिक र साँस्कृतिक वातावरणमा पर्ने सकारात्मक तथा नकारात्मक प्रभावहरुलाई मूल्याङ्कन तथा विश्लेषण गरिएको छ। अध्ययनको क्रममा पत्ता लागेका नयाँ सवाललाई पनि यस खण्डमा समावेश गरि विश्लेषण र मूल्याङ्कन गरिएको छ। विश्लेषणको क्रममा निर्माण अवधी, प्रभावको प्रकृती (प्रत्यक्ष/अप्रत्यक्ष), परिमाण, सीमा र समयावधिलाई ख्याल गरिएको छ। प्रस्तावित आयोजनाको निर्माण पूर्व, निर्माण र सञ्चालनको चरणमा पर्न सक्ने प्रभावहरुलाई निम्न उपखण्डहरुमा विभाजन गरिएको छ;

### ७.१ सकारात्मक प्रभावहरु

प्रस्तावित आयोजनाको कार्यान्वयनबाट आयोजना क्षेत्र र वरीपरीको भौतिक, जैविक र सामाजिक तथा साँस्कृतिक वातावरणमा पर्ने सकारात्मक प्रभावहरु यसप्रकार रहेका छन्;

**१) आयोजना क्षेत्रमा आर्थिक गतिबिधि बढ्ने तथा स्थानीय अर्थव्यवस्था (economy) मा वृद्धि हुने**

प्रस्तावित आयोजनाको निर्माण अवधि ४ वर्ष रहेको छ। निर्माण प्रश्चात लुम्बिनी प्रदेश राजधानीका सम्पूर्ण प्रशासनिक गतिबिधिहरु प्रस्तावित स्थानबाटै सञ्चालनमा आउनेछन्। निर्माण अवधिमा ९२५ जना कामदार नियमित रुपमा आवश्यक पर्ने भएकोले दैनिक उपभोग्य सामानको खरिद बिक्रिले आयोजना क्षेत्रमा आर्थिक गतिबिधि बढ्ने देखिन्छ। त्यसैगरी निर्माण चरणमा आवश्यक निर्माण सामाग्री जस्तै सिमेन्ट, रड, इट्टा, ढुङ्गा, गिट्टि, बालुवा, आदि चाहिने हुनाले र यी निर्माण सामाग्रीहरु स्थानीय वा नजिकको बजारबाट आपूर्ति हुने हुँदा स्थानीय व्यापार व्यवसाय बढ्ने देखिन्छ। अर्कातर्फ आयोजना निर्माण पश्चात प्रदेश राजधानीमा प्रशासनिक कामकाजको लागि आउने मानिसहरुको आवतजावात, उनीहरुले गर्ने खर्चले स्थानीय अर्थव्यवस्थालाई थप मजबुत बनाउने देखिन्छ। प्रदेश राजधानीको कार्यान्वयनसँगै अन्य विकासका संरचनाहरु निर्माण हुने र आयोजना क्षेत्र शहरीकरण हुने भएकाले निर्माणको समयमा बढेको अर्थव्यवस्था सञ्चालनको समयमा उल्लेख्य वृद्ध भई दिगो रुपमा कायम हुने देखिन्छ। यसर्थ यसप्रकारका गतिबिधिले स्थानीय कामदारले काम पाउने, उत्पादित चिजवस्तुले बजार र भाउ पाउने हुँदा आयोजना क्षेत्रको समग्र आर्थिक गतिविधि बढ्ने तथा अर्थव्यवस्थामै वृद्धि हुने देखिन्छ।

*आँकलन गरिएको प्रभाव उच्च परिमाणको, स्थानीय फैलावटको, दिर्घकालिन समयको लागि प्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले अति उच्च स्तरको सकारात्मक प्रभाव रहेको छ।*

**२) रोजगारीको अवसर सृजना हुने**

आयोजना निर्माणको लागि ४ वर्षको अवधिमा २७ लाख ७५ हजार दिन दक्ष तथा अर्धदक्ष कामदारहरु चाहिन्छ। उक्त जनशक्ति दैनिक ९२५ जना बराबरको हुन आउँछ। आयोजना निर्माणको क्रममा ठूलो जनशक्ति आवश्यक पर्ने भएकोले स्थानीय तथा क्षेत्रिय स्तरमा कामदार लाभान्वित हुने देखिन्छ। त्यसैगरी आयोजना निर्माण पश्चात आयोजना क्षेत्रमा शहरीकरण हुने भएकोले प्रदेश राजधानी निर्माणले दिगो रोजगारी सृजना गर्ने देखिन्छ। आयोजना क्षेत्रमा राप्ती प्राविधिक विद्यालयले स्थानीयस्तरमा शैक्षिक रुपमा योग्य, सीप, र क्षमता भएका जनशक्ति उत्पादन गरिरहेको र भविष्यमा पनि गरिरहने भएकोले प्रदेश राजधानी निर्माणबाट राप्ती उपत्यका सबैभन्दा बढी लाभान्वित हुने देखिन्छ। त्यसैगरी आयोजनाको सञ्चालन अवधिमा अप्रत्यक्ष रुपमा विभिन्न अनौपचारिक क्षेत्रहरुमा (जस्तै होटल, रेष्टुरेन्ट,

पसलहरु र विभिन्न कार्यलयहरु) रोजगारीहरुको अवसर प्राप्त हुने तथा रोजगारीको अवसर सृजना हुनेछ। यसले लुम्बिनी क्षेत्रमा रोजगारीका अवसर बढाउन थप भूमिका खेल्ने देखिन्छ।

*आँकलन गरिएको प्रभाव मध्यम परिमाणको, क्षेत्रीय फैलावटको, दिर्घकालिन समयको लागि प्रत्यक्ष /अप्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले अति उच्च स्तरको सकारात्मक प्रभाव रहेको छ।*

**३) व्यापार व्यवसायको अवसर**

आयोजनाका कर्मचारी र कामदारहरुको वृद्धिले दैनिक उपभोग गर्ने बस्तुहरुको माग हालको बजार माग भन्दा बढि हुने देखिन्छ। उक्त माग पूर्तीको लागि स्थानीय कृषक तथा व्यापारीहरुले आफ्नो व्यापार व्यवसाय बढाउने अवसर प्राप्त गर्दछन्। यसर्थ आयोजना कार्यान्वयनबाट खाद्यान्न, तरकारी, फलफूल, मासु, दुग्ध तथा पेय पदार्थको व्यापार र होटल व्यवसायमा वृद्धि हुने देखिन्छ। त्यस्तै आयोजना सञ्चालनको अबधिमा बजार बिस्तार हुने, शहरीकरण हुने तथा मानिसहरुको चहलपहलम वृद्धि हुने भएकोले स्थानीयलाई व्यापार व्यवसायमा थप अवसर प्राप्त हुने देखिन्छ।

*आँकलन गरिएको प्रभाव मध्यम परिमाणको, स्थानीय फैलावटको, दिर्घकालिन समयको लागि प्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले उच्च स्तरको सकारात्मक प्रभाव रहेको छ।*

**४) प्रशासनिक सहजता**

हाल लुम्बिनी प्रदेशको मुकाम बुटवल शहरमा रहेको छ। प्रस्तावित आयोजना स्थलबाट प्रदेश मुकाम बुटवल करिब १५० किमि टाढा अवस्थित छ। स्थानीयलाई कामकाजको लागि हाललाई बुटवल आवतजावत गर्नु पर्ने बाध्यता छ। प्रदेश राजधानी निर्माण पश्चात प्रादेशिक सेवा सुविधाका लागि बुटवल आवतजावत गर्नु नपरी स्थानीय रुपमा सेवा सुबिधा लिन पाउँदा प्रशासनिक सहजता हुनेछ। यसले स्थानियको खर्च र समय पनि बचत हुनेछ। त्यसैगरी लुम्बिनी प्रदेशको स्थायी राजधानी स्थापनापछी प्रशासनिक गतिबिधिहरु छिटो, छरितो र सहज हुने; राजधानी स्थलबाट एकिकृत सुबिधा प्रदान गर्न सक्ने भएकोले समग्र लुम्बिनी प्रदेशमा बसोबास गर्ने आम मानिसहरुलाई प्रशासनिक सहजता हुने देखिन्छ।

*आँकलन गरिएको प्रभाव मध्यम परिमाणको, क्षेत्रीय फैलावटको, दिर्घकालिन समयको लागि प्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले अति उच्च स्तरको सकारात्मक प्रभाव रहेको छ।*

**५) सार्वजनिक सेवा र सुविधाहरुमा वृद्धि हुने**

प्रस्तावित आयोजना स्थल राप्ती गाउँपालिकाको लालमटीयामा रहेको छ। गाउँपालिकाले उपलव्ध गराउने सार्वजनिक सेवा सुविधाहरु सिमित रहेका छन्। प्रदेश राजधानी निर्माण पश्चात प्रदेश सरकारले त्यस स्थानको भौतिक संरचनाहरु जस्तै सडक खानेपानी ढल शिक्षा स्वास्थ्य सहरी विकासमा लगानी बढाउने छ। यसबाट सो क्षेत्रमा प्राप्त हुने सेवा सुविधाहरुमा पनि व्यापक बृद्धि हुनेछ। उक्त सुबिधा स्थानीयका लागि मात्र नभएर क्षेत्रिए स्तरमै उपलब्ध हुने हुँदा सार्वजनिक सेवा र सुविधाहरुमा वृद्धि हुने देखिन्छ।

*आँकलन गरिएको मध्यम परिमाणको, क्षेत्रीय फैलावटको, दिर्घकालिन समयको लागि प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले अति उच्च स्तरको सकारात्मक प्रभाव रहेको छ।*



Innovative Vision
for innovation at work

### ६) उत्पादित स्थानीय चिज/बस्तुले बजार पाउने

आयोजना क्षेत्रमा तिब्र शहरीकरण हुँदै गएको तथा बजार बिस्तार भैरहेको छ। प्रदेश राजधानी निर्माण भएपछि आयोजना क्षेत्रमा मानिसहरुको चहलपहल मात्र बढ्ने नभएर शहरिकरण समेत सुरु हुने देखिन्छ। आयोजना सञ्चालनको अवधिमा त्यस क्षेत्रको जनसङ्ख्यामा बृद्धि हुने तथा आगन्तुक बढ्न गई उत्पादित चिज/बस्तुले भाउ र बजार पाउने देखिन्छ।

*आँकलन गरिएको मध्यम परिमाणको, स्थानीय फैलावटको, दिर्घकालिन समयको लागि प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले उच्च स्तरको सकारात्मक प्रभाव रहेको छ।*

### ७) जमिनको मूल्य वृद्धि भई सम्पत्तीको मूल्याङ्कन बढ्ने

प्रदेश राजधानी निर्माण भएपछि आयोजना क्षेत्रमा शहरीकरण बढ्ने देखिन्छ। प्रदेश राजधानी, व्यवस्थित शहर, सेवा र सुविधाहरुले गर्दा प्रदेशका विभिन्न ठाउँहरुबाट प्रदेश राजधानीमा बसाईसराईमा तिव्रता आउने देखिन्छ। त्यसैगरी प्रदेश राजधानीमा होटल व्यवसायी, उद्योगपती र कर्पोरेट क्षेत्रको आवगमनले जमिनको माग उच्च हुन गई स्थानीयको जमिनको मूल्य वृद्धि हुने हुँदा सम्पत्तीको मूल्याङ्कन बढ्ने छ। सम्पत्तीको मूल्याङ्कन बढ्ने भएकोले बैङ्कमार्फत सहजै ऋण प्राप्त गर्नसक्ने, पेशा र व्यवसाय सञ्चालन गर्न सक्ने देखिन्छ।

*आँकलन गरिएको प्रभाव मध्यम परिमाणको, स्थानीय फैलावटको, दिर्घकालिन समयको लागि प्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले उच्च स्तरको सकारात्मक प्रभाव रहेको छ।*

## ७.२ नकारात्मक प्रभावहरु

### ७.२.१ भौतिक वातावरण

#### ७.२.१.१ निर्माण कार्य गर्नु पूर्वको चरण

#### १) कामदार शिविर तथा कार्यालय स्थापनासँग सम्बन्धित सवालहरु

आयोजना निर्माणको चरणमा कुल्ली, मिस्त्री, प्लम्बर, ईलेक्ट्रिसियन तथा निर्माण विशेषज्ञहरु आवश्यक पर्दछ। निर्माणको समयमा सामान्य श्रमिक, दक्ष कामदार, इन्जिनियर र सुपरभाइजर आवश्यकता पर्ने भएकोले कामदारका लागि शिविरको आवश्यकता पर्दछ। कामदार शिविर कामदार सुरक्षा र स्वास्थ्यका हिसाबले सुरक्षित बनाउनुपर्ने देखिन्छ। विशेषगरी गर्मिको समयमा तराई क्षेत्रमा सर्पदंश बढ्ने भएकाले कामदार शिविर सुरक्षित स्थानमा बनाउन पर्ने हुन्छ। त्यसैगरी वर्षातको समयमा शिविर डुबानमा पर्न सक्ने, मच्छडको टोकाईले डेङ्गु र अन्य रोगहरु फैलाउन सक्ने भएकोले शिविर निर्माणमा विशेष ध्यान दिनुपर्दछ। कामदार शिविर निर्माणको क्रममा कामदारका आधारभूत आवश्यकता र सुरक्षालाई ध्यान नदिई शिविर बनाईएमा जोखिम तथा दुर्घटना बढ्न सक्ने देखिन्छ। तर हाल प्राविधिक शिक्षालयमा रहेका भवनहरुलाई कामदार शिविरको रुपमा प्रयोग गर्न प्रस्ताव गरिएको र आयोजनाको कार्यालय स्थापना गरि सकिएकाले शिविर स्थापनासँग जोडिएको प्रभाव नगन्य हुने आँकलन गरिएको छ।

*आँकलन गरिएको प्रभाव न्यून परिमाणको, स्थलगत फैलावटको, अल्पकालिन समयको लागि प्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले नगन्य स्तरको नकारात्मक प्रभाव रहेको छ।*



Innovative Vision

**२) पार्किङ् स्थल स्थापनासँग सम्बन्धित सवालहरु**

निर्माणका समयमा आयोजनालाई आवश्यक निर्माण सामग्री ओसारपसार गर्न तथा आवतजावतको लागि टिपर, ट्रक, मिनी ट्रक, पिक-अप भ्यान, मोटरसाईकल आदिको आवश्यकता पर्दछ। त्यसैगरी जमिन खाली गर्न र जग खन्न निर्माणमा डोजर, स्काभेटर लगायतका हेभि सवारी साधनहरुको आवश्यक पर्दछ। सवारी साधानहरुलाई उचित स्थनमा पार्किङ नगरिएको खण्डमा एकातर्फ निर्माण र आवतजावतमा बाधा पुग्छ भने अर्कातर्फ दुर्घटनाको जोखिम समेत बढ्दछ। आयोजनाको पार्किङ् स्थल आयोजना परिसरभित्रै स्थापना गर्न प्रस्ताव गरिएको छ। पार्किङ क्षेत्र निर्माण गर्दा जमिनको माथिल्लो सतहको मलिलो माटो नास हुने, माटोको उर्बराशक्तिमा समेत कमि आउने, रसायनहरु तल्लो तटिय क्षेत्रमा मिसिने तथा माटो प्रदूषण हुन सक्ने देखिन्छ। तर आयोजनास्थल कृषी जमिन नरहेको र वरपरका कृषी जमिनबाट छुट्टै रहेकाले यस प्रभावबाट पर्ने असर नगन्य रहेको छ। आयोजनाले हरियाली क्षेत्र, बगैंचा र सजावट क्षेत्र निर्माणको लागि माथिल्लो सतहको माटो संरक्षण गरी छुट्टै राख्ने प्रस्ताव गरिसकेकाले प्रभावबाट पर्ने असर नगन्य छ।

*आँकलन गरिएको प्रभाव न्यून परिमाणको, स्थलगत फैलावटको, अल्पकालिन समयको लागि प्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले नगन्य स्तरको नकारात्मक प्रभाव रहेको छ।*

**३) आयोजनाको आन्तरिक सडक निर्माण सम्बन्धी सवालहरु**

आयोजनास्थल पूर्व-पश्चिम महेन्द्र राजमार्गसँग करिब २०० मिटर लामो शिक्षालय जाने सडकले जोडिएको छ। यसर्थ आयोजनाको कार्यान्वयनको लागि पहुँचमार्ग निर्माणको आवश्यकता छैन। आयोजना परिसरभित्र शिक्षालयका भवनहरुलाई जोड्न सडक बिद्यमान रहेको छ। यसर्थ आयोजनाले निर्माणपूर्वको अवस्थामा सडक संरचना निर्माण गर्नु पर्दैन। आयोजना सञ्चालनपूर्वको अवस्थामा आन्तरिक सडक निर्माण सम्बन्धि प्रभाव नगन्य किसिमको रहेको छ।

*आँकलन गरिएको प्रभाव न्यून परिमाणको, स्थलगत फैलावटको, अल्पकालिन समयको लागि प्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले नगन्य स्तरको नकारात्मक प्रभाव रहेको छ।*

**४) जमिनको सतहको मलिलो माटो संरक्षणका लागि स्थान निर्माणसँग सम्बन्धित सवालहरु**

आयोजना संचालनपूर्वको अवस्थामा जमिनको सतहको मलिलो माटोलाई संरक्षण गर्न एउटा माटो राख्ने क्षेत्र प्रस्ताव गरिएको छ। उक्त माटो राख्ने स्थलको निर्माण गर्दा वरीपरीबाट घेराबारा नगरी राखिएमा वर्षातको पानीले उक्त माटो बगाउन सक्ने तथा आयोजना परिसर र वरपरको क्षेत्रमा हिलो विसर्जन र तत्पश्चात धुलो बढाउन सक्ने देखिन्छ। यसर्थ संरक्षण स्थलको निर्माण अबधिमा नै माटो छरिन नदिन तथा वर्षातको पानीको प्रभाव पर्न नदिन उपायहरु अपनाउन पर्ने देखिन्छ।

*आँकलन गरिएको प्रभाव मध्यम परिमाणको, स्थानीय फैलावटको, मध्यम समयको लागि प्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

**५) आयोजनको निर्माण सामग्री भण्डारण सम्बन्धि सवालहरु**

निर्माण कार्य सुरू गर्न तथा नियमित सञ्चालनका लागि आयोजनास्थलमा निर्माण सामग्री भण्डारणको आवश्यकता पर्दछ। आयोजनाले आयोजना परिसरभित्रै निर्माण सामग्री भण्डारण गर्न प्रस्ताव गरेको छ। उक्त भण्डारण स्थल निर्माण र व्यवस्थापन गर्दा ध्यान नदिईएमा एकातर्फ गिटी, बालुवा, चिप्स जस्ता निर्माण सामग्री छरिन सक्ने, दुर्घटना निम्त्याउन सक्ने हुन्छ भने अर्कातर्फ सिमेन्ट लगायतका सामग्रीहरु हावा र पानीको प्रभावले बिग्रन सक्ने, गुणस्तर घट्न सक्ने हुन्छ। त्यसैगरी फलामे छडहरुको उचित भण्डारणको अभावमा खिया लाग्ने, उक्त खियाले जमिनमा प्रदूषण गराउन सक्ने हुन्छ भने कामदार र सवारी साधनहरु ठोक्किएर दुर्घटना निम्त्याउन सक्ने हुन्छ। यसर्थ आयोजनाको निर्माण सामग्री भण्डारसँग सम्बन्धित सवाल उच्च महत्वको रहेको छ।

*आँकलन गरिएको प्रभाव मध्यम परिमाणको, स्थानीय फैलावटको, मध्यम समयको लागि प्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

**६) रासी प्राविधिक शिक्षालयको प्रयोगशाला स्थानान्तरण गर्ने तथा रसायनहरु व्यवस्थापन गर्ने सम्बन्धी सवाल**

प्रस्तावित आयोजना स्थलमा साविक रासी प्राविधिक शिक्षालय सञ्चालनमा रहेको छ जहाँ करिब १३ सय विद्यार्थी विभिन्न संकायमा अध्यनरत छन्। प्रस्तावित आयोजना कार्यन्यवयनमा जानु अघिनै आयोजना क्षेत्रबाट रासी प्राविधिक शिक्षालय र त्यहाँ भएका प्रयोगशालालाई स्थानान्तरण गर्नु पर्ने हुन्छ। प्रयोगशालामा प्रयोग भएका र भण्डारणमा रहेका रसायनहरुलाई सावधानीका साथ नयाँ प्रयोगशालामा लगिनुपर्ने भएकोले आयोजनाको निर्माण तालिका प्रभावित हुन सक्ने देखिन्छ। त्यसैगरी शिक्षालयमा रहेका विज्ञान र इन्जिनियरिङ प्रयोगशालाहरुमा प्रयोग भईरहेका प्रयोगशालाका उपकरणहरु र रसायनहरुलाई उचित व्यवस्थपन अभावले दुर्घटना निम्तिन सक्ने, मानव स्वास्थ्य र वातावरणलाई असर पुऱ्याउन सक्ने देखिन्छ।

*आँकलन गरिएको प्रभाव उच्च परिमाणको, स्थलगत फैलावटको, अल्पकालिन समयको लागि प्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

**७.२.१.२ निर्माणको चरण**

**१) निर्माण कार्यसँग सम्बन्धीत धुलो, धुवा, र ध्वनी प्रदूषण**

प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदनमा विभिन्न संरचनाहरु (भवन, सडक, ढल निकास) निर्माण गर्ने काम गर्ने उल्लेख छ। निर्माण स्थलबाट सामान्यतया कंक्रीट, सिमेन्ट, बालुवा, ढुङ्गा र सिलिकाको प्रयोगबाट धुलो निस्कन्छ। सुख्खा माटो एक ठाउँबाट अर्को ठाउँमा ओसारपसार गर्दा र आगो बाल्दा उत्पादित सूक्ष्म कण, खरानीको कण, सल्फेट र सिलिकेटहरू मिलेर पदूषण बढ्ने हुनाले एकातर्फ कामदारको स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्दछ भने अर्कातर्फ वातावरणमा समेत प्रदूषण बढाउँदछ। निर्माण स्थलहरूमा रूपमा प्रयोग हुने बिटुमिन, तेल, ग्लुज, थिनर, रंग, प्रशोधित काठ, प्लास्टिक, क्लिनर र अन्य खतरनाक रसायनहरूबाट निस्कने हानिकारक वाष्पहरूले पनि वायु प्रदूषणमा योगदान पुऱ्याउँछन्। निर्माण गतिविधिहरू (वेल्डिंग, भुइँ पक्की/ पिच गर्ने, आदि) को परिणामस्वरूप निस्कने गन्धले वायु प्रदूषण गराउन सक्ने देखिएको छ। हेवी-ड्युटी डिजेल र पेट्रोल-संचालित गाडीहरु, सामग्री डेलिभरी ट्रकहरूबाट धुलाका कणहरु (PM) र नाइट्रोजनको अक्साइडहरू (NOx) को निस्कासन हुन्छ। ग्यास उत्सर्जनले कामदारहरू र वरपरका बासिन्दाहरूलाई श्वासप्रश्वासमा समस्या निम्त्याउँन सक्दछ। त्यसैगरी निर्माण सामग्री बोकेका



Innovative Vision

ट्रकहरुले राजमार्गबाट आयोजनास्थलसम्मको २०० मिटर सडकमा धुलोको प्रकोप बढाउन सक्ने देखिन्छ। त्यसैगरी आयोजनाका निर्माण सामग्री बोकेका ट्रक तथा ट्रिपरहरुहरु ओहोर दोहोर गर्दा जमिन थर्कने र आवाज निकाल्ने हुनाले आयोजना क्षेत्रको वातावरणमा ध्वनीको मात्रा बढ्ने देखिन्छ। त्यस्तै ट्रकहरुले बजाउने हर्नको कारण समेत ध्वनीको मात्रा बढ्ने प्रक्षेपण गरिएको छ। आयोजना क्षेत्रमा गुड्ने सवारी साधन, ट्रक र निर्माण गतिबिधिहरुले आयोजना स्थलको हालको शान्तीपूर्ण ध्वनी वातावरणमा प्रदूषण बढाउन सक्ने देखिन्छ। आयोजना क्षेत्रमा हाते मेसिन (handheld meter) द्वारा गरिएको परीक्षणमा वायु र ध्वनीको गुणस्तर राष्ट्रिय मापदण्डको परिसिमाभित्र रहेको पाईएको छ। आयोजनाको निर्माणको समयमा आयोजना क्षेत्रमा वायु र ध्वनी प्रदूषण गराउन सक्ने देखिन्छ।।

*आँकलन गरिएको प्रभाव उच्च परिमाणको, स्थानीय फैलावटको, मध्यम समयको लागि प्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले अति उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

**२) आयोजना क्षेत्रको जमिनको माथिल्लो भागको माटो (Top soil) नास हुने**

प्रस्तावित आयोजनामा विभिन्न संरचनाहरु जस्तै भवन, सडक, ढल निकास, पार्किङ् आदि निर्माण गर्दा प्रकृतिक जमिनलाई खन्नुपर्ने र पुर्नुपर्ने हुन्छ। जग खन्दा जमिनको उर्वरा शक्ति र सुक्ष्म जीवाणुहरुको भण्डार भएको माथिल्लो भागको माटो (Top soil) नास हुने हुन्छ भने त्यसरी नै सडक र पार्किङका लागि ढलान गर्दा सतहि माटो छोपिन्छ। तर यस आयोजनामा हरियाली क्षेत्र, बगैंचा र सजावट क्षेत्र निर्माणको लागि जमिनको माथिल्लो सतहको माटो संरक्षण गरी छुट्टै राख्ने प्रस्ताव गरिसकेकाले प्रभावबाट पर्ने असर नगन्य छ।

*आँकलन गरिएको प्रभाव मध्यम परिमाणको, स्थलगत फैलावटको, मध्यम समयको लागि प्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले अति नगन्य स्तरको नकारात्मक प्रभाव रहेको छ।*

**३) आयोजना क्षेत्रको भूउपयोगमा परिवर्तन हुने**

हाल आयोजना क्षेत्र भित्र रासी प्राविधिक शिक्षालयको भवनहरु, कालोपत्रे सडक, आँपको बगैंचा, विभिन्न प्रजातिका रुखहरु र घाँसे मैदान तथा झाडी रहेको छ। आयोजना परिसरको कुल क्षेत्रफल १२.१६३६ हेक्टर छ, जसमध्ये आयोजनास्थलमा हाल रहेका भवन तथा संरचनाहरुले ०.६८६३ हेक्टर ओगटेको छ। आयोजना कार्यान्यनको क्रममा १.९३०४ हेक्टर क्षेत्रमा थप भवन निर्माण गरिनेछ। त्यसैगरी ४.८८४८ हेक्टर जमिनमा खुला हरियाली क्षेत्र बिकास गरिनेछ भने बाँकी ४.६६२ हेक्टर जमिनमा सडक, पानी पोखरी लगायतका अन्य स्थायी संरचनाहरु निर्माण गरिनेछन्। हाल रासी प्राबिधिक शिक्षालयका भवन र आन्तरिक सडक लगायतका स्थायी संरचनाले आयोजना परिसरको ५.६४% जमिन ओगटेको छ भने प्रस्तावित आयोजनाले उक्त अनुपात बढाएर करिब ५९.८४% पुग्ने देखिन्छ। यसर्थ आयोजना कार्यान्वयनबाट करिब ६.५९२५ हेक्टर क्षेत्रको बोट बिरुवा र घाँसे मैदानले ढाकेको क्षेत्रको भूउपयोग स्थायी परिवर्तन हुने देखिन्छ।

*आँकलन गरिएको प्रभाव मध्यम परिमाणको, स्थलगत फैलावटको, दिर्घकालिन समयको लागि प्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

**४) आयोजना स्थल तथा कामदार शिविरबाट उत्पादन हुने ठोस तथा तरल फोहोर व्यवस्थापन सँग सम्बन्धित सवालहरु**

आयोजना सञ्चालन गर्न ९०० भन्दा बढी नियमित कामदार आवश्यक पर्दछ। कामदारको आवास, भान्सा र अन्य क्रियाकलापबाट फोहोरमैला उत्पादन हुने गर्छ। ठूलो संख्यामा रहेका कामदार र शिविरबाट उत्पादित फोहोर व्यवस्थापन चुनौतीपूर्ण रहेको छ। कामदार शिविरमा मजदुरहरूले उत्पादन गर्ने फोहोरमैला कुहिने र नकुहिने प्रकृतिका हुन्छन् जसको सहि व्यवस्थापन गरिएन भने दुर्गन्ध फैलिने र माहामारी निम्तिने हुन सक्छ। त्यसैगरी कामदारहरुले प्रयोग गर्ने शौचालय र बाथरुमबाट फोहोर पानी हाल सञ्चालनमा रहेको ढल निकासबाट आयोजना क्षेत्र बाहिर पठाउँदा आयोजना क्षेत्रको वातावरणलाई दुषित बनाउने र ढल मिसिने करम्दी खोल्सीमा प्रदूषण बढाउन सक्ने देखिन्छ।

*आँकलन गरिएको प्रभाव मध्यम परिमाणको, स्थानीय फैलावटको, मध्यम समयको लागि प्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

**५) आयोजना क्षेत्र डुबानमा पर्न सक्ने**

आयोजना क्षेत्रमा वर्षा ऋतुमा वार्षिक वर्षाको करिब ८०% वर्षा हुने गर्छ। आयोजना क्षेत्र समथर भुभागमा प्रस्ताव गरिएको छ। आयोजनाका संरचनाहरु निर्माण गर्दा विशेष गरी वर्षाको समयमा आयोजना क्षेत्रको र वरिपरि क्षेत्रको उचित पानी निकासको प्रवन्ध नभएको खण्डमा आयोजना क्षेत्र डुवानमा पर्न सक्ने देखिन्छ। आयोजना परिसरलाई पहिलेनै घेराबारा गरिसकिएकाले आयोजनाका संरचना निर्माणले आयोजना बाहिरको क्षेत्रलाई डुबानमा पार्ने सम्भावना देखिदैन। आयोजना क्षेत्रमा महेन्द्र राजमार्ग भन्दा दक्षिणतिरको पानी स्यानो खोला हुँदै रासी नदिमा मिसिन्छ भने उत्तरतिरको पानी दोलाई खोला हुँदै रासी नदिमा मिसिन्छ। राजमार्गले पानी एक तर्फबाट अर्को तर्फ बग्न रोकेको छ। यसर्थ आयोजना कार्यन्वयनले विद्यमान पानीको फैलावट र बग्ने दिशालाई प्रभावित नबनाउने देखिन्छ। तथापी आयोजना परिसरको पर्खाल हालको प्राविधिक शिक्षालयले निर्माण गरे भन्दा अग्लो बनाईने भएकोले राजमार्गबाट उत्तरतर्फ शिक्षालयको पर्खालसम्म जम्मा हुने पानीको निकास प्रभावित वनाउन सक्ने देखिन्छ भने वर्षादको समयमा भवन तथा संरचनाहरु डुबानमा पर्न सक्ने देखिन्छ।

*आँकलन गरिएको प्रभाव उच्च परिमाणको, स्थानीय फैलावटको, दिर्घकालिन समयको लागि प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले अति उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

**६) नजिकका खोलाको पानीको गुणस्तरमा असर पार्न सक्ने**

हाल आयोजना परिसरको ढलको निकास करम्दी खोल्सी हुँदै उत्तरतर्फको दोलाई खोलामा रहेको छ। उक्त खोलाको पानी रासी नदीमा मिसिन्छ। वर्षातको समयमा मात्र खोलामा पानी हुन्छ भने हिंउदको समयमा पानी हुँदैन। निर्माण चरणमा आयोजनाको कामदार शिविरबाट निस्किने फोहोर पानी, निर्माणका बेला निस्किने तरल पदार्थहरु जस्तैः सिमेन्टको घोला, सडक कालोपत्रे गर्ने क्रममा प्रयोग हुने विभिन्न जिवाष्मा र रसायनहरु, माटो घुलित पानी आदि ढलको निकासबाट नजिकैको खोलामा मिसिएर खोलाको पानीको गुणस्तरमा असर पार्दछ। विशेषगरी वर्षातको समयमा आयोजना स्थलबाट निस्किने फोहोर माटो, रसायन र ढलले रासीको पानीको गुणस्तरमा प्रभाव पार्न सक्ने देखिन्छ।

*आँकलन गरिएको प्रभाव मध्यम परिमाणको, स्थानीय फैलावटको, मध्यम समयको लागि प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*



Innovative Vision

**७) आयोजना क्षेत्र पूर्व पश्चिम महेन्द्र राजमार्गसँग जोडिएकाले दुर्घटनाको सम्भावना बढ्ने**

आयोजना क्षेत्रको ठीक अगाडिपट्टि अर्थात दक्षिणमा पूर्व-पश्चिम महेन्द्र राजमार्ग पर्छ। यो राजमार्ग आयोजना क्षेत्र र नेपालको तराई क्षेत्रमा आवतजावत गर्ने एकमात्र प्रमुख सडक भएकोले सधैंभरी व्यस्त हुने गर्दछ। निर्माणको समयमा मालसामान ओसारपसार गर्न ठूलो सङ्ख्यामा टिपर, ट्रक, मिनी ट्रक, पिक-अप भ्यानको ओहोरदोहोर हुने तथा मानिसहरुको चहलपहल बढ्ने हुँदा दुर्घटनाको जोखिम बढ्ने देखिन्छ।

*आँकलन गरिएको प्रभाव उच्च परिमाणको, स्थलगत फैलावटको, मध्यम समयको लागि प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

**८) आयोजना स्थल जोड्ने तथा आयोजना स्थलबाट निस्कने पहुँच मार्ग सम्बन्धी सवाल**

हाल आयोजना स्थल जोड्ने तथा आयोजना स्थलबाट निस्कने पहुँच मार्ग एक मात्र रहेको छ। सो सडक औषतमा १० मिटर चौडाई भएको भएपनी कालोपत्रे औषतमा ४ मिटर चौंडाईमा गरिएको छ भने, दायाँ बायाँ घरहरु जोडिएकाले सडक साँघुरो छ। निर्माण चरणमा सो सडकको चौडाई र भारवन क्षमताले नथेग्ने हुँदा यो सडकलाई निर्माण चरण अगावै सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसार चौडा गर्ने, स्तरोन्नत्ती र व्यवस्थित गर्नुपर्ने सवालहरु रहेका छन्। हालको पहुँच मार्गलाई मर्मत सम्भार र बिस्तार गर्नुपर्ने देखिन्छ। त्यसैगरी आयोजनास्थल छिर्ने एकमात्र सडक रहेकाले अर्को सडक निर्माण गर्न पर्ने देखिन्छ।

*आँकलन गरिएको प्रभाव उच्च परिमाणको, स्थलगत फैलावटको, दिर्घकालिन समयको लागि प्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

**९) आयोजनाका भवनहरु भूकम्प प्रतिरोधी हुने सम्बन्धी सवाल**

आयोजनास्थल भूकम्पको अति उच्च जोखिम भएको क्षेत्रमा पर्दैन तथापी आयोजनाका भवनहरु निर्माण चरणमा लापरवाही गरी गुणस्तरहीन बनेमा भूकम्प लगायत प्राकृतिक प्रकोपमा दुर्घटनामा धनजनको क्षति हुनसक्छ। भवनहरु भूकम्प प्रतिरोधि बनाउन विस्तृत परियोजना प्रतिवेदन र राष्ट्रिय भवन निर्माण आचारसंहिता अनुसार नबनाएमा भूकम्पको समयमा भवनहरु भत्कन सक्ने तथा आयोजना स्थलमा क्षति पुर्याउन सक्ने देखिन्छ।

*आँकलन गरिएको प्रभाव मध्यम परिमाणको, स्थलगत फैलावटको, दिर्घकालिन समयको लागि प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

**१०) आयोजनाको ढल निकास प्रणाली स्थापनासँग सम्बन्धित सवालहरु**

साविक रासी प्राविधिक शिक्षालयको ढल निकास प्रणाली आयोजना स्थलबाट करिब ६०० मिटर उत्तरतर्फ रहेको करम्दी खोल्सीमा जोडिएको छ। उक्त ढल निकास सानो भएको तथा ढल पाईपमाथी स्थानीयले टहरा तथा संरचना बनाई सकेकाले स्तरोन्नती सम्भावना देखिएको छैन। यसर्थ आयोजना सञ्चालनको अबधिमा उक्त ढल निकास प्रणाली प्रयोग गरिएमा आयोजना स्थलको पानी निकासमा समस्या पर्न सक्ने देखिन्छ। विशेषगरी वर्षातको समयमा आयोजनास्थल डुबानमा पर्न सक्ने देखिन्छ।

Innovative Vision

*आँकलन गरिएको प्रभाव उच्च परिमाणको, स्थानीय फैलावटको, दिर्घकालिन समयको लागि प्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले अति उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

### ७.२.१.३ सञ्चालनको चरण

**१) आयोजनाले पूर्व पश्चिम महेन्द्र राजमार्गको लालमटीया सडक खण्डमा चाप बढाउन सक्ने**

पूर्व-पश्चिम महेन्द्र राजमार्ग आयोजना क्षेत्रको र तराई क्षेत्रको प्रमुख आवतजावत गर्ने माध्यम हो। राजमार्गमा वर्षेनी सवारी साधन बढिरहेकोले दुई वटा लेन भएकको सडक खण्डमा चाप बढिरहेको छ। प्रस्तावित स्थानमा राजधानी निर्माण पश्चात लमही-भालुबाङ सडक खण्डमा मानिसहरुको ओहोरदोहोर र चहलपहलमा थप वृद्धि हुने, शहरीकरण भई जनसङ्ख्या बढ्ने देखिन्छ। यसर्थ पूर्व पश्चिम महेन्द्र राजमार्गको लालमटीया सडक खण्डमा प्रदेश राजधानिको प्रशासनिक गतिबिधिले विशेष चाप बढ्ने छ। पूर्व पश्चिम महेन्द्र राजमार्गको यस सडक खण्ड अमेरिकी सहायता कार्यक्रम अन्तर्गतको मिलेनियम च्यालेन्ज कर्पोरेशन नेपालले ५ वर्ष भित्र सडक स्तरउन्नति गर्ने योजना रहेको हुनाले सडक चाप कम गर्न सहयोग पुऱ्याउने देखिन्छ।

*आँकलन गरिएको प्रभाव मध्यम परिमाणको, स्थानीय फैलावटको, दिर्घकालिन समयको लागि प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

**२) दुर्घटनाको सम्भावना बढ्ने**

आयोजनास्थल पूर्व पश्चिम महेन्द्र राजमार्गको लालमटीया सडक खण्डमा पर्दछ। नेपालको पूर्व र पश्चिमलाई जोड्ने महेन्द्र राजमार्गमा वर्षेनी सवारी साधनको संख्यामा वृद्धि भैरहेको छ। अर्कातर्फ राजमार्गलाई आधार मानी सडकको दायाँ र वायाँ घर, भवन र टहराहरु निर्माण गरि आवास बिस्तार गर्ने, व्यवसाय र आर्थिक गतिबिधिहरु सञ्चालन गर्ने क्रम बढ्दो रहेको छ। यस अध्ययनमा गरिएको सन् २००० देखी हालसम्मको भूउपयोग परिवर्तन विश्लेषण अनुसार घर तथा संरचनाको निर्माण राजमार्गको वरपर भएको पाईएको छ। लुम्बिनी प्रदेशको प्रदेश राजधानी निर्माणपछी यो क्रम अझ बढ्ने अनुमान गरिएको छ। गाउँपालिकाको अवलोकन अनुसार लमही भालुबाङ् खण्डमा वर्षेनी सडक दुर्घटनाहरुमा वृद्धि भैरहेकोले प्रदेश राजधानी निर्माणको अप्रत्यक्ष प्रभाव स्वरुप यस्ता घटनाहरुमा वृद्धि हुने आँकलन गरिएको छ। भौगोलिक हिसाबले तराईका क्षेत्रहरुमा जाडवका महिनाहरुमाा बाक्लो हुस्सु लाग्ने र कमजोर दृश्यता (poor visibility) हुने गरेको छ। यसर्थ आयोजना क्षेत्र तराई क्षेत्रमा रहेको, शहरीकरण र बढ्दो जनसंख्यासँगै सवारी साधनको चापले दुर्घटनाको जोखिम बढाउने देखिन्छ।

*आँकलन गरिएको प्रभाव मध्यम परिमाणको, स्थानीय फैलावटको, दिर्घकालिन समयको लागि प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

**३) विद्यमान कमजोर सञ्चार प्रणालीमा भार पर्ने**

हाल आयोजना क्षेत्रमा नेपाल दुरसञ्चार लिमिटेड र एनसेल प्रा. लि. ले सञ्चार प्रबिधिको सेवा प्रदान गर्दै आईरहेका छन्। विध्यमान अवस्थामा ती कम्पनिहरुको टावरको नेटवर्क कमजोर रहेको छ जसले गर्दा आयोजना स्थलमा मोबाईल फोन र इन्टरनेटमा समस्या रहेको पाईएको छ। प्रदेश राजधानी निर्माण पश्चात एकातर्फ प्रशासनिक गतिबिधिले मानिसहरुको चहलपहल हुने र अर्कातर्फ शहरीकरणले जनसंख्या बढ्ने भएकोले विद्यमान कमजोर सञ्चार प्रणालीमा भार पर्ने र सञ्चार सुबिधामा असर पुऱ्याउने देखिन्छ।

*आँकलन गरिएको प्रभाव मध्यम परिमाणको, स्थानीय फैलावटको, दिर्घकालिन समयको लागि प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

### ४) प्रशासनिक भवन तथा खुला क्षेत्रबाट निस्किएको ठोस तथा तरल फोहोरमैला व्यवस्थापन सम्बन्धि सवाल

प्रदेश राजधानी सञ्चालन भए पश्चात विभिन्न मन्त्रालयका प्रशासनिक भवनबाट ठोस फोहोरमैला जस्तै कागज, प्लास्टिक आदिहरु उत्पादन हुन्छ। सयौं कर्मचारी प्रदेश राजधानीमा हुने हुँदा र उनीहरुको क्रियाकलापबाट फोहोरमैला उत्पादन हुने गर्छ। भवनबाट उत्पादित फोहोरमैला कुहिने र नकुहिने प्रकृतिका हुन्छन् जसको सहि व्यवस्थापन गरिएन भने दुर्गन्ध फैलिने र माहामारी निम्तिने हुन सक्छ। त्यसैगरी शौचालयबाट निस्किने फोहोर पानी हाल सञ्चालनमा रहेको ढल निकासबाट प्रशोधन नगरी आयोजना क्षेत्र बाहिर पठाउँदा सो क्षेत्रको वातावरणलाई दूषित बनाउने, ढल नदीमा मिसिने र प्रदूषण बढाउने देखिन्छ।

*आँकलन गरिएको प्रभाव मध्यम परिमाणको, स्थानीय फैलावटको, दिर्घकालिन समयको लागि प्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

### ५) शहरीकरण, जमिनको खण्डीकरण तथा भूउपयोगमा परिवर्तन

आयोजना क्षेत्र वरीपरीको भूभाग खेतीयोग्य जमिन र बस्तीले ढाकेको छ। बस्तीहरु मुख्यतया पूर्व पश्चिम महेन्द्र राजमार्गको छेउछाउमा केन्द्रित रहेका छन्। उत्तरतर्फको चुरे पहाड वन क्षेत्रले ढाकेको छ भने दक्षीण तर्फ रासी नदी, खेतीयोय फाँट र गोबरडिहा पहाड रहेको छ। समग्रमा पूर्व-पश्चिम फैलिएको खेतीयोग्य जमिन र बस्ती क्षेत्र छ भने उत्तर र दक्षिणमा वनले ढाकेको पहाड रहेको छ। प्रदेश राजधानी, शहरीकरण, र बढ्दो सेवा र सुविधाहरुले गर्दा प्रदेशका विभिन्न ठाउँहरुबाट प्रदेश राजधानीमा बसाईसराईमा तिव्रता आउने देखिन्छ। त्यसैगरी राजधानिमा होटल व्यवसायी, उध्योगपति र कर्पोरेट क्षेत्रको आवगमन हुन्छ। आयोजनाको कार्यान्वयनसँगै रासी उपत्यकामा शहरीकरण बढ्ने अनुमान गरिएकोले आयोजनाको प्रभाव स्वरुप यस उपत्यकाको भूउपयोगमा परिवर्तन हुने देखिन्छ। भू-उपयोगका आधारमा रासी उपत्यका मिश्रित किसिमको रहेको छ। भू-उपयोग दस्तावेज अनुसार रासी गाउँपालिकाको ६०% भन्दा बढी जमिन वन क्षेत्रले ढाकेको छ। त्यसैगरी करिब ३०% भूभाग खेती गरिएको जमिनले ढाकेको छ भने बाँकी जमिन अन्य किसिमका भूउपयोगले ढाकिएको छ। तर सन् २०००, २०१० र २०१९ को भूउपयोग दस्तावेजलाई विश्लेषण गर्दा सबैभन्दा धेरै प्रतिशत भू-उपयोग बृद्धि घर तथा संरचना विकासमा भएको छ भने सबैभन्दा कम वृद्धि नदी/नालामा भएको पाईएको छ। घर तथा संरचनाको विकास वार्षिक रुपमा ७.११ हेक्टरले बढेको देखिन्छ भने खेती गरिएको जमिन वार्षिक ५४.५१ हेक्टरले घट्दै गैरहेको दिखिन्छ। यसर्थ आयोजना कार्यान्वयन भएपछि सञ्चालनको समयमा शहरीकरण तिब्र रुपमा हुने र गाउँपालिकाको खेतियोग्य जमिन र वन तथा घाँसे मैदानले ढाकेको क्षेत्रमा चाप बढ्ने देखिन्छ। फलस्वरुप खेतियोग्य जमिनको खण्डीकरण बढ्ने र भूउपयोगमा परिवर्तन हुन सक्ने देखिन्छ।

*आँकलन गरिएको प्रभाव मध्यम परिमाणको, स्थानीय फैलावटको, दिर्घकालिन समयको लागि प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

### ६) भूमिगत पानीको उपयोगमा चाप बढ्न सक्ने

हाल रासी गाउँपालिकामा उपयोग गरिने खानेपानीको श्रोत मध्ये ४४ प्रतिशत घरधुरीमा व्यक्तिगत वा सार्वजनिक सुरक्षित धारामार्फत खानेपानी उपभोग गर्ने गरेको पाईएको छ। त्यसैगरी ट्यूववेल मार्फत ४३ प्रतिशत घरधुरीले, ७.९० प्रतिशत घरधुरीले छोपिएको इनार वा कुवाको खानेपानी प्रयोग गर्ने गरेको देखिन्छ। त्यस्तै ५.२६ प्रतिशत घरधुरीले नछोपिएको इनार वा कुवाको पानी प्रयोग गर्ने गरेको पाईएको छ। अर्थात ५६ प्रतिशत घरधुरीले भूमिगत पानी प्रयोग गरिरहेका छन्। ४०-४५ फिट जमिन भित्रबाट अधिकांस मानिसले ट्यूववेल मार्फत पानी प्रयोग गरिरहेका



Innovative Vision

हुनाले सो परिधि भित्रै हाल भुमिगत पानीको सतह (water table) रहेको छ। आयोजनाको सञ्चालन अबधिमा दैनिक ५० हजार लिटर पानी खपत हुने अनुमान गरिएको छ। जसमध्ये २० हजार लिटर धारा मार्फत र बाँकी ३० हजार लिटर भूमिगत पानी उपयोग गर्ने प्रस्ताब राखिएको छ। त्यसैगरी आयोजना सम्पन्न भएपछि राप्ती गाउँपालिकामा शहरीकरण बढी जनसङ्ख्याको चाप बढ्ने हुँदा हाल प्रयोग भईरहेको खानेपानी आयोजनाले केहि भरथेग गरेता पनि समथर भुभागमा सजिलै ट्यूबवेल वा बोरिङ मार्फत भूमिगत पानी आउने हुनाले अधिकांस धरधुरी र व्यवसायीहरुले भूमिगत पानीको प्रयोग गर्ने हुँदा भूमिगत पानीको उपयोगमा चाप बढ्ने छ। शहरीकरण बढेपछि खुला जमिनहरु पक्की संरचना बढ्नेछन् जसले भूमिगत पानी पूनर्भरण (Ground Water Recharge) हुन कमी हुन जान्छ। एकातिर भूमिगत पानीको प्रयोगमा चाप बढ्ने र अर्कातर्फ पूनर्भरण घटेमा भविष्यमा भुमिगत पानीको सतह घट्दै जाँदा पानीको अभाव मात्र बढ्ने होईन कि भविष्यमा जमिन धस्ने (subduction) जस्ता समस्या पनि आउन सक्छन्।

*आँकलन गरिएको प्रभाव मध्यम परिमाणको, स्थानीय फैलावटको, दिर्घकालिन समयको लागि प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले  उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

**७) आकस्मिक सूरक्षा सम्बन्धी सवालहरु**

प्रस्तावित प्रदेश राजधानीका भवनहरु अग्ला, धेरै कर्मचारी र सेवाग्राहीले सेवा पाउनेगरी निर्माण गर्न प्रस्ताव गरिएको छ। त्यसैगरी प्रदेश सभा भवनहरुले सांसद, आगन्तुक, संसदीय दलका कर्मचारी लगायतलाई सेवा दिनेछ। आगलागी र भूकम्प जस्ता आकस्मिक दुर्घटनाहरु प्रदेश राजधानी परिसरभित्र आईपर्न सक्दछन्। यसर्थ आयोजनाको निर्माण अवधिमा नै यसप्रकारका प्राकृतिक/आकस्मिक प्रकोपलाई ध्यान दिई संरचना निर्माण गर्नुपर्दछ। आकस्मिक बाहिरिने द्वार तथा भऱ्याङ र सडक सञ्जालको बिकास गर्नपर्ने हुन्छ। त्यसैगरी यस्ता प्रकोपबाट घाईते भएमा छिटोभन्दा छिटो स्वास्थ्यउपचार गराउनपर्ने हुन्छ। हाल आयोजना क्षेत्र गाउँपालिकामा पर्दछ। नगरपालिका हुनका लागि राप्ती गाउँपालिकाले अन्य सबै मापदण्डहरु पुरा गरेता पनि स्वास्थ्य सुबिधा (अस्पताल) मापदण्ड पुरा हुन नसकेकाले स्तरोन्नती हुन सकेको छैन। प्रदेश राजधानी निर्माण पश्चात आयोजना क्षेत्रमा जनघन्त्व बढ्ने हुँदा हाल विद्यमान स्वास्थ्य चौकीले माग नधान्ने देखिन्छ। यसर्थ आयोजना कार्यान्वयनसँगै आकस्मिक सूरक्षा सम्बन्धी सवाल जटिल बन्ने देखिन्छ।

*आँकलन गरिएको प्रभाव मध्यम परिमाणको, स्थलगत फैलावटको, दिर्घकालिन समयको लागि प्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

### ७.२.२ जैविक वातावरण

### ७.२.२.१ निर्माण कार्य गर्नु पूर्वको चरण

**१) जमिन खाली गर्दा आयोजना क्षेत्रको जैविक विविधतामा पर्ने असर**

आयोजना स्थलमा भौतिक रुपमा शिक्षालयका भवनहरु र सडक संरचना विद्यमान छन् भने जैविक वातावरण तर्फ घाँसे मैदान तथा झाँडी, आपँको बगैंचा तथा अन्य रुखहरुले ढाकेको क्षेत्रको बाहुल्य रहेको छ। आयोजना स्थलभित्र कुनै स्तनधारी वन्यजन्तु नपाईएता पनि सर्प र भ्यागुताहरु पाईने जानकारी पाईएको छ। त्यसैगरी आयोजनास्थलमा रहेका रुखहरुमा चराको उपस्थिती देख्न र सुन्न सकिन्छ। घाँसे मैदानमा किरा फटयङ्ग्रा सहित सूक्ष्म जीवहरु रहेका छन्। आयोजना निर्माण अगावै जमिन खाली गर्नुपर्ने हुन्छ र निर्माण स्थलका रुखहरु कटान गर्नुपर्ने हुँदा विद्यमान



Innovative Vision

जैविक विविधतामा असर पुग्ने देखिन्छ। आयोजनाका प्रतिनिधि र डिभिजन वन कार्यालयका प्रतिनिधिको संयुक्त स्थलगत अध्ययनमा आयोजना क्षेत्रमा कुल २१ प्रजातिका ४०२ रुखहरु कटान गर्नु पर्ने पाईएको छ। जसमध्ये आयोजना स्थलमा आँपका रुखहरुको बाहुल्य रहेको छ। अन्य मुख्य प्रजातिका वनस्पतिहरु टिक, मसला, सिसौ, सिमल, पप्लर र कदम रहेका छन्। १० भन्दा कम संख्या भएका रुखहरु गोल्डमोहर, निम, जामुन, सिरिष, बोटल ब्रस, कटहर, धमला, अम्बा, खयर, पिपल, बडहर, अमला, दबदबे र बर रहेका छन्। आयोजना स्थानका रुखहरु कटान गर्दा ७९४२.४३ क्यूफिट टिम्बर काठ तथा ९१२०.५१ क्यूफिट दाउरा क्षति हुन्छ। तथापी आयोजनाले कटान गर्ने रुखहरुमध्ये कुनै पनि रुख नेपाल सरकारद्वारा व्यापारिक प्रयोजनका लागि कटान, ओसार पसार र विदेश निकासी गर्न प्रतिवन्ध लगाईएको रुखहरु अन्तरगत पर्दैनन्। रुखहरुको विवरण सहितको सूची प्रतिवेदनको अनुसूची ९ मा राखिएको छ।

*आँकलन गरिएको प्रभाव मध्यम परिमाणको, स्थलगत फैलावटको, दिर्घकालिन समयको लागि प्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

**२) वन क्षेत्रमा आगलागी हुन सक्ने**

प्रस्तावित आयोजना स्थल कुनै पनि वन क्षेत्रमा जोडिएको छैन। तर आयोजना क्षेत्रको उत्तरतर्फ दोलाई खोला पारी चुरे क्षेत्रमा सामुदायिक वन रहेको छ। आयोजनाका कामदारहरु आयोजना स्थलभन्दा बाहिर वन क्षेत्रमा हिँड्डुल गर्न वा ताजा हुन जाँदा असावाधानीबस चुरोट पिउँदा वन क्षेत्रमा आगलागी हुन सक्ने सम्भावना रहन्छ। तर आयोजना निर्माण कार्य गर्नु पूर्व न्यून मात्रामा कामदारहरु आवश्यक पर्ने भएकाले उक्त सम्भावना नगन्य मात्रामा रहेको छ।

*आँकलन गरिएको प्रभाव न्यून परिमाणको, स्थानीय फैलावटको, छोटो समयको लागि प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले नगन्य स्तरको नकारात्मक प्रभाव रहेको छ।*

**३) आयोजना क्षेत्रमा माछा मार्ने, वन्यजन्तु र वनस्पतिको चोरी शिकार र अवैध व्यापार हुन सक्ने**

आयोजना स्थल वन क्षेत्रमा नपर्ने भएता पनि आयोजना स्थलको उत्तर र दक्षीण तर्फको चुरे पहाडमा सालको वन रहेको छ। नदी तट क्षेत्रमा सिसौ र खयर जस्ता महत्वपूर्ण प्रजाति पाईन्छन्। आयोजना स्थलको दक्षिण तर्फ प्रमुख रापि नदि रहेको छ। निर्माण कार्य पूर्व आउने कामदारले आयोजना क्षेत्रमा माछा मार्ने, वन्यजन्तु र वनस्पतिको चोरी शिकार र अवैध व्यापार हुन सक्ने सम्भावना देखिन्छ। तर उक्त सम्भावना नगन्य मात्रामा रहेको छ।

*आँकलन गरिएको प्रभाव न्यून परिमाणको, स्थानीय फैलावटको, छोटो समयको लागि प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले नगन्य स्तरको नकारात्मक प्रभाव रहेको छ।*

### ७.२.२.२ निर्माणको चरण

**१) वन क्षेत्रमा आगलागी हुन सक्ने**

प्रस्तावित आयोजना स्थल वन क्षेत्रमा जोडिएको छैन तर आयोजना क्षेत्रको उत्तरतर्फ दोलाई खाला पारी चुरे क्षेत्रमा पर्ने सामुदायिक वन रहेको छ भने दक्षिणतर्फ राप्ती नदी पारी गोबरडिहा पहाड रहेको। आयोजनाका कामदारहरु आयोजना स्थल भन्दा बाहिर वन क्षेत्रमा हिँडडुल गर्न सक्ने, वनभोज जान सक्ने, ताजा हुन जाँदा असावाधानीबस



Innovative Vision

चुरोट पिउँदा वन क्षेत्रमा आगलागी हुन सक्ने सम्भावना हुन्छ। आयोजना निर्माण अवधिमा उल्लेख्य मात्रामा कामदारहरु आवश्यक पर्ने भएकोले निर्माण अवधिभर आगलागपको उच्च सम्भावना रहेको छ।

*आँकलन गरिएको प्रभाव मध्यम परिमाणको, स्थानीय फैलावटको, मध्यम समयको लागि प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

**२) आयोजना स्थलमा स्तनधारी वन्यजन्तु, चरा, सरीसृपको बासस्थान मासिन सक्ने**

प्रस्तावित आयोजना स्थल साविक राप्ति प्राविधिक विद्यालयको परिसर भित्र छ। आयोजना स्थलमा प्राविधिक विद्यालयको भवनहरु, रुखहरु, घाँसे मैदान र आँपको बगैंचा रहेका छन्। आयोजना स्थलमा कुनै पनि  स्तनधारी वन्यजन्तुको उपस्थिती नपाईएको भएता पनि र सरीसृप देखिने गरेको र चरा पाईने गरेको छ। हाल राप्ती प्राबिधिक शिक्षालयका भवन र आन्तरिक सडक लगायतका स्थायी संरचनाले आयोजना परिसरको ५.६४% प्रतिशत जमिन ओगटेको छ भने प्रस्तावित आयोजनाले उक्त अनुपात बढाएर करिब ५९.८४% पुग्ने देखिन्छ। यसर्थ आयोजना कार्यान्वयनबाट करिब ६.५९२५ हेक्टर बोट बिरुवा र घाँसे मैदानले ढाकेको क्षेत्रको भू-उपयोग स्थायी परिवर्तन हुने देखिन्छ। जसबाट चरा र सरीसृपको बासस्थान मासिन सक्ने देखिन्छ। तथापी आयोजना परिसरको कुल १२.१६३६ हेक्टरमध्ये ४०.१६% प्रतिशत जमिन खुला र हरियाली क्षेत्रको रुपमा विकास गरिने भएकोले यस प्रभाव निर्माणको समयमा मात्र हुने आँकलन गरिएको छ।

*आँकलन गरिएको प्रभाव मध्यम परिमाणको, स्थलगत फैलावटको, मध्यम समयको लागि प्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले नगन्य स्तरको नकारात्मक प्रभाव रहेको छ।*

**३) आयोजना क्षेत्रमा माछा मार्ने, वन्यजन्तु र वनस्पतिको चोरी शिकार र अवैध व्यापार हुन सक्ने**

आयोजना स्थलमा वन क्षेत्र नभएपनि आयोजनास्थलको उत्तर र दक्षीणतर्फको चुरे पहाडमा सालको वन रहेको छ। नदी तट क्षेत्रमा  सिसौ र खयर जस्ता महत्वपूर्ण प्रजाति पाईन्छन्। आयोजना क्षेत्र दुईतर्फ हरियो पहाड र पूर्व-पश्चिम बस्ती तथा खेतीयोग्य जमिनले घेरिएको राप्ती उपत्यकामा रहेको छ। आयोजना स्थलको दक्षिण तर्फ प्रमुख राप्ति नदि रहेको छ। प्रस्तावित आयोजना निर्माण गर्न उल्लेख्य मात्रामा दक्ष र अर्धदक्ष कामदारहरु आवश्यक पर्छन। यी कामदारहरु कामको दिन वा कामको समयभन्दा बाहिर आयोजना स्थल वा कामदार शिविरभन्दा बाहिर वन क्षेत्रमा जान सक्ने, आयोजना क्षेत्रमा माछा मार्ने, वन्यजन्तु र वनस्पतिको चोरी शिकार र अवैध व्यापार हुन सक्ने देखिन्छ।

*आँकलन गरिएको प्रभाव मध्यम परिमाणको, स्थानीय फैलावटको, मध्यम समयको लागि प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

**४) ध्वनी प्रदूषणको कारण आयोजना वरीपरीको क्षेत्र वन्यजन्तु र चराले बासस्थान छाडेर जान सक्ने**

आयोजनाको स्थलमा प्रदेश सरकारका प्रशासनिक भवन, सभाहल, सडक, नाली, घेराबारा सहित विभिन्न संरचना निर्माण गरिन्छ। आयोजना क्षेत्रमा निर्माणको अवधिमा विभिन्न औजार र मेसिनहरुबाट ध्वनि उत्पन्न हुन्छ र ध्वनि प्रदूषण गराउँछ। त्यसैगरी आयोजना क्षेत्रमा गुड्ने सवारी साधन, ट्रक र निर्माण गतिबिधिहरुले आयोजना स्थलको हालको शान्तीपूर्ण वातावरणमा ध्वनी प्रदूषण बढाउन सक्ने देखिन्छ। ध्वनि प्रदूषणका कारण निर्माणको समयमा आयोजना वरीपरीको क्षेत्रका सरीसृप र चराले बासस्थान छाडेर जान सक्ने देखिन्छ।



Innovative Vision

*आँकलन गरिएको प्रभाव न्यून परिमाणको, स्थानीय फैलावटको, मध्यम समयको लागि प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले नगन्य स्तरको नकारात्मक प्रभाव रहेको छ।*

**५) खोलाको पानीको गुणस्तरमा ह्रास आई आयोजना क्षेत्रको जलीय पारिस्थितिकीय प्रणालीमा असर पार्न सक्ने**

हाल आयोजना क्षेत्रको ढल निकास उत्तरतर्फ रहेको करम्दी खोल्सी हुँदै दोलाई खोलामा रहेको छ। निर्माणको चरणमा कामदारहरूले प्रयोग गर्ने शौचालय, भान्छा र बाथरूमबाट फोहोर पानी निस्कन्छ। यसबाहेक निर्माण सामग्रीहरु जस्तै ईँटा सफा गर्ने, पेन्ट ब्रसहरू धुने आदी कार्यबाट फोहोर पानी उत्पादन हुन्छ। डिटर्जेन्टको प्रयोग गर्दा नाइट्रोजन र फस्फोरस भएको फोहोर पानी निस्कन्छ। निर्माण सामाग्रिको अब्यवस्थित भण्डारणका कारण वर्षातमा पानीले निर्माण सामाग्री बगाउने तथा प्रदूषण गर्न सक्ने देखिन्छ। निकासबाट निस्केको प्रदुषित पानी दोलाई खोला हुँदै राप्ति नदिमा मिसिन सक्ने तथा यसले खोलाको पानीको गुणस्तरमा ह्रास आई आयोजना क्षेत्रको जलीय पारिस्थितिकीय प्रणालीमा असर पार्न सक्ने देखिन्छ।

*आँकलन गरिएको प्रभाव मध्यम परिमाणको, स्थानीय फैलावटको, मध्यम समयको लागि प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

### ७.२.२.३ सञ्चालनको चरण

**१) ध्वनी प्रदूषण बढ्ने तथा आयोजना वरीपरीको क्षेत्रबाट वन्यजन्तु र चराले बासस्थान छाडेर जान सक्ने**

आयोजना सञ्चालन भएपश्चात आयोजना क्षेत्रको जनसङ्ख्यामा बृद्धि भई मानिसहरुको आवातजावतमा उल्लेख्य बृद्धि हुन्छ। प्रदेश राजधानीमा आवतजावत गर्ने गाडीहरुको सङ्ख्यामा पनि बृद्धि हुनेछन् जसले गर्दा ध्वनि प्रदूषण बढ्नेछ। ध्वनी प्रदूषण बढ्ने तथा आयोजना वरीपरीको क्षेत्रबाट वन्यजन्तु र चराले बासस्थान छाडेर जान सक्ने सम्भवाना देखिन्छ।

*आँकलन गरिएको प्रभाव न्यून परिमाणको, स्थानीय फैलावटको, दीर्घकालिन समयको लागि प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

**२) सवारीसाधनको बढ्दो चापले नजिकका वन क्षेत्रमा हुने वन्यजन्तुको आवतजावतमा असर पार्न सक्ने तथा दुर्घटना निम्त्याउन सक्ने**

आयोजना निर्माण पश्चात प्रदेश राजधानीमा प्रदेशभरका मात्र नभएर बाहिरबाट पनि मानिसहरुको आवतजावात हुन्छ। प्रदेश राजधानी निर्माण पश्चात वर्षेनी बढ्दै गएको सवारी चापमा अझ वृद्धि हुने देखिन्छ। त्यसैगरी आयोजना स्थलको जनसङख्या बृद्धि भएपछि सवारीसाधनहरुको चाप समेत बढ्नेछ। आयोजना स्थल र नजिकका सडकहरु वन क्षेत्रसँग नजोडिएकाले प्रभाव न्यून रहेको छ। तथापी भालुबाङ्बाट पूर्वतर्फको भालुबाङ-चन्द्रौटा सडकमा सवारी चापले वन्यजन्तुको आवतजावतमा असर पुऱ्याउन सक्ने र दुर्घटना निम्त्याउन सक्ने देखिन्छ।

*आँकलन गरिएको प्रभाव न्यून परिमाणको, स्थलगत फैलावटको, दीर्घकालिन समयको लागि प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले नगन्य स्तरको नकारात्मक प्रभाव रहेको छ।*

Innovative Vision

**३) वन क्षेत्रमा अतिक्रमण बढ्न सक्ने**

आयोजनास्थल वन क्षेत्रसँग नजोडिएको र चार किल्ला साविक राप्ती प्राविधिक शिक्षालयले चर्चेको क्षेत्रभित्र सिमित रहेकाले आयोजनाले वन क्षेत्र अतिक्रमण गर्ने सम्भावना देखिदैन। आयोजना क्षेत्र दुईतर्फ वनले ढाकेको हरियो पहाड र पूर्व-पश्चिम बस्ती तथा खेतीयोग्य जमिनले घेरिएको राप्ती उपत्यकामा रहेको छ। आयोजना स्थलमा वन क्षेत्र नभएपनि आयोजनास्थलको उत्तर र दक्षीणतर्फको चुरे पहाडमा वन क्षेत्र रहेको छ। आयोजना सञ्चालन पछि शहरीकरण बढ्ने, सेवा र सुबिधाहरु बढ्ने भएकोले आयोजना क्षेत्रमा बसाँईसराईको क्रम बढ्ने देखिन्छ। बसाँईसराईको क्रममा वन क्षेत्र अतिक्रमण हुने तथा सुकुम्बासी बस्ती बस्न सक्ने खतरा रहेको छ।

*आँकलन गरिएको प्रभाव उच्च परिमाणको, स्थानीय फैलावटको, दीर्घकालिन समयको लागि अप्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले अति उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

### ७.२.३ सामाजिक आर्थिक तथा साँस्कृतिक वातावरण

#### ७.२.३.१ निर्माण कार्य गर्नु पूर्वको चरण

**१) राप्ती प्राविधिक शिक्षालय भवन, कक्षाकोठा र प्रयोगशाला तथा शिक्षण गतिबिधिमा पर्ने असर**

प्रदेश राजधानी निर्माण गर्न सीटीईभीटी अन्तर्गतको साविक राप्ती प्राविधिक शिक्षालयमा प्रस्तावित गरिएको छ। राप्ती प्राविधिक शिक्षालयका ५२ वटा साना-ठूला भवन तथा संरचनाहरु रहेका छन् भने करिब १३०० विद्यार्थीहरु विभिन्न संकायमा अध्ययनरत छन्। आयोजना निर्माण अगावै शिक्षालय र त्यहाँ भएका प्रयोगशालालाई स्थानतरण गर्नु पर्ने हुन्छ। शिक्षालयलाई दाङ जिल्लाकै गढवा गाउँपालिका वडा नं. ३ स्थित श्री सरसवती माध्यामिक विद्यालय परिसरमा सार्ने प्रक्रिया चलिरहेको छ जुन हालको ठाउँभन्दा करिब १५ कि.मि. टाढा छ। हाल प्रयोग भईरहेका भवनहरु सुविधा सम्पन्न र विद्यार्थी मैत्री छन् भने प्रयोगशालाहरु सञ्चालनको अवस्थामा छन्। नयाँ ठाउँमा हालकै जस्तो सुविधा सम्पन्न प्राविधिक शिक्षालयको भवनहरु, कक्षाकोठा र प्रयोगशाला निर्माण गर्न चुनौति रहेको छ। प्रयोगशाला स्थानतरण गर्न समय लाग्ने भएकाले एकातर्फ शिक्षण गतिविधिमा असर पर्न सक्ने देखिन्छ भने अर्कातर्फ आयोजनाको कार्यान्वयनमा ढिलाई हुनसक्ने देखिन्छ।

*आँकलन गरिएको प्रभाव उच्च परिमाणको, स्थानीय फैलावटको, छोटो समयको लागि प्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

**२) निजी तथा सार्वजनिक जग्गामा क्षति पुग्न सक्ने**

प्रस्तावित प्रदेश राजधानी निर्माण गर्दा पूर्व पश्चिम राजमार्गबाट आयोजना स्थल पुग्ने २०० मिटरको पहुच मार्ग साँघुरो छ। सो पहुच मार्ग निर्माण अगावै विस्तार र स्तरोन्नत्ती गर्नु पर्ने देखिन्छ। त्यसै गरी हाल एक मात्र रहेको पहुँच मार्गले नपुग्ने भएकाले आयोजना स्थलबाट अर्को पहुच मार्ग पनि बनाउनु पर्दा पनि निजी तथा सार्वजनिक जग्गामा क्षति पुग्न सक्ने देखिन्छ।

*आँकलन गरिएको प्रभाव उच्च परिमाणको, स्थलगत फैलावटको, छोटो समयको लागि प्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*



Innovative Vision

### ७.२.३.२ निर्माणको चरण

**१) कामदारको लागि खानेपानी, सरसफाई र शौचालय सम्बन्धी सबालहरु**

आयोजनालाई निर्माणको चरणमा कुल्ली, मिस्त्री, प्लम्बर, ईलेक्ट्रिसियन जस्ता कामदार तथा निर्माण विशेषज्ञहरु आवश्यक पर्दछ। निर्माणको समयमा दक्ष कामदार, सामान्य श्रमिक, इन्जिनियर र सुपरभाइजर आवश्यकता पर्ने देखिएकाले आयोजना क्षेत्र भन्दा बाहिरबाट आउने कामदारलाई कामदार शिविरमा राख्ने प्रस्ताव गरिएको छ। आयोजनालाई ठूलो संख्यामा कामदार आवश्यकता पर्ने भएकोले कामदरको खानेपानी, सरसफाई र शौचालय सञ्चालनमा चुनौती थपिन सक्ने देखिन्छ। कामदार शिविर निर्माणको क्रममा कामदारका लागि आधारभूत आवश्यकता जस्तै खानेपानी, भान्सा, उचित सरसफाई  र शौचालयहरु हुन आवश्यक छ जुन कुरालाई ध्यान नदिई शिविर बनाईएमा कामदारहरु बिरामी हुने र स्वास्थ्य अवस्था बिग्रिन सक्ने देखिन्छ जसले निर्माण कार्यलाई ढिलाई गराउन सक्ने देखिन्छ।

*आँकलन गरिएको प्रभाव उच्च परिमाणको, स्थलगत फैलावटको, मध्यम समयको लागि प्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

**२) कामदारको स्वास्थ्य र सुरक्षा सम्बन्धी सबालहरु**

कामदार शिविर कामदार सुरक्षा र स्वास्थ्यका हिसाबले सुरक्षित बनाउनुपर्ने देखिन्छ। निर्माण चरणमा कामदारहरू विभिन्न प्रकारका जोखिमहरूमा पर्न सक्छन्। निर्माण अवधिमा दुर्घटनाको सम्भावना उच्च हुन्छ, जसमध्ये उचाईबाट खस्ने, चिप्लने, अङ्गभङ्ग हुने देखि मृत्यु सम्म हुन सक्छ। यसले गर्दा कामदारको घरमा आश्रित परिवरजनको समेत विचल्ली हुने देखिँदै आएको छ। तसर्थ आयोजना क्षेत्रमा काम गर्ने कामदारको स्वास्थ एवं पेशागत सुरक्षा सुनिश्चित गर्न अत्यावश्यक छ।

*आँकलन गरिएको प्रभाव उच्च परिमाणको, स्थलगत फैलावटको, मध्यम समयको लागि प्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

**३) आयोजना क्षेत्रको सामाजिक सद्भाव र शान्ति तथा सुरक्षामा असर पार्न सक्ने**

स्थानीय क्षेत्रबाट मात्रै दक्ष र गैरदक्ष श्रमिकको व्यवस्थापन गर्न कठिन हुने भएकाले निर्माण ब्यवसायीले विभिन्न क्षेत्रबाट जनशक्ति ल्याउनु पर्ने हुन्छ। यी कामदारहरू फरक धर्म र संस्कृतिका हुन सक्छन्। निर्माण ब्यवसायीले यी मानिसहरूबीच सद्भाव कायम गर्नु पर्नेछ ताकि आयोजना क्षेत्रमा शान्तिपूर्ण तथा सद्भभावपूर्ण वातावरण कायम होस्। कामदारको उचित व्यवस्थापन एवं प्रशिक्षणको अभाव वा कामदारको अत्याधिक आवतजावत भएको खण्डमा असर पर्ने देखिन्छ।

*आँकलन गरिएको प्रभाव मध्यम परिमाणको, स्थानीय फैलावटको, मध्यम समयको लागि प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

**४) सवारीसाधनको बढ्दो चापको कारण सवारी दुर्घटना बढ्न सक्ने**

आयोजनास्थल पूर्व पश्चिम महेन्द्र राजमार्गको लालमटीया सडक खण्डमा पर्दछ। नेपालको पूर्व र पश्चिमलाई जोड्ने महेन्द्र राजमार्गमा वर्षेनी सवारी साधनको संख्यामा वृद्धि भैरहेको छ। अर्कातर्फ राजमार्गलाई आधार मानी सडकको दायाँ र वायाँ घर, भवन र टहराहरु निर्माण गरि आवास बिस्तार गर्ने, व्यवसाय र आर्थिक गतिबिधिहरु सञ्चालन गर्ने क्रम बढ्दो रहेको छ। निर्माणका बखत मालसामान ओसारपसार गर्न ठूलो सङ्ख्यामा टिपर, ट्रक, लरी, मिनी ट्रक, पिक-अप भ्यानको ओहोरदोहोर हुने हुदाँ र मानिसहरुको चहलपहल पनि बढ्ने भएकोले दुर्घटनाको सम्भावना बढ्ने जोखिम रहेको छ। राजमार्गबाट आयोजना परिसर जोड्ने सडक साँघुरो रहेको र सडकको दुबैतर्फ घरहरु रहेकाले विशेषगरी निर्माण सामग्री बोकेका ट्रक तथा ट्रिपरहरुले दुर्घटना गराउन सक्ने देखिन्छ। गाउँपालिकाको अवलोकन अनुसार लमही भालुबाङ् खण्डमा वर्षेनी सडक दुर्घटनाहरुमा वृद्धि भैरहेकोले प्रदेश राजधानी निर्माणको क्रममा यस्ता घटनाहरुमा वृद्धि हुन सक्ने आँकलन गरिएको छ। भौगोलिक हिसाबले तराईका क्षेत्रहरुमा जाडोका महिनाहरुमाा बाक्लो हुस्सु लाग्ने र कमजोर दृश्यता (poor visibility) हुने गरेको छ। जसका कारण जाडोका महिनाहरुमा दुर्घटना बढ्न सक्ने र मानवीय क्षति हुन सक्ने देखिन्छ। उक्त क्षतिबाट व्यक्तिसँग आश्रित सम्पूर्ण परिवार आर्थिक रुपमा धरासायी हुने भएकोले परिवारको समग्र सामाजिक तथा आर्थिक अवस्थामा प्रभाव पार्ने हुन्छ।

*आँकलन गरिएको प्रभाव उच्च परिमाणको, स्थानीय फैलावटको, मध्यम समयको लागि प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले अति उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

**५) महिला र पिछडिएको समूहका व्यक्तिहरुलाई ज्यालामा विभेद तथा बालबालिकाको श्रमशोषण हुन सक्ने**

निर्माण व्यवसायीले कामदारलाई भेदभाव गर्ने र फरक-फरक व्यक्तिलाई समान कार्यको फरक पारिश्रमिक दिने प्रचलन रहेको पाइन्छ। कामको अनुभव र कामको प्रकृतिका आधारमा पारिश्रमिक र तलब निर्धारण गर्नुपर्छ। मजदुरहरूबीचको असमझदारीबाट बच्न तलब प्रणालीमा एकरूपता कायम गर्नुपर्छ। श्रमिकको ज्याला तथा तलबको ब्यवस्थापन श्रमका आधारमा राज्यले तोकेको न्यूनतम दररेट भन्दा तल हुन सक्ने सम्भावना समेत देखिएको छ। त्यसैगरी आयोजनाले बालबालिकालाई सस्तो ज्याला दरमा काम लगाउन सक्ने तथा श्रमशोषण गर्न सक्ने देखिन्छ।

*आँकलन गरिएको प्रभाव मध्यम परिमाणको, स्थानीय फैलावटको, मध्यम समयको लागि प्रत्यक्ष प्रभाव पार्ने प्रकारको भएकोले उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

**६) प्राविधिक शिक्षालयका विद्यार्थीहरुको आवतजावत र डेरा उपलब्धतामा पर्ने असर**

विद्यमान राप्ती प्राविधिक शिक्षालयलाई स्थानान्तरण गर्न लागिएको स्थल श्री सरस्वती माध्यामिक विद्यालय परिसर, गोबरडिहा लालमटीयाबाट करिब १५ कि.मि. टाढा रहेको छ। आयोजनस्थलबाट पूर्वपश्चिम राजमार्ग हुँदै सिसहनिया र सिसहनियाबाट राप्ती नदिमाथी निर्माण गरिएको गाडी चल्ने पुल हुँदै प्रस्तावित नयाँ ठाउँमा पुग्न सकिन्छ। लालमटियाबाट उक्त स्थानसम्मको पैदल समय करिब ४५ मिनेट रहेको छ। विशेषगरी बाहिरी क्षेत्रबाट आएका विद्यार्थीहरु भालुवाङ आसपासको क्षेत्रमा डेरा लिई बस्ने गर्दछन्। नयाँ स्थानमा प्राविधिक शिक्षालय सरेपछि गोबरडिहामा तत्काल कोठा पाउन समस्या हुने आँकलन गरिएको छ। एकतर्फ गोबरडिहामा डेरा दिनको लागि यथेस्ट घरहरू छैनन् भने अर्कातर्फ भएका घरहरु पनि डेरा दिनको लागि डिजायन गरिएका छैनन्। यसर्थ नयाँ ठाउँमा विद्यार्थीलाई आवतजावत गर्न र डेरा पाउन समस्या हुने देखिन्छ।



Innovative Vision

*आँकलन गरिएको प्रभाव मध्यम परिमाणको, स्थानीय फैलावटको, मध्यम समयको लागि प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव पार्ने प्रकारको उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

**७.२.३.३ सञ्चालनको चरण**

**१) आयोजना क्षेत्रको शहरीकरणमार्फत स्थानीय सँस्कृती र रहनसहनमा असर पर्न सक्ने**

आयोजना क्षेत्र बिभिन्न जातजातिको मिश्रित बसोबास रहे पनि थारु जातिको बहुलता भएको क्षेत्र हो। आयोजना क्षेत्रमा थारु रहनसन, रीतिरीवाज र चाडपर्व मानिदै आएको छ। प्रदेश राजधानी निर्माण भएपछि यस ठाउँमा शहरीकरण समेत सुरु हुने देखिन्छ। प्रदेश राजधानी, शहरको विकास, उपलब्ध सेवा र सुविधाहरुले गर्दा प्रदेशका विभिन्न ठाउँहरुबाट प्रदेश राजधानीमा विभिन्न धर्म, संस्कृति, रितिरिवाज र चालचलन भएका मानिसहरुको बसाईसराई हुन सक्छ। त्यसैगरी राजधानीमा होटल व्यवासी, उध्योगपती र कर्पोरेट क्षेत्रको आवगमनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट बिभिन्न मानिसहरुको चहलपहल हुने हुँदा स्थानीय सँस्कृती र रहनसहनमा पाश्चातय वा अरु धर्म संस्कृतिहरुले अतिक्रमण हुने साम्भावना हुन्छ। शहरीकरणसँगै शहरिया जीवनशैली र रहनसहनले स्थानीय सँस्कृती र रहनसहनलाई प्रभाव पार्न सक्ने देखिन्छ।

*आँकलन गरिएको प्रभाव उच्च परिमाणको, स्थानीय फैलावटको, दीर्घकालिन समयको लागि प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव पार्ने प्रकारको अति उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

**२) शहरीकरण बढी खेतियोग्य जमिनको खण्डीखरण तथा स्थानीय खाद्य सुरक्षामा असर पर्न सक्ने**

आयोजना क्षेत्र वरीपरीको भूभाग खेतीयोग्य जमिन र बस्तीले ढाकेको छ। आयोजना क्षेत्रमा हाल प्रशस्त रुपमा खेतियोग्य जमिनहरु रहेका छन् र अधिकांश मानिसहरु कृषि पेशामा आवद्ध रहेका छन्। रासी गाउँपालिकाका केही वडाहरु मकै उत्पादनका आधारमा सुपर जोनमा पर्दछन्। आयोजना क्षेत्रमा बस्तीहरु मुख्यतया पूर्व पश्चिम महेन्द्र राजमार्गको छेउछाउमा केन्द्रित रहेका छन्। उत्तरतर्फको चुरे पहाड वन क्षेत्रले ढाकेको छ भने दक्षीण तर्फ रासी नदी, खेतीयोय फाँट र गोबरडिहा पहाड रहेका छन्। समग्रमा पूर्व-पश्चिम फैलिएको खेतीयोग्य जमिन र बस्ती क्षेत्र छ भने उत्तर र दक्षिणमा वनले ढाकेको पहाड रहेको छ। प्रदेश राजधानी, शहरीकरण, उपलब्ध सेवा र सुविधाहरुले गर्दा प्रदेशका विभिन्न ठाउँहरुबाट प्रदेश राजधानीमा बसाईसराईमा तिव्रता आउने देखिन्छ। त्यसैगरी राजधानीमा होटल व्यवसायी, उध्योगपती र कर्पोरेट क्षेत्रको आवगमन हुन्छ। आयोजनाको कार्यान्वयनसँगै रासी उपत्यकामा शहरीकरण बढ्ने अनुमान गरिएकोले आयोजनाको प्रभाव स्वरुप यस उपत्यकको भू-उपयोगमा परिवर्तन ल्याउने देखिन्छ। भूउपयोग दस्ताबेज अनुसार रासी गाउँपालिकाको ६०% भन्दा बढी जमिन वन क्षेत्रले ढाकेको छ। त्यसैगरी करिब ३०% भूभाग खेती गरिएको जमिनले ढाकेको छ भने बाँकी जमिन अन्य किसिमका भूउपयोगले ढाकिएको छ। तर सन् २०००, २०१० र २०१९ को भूउपयोग दस्तावेजलाई विश्लेषण गर्दा सबैभन्दा धेरै प्रतिशत भू-उपयोग बृद्धि घर तथा संरचना विकासमा भएको छ भने सबैभन्दा कम वृद्धि नदी/नालामा भएको पाईएको छ। घर तथा संरचनाको विकास वार्षिक रुपमा ७.११ हेक्टरले बढेको देखिन्छ भने खेती गरिएको जमिन वार्षिक ५४.५१ हेक्टरले घट्दै गैरहेको देखिन्छ। यसर्थ आयोजना कार्यान्वयन भएपछि सञ्चालनको समयमा शहरीकरण तिब्र रुपमा हुने र गाउँपालिकाको खेतियोग्य जमिनमा चाप बढ्ने देखिन्छ। फलस्वरुप खेतियोग्य जमिनको खण्डीकरण बढ्ने र भूउपयोगमा परिवर्तन हुनेछ। खेतियोग्य जमिन खण्डिकरण भएमा आयोजना क्षेत्रको खाद्यमा सुरक्षामा असर पर्न सक्ने देखिन्छ।

*आँकलन गरिएको प्रभाव उच्च परिमाणको, स्थानीय फैलावटको, दीर्घकालिन समयको लागि प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव पार्ने प्रकारको अति उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

**३) बालबालिका तथा महिलाको अबैध ओसारपसार र शोषण बढ्न सक्ने**

प्रदेश राजधानीका सेवा र सुविधाहरुले गर्दा विभिन्न ठाउँहरुबाट प्रदेश राजधानीमा मानिसहरुको बसाईसराई हुने तथा शहरीकरण सुरु हुने देखिन्छ। शहरीकरण पश्चात आयोजना क्षेत्रमा होटल तथा व्यवसाय र आवासीय घरहरुमा विभिन्न अदक्ष र घरेलु कामदारहरुको आवश्यक पर्छ। देशमा बढ्दो बेरोजगारी कायम रहेको छ र यसरी कामदार चाहिदा सस्तोमा बालबालिका तथा महिला कामदारहरु विभिन्न ठाउँहरुबाट ओसारपसार हुने र काममा प्रयोग गर्दा शोषण बढ्ने जस्ता समस्याहरु आउन सक्छन्। त्यसैगरी शहरीकरण बढ्दा आयोजना क्षेत्रमा दलालहरुको चलखेल हुने तथा मानव बेचबिखन जस्ता सम्स्या नि आउन सक्ने देखिन्छ।

*आँकलन गरिएको प्रभाव न्यून परिमाणको, स्थानीय फैलावटको, दीर्घकालिन समयको लागि प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव पार्ने प्रकारको उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

**४) सरुवा रोग तथा यौन रोगको विस्तार हुन सक्ने**

प्रदेश राजधानी निर्माण पश्चात आयोजना क्षेत्रको जनघन्त्व वृद्धि हुनेछ। बजार, होटल, रेष्टुरा र व्यवसायमा वृद्धि हुनेछ। जनघन्त्व बढेसगैं कुनै पनि संक्रामक रोग महामारीमा परिणत हुने खतराको सम्भावना रहन्छ। त्यसै गरी प्रदेश राजधानीमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट बिभिन्न मानिसहरुको आवतजावत हुनेछ। त्यस क्रममा अवैध यौनक्रियालापबाट सरुवा रोग तथा यौन रोगहरुको विस्तार हुन सक्नेछ।

*आँकलन गरिएको प्रभाव मध्यम परिमाणको, स्थानीय फैलावटको, दीर्घकालिन समयको लागि प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव पार्ने प्रकारको  उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

**५) आयोजना क्षेत्रमा सुरक्षा चुनौति थपिन सक्ने**

हाल आयोजना क्षेत्रको भालुवाङ बजारमा प्रहरी चौकी रहको छ। उक्त क्षेत्रको शान्ति र सुरक्षा त्यहाँ अवस्थित प्रहरी चौकीले हेर्ने गरेको छ। सुरक्षाकर्मीको सक्रिय निगरानी तथा सवारी साधनको आवतजावतको अनुगमनले हालसम्म शान्ति सुरक्षा कायम भैरहेको भएता पनि आयोजना कार्यान्वयनको समयमा चुनौति थपिन सक्ने देखिन्छ। आयोजना क्षेत्र लुम्बिनी प्रदेश सरकारको प्रशासनिक केन्द्र बन्ने तथा उच्चपदस्त नेतृत्व र कर्मचारी संयन्त्रको लागि सुरक्षा व्यवस्था आवश्यक पर्दछ। यसर्थ प्रदेश राजधानी सहित सो क्षेत्रको शान्ति र सुरक्षाको लागि थप काम गर्नुपर्ने देखिन्छ।

*आँकलन गरिएको प्रभाव उच्च परिमाणको, स्थानीय फैलावटको, दीर्घकालिन समयको लागि प्रत्यक्ष/अप्रत्यक्ष प्रभाव पार्ने प्रकारको अति उच्च स्तरको नकारात्मक प्रभाव रहेको छ।*

## ७.३ आयोजना क्षेत्रका सरोकारवालले उठाएका सवालहरु

आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कनको लागि मिति २०७९।०५।१५ मा आयोजनास्थल साविक रासी प्राविधिक शिक्षालयको सभा हलमा आयोजित सार्वजिक सुनुवाईमा उठेका सवालहरु यसप्रकार रहेका छन्;



Innovative Vision
for innovation at work

१) आयोजना कार्यान्वयनको क्रममा निजी जमिनमा क्षति पुगेमा कसरी सम्बोधन गर्ने?

२) आयोजनाको लागि प्रयोग हुने निर्माण सामग्री स्विकृत प्राप्त निकाय/स्थानहरुबाट आपूर्ती गर्ने।

३) राजमार्गबाट आयोजनास्थल छिर्ने पहुँचमार्गमा धुलो, धुवाँ र ध्वनी प्रदूषण न्यूनीकरण गर्नु पर्ने।

४) पहुँचमार्ग साँघुरो भएको।

५) वातावरण व्यवस्थापनको लागत संशोधन गर्ने।

६) भवनहरुमा वातावरण मैत्री निर्माण सामग्रीहरुको प्रयोग गर्ने।

७) गुरुयोजना बमोजिम हरियाली र खुला क्षेत्र कायम गर्ने।

८) वन र वन्यजन्तु संरक्षण सम्बन्धी कार्यक्रम प्रस्ताव गर्ने।

त्यसैगरी आयोजना कार्यान्वयनका लागि राप्ति गाउँपालिकाबाट प्राप्त मिति २०७९।०५।२१ को सिफारिसमा उठाईएका सवालहरु यसप्रकार रहेका छन्;

१) नदी संरक्षणका साथै स्वस्थ वातावरण हुने।

२) रुख बिरुवामा नोक्सानी हुने।

तालिका ७. १:  वातावरणीय प्रभावको तह निर्धारण

| प्रस्तावका कार्य | वातावरणीय प्रभाव | प्रकृती | | मापनको आधार | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रत्यक्ष | अप्रत्यक्ष | परिमाण | सीमा | अवधी | जम्मा अङ्क | प्रभावको स्तर |
| **सकारात्मक प्रभावहरु** | | | | | | | | |
| आयोजनाको कार्यान्वयन र बाह्य आर्थिक गतिबिधि | आयोजना क्षेत्रमा आर्थिक गतिबिधि बढ्ने तथा स्थानीय अर्थव्यवस्था (economy) मा वृद्धि हुने | ✓ | | उच्च | स्थानीय | दीर्घकालिन | १०० | अति उच्च |
| कामदार नियुक्ती र बाह्य आर्थिक गतिबिधि | रोजगारीको अवसर सृजना हुने | ✓ | ✓ | मध्यम | क्षेत्रीय | दीर्घकालिन | १०० | अति उच्च |
| आयोजनाको कार्यान्वयन | व्यापार व्यवसायको अवसर | ✓ | | मध्यम | स्थानीय | दीर्घकालिन | ६० | उच्च |
| आयोजनाको कार्यान्वयन | प्रशासनिक सहजता | ✓ | | मध्यम | क्षेत्रीय | दीर्घकालिन | १०० | अति उच्च |
| आयोजनाको कार्यान्वयन | सार्वजनिक सेवा र सुविधाहरुमा वृद्धि हुने | ✓ | ✓ | मध्यम | क्षेत्रीय | दीर्घकालिन | १०० | अति उच्च |
| आयोजनाको कार्यान्वयन | उत्पादित स्थानीय चिज/बस्तुले बजार पाउने | ✓ | ✓ | मध्यम | स्थानीय | दीर्घकालिन | ६० | उच्च |
| आयोजनाको कार्यान्वयन र व्यवस्थित शहरीकरण | जमिनको मूल्य वृद्धि भई सम्पत्तीको मूल्याङ्कन बढ्ने | ✓ | ✓ | मध्यम | स्थानीय | दीर्घकालिन | ६० | उच्च |
| **नकारात्मक प्रभावहरु** | | | | | | | | |
| **भौतिक वातावरण** | | | | | | | | |
| **निर्माण कार्य गर्नु पूर्वको चरण** | | | | | | | | |
| कामदार शिविर स्थापना | कामदार शिविर तथा कार्यालय स्थापनासँग सम्बन्धित सवालहरु | ✓ | | न्यून | स्थलगत | छोटो | २५ | नगन्य |
| पार्किङ स्थल स्थापना | पार्किङ् स्थल स्थापनासँग सम्बन्धित सवालहरु | ✓ | | न्यून | स्थलगत | छोटो | २५ | नगन्य |

| प्रस्तावका कार्य | वातावरणीय प्रभाव | प्रकृती | | मापनको आधार | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रत्यक्ष | अप्रत्यक्ष | परिमाण | सीमा | अवधी | जम्मा अङ्क | प्रभावको स्तर |
| आन्तरिक सडक निर्माण | आयोजनाको आन्तरिक सडक निर्माण सम्बन्धी सवालहरु | ✓ | | न्यून | स्थलगत | छोटो | २५ | नगन्य |
| जमिनको सतहको माटो संरक्षण स्थल निर्माण | जमिनको सतहको मलिलो माटो संरक्षणका लागि स्थान निर्माणसँग सम्बन्धित सवालहरु | ✓ | | मध्यम | स्थानीय | मध्यम | ५० | उच्च |
| निर्माण भण्डारण सामग्री निर्माण स्थल | आयोजनको निर्माण सामग्री भण्डारण सम्बन्धि सवालहरु | ✓ | | मध्यम | स्थानीय | मध्यम | ५० | उच्च |
| आयोजनाको कार्यान्वयन | रासी प्राविधिक शिक्षालयको प्रयोगशाला स्थानान्तरण गर्ने तथा रसायनहरु व्यवस्थापन गर्ने सम्बन्धी सवाल | ✓ | | उच्च | स्थलगत | छोटो | ७५ | उच्च |
| **निर्माणको चरण** | | | | | | | | |
| भवन तथा संरचना निर्माण | निर्माण कार्यसँग सम्बन्धीत धुलो, धुवा, र ध्वनी प्रदूषण | ✓ | | उच्च | स्थानीय | मध्यम | ९० | अति उच्च |
| जग खन्ने तथा संरचना निर्माण गर्ने | आयोजना क्षेत्रको जमिनको माथिल्लो भागको माटो (Top soil) नास हुने | ✓ | | मध्यम | स्थलगत | मध्यम | ४० | नगन्य |
| जग खन्ने तथा संरचना निर्माण गर्ने | आयोजना क्षेत्रको भूउपयोगमा परिवर्तन हुने | ✓ | | मध्यम | स्थलगत | दीर्घकालिन | ५० | उच्च |
| कामदारलाई आवासा सुबिधा प्रदान | आयोजनास्थल र कामदार शिविरबाट उत्पादन हुने ठोस तथा तरल फोहोर व्यवस्थापन सँग सम्बन्धित सवालहरु | ✓ | | मध्यम | स्थानीय | मध्यम | ५० | उच्च |
| पर्खाल निर्माण कार्य | आयोजना क्षेत्र डुबानमा पर्न सक्ने | ✓ | ✓ | मध्यम | स्थानीय | दीर्घकालिन | ६० | उच्च |
| निर्माण कार्य | नजिकका खोलाको पानीको गुणस्तरमा असर पार्न सक्ने | ✓ | ✓ | मध्यम | स्थानीय | मध्यम | ५० | उच्च |

Innovative Vision

| प्रस्तावका कार्य | वातावरणीय प्रभाव | प्रकृती | | मापनको आधार | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रत्यक्ष | अप्रत्यक्ष | परिमाण | सीमा | अवधी | जम्मा अङ्क | प्रभावको स्तर |
| आयोजनाका सवारी साधनको आवतजावत | आयोजना क्षेत्र पूर्व पश्चिम महेन्द्र राजमार्गसँग जोडिएकाले दुर्घटनाको सम्भावना बढ्ने | ✓ | ✓ | उच्च | स्थलगत | मध्यम | ८० | उच्च |
| पहुँचमार्ग सुधार तथा निर्माण | आयोजना स्थल जोड्ने तथा आयोजना स्थलबाट निस्कने पहुँच मार्ग सम्बन्धी सवाल | ✓ | | उच्च | स्थलगत | दीर्घकालिन | ९० | अति उच्च |
| भवन डिजायन तथा निर्माण | आयोजनाका भवनहरु भूकम्प प्रतिरोधी हुने सम्बन्धी सवाल | ✓ | ✓ | मध्यम | स्थलगत | दीर्घकालिन | ५० | उच्च |
| **सञ्चालनको चरण** | | | | | | | | |
| सवारी साधनको आवतजावत | आयोजनाले पूर्व पश्चिम महेन्द्र राजमार्गको लालमटीया सडक खण्डमा चाप बढाउन सक्ने | ✓ | ✓ | मध्यम | स्थानीय | दीर्घकालिन | ६० | उच्च |
| सवारी साधनको आवतजावत | दुर्घटनाको सम्भावना बढ्ने | ✓ | ✓ | मध्यम | स्थानीय | दीर्घकालिन | ६० | उच्च |
| जनसंख्या र सेवाग्राही वृद्धि | विद्यमान कमजोर सञ्चार प्रणालीमा भार पर्ने | ✓ | ✓ | मध्यम | स्थानीय | दीर्घकालिन | ६० | उच्च |
| राजधानीको प्रशासनिक गतिबिधि सञ्चालन तथा सुविधाको प्रयोग | प्रशासनिक भवन तथा खुला क्षेत्रबाट निस्किएको ठोस तथा तरल फोहोरमैला व्यवस्थापन सम्बन्धि सवाल | ✓ | | उच्च | स्थानीय | दीर्घकालिन | १०० | अति उच्च |
| प्रदेश राजधानी स्थापना तथा प्रशासनिक गतिबिधि | शहरीकरण, जमिनको खण्डीकरण तथा भूउपयोगमा परिवर्तन | ✓ | ✓ | उच्च | स्थानीय | दीर्घकालिन | १०० | अति उच्च |
| प्रदेश राजधानी स्थापना तथा प्रशासनिक गतिबिधि | भूमिगत पानीको उपयोगमा चाप बढ्न सक्ने | ✓ | ✓ | मध्यम | स्थानीय | दीर्घकालिन | ६० | उच्च |
| भवन सञ्चालन | आकस्मिक सुरक्षा सम्बन्धी सवालहरु | ✓ | | मध्यम | स्थलगत | दीर्घकालिन | ५० | उच्च |

| प्रस्तावका कार्य | वातावरणीय प्रभाव | प्रकृती | | मापनको आधार | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रत्यक्ष | अप्रत्यक्ष | परिमाण | सीमा | अवधी | जम्मा अङ्क | प्रभावको स्तर |
| ढल निकास सञ्चालन | आयोजनाको ढल निकास प्रणाली स्थापनासँग सम्बन्धित सवालहरु | ✓ | | उच्च | स्थानीय | दीर्घकालिन | १०० | अति उच्च |
| **जैविक वातावरण** | | | | | | | | |
| **निर्माण कार्य गर्नु पूर्वको चरण** | | | | | | | | |
| निर्माण कार्य | जमिन खाली गर्दा आयोजना क्षेत्रको जैविक विविधतामा पर्ने असर | ✓ | | मध्यम | स्थलगत | दीर्घकालिन | ५० | उच्च |
| कामदार परिचालन | वन क्षेत्रमा आगलागी हुन सक्ने | ✓ | ✓ | न्यून | स्थानीय | छोटो | ३५ | नगन्य |
| कामदार परिचालन | आयोजना क्षेत्रमा माछा मार्ने, वन्यजन्तु र वनस्पतिको चोरी शिकार र अवैध व्यापार हुन सक्ने | ✓ | ✓ | न्यून | स्थानीय | छोटो | ३५ | नगन्य |
| **निर्माणको चरण** | | | | | | | | |
| निर्माण कार्य | आयोजना स्थलमा स्तनधारी वन्यजन्तु, चरा, सरीसृपको बासस्थान मासिन सक्ने | ✓ | | मध्यम | स्थलगत | मध्यम | ४० | नगन्य |
| कामदार परिचालन | आयोजना क्षेत्रमा माछा मार्ने, वन्यजन्तु र वनस्पतिको चोरी शिकार र अवैध व्यापार हुन सक्ने | ✓ | ✓ | मध्यम | स्थानीय | मध्यम | ५० | उच्च |
| निर्माण कार्य | ध्वनी प्रदूषणको कारण आयोजना वरीपरीको क्षेत्र वन्यजन्तु र चराले बासस्थान छाडेर जान सक्ने | ✓ | ✓ | न्यून | स्थानीय | मध्यम | ४० | नगन्य |
| निर्माण कार्य | खोलाको पानीको गुणस्तरमा ह्रास आई आयोजना क्षेत्रको जलीय पारिस्थितिकीय प्रणालीमा असर पार्न सक्ने | ✓ | ✓ | मध्यम | स्थानीय | मध्यम | ५० | उच्च |
| **सञ्चालनको चरण** | | | | | | | | |

| प्रस्तावका कार्य | वातावरणीय प्रभाव | प्रकृती | | मापनको आधार | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रत्यक्ष | अप्रत्यक्ष | परिमाण | सीमा | अवधी | जम्मा अङ्क | प्रभावको स्तर |
| प्रदेश राजधानी स्थापना तथा प्रशासनिक गतिबिधि | ध्वनी प्रदूषण बढ्ने तथा आयोजना वरीपरीको क्षेत्रबाठ वन्यजन्तु र चराले बासस्थान छाडेर जान सक्ने | ✓ | ✓ | न्यून | स्थानीय | दीर्घकालिन | ५० | उच्च |
| प्रदेश राजधानी स्थापना तथा प्रशासनिक गतिबिधि | सवारीसाधनको बढ्दो चापले नजिकका वन क्षेत्रमा हुने वन्यजन्तुको आवतजावतमा असर पार्न सक्ने तथा दुर्घटना निम्त्याउन सक्ने | ✓ | ✓ | न्यून | स्थलगत | दीर्घकालिन | ४० | नगन्य |
| प्रदेश राजधानी स्थापना तथा प्रशासनिक गतिबिधि | वन क्षेत्रमा अतिक्रमण बढ्न सक्ने | | ✓ | उच्च | स्थानीय | दीर्घकालिन | १०० | अति उच्च |
| **सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरण** | | | | | | | | |
| **निर्माण कार्य गर्नु पूर्वको चरण** | | | | | | | | |
| निर्माण कार्य सुरु | राप्ती प्राविधिक शिक्षालय भवन, कक्षाकोठा र प्रयोगशाला तथा शिक्षण गतिबिधिमा पर्ने असर | ✓ | | उच्च | स्थलगत | छोटो | ७५ | उच्च |
| पहुँच मार्ग सुधार तथा निर्माण | निजी तथा सार्वजनिक जग्गामा क्षति पुग्न सक्ने | ✓ | | उच्च | स्थलगत | छोटो | ७५ | उच्च |
| **निर्माणको चरण** | | | | | | | | |
| कामदार परिचालन | कामदारको लागि खानेपानी, सरसफाई र शौचालय सम्बन्धी सबालहरु | ✓ | | उच्च | स्थलगत | मध्यम | ८० | उच्च |
| कामदार परिचालन | कामदारको स्वास्थ्य र सुरक्षा सम्बन्धी सबालहरु | ✓ | | उच्च | स्थलगत | मध्यम | ८० | उच्च |
| कामदार परिचालन | आयोजना क्षेत्रको सामाजिक सद्भाव र शान्ति तथा सुरक्षामा असर पार्न सक्ने | ✓ | ✓ | मध्यम | स्थानीय | मध्यम | ५० | उच्च |
| निर्माण सामग्री बोकेका सवारी साधनको आवतजावत | सवारीसाधनको बढ्दो चापको कारण सवारी दुर्घटना बढ्न सक्ने | ✓ | ✓ | उच्च | स्थानीय | मध्यम | ९० | अति उच्च |

| प्रस्तावका कार्य | वातावरणीय प्रभाव | प्रकृती | | मापनको आधार | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रत्यक्ष | अप्रत्यक्ष | परिमाण | सीमा | अवधी | जम्मा अङ्क | प्रभावको स्तर |
| कामदारबीच बिभेद | महिला र पिछडिएको समूहका व्यक्तिहरुलाई ज्यालामा विभेद तथा बालबालिकाको श्रमशोषण हुन सक्ने | ✓ | | मध्यम | स्थानीय | छोटो | ४५ | उच्च |
| आयोजना कार्यान्वयन र निर्माण कार्य सञ्चालन | प्राविधिक शिक्षालयका विद्यार्थीहरुको आवतजावत र डेरा उपलब्धतामा पर्ने असर | ✓ | | मध्यम | स्थानीय | मध्यम | ५० | उच्च |
| **सञ्चालनको चरण** | | | | | | | | |
| प्रदेश राजधानी स्थापना तथा प्रशासनिक गतिबिधि | आयोजना क्षेत्रको शहरीकरणमार्फत स्थानीय सँस्कृती र रहनसहनमा असर पर्न सक्ने | ✓ | ✓ | उच्च | स्थानीय | दीर्घकालिन | १०० | अति उच्च |
| प्रदेश राजधानी स्थापना तथा प्रशासनिक गतिबिधि | शहरीकरण बढी खेतियोग्य जमिनको खण्डीखरण तथा स्थानीय खाद्य सुरक्षामा असर पर्न सक्ने | ✓ | ✓ | उच्च | स्थानीय | दीर्घकालिन | १०० | अति उच्च |
| प्रदेश राजधानी स्थापना तथा प्रशासनिक गतिबिधि | बालबालिका तथा महिलाको अबैध ओसारपसार र शोषण बढ्न सक्ने | ✓ | ✓ | न्यून | स्थानीय | दीर्घकालिन | ५० | उच्च |
| प्रदेश राजधानी स्थापना तथा प्रशासनिक गतिबिधि | सरुवा रोग तथा यौन रोगको विस्तार हुन सक्ने | ✓ | ✓ | मध्यम | स्थानीय | दीर्घकालिन | ६० | उच्च |
| प्रदेश राजधानी स्थापना तथा प्रशासनिक गतिबिधि | आयोजना क्षेत्रमा सुरक्षा चुनौति थपिन सक्ने | ✓ | ✓ | उच्च | स्थानीय | दीर्घकालिन | १०० | अति उच्च |

# परिच्छेद-८

## अनुकूल प्रभाव अभिवृद्धि तथा प्रतिकूल प्रभाव न्यून गर्ने उपाय

आयोजना कार्यान्वयनबाट आयोजना क्षेत्रको भौतिक, जैविक, सामाजिक तथा साँस्कृतिक वातावरणमा पर्न सक्ने उच्च महत्व र अति उच्च महत्वका सकारात्मक/नकारात्मक प्रभावहरुको अभिवृद्धि/न्यूनीकरणका उपायहरु यस परिच्छेदमा समावेश गरिएको छ। आयोजना कार्यान्वयनबाट देखा पर्ने नगन्य महत्वका प्रभावहरुलाई छुट्टै वातावरण व्यवस्थापन योजना र प्रभावहरुको अभिवृद्धि/न्यूनीकरणका उपायहरु प्रस्ताव गरिएको छैन। उक्त प्रभावहरुको लेखाजोखा प्रभावको म्याट्रिक्स बनाई परिच्छेद ७ को तालिका ७.१ मा राखिएको छ। उक्त खण्डमा प्रभावहरुको स्तरको बारेमा प्रभावको प्रकृती, परिणाम, सिमा र अवधिको आधारमा, प्रभावको स्तर नगन्य, उच्च वा अति उच्च उल्लेख गरी म्याट्रिक्स बनाईएको छ। नगन्य महत्वका प्रभावहरु निराकरणको लागि आयोजनाको प्रस्तावक र छनौट भएको निर्माण व्यवसायीलाई आयोजनाको आन्तरीक खर्चमा विज्ञहरुद्वारा वातावरणीय जागरुक तालिम (Environmental Sensitization Training) दिईनेछ। यस खण्डमा उल्लिखित उपायहरु अपनाउदा लाग्ने बजेटको समेत व्यवस्था गरिएको छ भने विशिष्ट प्रकारका प्रभावहरुको छुट्टै वातावरण व्यवस्थापन योजना समेत प्रस्तुत गरिएको छ। अध्ययनको समयमा पत्ता नलागेका तर आयोजना सञ्चालनको समयमा देखिएका प्रभावहरुलाई प्रस्तावकको वातावरण व्यवस्थापन शाखाले वातावरणीय व्यवस्थापन योजना बनाई कार्यान्वयन गर्नेछ। नकारात्मक प्रभावहरुलाई हटाउन वा न्यूनीकरण गर्नको लागि क्षतिपूर्ती, सुधारात्मक तथा निरोधात्मक उपायहरुको प्रस्ताव गरिएको छ। यस खण्डमा उलेखित अनुकूल प्रभाव अभिवृद्धि तथा प्रतिकूल प्रभाव न्यून गर्ने उपायहरुलाई कसले कार्यान्वयन गर्ने, कहिले गर्ने, कस्ले गर्ने, कसरी गर्ने र कति बजेट लाग्ने भनि अनुच्छेद १४ मा विस्तृत तालिका प्रस्तुत गरिएको छ।

### ८.१ अनुकुल प्रभाव अभिबृद्धिका उपायहरु

प्रस्तावित आयोजनाको कार्यान्वयनबाट आयोजना स्थल र वरीपरीको वातावरणमा पर्ने सकारात्मक प्रभावहरुलाइ निम्न अनुरुप अभिबृद्धि गरिने छ।

**१) आयोजना क्षेत्रमा आर्थिक गतिबिधि बढ्ने तथा अर्थव्यवस्था (economy) मा वृद्धि हुने**

आयोजना निर्माणपूर्वको चरण र निर्माणको चरणमा आयोजनाका कामदारहरूलाई दैनिक उपभोग्य सामग्रीहरु जस्तै खाद्यान्न, तरकारी, फलफूल, मासु, दुग्ध तथा पेय पदार्थको आवश्यकता पर्ने हुनाले त्यस्ता समाग्रीहरु आयोजनाको कामदार शिविरमा उपलब्ध गराउनु परेमा स्थानीय आपूर्तीकर्तालाई प्राथामिकता दिइने छ। स्थानीय कृषक तथा व्यवसायीहरुलाइ उपभोग्य सामान बिक्री बितरण गर्न अवसर उपलब्ध गराउने एवं उत्पादनका कार्यहरुलाइ प्रोत्साहन गरिनेछ।

**२) रोजगारीको अवसर सृजना हुने**

निर्माण कार्यका लागि आवश्यक पर्ने जनशक्तिको लागि क्षमता र योग्यताका आधारमा स्थानीय तथा प्रदेशमा बसोबास गर्ने कामदारलाई रोजगारीमा प्राथमिकता दिन आयोजनाले निर्माण व्यवसायीसँग आवश्यक समन्वय गर्नेछ। स्थानीयलाइ काममा लगाउँदा अन्य कामदार सरह काम गराउने तथा पारिश्रमिक उपलब्ध गाराइने छ। रोजगारी सृजना गर्ने शिलशिलामा प्रदेश राजधानी क्षेत्रका नगरपालिका तथा गाउँपालिकासँग सहकार्य गर्दै नयाँ रोजगारीका अवसरहरु सृजना गर्न आवश्यक सहयोग गर्नेछ। त्यसैगरी आयोजना सञ्चालनको चरणमा रासी उपत्यकामा शहरीकरण

हुने भएकोले उक्त अवधिमा आयोजना क्षेत्रमानै कामदार उपलब्ध गराउने उद्धेश्य राखी होटल, प्लम्बिङ, ईलेक्ट्रिसियन जस्ता जनशक्ति उत्पादनको लागि रासी प्राविधिक शिक्षालय र रासी गाउँपालिकासँगको सहकार्यमा तालिमको व्यवस्था गरिनेछ। त्यसैगरी स्थानीयस्तरमा उपलब्ध सामग्रीलाई कोसेलीको रुपमा विकास गर्न कोसेली तयार गर्ने तालिम समेत उपलब्ध गराईनेछ।

**३) व्यापार व्यवसायको अवसर**

खाद्यान्न, तरकारी, फलफूल, मासु, दुग्ध तथा पेय पदार्थको व्यापार र होटल व्यवसायमा वृद्धि भई ब्यापार ब्यवसायको अवसर सृजना हुने हुँदा स्थानीय क्षेत्रमा संचालित कृषी उद्योग तथा ब्यवसायी लाई प्राथमिकता दिन लगाईनेछ। स्थानीय उत्पादनलाई प्राथमिकता दिईनेछ।

**४) प्रशासनिक सहजता**

प्रशासनिक गतिबिधि छिटो सञ्चालन गर्न सकेमा प्रशासनिक सहजता हुने भएकोले आयोजनाको निर्माण तालिका अनुसार छिटोभन्दा छिटो निर्माण कार्यलाई सुरु गरी सम्पन्न गरिनेछ। आयोजनाले वातावरणीय व्यवस्थापन उपायहरु अबलम्बन नगरेमा हुन सक्ने ढिलाईलाई न्यूनीकरण गर्न वातावरणीय व्यवस्थापन शाखा (Environmental Management Unit) सञ्चालन गरी आयोजनालाई चुस्त रुपमा सञ्चालन गरिनेछ।

**५) सार्वजनिक सेवा र सुविधाहरुमा वृद्धि हुने**

आयोजनाको निर्माणसँगै व्यवस्थित शहरीकरण, खानेपानी, ढल तथा नाला, सडक सुधार, फोहोर व्यवस्थापन, स्वास्थ्य र शिक्षामा सुधार लगायतमा सार्वजनिक सेवा र सुविधाहरुको वृद्धिको लागि शहरी विकास मन्त्रालयमार्फत प्रदेश सरकारसँग समन्वय गरिनेछ।

**६) उत्पादित स्थानीय चिज/बस्तुले बजार पाउने**

आयोजनाले आयोजनाको लागि आवश्यक दैनिक उपभोग्य सामग्रीको खरिद तथा उपयोगमा स्थानीय उत्पादनलाई प्राथमिकता दिन कामदारलाई अभिमूखीकरण गर्नेछ। खाद्यान्न, तरकारी, फलफूल, मासु, दुग्ध तथा पेय पदार्थको खरिदमा स्थानीयबाट संचालित कृषी उद्योग तथा ब्यवसायीलाई प्राथमिकता दिन लगाईनेछ। आयोजनाले मन्त्रालयमार्फत प्रदेश सरकारसँग समन्वय गरी स्थानीय उत्पादन वृद्धिका लागि कार्यक्रम ल्याउन पहल गर्नेछ। स्थानीय उत्पादनलाई प्राथमिकता दिईनेछ।

**७) जमिनको मूल्य वृद्धि भई सम्पत्तीको मूल्याङ्कन बढ्ने**

आयोजना छिटोभन्दा छिटो सञ्चालन भएमा रासी उपत्यकाको विकास हुने र जमिन तथा सम्पत्तीको मूल्याङ्कन बढ्ने देखिन्छ। यसर्थ छिटो भन्दा छिटो आयोजना निर्माण तथा सञ्चालन गरिनेछ। त्यसैगरी बैङ्क तथा वित्तीय संस्थाहरुलाई आयोजना क्षेत्रको स्थानीय उत्पादनमा लगानी गर्न प्रोत्साहन गरिनेछ र उक्त उत्पादनमा कर्जा प्रवाहको लागि आवश्यक सहयोग गर्न मन्त्रालयमार्फत प्रदेश सरकारसँग समन्वय गरिनेछ।

## ८.२ नकारात्मक प्रभावहरु न्यूनिकरणका उपायहरु

प्रस्तावित आयोजनाको कार्यान्वयनबाट आयोजना स्थल र वरीपरीको वातावरणमा पर्ने नकारात्मक प्रभावहरुलाइ निम्न अनुरुप न्यूनीकरण गरिने छ।

### ८.२.१. भौतिक प्रभाव

#### ८.२.१.१. निर्माण कार्य गर्नु पूर्वको अवस्था

**१) मलिलो माटो संरक्षणका लागि स्थान निर्माणसँग सम्बन्धित सवालहरु**

आयोजना निर्माणपूर्वको अवस्थामा आयोजनास्थलबाट निर्माणको क्रममा निस्कने मलिलो माटोलाई संरक्षण गर्न एउटा संरक्षण स्थल निर्माण गरिनेछ। उक्त संरक्षण स्थलमा आयोजनाको लागि बनाईने आन्तरिक सडक, भवन तथा संरचनाहरू बनाईने स्थानको माथिलो सतहको माटो संरक्षण गरिनेछ। माटो संरक्षण स्थल निर्माण गर्दा जमिनको सतहमा ०.५ मिटरको ईटाको पर्खाल बनाई वरीपरीबाट जस्ताको सीटको बार बनाईनेछ। संरक्षण स्थलबाट निस्कने पानीलाई रासी प्राविधिक शिक्षालयको विद्यमान ढल प्राणालीमार्फत पठाउन वर्षातको समय अगाबै कुलेसो निर्माण गरिनेछ। भवन निर्माण कार्य सम्पन्न भैसकेपछी उक्त संरक्षण स्थलको माटोलाई हरियाली विकास क्षेत्रमा बिच्छ्याईनेछ भने ईटालाई पुनः प्रयोग गरिनेछ। पानीको निकासको लागि निर्माण गरिएको कुलेसोलाई पनि पुरिनेछ। उक्त कार्यका लागि आवश्यक रकम आयोजनाले ठेक्का सम्झौतामा आयोजना खर्चको रुपमा उल्लेख गरिनेछ।

**२) आयोजनको निर्माण सामग्री भण्डारण सम्बन्धि सवालहरु**

आयोजनाका लागि आवश्यक निर्माण सामग्रीको भण्डारण अस्थायी रुपमा आयोजना परिसर भित्र बन्द प्रणालीमा गरिनेछ। परिसर भित्र भिज्ने र बिग्रने सामग्रीको लागि छाना सहितको अस्थायी भण्डारण कक्ष निर्माण गरिनेछ भने ईट, गिटी, बालुवा, चिप्स, छड लगाएतका सामग्रीको भण्डारणको लागि छाना नभएको भण्डारण कक्ष निर्माण गरिनेछ। भिज्ने र बिग्रने सामग्रीको लागि विद्यमान रासी प्राविधिक शिक्षालयका भवन संरचना प्रयोगलाई पहिलो प्राथमिकता दिईनेछ।ईट, गिटी, बालुवा, चिप्स लगायतका सामग्री भण्डारण गर्न जमिनको सतहमा प्लास्टिक सिट बिछ्याईनेछ भने घेराबारको लागि ०.५ मिटरको ईटको पर्खाल बनाईनेछ। उक्त निर्माण सामग्रीलाई पालले छोपेर राखिनेछ भने प्रयोग गर्नु अघि पानी छर्कने व्यवस्था मिलाईनेछ। त्यसैगरी निर्माण सामग्री ढुवानी गर्ने सवारी साधनलाई पालले छोपेर मात्र सामग्री बोक्न लगाईनेछ। वर्षातको समयमा भण्डारण स्थलबाट निस्कने पानीलाई कुलेसो कटाएर शिक्षालयको विद्यमान ढल प्रणालीमा जडान गरिनेछ। भवन निर्माण कार्य सम्पन्न भैसकेपछी भण्डारण कक्ष निर्माण गर्न प्रयोग भएको ईटलाई पुन: प्रयोग गरिनेछ। पानीको निकासको लागि निर्माण गरिएको कुलेसोलाई पनि पुरिनेछ। उक्त कार्यका लागि आवश्यक रकम आयोजनाले ठेक्का सम्झौतामा आयोजना खर्चको रुपमा उल्लेख गरिनेछ।

**३) रासी प्राविधिक शिक्षालयको प्रयोगशाला स्थानान्तरण गर्ने तथा रसायनहरु व्यवस्थापन गर्ने सम्बन्धी सवाल**

प्राविधिक शिक्षालयलाई शिक्षालयका पठन सामग्रीहरु, फर्निचर, सामान तथा प्रयोगशाला स्थानान्तरणका लागि आवश्यक समय उपलब्ध गराईनेछ। शिक्षालय स्थानान्तरण नभईकन निर्माण कार्य सुरु गरिने छैन। शिक्षालयमा रहेका प्रयोगशालाका रसायनहरु सावधानीपूर्वक स्थानान्तरण गर्नको लागि शिक्षालयलाई अनुरोध गरिनेछ साथै आवश्यक समन्वय गरिनेछ। आयोजनाको निर्माणकार्य सुरू हुनुअघि प्रयोगशालाबाट सम्पूर्ण रसायनहरु शिक्षालयले खाली गरिसकेको निश्चित गरिनेछ। कुनै रसायन र सामग्रीहरु रहेको खण्डमा शिक्षालयलाई सूचित गरी लैजान लगाईनेछ।

### ८.२.१.२. निर्माणको चरण

**१) निर्माण कार्यसँग सम्बन्धीत धुलो, धुवा, र ध्वनी प्रदूषण**

सवारी साधन र निर्माण मेसिनरी नियमित रूपमा जाँच र मर्मत गरिनेछ। भवनको काममा उपकरण चलाउने अपरेटर तथा सहयोगीका लागि एयर प्लगहरू प्रदान गरिनेछ। निर्माण कार्य दिनको समयमा मात्र सञ्चालन गरिनेछ। रातको समयमा ध्वनी प्रदूषण गराउने कुनै पनि कार्य गरिने छैन। निर्माण चरणमा हुने वायु प्रदूषणलाई न्यूनीकरण गर्न निर्माण स्थलमा दिनमा दुई पटक पानी छर्कने काम गरिनेछ। त्यस्तै महेन्द्र राजमार्गबाट आयोजनास्थल जोड्ने २०० मिटर सडकमा धुलो न्यूनीकरणको लागि दिनको तीनपटक पानी छर्कने व्यवस्था मिलाईनेछ। सडकको नियमित मर्मत सम्भार र स्तरोन्नत्तीको लागि आवश्यक बजेट छुट्याईएको छ। डिजेल जेनेरेटर तथा सवारी साधन प्रयोग गर्दा नेपाल सरकारले तोकेको वायुप्रदूषण मापदण्ड भित्र पर्ने गरी मात्र प्रयोग गरिनेछ भने डिजेल जेनरेटरको स्ट्याक उचाइ कम्तिमा १५ मिटर कायम राखिनेछ। ढुवानी र भण्डारणको समयमा सामग्रीहरू (सिमेन्ट, माटो, बालुवा आदि) छोप्नको लागि पोली शीट प्रयोग गरिनेछ। आयोजना निर्माण गतिविधिबाट निस्कने ठोस फोहोरलाई खुला जलाउनमा पूर्ण प्रतिबन्ध लगाईनेछ। त्यस्तै निर्माण शिविर, सामान भण्डारण गर्ने ठाउँ, ब्याचिङ्ग प्लान्ट, मिश्रण क्षेत्रबाट उत्पादन हुने फोहोर पानीलाई जथाभावी विसर्जन गर्न दिईने छैन भने खाडलमा जम्मा गरी थिग्राइसकेपछि शिक्षालयको विद्यमान ढल निकासबाट विसर्जन गरिनेछ। आकाशे पानी र फोहोर पानीको मिश्रण हुन नदिन जग खन्ने कार्य वर्षाको समयमा गरिने छैन। पानीमा तेल र रासायनिक पदार्थहरूको मिसावटमा निषेध गरिनेछ। सबै निर्माण सम्बन्धी गतिविधिहरू निर्माण स्थलमा सीमित हुनेछ। डिजेल जेनेरेटर तथा सवारी साधन प्रयोग गर्दा नेपाल सरकारले तोकेको ध्वनिको गुणस्तर सम्बन्धी मापदण्ड भित्र पर्ने गरी मात्र प्रयोग गरिनेछ।

**२) आयोजना क्षेत्रको भूउपयोगमा परिवर्तन हुने**

भवन तथा संरचना भवनको निर्माणले भूमि प्रयोगमा हुने परिवर्तन एक अवशिष्ट प्रभाव हो, जुन न्यूनीकरण गर्न सकिँदैन। तथापी आयोजनाको नक्साङ्कन अनुसार खुला र हरियाली क्षेत्रलाई कायम राखि निर्माण कार्य अघि बढाउँदा भू-उपयोगमा न्यून परिवर्तन हुन्छ। आयोजना परिसरको ०.६८६३ हेक्टर क्षेत्रमा हाल रासी प्राविधिक शिक्षालयको भवन संरचना रहेको छ। हाल विद्यमान संरचनाहरुमध्ये डिजायन अनुसार सडक क्षेत्रमा परेका ३ वटा शौचालय बाहेक अन्य संरचना र भवनलाई नहटाई अधिकतम उपयोग गरिनेछ। १.९३०४ हेक्टरमा निर्माण गरिने थप भवन र शिक्षालयका विद्यमान भवनले कुल जमिनको २१.५१% प्रतिशत ओगट्नेछन्। आयोजना परिसरमा ४.८८४८ हेक्टर (४०.१६%) जमिन हरियाली विकास गर्न खाली छोडिनेछ भने सडक, पोखरी, मण्डल सहितको अन्य खुला क्षेत्र निर्माणको लागि ४.६६२ हेक्टर (३८.३३%) छुट्याईएको छ। आयोजनाको सम्भाव्यता प्रतिवेदन अनुसार भवन तथा संरचनाको नक्साको आधारमा संरचनात्मक डिजाइनको लागि अगाडि बढाउन प्रस्तावक प्रतिबद्ध रहेको छ। नक्सामा उल्लेख भए अनुसार खुला स्थानहरू र ग्राउन्ड कभरेज कायम राखिनेछ।

**३) आयोजना स्थल तथा कामदार शिविरबाट उत्पादन हुने ठोस तथा तरल फोहोर व्यवस्थापन सँग सम्बन्धित सवालहरु**

आयोजना स्थलमा सिर्जित फोहरमैला व्यवस्थापनको लागि ४ R (रिफ्युज (अस्वीकार), रिड्युस (कम गर्ने), रियुज (पुनः प्रयोग) र रिसाइकल (पुनः प्रशोधन)) सिद्धान्तलाई कडाइका साथ लागू गरिनेछ। त्यसका लागि फोहोरलाई स्रोतमै कुहिने (बायोडिग्रेडेबल) र नकुहिने (नन-बायोडिग्रेडेबल) गरी वर्गीकरण गरिनेछ। नकुहिने फोहोर मध्ये, पुनः प्रयोग गर्न मिल्ने र पुनः प्रशोधन गर्न मिल्ने सामग्रीहरु लाइ तोकिएका विक्रेता कहाँ बिक्री गरिनेछ। यस्ता फोहोर

संकलनको लागि आयोजनास्थलमा फोहोर मलाई लेखिएका बिनहरु राखिनेछन्। आयोजनाले प्लास्टिकजन्य बस्तुहरुको प्रयोग न्यून गर्ने र बस्तु तथा सामानहरु पोको पारिएको प्लास्टिकका झोलाहरुलाई छुट्टै सङ्कलन गरी गाउँपालिकाले तोकेको स्थानमा व्यवस्थापन गर्न पठाईनेछ। निर्माण सामाग्री र मजदुरहरूले उत्पादन गर्ने फोहोरमैलालाई सार्वजनिक स्थान वा निजि जमिनमा फाल्न कडाइका साथ निषेध गरिनेछ। कामदार शिविरमा कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै फोहोर सङ्कलन गर्ने बिनहरू राखिनेछ। यसरी उत्पादित फोहोरमैलाको व्यवस्थापन ठोस फोहोरमैला व्यवस्थापन ऐन, २०६८ बमोजिम गरिनेछ। ग्रीज, पेन्ट र तेलहरू सङ्कलन गरी रिसाइकल गर्न बिक्री गरिनेछ। सवारी साधनहरू आयोजना स्थलमा नभई आधिकारिक मोटर ग्यारेजहरूमा मात्र  मर्मत गरिनेछ। आयोजना स्थलमा उत्पन्न हुने तरल फोहोरलाई दुईवटा पोखरी बनाई थिग्र्याएर मात्र ढल प्रणालीमा जोडिनेछ। कामदार शिविर तथा भवनहरुमा रहेको शौचालयलाई सेफ्टी ट्याङ्किमा जोडिने तथा निस्किएको पानीलाई सोक पिटमा पठाईनेछ।

### ४) आयोजना क्षेत्र डुबानमा पर्न सक्ने

आयोजना परिसर विद्यमान राप्ती प्राविधिक शिक्षालयको  पर्खालले अन्य छुट्याएकोले आयोजनास्थलमा संरचना निर्माणको कारण डुबान नपर्ने देखिन्छ। वर्षातको समयमा बाहिरी जमिनबाट भित्र छिर्ने पानीलाई आयोजनाले पर्खाल लगाई बन्द गर्नेछ। डुबान न्यूनीकरणका लागि आयोजना परिसरलाई छेक्ने उपयुक्त उचाईको पर्खाल र पानीको निकासको प्रबन्ध गरिनेछ। आयोजनास्थलभित्र वर्षातको समयमा जम्मा हुने पानीको निकासको लागि आयोजना स्थलको उत्तरतर्फ रहेको सडक हुँदै नयाँ ढल निकास निर्माण गरिनेछ। उक्त ढल निकास करिब १ किमि लामो हुनेछ भने दोलाई खोलामा गएर अन्त्य हुनेछ। उक्त ढल निकासमा वर्षातको पानी र शुद्धिकरण गरिएको पानी मात्र पठाईनेछ।

### ५) नजिकका खोलाको पानीको गुणस्तरमा असर पार्न सक्ने

निर्माणको समयमा आयोजना स्थलबाट बगेर जाने पानी र फोहोर माटो खोलाको पानीको गुणस्तरमा प्रभाव पार्न सक्ने प्रमुख कारणहरु हुन्छन्। आयोजनास्थबाट निस्कने पानी करम्दी खोल्सी हुँदै दोलाई खोलामा पुग्दछ र उक्त पानि राप्ती नदीमा मिसिन्छ। वर्षातको समयमा बाहेक अन्य समयमा खोल्सी र खोलामा पानी नहुने भएकोले अन्य समयमा आयोजनास्थलबाट निस्किएको पानी राप्ती नदीसम्म पुग्दैन। आयोजनास्थलबाट निस्कने फोहोर पानीलाई थिग्र्याएर मात्र प्राविधिक शिक्षालयको ढल प्रणालीमार्फत पठाईनेछ। जमिनको सतहको मलिलो माटो राख्ने संरक्षण स्थल र निर्माण सामग्री भण्डर कक्षको कुलेसोमार्फत निस्कने पानीलाई थिग्र्याउने पोखरीमा थिग्र्याएर मात्र ढल प्रणालीमा छाडिनेछ। आयोजनास्थलको फोहोर पानी थिग्र्याउन दुईवटा पोखरी निर्माण गरिनेछ। आयोजनास्थलमा जग खन्ने तथा हिलो निस्कने काम वर्षातको समयमा गरिने छैन।

### ६) आयोजना क्षेत्र पूर्व पश्चिम महेन्द्र राजमार्गसँग जोडिएकाले दुर्घटनाको सम्भावना बढ्ने

आयोजनाका निर्माण सामग्री बोकेका ट्रक तथा ट्रिपर र अन्य सवारी साधनमा महेन्द्र राजमार्गबाट आयोजनास्थल छिर्ने सडकमा अधिकतम २० किमी/प्रतिघण्टाको गति सिमित गरिनेछ। निर्माणको लागि प्रयोग हुने सवारी साधनलाई पूर्वपश्चिम महेन्द्र राजमार्गको लालमटीया बागडङ्गी खण्डको विद्यमान सडकमार्फत एकतर्फी प्रवेश गर्ने र पूर्वतर्फबाट निस्कने व्यवस्था मिलाईने छ। प्रशासनिक गतिबिधिका साना सवारी साधन बाहेक निर्माण व्यवसायीका सम्पूर्ण सवारी साधन एकतर्फी रुपमा सञ्चालन गरिनेछ। जाडो समयमा हुस्सुको कारण सडकमा हुन सक्ने दुर्घटनालाई न्यूनिकरणका लागि उक्त समयमा अधिकतम २० किमी/प्रतिघण्टाको गतिमा सवारी साधन चलाउन चालकहरुलाई तालिम दिईनेछ। आयोजनाका सम्पूर्ण गाडीहरुमा प्रष्ट संग चिनिने गरि एक रुपका संकेत राखिने छन्। स्थानीय ट्राफिक सँगको



Innovative Vision for innovation at work

सहकार्यमा आयोजनाका गाडीहरुको गति अनुगमन गरिने छ। तोकिएको गति भन्दा उच्च गतिमा सवारी साधन चलाए नसियत दिइनेछ।

**७) आयोजना स्थल जोड्ने तथा आयोजना स्थलबाट निस्कने पहुँच मार्ग सम्बन्धी सवाल**

महेन्द्र राजमार्गबाट आयोजनास्थल जोड्ने २०० मिटर बाटो स्तरोन्नत्ती र नियमित मर्मत सम्भार गरिनेछ। हाललाई उक्त बाटोको विद्यमान भोगाधिकार अनुसार नै सडक मर्मत सम्भार गर्न प्रस्ताव गरिएको छ। बाटोको चौडाई थप गर्नुपर्ने भएमा प्रदेश पूर्वाधार प्राधिकरणलाई अध्ययन गरी आवस्यक व्यवस्थापन गर्न अनुरोध गरिनेछ। त्यसैगरी आयोजनास्थको पूर्वतर्फ रहेको खाली जमिन हुँदै आयोजना स्थलबाट बाहिर निस्कने रुटको व्यवस्था गरिनेछ। निर्माणको लागि प्रयोग हुने सवारी साधनलाई पूर्वपश्चिम राजमार्गको लालमटीया बागडङ्गी खण्ड (दक्षीणतर्फ)को विद्यमान सडक मार्फत एकतर्फी प्रवेश गर्ने र पूर्व तर्फबाट निस्कने व्यवस्था मिलाईनेछ। प्रशासनिक गतिबिधिका साना सवारी साधन बाहेक निर्माण व्यवसायीका सम्पूर्ण सवारी साधन एकतर्फी रुपमा सञ्चालन गरिनेछ।

**८) आयोजनाका भवनहरु भूकम्प प्रतिरोधी हुने सम्बन्धी सवाल**

आयोजनाले भवन तथा संरचनाहरु निर्माण गर्दा आयोजनाको सम्भाव्यता प्रतिवेदन र स्वीकृत नक्साङ्कनलाई पालन गर्नेछ। त्यसैगरी भूकम्प प्रतिरोधी संरचना निर्माणको लागि राष्ट्रिय भवन संहिताको पूर्ण रुपमा पालना गरिनेछ। आयोजनका भवनहरु निर्माण गर्दा राष्ट्रिय भवन संहिता अनुरुप ०.३५g जमिनको हल्लने दरलाई थेग्नेगरी भवन निर्माण गरिनेछ। भूकम्प जाँदा आकस्मिक रुपमा भवनबाट बाहरिनको लागि छुट्टै ढोका र भऱ्याङको व्यवस्था गरिनेछ।

**९) आयोजनाको ढल निकास प्रणाली स्थापनासँग सम्बन्धित सवालहरु**

साविक ढल निकास प्रणालीलाई निर्माणको समयमा मात्र उपयोग गरी आयोजना सञ्चालनको अबिधिको लागि आयोजनास्थलको उत्तरतर्फ रहेको सडक हुँदै नयाँ ढल निकास प्रणालीको निर्माण गरिनेछ। उक्त निकासको लम्बाई करिब १ किमि हुनेछ भने सोझै दोलाई खोलामा लगेर जोडिनेछ। ढल निकास निर्माणको चरणमा सडकमा डाईभर्सन चिन्हहरु राखिने, खनिएको स्थालाई तरबार गरिने तथा स्थानीयलाई सचेत गराईनेछ। उक्त ढल निकास प्रणाली बर्षातको समयमा गरिने छैन भने काम सुरु गरेपछी प्राथमिकताका साथ सम्पन्न गरिनेछ।

### ८.२.१.३. सञ्चालनको चरण

**१) आयोजनाले पूर्व पश्चिम महेन्द्र राजमार्गको लालमटीया सडक खण्डमा चाप बढाउन सक्ने**

आयोजना सञ्चालनको समयमा प्रदेश राजधानी बाहिर हुने चापलाई न्यूनीकरण गर्न सडक बिस्तार र सुधार कार्यक्रम ल्याउन मन्त्रालयसँग सहकार्य र समन्वय गरिनेछ। लालमटीया सडक खण्डमा पैदलयात्री मार्ग र आकाशे पुल निर्माणको लागि प्रदेश सरकारलाई अनुरोध गरिनेछ। अमेरिकी सहयोग अन्तर्गतको मिलेनियम च्यालेन्ज कर्पोरेसन सडक निर्माण आयोजना धानखोला - भालुवाङ - लमही - शिवखोला सँग आवश्यक सहकार्य र समन्वय गरिनेछ।

**२) दुर्घटनाको सम्भावना बढ्ने**

आयोजना सञ्चालनको चरणमा हुन सक्ने दुर्घटना न्यूनीकरणको लागि भालुबाङ - लमही सडक खण्डमा सडक सूचना र गति सिमित बोर्ड ठड्याईनेछ। प्रदेश राजधानी बाहिर मौरीघाट देखी पाखापानी सम्मको लमटीया सडक खण्डमा



Innovative Vision

अधिकतम गति २० किमि प्रतिघण्टा सिमित गर्न लगाईनेछ। लालमटीया सडक खण्डमा पैदलयात्री मार्ग र आकाशे पुल निर्माणको लागि प्रदेश सरकारलाई अनुरोध गरिनेछ। त्यसैगरी सडक र पैदलयात्री मार्ग छुट्याउने बार समेत राख्न अनुरोध गरिनेछ।

### ३) विद्यमान कमजोर सञ्चार प्रणालीमा भार पर्ने

आयोजना क्षेत्रमा मजबुत सञ्चार प्रणाली स्थापना गर्नका लागि मोबाईल तथा ईन्टरनेट सेवा प्रदायक नेपाल दूरसञ्चार कम्पनि लिमिटेड र एनसेल जस्ता कम्पनिलाई मन्त्रालयमार्फत आवश्यक अनुरोध र संरचना निर्माणको लागि आवश्यक समन्वय गरिनेछ।

### ४) प्रशासनिक भवन तथा खुला क्षेत्रबाट निस्किएको ठोस तथा तरल फोहोरमैला व्यवस्थापन सम्बन्धि सवाल

आयोजना सञ्चालनको क्रममा सिर्जित हुने फोहरमैला व्यवस्थापनको लागि ४ R (रिफ्युज (अस्वीकार) , रिड्युस (कम गर्ने), रियुज (पुनः प्रयोग) र रिसाइकल (पुनः प्रशोधन)) सिद्धान्तलाई लागु गरिनेछ। त्यसका लागि फोहोरलाई स्रोतमै कुहिने (बायोडिग्रेडेबल) र नकुहिने (नन-बायोडिग्रेडेबल) गरी वर्गीकरण गरिनेछ। नकुहिने फोहोर मध्ये, पुनः प्रयोग गर्न मिल्ने र पुनः प्रशोधन गर्न मिल्ने सामग्रीहरु लाइ तोकिएका विक्रेताकहाँ बिक्री गरिनेछ। यस्ता फोहोर संकलनको लागि आयोजनास्थलमा फोहोर मलाई लेखिएका बिनहरु राखिनेछन्।




आयोजनाले प्लास्टिकजन्य बस्तुहरुको प्रयोग न्यून गर्ने र बस्तु तथा सामानहरु पोको पारिएको प्लास्टिकका झोलाहरुलाई छुट्टै सङ्कलन गरी गाउँपालिकाले तोकेको स्थानमा व्यवस्थापन गर्न पठाईनेछ। प्रदेश सरकारका कर्मचारी र सेवाग्राही जनतालाई प्रदेश परिसर/सडक क्षेत्रमा फोहोर फाल्न कडाइका साथ निषेध गरिनेछ। आयोजनास्थलमा उत्पादन हुने तरल फोहोरमैलालाई प्रत्येक भवनमा प्रशोधन प्लान्ट स्थापना परि निर्मलीकरण गरेरमात्र ढल प्रणालीमा

छाडिनेछ। हिउँदको समयमा उक्त पानी सोक पिटमार्फत जमिनमुनी पठाईनेछ भने वर्षातको समयमा ढल मार्फत पठाईनेछ। शौचालयको फोहोरलाई सेफ्टी ट्याङ्कमा पठाईनेछ भने निस्किएको पानीलाई फोहोर पानी प्रशोधन प्लान्ट मार्फत शुद्धिकरण गरि हिउँदको समयमा सोक पिट र वर्षातको समयमा ढल निकासमा पठाईनेछ।

### ५) शहरीकरण, जमिनको खण्डीकरण तथा भूउपयोगमा परिवर्तन

व्यवस्थित शहरीकरणको योजना र योजना मुताबिक शहरीकरणको लागि आयोजनाले मन्त्रालय र प्रदेश सरकारलाई अनुरोध गर्नेछ। त्यसैगरी भू-उपयोग नियमावली २०७९ कार्यान्वयन तथा अनुगमनको लागि राप्ती गाउँपालिका, गढवा गाउँपालिका र शीतगंगा नगरपालिकालाई अनुरोध गरिनेछ। व्यक्तिगत घर र घडेरीको लागि खुला क्षेत्र र संरचना बनाईने क्षेत्रको अनुपात, वर्षातको पानीलाई जमिनमुनी पठाउने व्यवस्था लगायतका विषयमा नीतिगत व्यवस्था गर्न अनुरोध गरिनेछ।

### ६) भूमिगत पानीको उपयोगमा चाप बढ्न सक्ने

आयोजनाले डिजायन र नक्साङ्कन बमोजिमको करिब ७८.४९ प्रतिशत जमिन खुला जमिनको रुपमा संरक्षण गर्नेछ। आयोजना सञ्चालनको अवधिमा आवश्यक पर्ने पानीको व्यवस्थापनको लागि धाराको पानीलाई पहिलो प्राथमिकता दिईनेछ। आकाशे पानीको व्यवस्थापनको लागि हरेक भवन र सडक छेउमा कुल ९७ वटा रिचार्ज पिटको निर्माण गरिनेछ। त्यसैगरी फोहोर पानी प्रशोधन गरी सोक पिटमार्फत जमिनमुनी पठाईनेछ। जमिनमुनीको पानी सकेसम्म न्यून मात्रामा मात्र तानिनेछ। आयोजनाले उपयोग गर्ने पानीको पूनर्भरण तथा पानीको संरक्षणको लागी आयोजना क्षेत्रको उत्तर तर्फ रहेको चुरे फेदीमा डिभिजन वन कार्यालयसँगको सहकार्यमा १० वटा पानी पुनर्भरण पोखरी निर्माण गरिनेछ। आयोजना सञ्चालनपश्चात बढ्न सक्ने शहरीकरणलाई व्यवस्थित बनाउनको लागि आयोजनाले मन्त्रालय र प्रदेश सरकारलाई अनुरोध गर्नेछ। व्यक्तिगत घर र घडेरीको लागि खुला क्षेत्र र संरचना बनाईने क्षेत्रको अनुपात, वर्षातको पानीलाई जमिनमुनी पठाउने व्यवस्था लगायतका विषयमा नीतिगत व्यवस्था गर्न अनुरोध गरिनेछ।

### ७) आकस्मिक सूरक्षा सम्बन्धी सवालहरु

आयोजनाको सञ्चालन अवधिमा आउने आकस्मिम प्राकृतिक तथा मानवीय कमोजरीले हुने प्रकोपहरुको न्यूनीकरणको लागि भवन तथा संरचना डिजायन र निर्माणको चरणबाटै काम गरिनेछ। आयोजनाका सम्पूर्ण भवनहरूको डिजाइन र निर्माणमा भूकम्प र अग्नी सुरक्षाका लागि राष्ट्रिय भवन संहिताको पालना गरिनेछ। आकस्मिक अवस्थामा बाहिरिन तथा उद्दारको लागि प्रत्येक भवनको पछाडीपट्टी छुट्टै ढोका र भऱ्याङको व्यवस्था गरिनेछ। विद्युतीकरण र सावधानीका उपायहरूको लागि अर्थिङ गरिनेछ र धुवाँ पत्ता लगाउने यन्त्रहरू प्रत्येक कोठा र प्यासेजमा राखिनेछ। दुर्घटना भएमा तत्काल उपचारको लागि प्रत्येक तलामा प्राथमिक उपचार किट राखिनेछ। भवनको प्रत्येक साझा इकाईमा आगो निभाउने उपकरण उपलब्ध गराइनेछ। प्रदेश राजधानी परिसरमा दुईवटा दमकलको समेत व्यवस्था गरिनेछ। त्यस्तै आकस्मिक उपचारको लागि राप्ती उपत्यकामा प्रस्तावित ५० शैयाको अस्पताल छिटो भन्दा छिटो निर्माण तथा सञ्चालनको लागि मन्त्रालमार्फत प्रदेश सरकारसँग समन्वय गरिनेछ।

### ८.२.२. जैविक वातावरण

#### ८.२.२.१. निर्माण कार्य गर्नु पूर्वको चरण

**१) जमिन खाली गर्दा आयोजना क्षेत्रको जैविक विविधतामा पर्ने असर**

आयोजना स्थल वन क्षेत्रमा नपर्ने भएता पनि नेपाल सरकारको स्वामित्व भएको जमिनमा भएकाले सो स्थानका रुखहरु हटाउन वन नियमावली, २०७९ आकर्षित हुन्छ। आयोजना क्षेत्रको जैविक विविधतामा पर्ने प्रभाव न्यूनीकरणको लागि डिभिजन वन कार्यालय मार्फत टाँचा लगाईएका रुखमात्र कटान मुछान गरिनेछ। रुखहरु कटान गर्नुपूर्व रुखमा चराका गुँडहरु भए नभएको एकिन गरिनेछ। यदी कुनै रुखमा चराको गुँड पहिचान भएमा उक्त रुख चराले बच्चा नहुर्काउन्जेलसम्म कटान गरिनेछैन। काटिएका रुखहरुको १:१० का दरले हुन आउने सट्टा भर्ना बराबरको ४,०२० वृक्षारोपण डिभिजन वन कार्यालय दाङ (देउखुरी) को पछिल्लो अध्ययनले पत्ता लगाएका खाली जमिनहरुमा सञ्चालन गरी गरी पाँच वर्ष सम्म हेरचाह गरिनेछ। उक्त कार्यका लागी प्रति विरुवा ४३० का दरले कूल १७ लाख २८ हजार ६ सय रुपैयाँ छुट्याईएको छ। वृक्षारोपणको अनुगमनमा आयोजनाका प्रतिनिधिहरुको प्रत्यक्ष संलग्नता हुनेछ भने अनुगमन खर्च आवश्यकता अनुसार आयोजनाले उपलब्ध गराउने छ। आयोजनाले खाली जमिन प्राप्त गर्ने अवस्था नभएमा वन नियमावली २०७९ बमोजिम क्षतिपूर्ती वृक्षारोपण बराबरको रकम वन विकास कोषमा जम्मा गर्नेछ। आयोजना क्षेत्रको वन तथा वनस्पती संरक्षणको महत्व बढाउन जैविक विविधता संरक्षण सम्बन्धी होर्डिङ बोर्डहरु कम्तिमा १० स्थानमा राख्नको लागि ५ लाख रुपैंया छुट्याईएको छ। त्यसैगरी आयोजनाले प्रस्ताव गरेको ४.८८४८ हेक्टर जमिनमा खुला हरियाली बिकास क्षेत्रमा आयोजना सञ्चालनको समयमा वृक्षारोपण गरिनेछ।

| क्र.सं. | शिर्षक | ईकाई | परिमाण | दर (रु.) | जम्मा (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विरुवा खरिद | गोटा | ४०२० | ५० | २०१००० | सिसौ, खयर र जामुनको औषत विरुवा खरिद |
| २ | वृक्षारोपण लागत (पहिलो वर्ष) | हेक्टर | २.५१२४ | १५१०७० | ३७९५४८.२६८ | १६०० बिरुवा प्रति हेक्टर हिसाब |
| ३ | वृक्षारोपण लागत (२ वर्षसम्म विरुवा प्रतिस्थापन) | प्रतिशत | ३७९५४८ | २०% | ७५९०९.६५३६ | २ वर्षसम्म बढीमा २०% बिरुवा प्रतिस्थापन लागत पर्ने आँकलन |
| ४ | प्रतिस्थापन विरुवा खरिद | गोटा | ८०४ | ५० | ४०२०० | २ वर्षसम्म बढीमा २०% प्रतिस्थापन बिरुवा खरिद गर्न पर्ने आँकलन |
| ५ | विरुवा संरक्षण | वर्ष | ५ | २०५१३३ | १०२५६६४ | जिल्ला दररेट अनुसार वन हेरालु खर्च रु. १६८००० (प्रत्येक वर्ष १०% ले अघिल्लो वर्षको खर्चमा वृद्धि हुँदै जाने) |
| ६ | अन्य स्टेसनरी खर्च | - | – | – | ६२७८ | |
| | | | | जम्मा | १७,२८,६०० | |



Innovative Vision

### ८.२.२.२. निर्माणको चरण

**१) वन क्षेत्रमा आगलागी हुन सक्ने**

आयोजना स्थलमा गर्मी समयमा अत्याधिक गर्मी हुने भएकाले निर्माणको समयमा आयोजनाका कामदार गर्मी छल्न आयोजना स्थलको उत्तर र दक्षीणतर्फ रहेका चुरे पहाडमा भ्रमण गर्न सक्ने तथा बिदाको समयमा पिकनिक र मनोरञ्जनको लागि जान सक्ने सम्भावनालाई मध्यनजर गरी वन क्षेत्रमा आगलागी न्यूनीकरणका उपायहरु प्रस्ताव गरिएको छ। कामदारलाई आयोजनाको सुपरभाईजरको निगरानीमा राख्ने व्यवस्था मिलाईनेछ। आयोजनास्थलबाट बाहिरिएको र भित्रिएको समयको रेकर्ड आयोजना परिसरको मुल गेटमा राखिनेछ। आयोजनाको काम सुरु हुन अगावै कामदारहरुलाइ वन डडेलोको संवेदनशिलता बारे सजग गराइ जथाभाबी सलाइ लाइटरको प्रयोग एवं चुरोटका ठुटा फाल्न नहुने कुराको अभिमुखीकरण गरिनेछ। उक्त कार्यका लागि आवश्यक जन चेतनाका कार्यक्रम तथा अनुगमनको व्यवस्था गरिने छ।

**२) आयोजना क्षेत्रमा माछा मार्ने, वन्यजन्तु र वनस्पतिको चोरी शिकार र अवैध व्यापार हुन सक्ने**

आयोजनाका कामदारलाई सेवा सुरू गर्दा वन, वन्यजन्तु र तिन्को महत्व, चोरी निकासी र अवैध ब्यापार गरे हुने सजायँ बारे अभिमुखीकरण तालिम प्रदान गरिनेछ। आयोजनामा कार्यरत कामदारबाट संभावित वन्यजन्तु र वनस्पतिको चोरी शिकार र अवैध व्यापार हुन नदिन अनुगमन गरिने छ साथै कामदारहरुको निगरानी राखिनेछ। साथै कुनै कामदार उक्त कार्यमा संलग्न भएमा आवश्यक कार्वाहीको लागि ईलाका प्रहरी कार्यालय भालुबाङ र डिभिजन वन कार्यालय दाङ (देउखुरी) मा सम्पर्क गरी जानकारी गराईने छ।

**३) खोलाको पानीको गुणस्तरमा ह्रास आई आयोजना क्षेत्रको जलीय पारिस्थितिकीय प्रणालीमा असर पार्न सक्ने**

आयोजनाा परिसरबाट आयोजना निर्माणको चरणमा उत्पादन हुने फोहोर पानीलाई थिग्र्याउने पोखरीमा थिग्र्याएपछी मात्र विद्यमान रासी प्राविधिक शिक्षालयको ढल प्रणालीमार्फत निकास गरिनेछ। आयोजनाले प्रयोग गर्ने कामदार शिविरको शौचालय, बाथरुम र भान्साबाट निक्किएको पानीलाई सेफ्टी ट्याङ्की र सोक पिट बनाई जमिनमुनी पठाउनेछ।

### ८.२.२.३. सञ्चालनको चरण

**१) ध्वनी प्रदूषण बढ्ने तथा आयोजना वरीपरीको क्षेत्रबाट वन्यजन्तु र चराले बासस्थान छाडेर जान सक्ने**

आयोजना सञ्चालनको अबधीमा शहरीकरण र बढ्दो सवारी चापले उप्पन्न हुने ध्वनी प्रदूषणको न्यूनिकरणको लागि आयोजनाले जनचेतनामुलक पोस्टर र होर्डिङ बोर्डको स्थापना गर्नेछ। त्यसैगरी मन्त्रालयमार्फत रासी उपत्यकालाई हर्न निषेधित क्षेत्र बनाउन पहल गरिनेछ।

**२) सवारीसाधनको बढ्दो चापले नजिकका वन क्षेत्रमा हुने वन्यजन्तुको आवतजावतमा असर पार्न सक्ने तथा दुर्घटना निम्त्याउन सक्ने**

आयोजना क्षेत्रमा पाईने वन्यजन्तुको फोटो सहित तिनको संरक्षण तथा सडकमा वन्यजन्तुलाई प्राथमिकता दिन जनचेतनामुलक जैविक विविधता संरक्षण सम्बन्धी होर्डिङ बोर्डहरु धानखोलादेखी लमहीसम्म कम्तिमा १० स्थानमा राखिनेछ। उक्त सडकलाई वन्यजन्तुमैत्री बनाउनको लागि मन्त्रालयमार्फत मिलेनियम च्यालेन्ज कर्पोरेसन सडक निर्माण आयोजनालाई अनुरोध गरिनेछ।

### ३) वन क्षेत्रमा अतिक्रमण बढ्न सक्ने

प्रदेश राजधानी आयोजना निर्माण र सञ्चालनसँगै आयोजना क्षेत्रमा शहरीकरण बढ्ने भएकोले भूमिहिन र पहुँचवालाले विशेषगरी उत्तरतर्फको चुरे पहाडको फेदीमा रहेको वन क्षेत्रको जमिन अतिक्रमण गर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्न आयोजनाले सचेतनामुलक कार्यक्रम अवलम्बन गर्नेछ। आयोजना क्षेत्र तथा चुरेको फेदीमा वन अतिक्रमण रोक्न डिभिजन वन कार्यालय र रासी गाउँपालिका, गढवा गाउँपालिका र शीतगंगा नगरपालिकाको सहकार्यमा जनचेतनामुलक होर्डिङ बोर्डको स्थापना गरिनेछ।

## ८.२.३. सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरण

### ८.२.३.१. निर्माण कार्य गर्नु पूर्वको अवस्था

#### १) रासी प्राविधिक शिक्षालय भवन, कक्षाकोठा र प्रयोगशाला तथा शिक्षण गतिबिधिमा पर्ने असर

प्राविधिक शिक्षालयलाई शिक्षालयका पठन सामग्रीहरु, फर्निचर, सामान तथा प्रयोगशाला स्थानान्तरणका लागि आवश्यक समय उपलब्ध गराईनेछ। शिक्षालय स्थानान्तरण नभईकन निर्माण कार्य सुरु गरिनेछैन। शिक्षालयमा रहेका प्रयोगशालाका रसायनहरु सावधानीपूर्वक स्थानान्तरण गर्नको लागि शिक्षालयलाई अनुरोध गरिनेछ साथै आवश्यक समन्वय गरिनेछ। स्थानान्तरण गरिएको स्थानमा सुविधासम्पन्न शिक्षण व्यवस्था, प्रयोगशाला निर्माण र सुविधाहरुको व्यवस्था गर्न प्रदेश सरकारलाई मन्त्रालयमार्फत अनुरोध गरिनेछ।

#### २) निजी तथा सार्वजनिक जग्गामा क्षति पुग्न सक्ने

महेन्द्र राजमार्गबाट आयोजनास्थल जोड्ने २०० मिटर सडक स्तरोन्नत्ती गर्दा उक्त बाटोको विद्यमान भोगाधिकार अनुसारनै सडक मर्मत सम्भार गर्न प्रस्ताव गरिएको छ। निर्माणको लागि प्रयोग हुने सवारी साधनलाई पूर्वपश्चिम राजमार्गको लालमटीया बागडङ्गी खण्ड (दक्षीणतर्फ)को विद्यमान सडकमार्फत एकतर्फी प्रवेश गर्ने र पूर्वतर्फबाट निस्कने व्यवस्था मिलाईने छ। प्रशासनिक गतिबिधिका साना सवारी साधन बाहेक निर्माण व्यवसायीका सम्पूर्ण सवारी साधन एकतर्फी रुपमा सञ्चालन गरिनेछ।

### ८.२.३.२. निर्माणको चरण

#### १) कामदारको लागि खानेपानी, सरसफाई र शौचालय सम्बन्धी सबालहरु

निर्माणको चरणमा आयोजनास्थलमा कामदारको लागि स्वच्छ र सफा खानेपानी, सरसफाई र शौचालयको उपलब्धता कायम गरिनेछ। आयोजनास्थलमा कुहिने र नकुहिने फोहोरहरू छुट्टाछुट्टै सङ्कलन गर्न, छुट्टाछुट्टै फोहोर सङ्कलन बिनहरू उपलब्ध गराइनेछ।कामदारहरूका लागि सेप्टिक ट्याङ्कीसहितको शौचालय उपलब्ध गराइनेछ र सरुवा रोगबाट सङ्क्रमित कामदारलाई कार्यस्थलमा प्रतिबन्ध लगाइनेछ। रोग सार्ने कुनै पनि गैरकानूनी गतिविधिलाई आचारसंहिताद्वारा कडाइका साथ निषेध गरिनेछ। खुला दिसा र ठोस फोहोर फाल्न कडाइका साथ निषेध गरिनेछ। लैङ्गिक समानता अनुकूल दिशानिर्देशहरूलाई ध्यानमा राख्दै निर्माण कामदारहरूलाई शौचालय र नुहाउने कोठाको राम्रो सुविधा उपलब्ध गराइनेछ। आयोजनास्थलमा प्रयोग गरिने धाराको पानीको गुणस्तर प्रत्येक ६-६ महिनामा जाँच गरिनेछ र मूल्याङ्कनको आधारमा सुधार गरिनेछ। सङ्कलन गरिएको पानी फिल्टर गरी उपलब्ध गराइनेछ, फिल्टरहरू प्रतिस्थापन र अभिलेखहरू राखिएको छ भनी सुनिश्चित गरिनेछ। पानी भण्डारण ट्याङ्कीको सरसफाई र सरसफाई कायम गरिनेछ र नियमित सरसफाई सुनिश्चित गरिनेछ। र शौचालयमा पानीको पर्याप्त आपूर्ति हुनेछ। सबै शौचालयहरूलाई पर्याप्त संख्यामा



Innovative Vision

हातधुने सुविधा उपलब्ध गराइनेछ। एउटै शिफ्टमा नुहाउनु पर्ने प्रत्येक लिङ्गका प्रत्येक १० जना कर्मचारी बरावर एक नुहाउने स्थानको व्यवस्था गरिनेछ।

**२) कामदारको स्वास्थ्य र सुरक्षा सम्बन्धी सबालहरु**

आयोजनाका कामदारको पेशागत सुरक्षा र स्वास्थ्यमा पर्ने असरलाई न्यूनीकरण गर्न सुरक्षा सामग्री, प्राथमिक उपचारको उपलब्धता, कामदार बिमा लगायतका प्रस्तावित उपायहरू लागू गर्नेछ। सबै कामदारलाई स्वास्थ्य सुरक्षा सामाग्रिहरू (मास्क, एप्रन, चश्मा, जुत्ता) उपलब्ध गराइनेछ र प्रयोग सुनिश्चित गरिनेछ। निर्माण स्थलमा प्राथमिक उपचार किटहरूको व्यवस्था गरिनेछ। कर्मचारीहरूलाई दुर्घटना जोखिमहरू र कामसँग सम्बन्धित हुन सक्ने स्वास्थ्य जोखिमहरू बारे सूचित गरिनेछ, र आवश्यक प्रशिक्षण, अभ्यास र निर्देशनहरू दिईनेछ। त्यसैगरी आयोजनासँग सम्बन्धित काम गर्दा जीवन हानि र कुनै पनि प्रकारको चोटपटक र दुर्घटनाको लागि कामदार बीमाको व्यवस्था गरिनेछ। प्रत्येक कामदारको न्यूनतम रु. ५,००,००० (पाँच लाख रुपैयाँ) को बीमा गरिने छ र सो रकमलाई ठेक्का सम्झौतामा सामेल गरिनेछ। कामदारलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराईनेछ। श्रम ऐन २०७४ को पालना गर्दै कर्मचारीको सुरक्षाको ख्याल गरिनेछ।

**३) आयोजना क्षेत्रको सामाजिक सद्भाव र शान्ति तथा सुरक्षामा असर पार्न सक्ने**

बाहिरबाट कामदारहरूको आगमन कम गर्न स्थानीय कामदारलाई उनीहरूको सीप, ज्ञान र योग्यता अनुसार काममा प्राथमिकता दिइनेछ। स्थानीय कामदारहरूको लागि शिविर निर्माण/प्रदान गरिने छैन। बाहिरी क्षेत्रबाट आउने कामदारलाई शिविरमा प्रत्यक्ष निगरानीमा राखिनेछ। बाहिरबाट आउने कामदारलाई फरक धर्म र संस्कृतिको सद्भाव राख्न, महिला र वरिष्ठ सदस्यलाई सम्मान गर्न तथा आफूभन्दा कनिष्ठलाई माया र सहयोग गर्न अभिमुखीकरण तालिम दिईनेछ। स्थानीय शान्ती र सुरक्षा खलल पुऱ्याउने गतिविधि नियन्त्रण गर्न स्थानीय सरकार र सुरक्षा निकायसँग समन्वय गरिनेछ।

**४) सवारीसाधनको बढ्दो चापको कारण सवारी दुर्घटना बढ्न सक्ने**

आयोजना सञ्चालनको चरणमा हुन सक्ने दुर्घटना न्यूनीकरणको लागि भालुबाङ - लमही सडक खण्डमा सडक सूचना र गति सिमित बोर्ड ठड्याईनेछ। प्रदेश राजधानी बाहिरको मौरीघाट देखी पाखापानी सम्मको लालमटीया सडक खण्डमा अधिकतम गति २० किमि प्रतिघण्टा सिमित गर्न लगाईनेछ। लालमटीया सडक खण्डमा पैदलयात्री मार्ग र आकाशे पुल निर्माणको लागि प्रदेश सरकारलाई अनुरोध गरिनेछ। त्यसैगरी सडक र पैदलयात्री मार्ग छुट्याउने बार समेत राख्न अनुरोध गरिनेछ। आजनास्थल छिर्ने दक्षिणतर्फको लालमटीया बागडङ्गी सडक खण्डमा निर्माण सामग्री बोकेका सवारी साधनलनई एकतर्फी प्रवेश मार्गको रुपमा प्रयोग गरी आयोजना स्थलको पूर्व तर्फबाट निस्कने व्यवस्था गरिनेछ।

**५) महिला र पिछडिएको समूहका व्यक्तिहरुलाई ज्यालामा विभेद तथा बालबालिकाको श्रमशोषण हुन सक्ने**

महिला तथा पिछडिएका समूहका व्यक्तिहरुलाई विभेद तथा बालबालिकाको हुन सक्ने श्रमशोषण रोक्न/न्यूनीकरण गर्न रोजगारीको अवसर, ज्याला र समान कामको समय निश्चित गरिनेछ। आयोजनाका कामदारबीच समान रोजगारीको अवसर सुनिश्चित गरिनेछ। महिला कामदार र पुरुष कामदारबीच समान कामको लागि फरक ज्याला दिन दिईनेछैन। आयोजनाका कामदारलाई लिङ्गको आधारमा विभेद गरिनेछैन। कामदारलाई एक अर्कालाई सम्मान गर्न तथा कसैले विभेद गरे रिपोर्ट गर्न अभिमुखीकरण गरिनेछ। जोखिममा परेका समूहहरूको उचित पहिचान गरिनेछ र उनिहरुलाइ

काम तथा ज्यालामा कुनै भेदभाव गरिने छैन। १६ वर्ष मुनीका बालबालिकालाई काममा लगाउन प्रतिबन्ध गरिनेछ। बालश्रमलाई निषेध गरिनेछ। कामदारले प्राप्त गर्ने ज्याला जिल्ला दररेट भन्दा कम गरिने छैन। कामदरलाई श्रम ऐन २०७४ बमोजिम कामको भुक्तानी गर्न निर्माण व्यवसायीलाई लगाईनेछ। व्यक्ति विशेष अनुरुप ज्यालामा विभेद नगरि कार्यभारमा आधारित ज्याला (काम बराबरको ज्याला) कार्यान्वयन गरिने छ।

**६) प्राविधिक शिक्षालयका विद्यार्थीहरुको आवतजावत र डेरा उपलब्धतामा पर्ने असर**

प्राविधिक शिक्षालयका विद्यार्थीको आवतजावतलाई सहजीकरण गर्न तथा तत्कालै डेरा नपाईने समस्याको हल गर्नको शिक्षालयलाई प्रदेश सरकारमार्फत बस सुविधा प्रदान गरिएको छ थप सहयोगको लागि मन्त्रालयमार्फत प्रदेश सरकारलाई अनुरोध गरिनेछ। त्यसैगरी स्थानीय भालुबाङ् बजारबाट सिसहनिया हुँदै गोबरडिहासम्म सञ्चालनमा रहेको स्थानीय यातायातलाई प्रभावकारी बनाउनको लागि आवश्यक अध्ययन गर्न मन्त्रालयमार्फत प्रदेश सरकार र गाउँपालिकाहरुलाई अनुरोध गरिनेछ।

**८.२.३.३. सञ्चालनको चरण**

**१) आयोजना क्षेत्रको शहरीकरणमार्फत स्थानीय सँस्कृती र रहनसहनमा असर पर्न सक्ने**

आयोजना क्षेत्रको थारु सँस्कृती संरक्षण र सम्बर्धनको लागि आयोजना क्षेत्रमा होमस्टे र साँस्कृतीक प्रदर्शनी स्थल निर्माण तथा व्यवसाय सञ्चालनको लागि आयोजनाले सोसम्बन्धी तालिम र भ्रमण सहयोग उपलब्ध गराउनेछ। होमस्टे र साँस्कृतीक प्रदर्शनीलाई जोडेर स्थानीयले व्यवसायिक सफलता हासिल गर्नुका साथै आफ्नो सँस्कृतीको समेत संरक्षण गर्न सक्दछन्। आयोजना क्षेत्रमा रहेका धार्मिक स्थलहरुको संरक्षण, प्रचारप्रसार र पहुँचमार्गको उपलब्धताले त्यस क्षेत्रको सँस्कृती र रहनसहनमा टेवा पुऱ्याउँदछ। आयोजनाले आयोजना क्षेत्रका मठ मन्दीर र सँस्कृती झल्काउने होर्डिङ बोर्ड भालुबाङ बजारमा स्थापना गरी प्रचार-प्रसार गर्नेछ।

**२) शहरीकरण बढी खेतियोग्य जमिनको खण्डीखरण तथा स्थानीय खाद्य सुरक्षामा असर पर्न सक्ने**

व्यवस्थित शहरीकरणको योजना र योजना मुताबिक शहरीकरणको लागि आयोजनाले मन्त्रालय र प्रदेश सरकारलाई अनुरोध गर्नेछ। त्यसैगरी भूउपयोग नियमावली २०७९ कार्यान्वयन तथा अनुगमनको लागि राप्ती गाउँपालिकालाई अनुरोध गरिनेछ। व्यक्तिगत घर र घडेरीको लागि खुला क्षेत्र र संरचना वनाईने क्षेत्रको अनुपात, वर्षातको पानीलाई जमिनमुनी पठाउने व्यवस्था लगायतका विषयमा नीतिगत व्यवस्था गर्न अनुरोध गरिनेछ।

**३) बालबालिका तथा महिलाको अबैध ओसारपसार र शोषण बढ्न सक्ने**

प्रदेश राजधानी सञ्चालनको समयमा आयोजना क्षेत्रमा नेपाल प्रहरीको मजबुत सुरक्षा उपस्थितीले आयोजना क्षेत्रमा बालबालिका तथा महिलाको सम्भावित अबैध ओसारपसार र शोषणलाई न्यूनीकरण गर्नेछ। आयोजनाले भालुबाङ बजारमा नेपाल प्रहरीसँगको समन्वयमा बालबालिका तथा महिलाको अबैध ओसारपसार र शोषण न्यूनीकरणको लागि सचेतनामुलक होर्डिङ बोर्ड स्थापना गर्नेछ। उक्त प्रसार सामग्रीमा सूचना, समस्यामा परे कस्लाई सम्पर्क गर्ने, कोही व्यक्ती अबैध क्रियाकलापमा सामेल भएमा के कस्तो कानूनी कारवाही हुने भनि विवरण उल्लेख गरिनेछ।

### ४) सरुवा रोग तथा यौन रोगको विस्तार हुन सक्ने

आयोजनाले आयोजना क्षेत्रमा स्वासप्रस्वास मार्फत सर्ने सरुवा रोग तथा कोभिड १९ लगायताका माहामारीको समयमा अबलम्बन गर्नुपर्ने नियमहरूको प्रसारको लागि भालुबाङ बजारमा जनचेतनामुलक होर्डिङ बोर्डको स्थापना गर्नेछ। रासी उपत्यकामा ५० शैयाको प्रस्तावित अस्पताल छिटोभन्दा छिटो निर्माणको लागि मन्त्रालयमार्फत प्रदेश सरकारलाई अनुरोध गरिनेछ। आयोजना क्षेत्रमा हुन सक्ने अबैध यौन क्रियाकलाप नियन्त्रणको लागि नेपाल प्रहरी र जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गरिनेछ।

### ५) आयोजना क्षेत्रमा सुरक्षा चुनौति थपिन सक्ने

आयोजना क्षेत्रको सुरक्षा बन्दोबस्तीको दायित्व नेपाल सरकारको रहेको छ। नेपाल सरकार गृह मन्त्रालय अन्तर्गत रहेका जिल्ला प्रशासन कार्यालयहरुले सुरक्षा निकायको खटनपटन तथा व्यवस्थापन कार्य हुने गरेको छ। यसर्थ आयोजना क्षेत्रको चुस्त सुरक्षा व्यवस्थाको लागि आयोजनाले मन्त्रालय मार्फत प्रदेश सरकार र केन्द्र सरकारलाई अनुरोध गर्नेछ। आवश्यक सुरक्षा समन्वयको लागि जिल्ला प्रशासन कार्यालय दाङ र अर्घाखाँचीसँग छलफल गर्नेछ।

तालिका ८. १: अनुकूल प्रभाव अधिकतम तथा प्रतिकुल प्रभाव न्यूनतम गर्ने उपायको कार्यान्वयन तथा लाग्ने अनुमानित रकम र कार्यान्वयनको जिम्मेवारी

| वातावरणीय प्रभावहरु | कार्यान्वयन हुने स्थान/ प्रभाव पर्ने स्थान | अनुमानित रमक (रु.) | कार्यान्वयन जिम्मेवारी |
|---|---|---|---|
| **अनुकूल प्रभावहरु** | | | |
| १. आयोजना क्षेत्रमा आर्थिक गतिबिधि बढ्ने तथा स्थानीय अर्थव्यवस्था (economy) मा वृद्धि हुने | आयोजना क्षेत्र | थप रकम आवश्यक नपर्ने | आयोजना र स्थानीय |
| २. रोजगारीको अवसर सृजना हुने | आयोजना क्षेत्र | रु. ३० लाख | आयोजना, रासी गाउँपालिका र रासी प्राविधिक शिक्षालय |
| ३. व्यापार व्यवसायको अवसर | आयोजना क्षेत्र | थप रकम आवश्यक नपर्ने | आयोजना र स्थानीय |
| ४. प्रशासनिक सहजता | आयोजना क्षेत्र | थप रकम आवश्यक नपर्ने | आयोजना |
| ५. सार्वजनिक सेवा र सुविधाहरुमा वृद्धि हुने | आयोजना क्षेत्र | थप रकम आवश्यक नपर्ने | आयोजना, रासी गाउँपालिका, गढवा गाउँपालिका, शितगंगा नगरपालिका र प्रदेश सरकार |
| ६. उत्पादित स्थानीय चिज/बस्तुले बजार पाउने | आयोजना क्षेत्र | थप रकम आवश्यक नपर्ने | आयोजना र स्थानीय |
| ७. जमिनको मूल्य वृद्धि भई सम्पत्तीको मूल्याङ्कन बढ्ने | आयोजना क्षेत्र | थप रकम आवश्यक नपर्ने | आयोजना र रासी गाउँपालिका, गढवा गाउँपालिका, शितगंगा नगरपालिका |
| **प्रतिकूल प्रभावहरु** | | | |
| १. जमिनको सतहको मलिलो माटो संरक्षणका लागि स्थान निर्माणसँग सम्बन्धित सवालहरु | आयोजनास्थल | थप रकम आवश्यक नपर्ने | आयोजना र निर्माण व्यवसायी |

| वातावरणीय प्रभावहरु | कार्यान्वयन हुने स्थान/ प्रभाव पर्ने स्थान | अनुमानित रमक (रु.) | कार्यान्वयन जिम्मेवारी |
|---|---|---|---|
| २. आयोजनको निर्माण सामग्री भण्डारण सम्बन्धि सवालहरु | आयोजनास्थल | थप रकम आवश्यक नपर्ने | आयोजना र निर्माण व्यवसायी |
| ३. राप्ती प्राविधिक शिक्षालयको प्रयोगशाला स्थानान्तरण गर्ने तथा रसायनहरु व्यवस्थापन गर्ने सम्बन्धी सवाल | आयोजनास्थल/गोबरडिहा | थप रकम आवश्यक नपर्ने | आयोजना र राप्ती प्राविधिक शिक्षालय |
| ४. निर्माण कार्यसँग सम्बन्धीत धुलो, धुवा, र ध्वनी प्रदूषण | आयोजनास्थल | रु १४ लाख ४० हजार | आयोजना र निर्माण व्यवसायी |
| ५. आयोजना क्षेत्रको भूउपयोगमा परिवर्तन हुने | आयोजनास्थल | थप रकम आवश्यक नपर्ने | आयोजना |
| ६. आयोजनास्थल र कामदार शिविरबाट उत्पादन हुने ठोस तथा तरल फोहोर व्यवस्थापन सँग सम्बन्धित सवालहरु | आयोजनास्थल/दोलाई खोला | रु १ लाख ६५ हजार | आयोजना र निर्माण व्यवसायी |
| ७. आयोजना क्षेत्र डुबानमा पर्न सक्ने | आयोजनास्थल/ आयोजना क्षेत्र | थप रकम आवश्यक नपर्ने | आयोजना र निर्माण व्यवसायी |
| ८. नजिकका खोलाको पानीको गुणस्तरमा असर पार्न सक्ने | आयोजना क्षेत्र/ दोलाई खोला/ राप्ती नदी | थप रकम आवश्यक नपर्ने | आयोजना र निर्माण व्यवसायी |
| ९. आयोजना क्षेत्र पूर्व पश्चिम महेन्द्र राजमार्गसँग जोडिएकाले दुर्घटनाको सम्भावना बढ्ने | लालमटीया खण्ड | सूचनाको लागि रु.७ लाख र तालिमको लागि ४ लाख ६० हजार | आयोजना र निर्माण व्यवसायी |
| १०. आयोजना स्थल जोड्ने तथा आयोजना स्थलबाट निस्कने पहुँच मार्ग सम्बन्धी सवाल | लालमटीया खण्ड | रु. ३२ लाख | आयोजना र निर्माण व्यवसायी |

Innovative Vision for innovation at work

| वातावरणीय प्रभावहरु | कार्यान्वयन हुने स्थान/ प्रभाव पर्ने स्थान | अनुमानित रमक (रु.) | कार्यान्वयन जिम्मेवारी |
|---|---|---|---|
| ११. आयोजनाका भवनहरु भूकम्प प्रतिरोधी हुने सम्बन्धी सवाल | आयोजनास्थल | थप रकम आवश्यक नपर्ने | आयोजना र निर्माण व्यवसायी |
| १२. आयोजनाको ढल निकास प्रणाली स्थापनासँग सम्बन्धित सवालहरु | आयोजना स्थलको उत्तरतर्फको सडक र दोलाई दोला | थप रकम आवश्यक नपर्ने | आयोजना र निर्माण व्यवसायी |
| १३. आयोजनाले पूर्व पश्चिम महेन्द्र राजमार्गको लालमटीया सडक खण्डमा चाप बढाउन सक्ने | लालमटीया खण्ड | क्र.सं. ९ मा राखिएको। | आयोजना, निर्माण व्यवसायी र ट्राफिक प्रहरी |
| १४. दुर्घटनाको सम्भावना बढ्ने | लालमटीया खण्ड र बागडड्डी | क्र.सं. ९ मा राखिएको र तालिमको लागि थप बजेट रु. ४ लाख ८० हजार | आयोजना, निर्माण व्यवसायी र ट्राफिक प्रहरी |
| १५. विद्यमान कमजोर सञ्चार प्रणालीमा भार पर्ने | आयोजना क्षेत्र | थप रकम आवश्यक नपर्ने | आयोजना, मन्त्रालय, प्रदेश सरकार र नेपाल टेलिकम |
| १६. प्रशासनिक भवन तथा खुला क्षेत्रबाट निस्किएको ठोस तथा तरल फोहोरमैला व्यवस्थापन सम्बन्धि सवाल | आयोजनास्थल/दोलाई खोला | रु. ३ लाख ३० हजार | आयोजना |
| १७. शहरीकरण, जमिनको खण्डीकरण तथा भूउपयोगमा परिवर्तन | आयोजना क्षेत्र | थप रकम आवश्यक नपर्ने | आयोजना, मन्त्रालय, प्रदेश सरकार र रासी गाउँपालिका, गढवा गाउँपालिका, शितगंगा नगरपालिका |
| १८. भूमिगत पानीको उपयोगमा चाप बढ्न सक्ने | आयोजना क्षेत्र | थप रकम आवश्यक नपर्ने | आयोजना, मन्त्रालय, प्रदेश सरकार र रासी गाउँपालिका, गढवा गाउँपालिका, शितगंगा नगरपालिका |

Innovative Vision

| वातावरणीय प्रभावहरु | कार्यान्वयन हुने स्थान/ प्रभाव पर्ने स्थान | अनुमानित रमक (रु.) | कार्यान्वयन जिम्मेवारी |
|---|---|---|---|
| १९. आकस्मिक सूरक्षा सम्बन्धी सवालहरु | आयोजना स्थल | थप रकम आवश्यक नपर्ने | आयोजना र प्रदेश सरकार |
| २०. जमिन खाली गर्दा आयोजना क्षेत्रको जैविक विविधतामा पर्ने असर | आयोजना स्थल | रु १७ लाख २८ हजार ६ सय | आयोजना र डिभिजन वन कार्यालय देउखुरी दाङ |
| २१. वन क्षेत्रमा आगलागी हुन सक्ने | आयोजना क्षेत्र / उत्तरतर्फको चुरे पहाड | क्र.सं. ९ मा राखिएको तालिममा समावेश | आयोजना |
| २२. आयोजना क्षेत्रमा माछा मार्ने, वन्यजन्तु र वनस्पतिको चोरी शिकार र अवैध व्यापार हुन सक्ने | आयोजना क्षेत्र / राप्ती नदी | क्र.सं. ९ मा राखिएको तालिममा समावेश | आयोजना |
| २३. खोलाको पानीको गुणस्तरमा ह्रास आई आयोजना क्षेत्रको जलीय पारिस्थितिकीय प्रणालीमा असर पार्न सक्ने | आयोजना क्षेत्र / दोलाई खोला | थप रकम आवश्यक नपर्ने | आयोजना र निर्माण व्यवसायी |
| २४. ध्वनी प्रदूषण बढ्ने तथा आयोजना वरीपरीको क्षेत्रबाठ वन्यजन्तु र चराले बासस्थान छाडेर जान सक्ने | आयोजना क्षेत्र | थप रकम आवश्यक नपर्ने | आयोजना र निर्माण व्यवसायी |
| २५. वन क्षेत्रमा अतिक्रमण बढ्न सक्ने | आयोजना क्षेत्र / उत्तरतर्फको चुरे पहाड | क्र.सं. ९ मा बजेट राखिएको। | आयोजना र निर्माण व्यवसायी |
| २६. राप्ती प्राविधिक शिक्षालय भवन, कक्षाकोठा र प्रयोगशाला तथा शिक्षण गतिबिधिमा पर्ने असर | आयोजनास्थल/गोबरडिहा | थप रकम आवश्यक नपर्ने | आयोजना र राप्ती प्राविधिक शिक्षालय |
| २७. निजी तथा सार्वजनिक जग्गामा क्षति पुग्न सक्ने | आयोजना क्षेत्र/बागडङ्गी/ लालमटीया खण्ड | थप रकम आवश्यक नपर्ने | आयोजना, प्रदेश पूर्वाधार विकास प्राधिकरण र राप्ती गाउँपालिका, गढवा गाउँपालिका, शितगंगा नगरपालिका |

Innovative Vision

| वातावरणीय प्रभावहरु | कार्यान्वयन हुने स्थान/ प्रभाव पर्ने स्थान | अनुमानित रमक (रु.) | कार्यान्वयन जिम्मेवारी |
|---|---|---|---|
| २८. कामदारको लागि खानेपानी, सरसफाई र शौचालय सम्बन्धी सबालहरु | आयोजनास्थल | क्र.सं. ९ मा राखिएको तालिममा समावेश | आयोजना र निर्माण व्यवसायी |
| २९. कामदारको स्वास्थ्य र सुरक्षा सम्बन्धी सबालहरु | आयोजनास्थल | क्र.सं. ९ मा राखिएको तालिममा समावेश | आयोजना र निर्माण व्यवसायी |
| ३०. आयोजना क्षेत्रको सामाजिक सद्बाव र शान्ति तथा सुरक्षामा असर पार्न सक्ने | आयोजना क्षेत्र | क्र.सं. ९ मा राखिएको तालिममा समावेश | आयोजना, निर्माण व्यवसायी, राप्ती गाउँपालिका, गढवा गाउँपालिका, शितगंगा नगरपालिका, जिल्ला प्रशासन कार्यालय दाङ |
| ३१. सवारीसाधनको बढ्दो चापको कारण सवारी दुर्घटना बढ्न सक्ने | लालमटीया खण्ड/बागडड्डी | क्र.सं. ९ मा राखिएको बजेटमा समावेश | आयोजना र निर्माण व्यवसायी |
| ३२. महिला र पिछडिएको समूहका व्यक्तिहरुलाई ज्यालामा विभेद तथा बालबालिकाको श्रमशोषण हुन सक्ने | आयोजनास्थल | क्र.सं. ९ मा राखिएको तालिममा समावेश | आयोजना र निर्माण व्यवसायी |
| ३३. प्राविधिक शिक्षालयका विद्यार्थीहरुको आवतजावत र डेरा उपलब्धतामा पर्ने असर | आयोजना क्षेत्र/गोबरडिहा | थप बजेट आवश्यक नपर्ने | आयोजना, प्रदेश सरकार र राप्ती गाउँपालिका, गढवा गाउँपालिका, शितगंगा नगरपालिका |
| ३४. आयोजना क्षेत्रको शहरीकरणमार्फत स्थानीय सँस्कृती र रहनसहनमा असर पर्न सक्ने | आयोजना क्षेत्र/ राप्ती उपत्यका | रु. १० लाख | आयोजना र राप्ती गाउँपालिका |
| ३५. शहरीकरण बढी खेतियोग्य जमिनको खण्डीखरण तथा स्थानीय खाद्य सुरक्षामा असर पर्न सक्ने | आयोजना क्षेत्र/ राप्ती उपत्यका | थप बजेट आवश्यक नपर्ने | आयोजना, प्रदेश सरकार, प्रदेश पूर्वाधार विकास प्राधिकरण र राप्ती गाउँपालिका |

| वातावरणीय प्रभावहरु | कार्यान्वयन हुने स्थान/ प्रभाव पर्ने स्थान | अनुमानित रमक (रु.) | कार्यान्वयन जिम्मेवारी |
|---|---|---|---|
| ३६. बालबालिका तथा महिलाको अवैध ओसारपसार र शोषण बढ्न सक्ने | आयोजना क्षेत्र/ रासी उपत्यका | क्र.सं. ९ मा राखिएको बजेटमा समावेश | आयोजना र निर्माण व्यवसायी |
| ३७. सरुवा रोग तथा यौन रोगको विस्तार हुन सक्ने | आयोजना क्षेत्र/ रासी उपत्यका | क्र.सं. ९ मा राखिएको बजेटमा समावेश | आयोजना र निर्माण व्यवसायी |
| ३८. आयोजना क्षेत्रमा सुरक्षा चुनौति थपिन सक्ने | आयोजना क्षेत्र/रासी उपत्यका | थप बजेट आवश्यक नपर्ने | आयोजना, प्रदेश सरकार, नेपाल सरकार |

Innovative Vision

## ८.३ सरोकारवालाहरुले उठाएका सबालहरुको सम्बोधन

तालिका ८. २: सार्वजनिक सुनुवाईमा उठेका सबालहरुको सम्बोधन यसप्रकार रहेको छ;

| क.सं. | उठेका सवालहरू | सम्बोधन गरिएको परिच्छेद | कैफियत |
|---|---|---|---|
| १. | आयोजना कार्यान्वयनको क्रममा निजी जमिनमा क्षति पुगेमा कसरी सम्बोधन गर्ने? | खण्ड ८.२.३.१ (२) | हाल आयोजना कार्यान्वयन गर्दा कुनै पनि निजी जमिनमा क्षेती नहुने तथा आयोजना साविक रासी प्राविधिक शिक्षालय परीसरभित्र मात्र निर्माण गरिने। आयोजनालाई पछी थप जमिन चाहिने भएमा तथा निजी जमिनमा क्षति पुगेमा प्रदेश पूर्वाधार विकास प्राधिकरणको गुरूयोजनाअनुरुप रासी गाउँपालिका, गढवा गाउँपालिका, शितगंगा नगरपालिका, जिल्ला समन्वय समिति, प्रमुख जिल्ला अधिकरी र मन्त्रालयको समन्वयमा क्षतिपूर्ती निर्धारण गरी क्षतिपूर्ती दिईने तथा प्रासी गर्न पर्ने हकमा मुआब्जा दिई प्रासी गरिने। |
| २. | आयोजनाको लागि प्रयोग हुने निर्माण सामग्री स्विकृत प्राप्त निकाय/स्थानहरुबाट आपूर्ती गर्ने। | खण्ड २.२.५ | आयोजनाले निर्माण व्यवसायीमार्फत स्विकृत निकाय/स्थानहरुबाट मात्र निर्माण सामग्रीको आपूर्ती गर्ने। |
| ३. | राजमार्गबाट आयोजनास्थल छिर्ने पहुँचमार्गमा धुलो, धुवाँ र ध्वनी प्रदूषण न्यूनीकरण गर्नु पर्ने। | खण्ड ८.२.१.२ (१) | धुलो, धुँवा, ध्वनी नियन्त्रण तथा सडक मर्मतको लागि आवश्यक बजेट छुट्याईएको। |
| ४. | पहुँचमार्ग साँघुरो भएको। | खण्ड ८.२.१.२ (६) | निर्माणका सवारी साधनको लागि एकतर्फी बाटो सञ्चालन तथा बाटोको नियमित सर्मत सम्भार |
| ५. | वातावरण व्यवस्थापनको लागत संशोधन गर्ने। | खण्ड १०.६ | सडक मर्फत सम्भार लगायतमा बजेट छुट्याईएको तथा आवश्यक परिमार्जन गरिएको। |
| ६. | भवनहरुमा वातावरण मैत्री निर्माण सामग्रीहरुको प्रयोग गर्ने। | - | आयोजनाको डिजायन अनुसार वातावरण मैत्री निर्माण सामग्रीलाई प्राथमिकता दिने। |
| ७. | गुरुयोजना बमोजिम हरियाली र खुला क्षेत्र कायम गर्ने। | खण्ड ८.२.१.२ (२) | प्रतिवद्धता व्यक्त गरिएको। |
| ८. | वन र वन्यजन्तु संरक्षण सम्बन्धी कार्यक्रम प्रस्ताव गर्ने। | खण्ड १०.६ | जैविक विविधता संरक्षण अन्तर्गत बजेट छुट्याईएको। |



Innovative Vision

तालिका ८. ३: गाउँपालिकाको सिफारिसमा उठेका सबालहरुको सम्बोधन यसप्रकार रहेको छ;

| क्र.सं. | उठेका सवालहरू | सम्बोधन गरिएको परिच्छेद | कैफियत |
|---|---|---|---|
| १. | नदी संरक्षणका साथै स्वस्थ वातावरण हुने। | खण्ड ८.२.२.१(१) | प्रस्तावित आयोजना मन्त्रालय भवन निर्माण र प्रदेश सभाहल निर्माणमा सिमित रहेकोले नदी व्यवस्थापन तथा जलाधार संरक्षणको कार्य लुम्बिनी प्रदेश विकास प्रदेश पूर्वाधार विकास प्राधिकरण मार्फत कार्यान्वयन गरिने राजधानी गुरुयोजना अनुरुप हुनेछ। तथापी वातावरण संरक्षण र स्वस्थ वातावरणको लागि यही अध्ययनमा बजेट छुट्याईएको छ। |
| २. | रुख बिरुवामा नोक्सानी हुने। | खण्ड २.२.५ | क्षतिपूर्ती वृक्षारोपणको लागि बजेट छुट्याईएको छ। |

## ८.४ वातावरण संरक्षण कार्यक्रम

आयोजना सञ्चालन पश्चात आयोजना क्षेत्रको वातावरण संरक्षणको लागि निम्नानुसारको भूमिका निर्वाह गर्दै राप्ती उपत्यकामा तपसिलका कार्यक्रमहरु कार्यान्वयन गर्न प्रस्ताव गरिएको छ। यस कार्यक्रमका निम्ति कुल ५ लाख ८० हजार रुपैयाँ छुट्टाईएको छ।

तालिका ८. ४: वातावरण संरक्षण कार्यक्रम लागत

| क्र.सं. | शिर्षक | विवरण | बजेट |
|---|---|---|---|
| १ | सडक हरियाली विकास | राजमार्गदिखी आयोजनास्थल छिर्ने २०० मिटर सडकमा सडकको दुबैतर्फ विरुवा हुर्काएर हरियाली विकास गर्नको लागी तारबार जाली सहितको वृक्षारोपण | प्रति बिरुवा रु २००० का दरले ४० बिरुवाको लागि ८० हजार रुपैंया। |
| २ | पंक्षी संरक्षण कार्यक्रम | आयोजना क्षेत्रमा पंक्षी संरक्षणको लागि डिभिजन वन कार्यालयसँगको सहकार्यमा स्थानीय स्तरमा सञ्चालित पशु वृद्धा आश्रम तथा गिद्ध संरक्षण केन्द्रलाई सहयोग उपलब्ध गराउने। | वार्षीक १ लाखका दरले ५ वर्षसम्म कूल ५ लाख। |

## ८.५ गुनासो निवारण संयन्त्र

आयोजना निर्माण एवं सञ्चालनको अवधिमा स्थानीय तथा सरोकारवाला व्यक्तिहरुका विभिन्न किसिमका गुनासोहरु हुन सक्छन्। त्यस्ता गुनासोलाई सम्बोधन गर्नको लागि गुनासो सम्बोधन एकाइ रहनेछ। प्रस्तावित आयोजना कार्यान्वयनका लागि नयाँ जग्गा अधिग्रहणको आवश्यकता पर्दैन साथै पुनर्वास योजना आवश्यक छैन। यद्यपि, आयोजना सञ्चालनको क्रममा कुनै विवाद उत्पन्न भएमा विवाद समाधान गर्न उपयुक्त सञ्चार र औपचारिक प्रक्रिया होस् भनेर सबै सरोकारवालाहरूलाई आयोजना-विशेष गुनासो व्यवस्थापन संयन्त्र बारे सचेत गराउनु पर्छ। आयोजना निर्माण गर्दा धुलो, धुवाँ र ध्वनी प्रदूषण जस्ता मानव स्वास्थ्यसँग जोडिएका संवेदनशिल सवालहरु देखा पर्दछन्। यसर्थ आयोजनामा गुनासो निवारण संयन्त्रमा आवस्यक छ। उक्त संयन्त्रमा आयोजना प्रमुख र वातावरण व्यवस्थापक सहितको समिति रहनेछ। आयोजनाका गुनासोहरु सङ्कलनको लागि आयोजना स्थलमा गुनासो संकलन बाकस राखिनेछ भने फोनमार्फत

गुनासो दर्ता गर्ने व्यवस्था मिलाईनेछ। गाउँपालिकामार्फत आएका गुनासोलाई समेत उक्त समितिले अध्ययन तथा सम्बोधन गर्नेछ। गुनासोको अभिलेख गर्ने छुट्टै दर्ता किताब राखिनेछ।




तस्बिर ८. १: गुनासो निवारण संयन्त्र

### ८.६ भूकम्पीय जोखिमका लागि आकस्मिक पूर्वतयारी योजनाको संरचना

भूकम्पलाई आकस्मिक रूपमा आउने प्रमुख प्रकोपहरूमध्ये एक मानिन्छ। यो प्रक्रिया पूर्णतया प्राकृतिक हो र यसको प्रभाव सामान्य देखि विनाशकारी सम्म हुन सक्छ। साधारणतया उचित योजना विना निर्माण भएका अग्ला भवनहरु भूकम्पको जोखिममा पर्दछन्। प्रस्तावित आयोजनालाई भूकम्पबाट हुने जोखिम न्यूनीकरण गर्न भूकम्प प्रतिरोधी भवन प्रस्ताव गरिएको छ। प्रत्येक भवनमा विपद्को समयमा आकस्मिक निकासीका लागि छुट्टै इमर्जेन्सी एस्केप (आपतकालिन ढोकाहरु) को व्यवस्था गरिएको छ। आपतकालिन वहिर्गमननको जानकारीको लागि प्रत्येक कोठामा आपतकालीन भाग्ने योजना राख्ने व्यवस्था छ। भूकम्पबाट पर्न सक्ने असरलाई न्यूनीकरण गर्नका लागि पूर्वतयारी योजनालाई तीनवटा विशिष्ट वर्गमा बनाइएको छ जसलाई निम्न चित्रमा रेखाचित्रको रूपमा प्रस्तुत गरिएको छ।




तस्बिर ८. २: आपतकालिन भूकम्प पूर्वतयारी योजना

## ८.७ आगोको जोखिमको लागि आपतकालीन तयारी योजनाको संरचना

आगलागीलाई अकस्मात आईपर्ने प्रमुख प्रकोपहरू मध्ये एक मानिन्छ। यो पूर्णतया कृत्रिम प्रकृतिको प्रकोप हो र प्राकृतिक प्रकोपका कारण विरलै घटना घट्ने गर्दछन्। यस प्रकोपको प्रभाव सामान्य देखि विनाशकारी समेत हुने गर्दछ। आयोजनाका लागि प्रयोग हुने उपकरण तथा विद्युतीय सामग्रीहरुको लापरवाही ढंगले प्रयोग गर्दा दुर्घटना भई आगो लाग्न सक्छ। प्रस्तावित आयोजनाले आगलागीबाट हुने जोखिमलाई न्यूनीकरण गर्न योजनाहरू समावेश गरेको छ। आगलागी पत्ता लगाउन प्रत्येक भवनका तला र कोठाहरुमा फायर डिटेक्टरहरू र पूर्वसूचना दिने साइरनहरू प्रस्ताव गरिएको छ। आपतकालिन निकासको जानकारीका लागि प्रत्येक कोठामा आपतकालिन निकासको योजना समावेश गर्ने व्यवस्था रहेको छ। आगलागी हुँदा आकस्मिक निकासका लागि छुट्टाछुट्टै निकासको व्यवस्था गरिएको छ। आगो निभाउने उपकरणहरू र अग्नि नियन्त्रक उपकरणहरू सधैं तयार स्थितिमा राखिनेछ। आगलागीका कारण हुने असरलाई न्यूनीकरण गर्नको लागि तयारी योजनालाई तीनवटा विशिष्ट वर्गमा बनाइएको छ जसलाई निम्न चित्रमा चित्रण गरी प्रस्तुत गरिएको छ।




तस्बिर ८. ३: आगोको जोखिमको लागि आपतकालीन तयारी योजना

# परिच्छेद-९

# वातावरणीय अनुगमन

प्रस्ताव कार्यान्वयन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भए बमोजिमका नकारात्मक प्रभाव न्यूनीकरणका उपायहरू तथा सकारात्मक प्रभाव बढोत्तरीकरणका उपायहरू अवलम्बन गरे नगरेको अनुगमन गर्नका लागि प्रतिवेदनमा प्रदेश सरकार वातावरण संरक्षण नियमावली, २०७७ मा उल्लेख भए अनुसारका अनुगमनको व्यवस्था गरिएको छ। वातावरणीय अनुगमन कार्ययोजनाको प्रमुख उद्देश्य वातावरणीय प्रभावहरुलाइ न्यूनीकरणका उपायहरुको कार्यान्वयनको प्रभावकारितालाई सुनश्चित गर्नुका साथै अनुगमनका आवश्यकताहरुलाई सिफारीस गर्नु हो। वातावरणीय अनुगमननका उद्धेश्यहरु यसप्रकार रहेका छन्;

- प्रारम्भिक तथ्याङ्क सङ्कलन गर्ने र कानूनले तोकेका सीमा भन्दा बढि मात्रामा प्रभाव पर्न नदिने।
- आयोजना कार्यान्व्यनका कारण उत्पन्न भएका कुनैपनि नकारात्मक वातावरणीय प्रभावहरुको जाँच गर्न तथा उपयुक्त न्यूनीकरणका उपायहरु अवलम्बन गर्न।
- सिफारिस गरिएका वातावरणीय सूरक्षाका उपायहरु तोकिएको गुणस्तर अनुरुप कार्यान्वयन भए नभएको सुनिश्चित गर्न।
- तोकिएका बाहेकका अन्य प्रकारका प्रभावहरु पर्ने भएमा थप सुधारका उपायहरु प्रस्ताव गर्न।

माथि उल्लेखित उद्धेश्यहरुको पुर्तिका लागि निर्माण तथा सञ्चालनको अवधिमा अनुगमन को व्यवस्था गरिएको छ।

## ९.१ अनुगमनका प्रकार

वातावरणीय अनुगमन योजनामा आधारभूत वा प्रारम्भिक अवस्थाको अनुगमन, नियमपालन र प्रभाव अनुगमन गरी तीन प्रकारको अनुगमन योजनाहरू समावेश गरिएको छ। प्रत्येक अनुगमन योजनालाई निर्माण र सञ्चालनका चरणका लागि भौतिक, जैविक र सामाजिक-आर्थिक र सांस्कृतिक समूहमा राख्ने गरि वातावरणीय अनुगमन योजनामा तयार गरिएको छ। प्रस्तावित न्यूनीकरण तथा बढोत्तरीका उपायहरुलाई मापदण्ड, सूचक, स्थान, विधि र समय तालिका/आवृत्ति समावेश भएको एक म्याट्रिक्सको रूपमा प्रस्तुत गरिएको छ।

### १. प्रारम्भिक अवस्थाको अनुगमन (Baseline Monitoring)

प्रस्तावित प्रस्तावको निर्माण कार्य शुरु गर्नु अगावै निर्माण स्थल र वरपरका आधारभूत वातावरणीय पक्षको सर्वेक्षण गर्नु पर्दछ। यो आयोजना तुरुन्तै कार्यान्वयनमा जाने गरि प्रस्ताव गरिएको छ यसर्थ यस आयोजनाको लागि प्रारम्भिक अवस्थाको जानकारी यसै प्रतिवेदनको परिच्छेद ५ मा उल्लेख गरिए बमोजिम हुनेछ। यिनै जानकारीका आधारमा आयोजना कार्यान्वयन सँगै तुलनात्मक रुपमा वातावरणीय पक्षमा भएको परिवर्तन बारेमा जानकारी प्राप्त गर्न सकिने छ।

## २. प्रभाव अनुगमन (Impact Monitoring)

प्रस्ताव कार्यान्वयनबाट भएका वातावरणीय परिवर्तन पत्ता लगाउन आयोजना निर्माण र सञ्चालनका क्रममा त्यस क्षेत्रको जनस्वास्थ्य लगायत पर्यावरणीय, सामाजिक र आर्थिक अवस्थाका सूचकको मूल्याङ्कन गरिनेछ।

## ३. नियमपालन अनुगमन (Compliance Monitoring)

नियमपालन अनुगमनमा प्रस्तावकले वातावरण संरक्षण सम्बन्धी निर्धारित मापदण्डको पालना गरेको छ भन्ने कुरा सुनिश्चित गर्न वातावरणीय गुणस्तरका विशेष सूचक वा प्रदूषणको अवस्था बारेमा आवधिक वा लगातार रूपमा अनुगमन गरी अभिलेख राखिनेछ।

तालिका ९. १: आयोजनाको प्रभाव अनुगमन तालिका

| अनुगमनका प्रकार | अनुगमनका सुचकहरु | अनुगमनको विधि | स्थान | समय | अनुमानित रकम (ने.रु.) | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| **प्रभाव अनुगमन** | | | | | | |
| ध्वनी प्रदूषण | औषत ध्वनीमा वृद्धि तथा गुनासो | सर्वेक्षण तथा उपकरण प्रयोग गरिएको नतिजा | आयोजनास्थल र बागडड्डी | प्रत्येक ६ महिना वा गुनासो अनुरुप | रु. १,५०,००० | प्रस्तावक/ वातावरणीय व्यवस्थापन ईकाई (वा.व्य.ई.) |
| वायु प्रदूषण | बढ्दो वायु प्रदूषण तथा गुनासो | सर्वेक्षण तथा उपकरण प्रयोग गरिएको नतिजा | आयोजनास्थल र बागडड्डी | प्रत्येक ६ महिना वा गुनासो अनुरुप | | प्रस्तावक/ वा.व्य.ई. |
| पानी प्रदूषण | पानीको रासाइनिक गुण परिक्षण प्रतिवेदन | सर्वेक्षण तथा पानीको प्रयोगशाला परीक्षण नतिजा | आयोजनास्थल | प्रत्येक ६ महिना वा गुनासो अनुरुप | | प्रस्तावक/ वा.व्य.ई. |
| प्रदूषित पानी तथा फोहोरमैला | ढल निकास प्रणालीको पानीको परीक्षण, पानी प्रशोधन प्लान्टको अवस्था | सर्वेक्षण तथा पानीको प्रयोगशाला परीक्षण नतिजा, प्लान्ट निर्माण र सञ्चालन गरे नगरेको अनुगमन | आयोजनास्थल र ढल निकास बिन्दू | प्रत्येक वर्ष वा गुनासो अनुरुप | | प्रस्तावक/ वा.व्य.ई. |
| कामदार शिविरको फोहर ब्यवस्थापन | फोहर ब्यवस्थापन क्षेत्र वा कामदार एवं प्रभावितहरुको गुनासो | फिल्ड सर्वेक्षण तथा आयोजना क्षेत्रको फोटो | आयोजनास्थल | प्रत्येक ६ महिना वा गुनासो अनुरुप | जनशक्ति खर्च | वा.ब्य.ई. |
| सवारी दुर्घटना | दुर्घट्टनाक रेकर्डहरु | ट्राफिक एवं जिल्ला प्रसासन रेकर्ड बाट | लालमटीया खण्ड, बागडड्डी | प्रत्येक ६ महिना वा गुनासो अनुरुप | जनशक्ति खर्च | प्रस्तावक र ट्राफिक प्रहरी/जिप्रका |
| वन डडेलो | चुरे क्षेत्रको वन डडेलो तथा सम्बन्धित तथ्यिरहरु | अनुगमन एवं क्षेत्रको दृश्यावलोकन। | मझेनीघाट क्षेत्र | प्रत्येक वर्ष वा गुनासो अनुरुप | जनशक्ति खर्च | प्रस्तावक वा आवश्यकता अनुरुप सव डिभिजन वन एवं वन समुह |

Innovative Vision

| अनुगमनका प्रकार | अनुगमनका सुचकहरु | अनुगमनको विधि | स्थान | समय | अनुमानित रकम (ने.रु.) | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| वन्यजन्तुको चोरी सिकार | वन्यजन्तुको चोरी सिकार सम्बन्धि उजुर तथा सुराकी | आकस्मिक कामदार शिविर परिक्षण, सूरक्षा संयन्त्र संग सहकार्य | रासी उपत्यका | प्रत्येक ६ महिना वा गुनासो/आवश्यकता अनुरुप | जनशक्ति खर्च | प्रस्तावक वा, आवश्यकता अनुरुप सव डिभिजन वन एवं वन समुह |
| कामदारको सुरक्षा र स्वास्थ्य | कामदारको स्वास्थ्य स्थिति तथा स्वास्थ्य परिक्षण प्रतिवेदनहरु | फिल्ड सर्वेक्षण, अनुगमन तथा दृश्यावलोकन लगाएत ट्राफिक र सूरक्षा संयन्त्र संग समन्वयन एवं सहकार्य। | आयोजनास्थल | प्रत्येक ६ महिना वा गुनासो/आवश्यकता अनुरुप | जनशक्ति खर्च | प्रस्तावक |
| निजि जमिनको क्षति | मुआब्जा सम्बन्धि मुद्दाहरु तथा दर्ता गरिएका गुनासाहरु | पहुँच सडकको अनुगमन एवं प्रत्यक्ष प्रभावित संगको समन्वय। | पहुँच सडक | गुनासो अनुरुप थप क्षति भरण गर्नुपर्ने भएमा। | जनशक्ति खर्च | प्रस्तावक, रासी गाउँपालिका |
| दुर्घटना बाट क्षति | दुर्घटनाको रेकर्डहरु तथा तस्विरहरु एवं मुद्दाहरु | फिल्ड सर्वेक्षण, अनुगमन तथा दृश्यावलोकन लगायत ट्राफिक र सूरक्षा संयन्त्र संग समन्वयन एवं सहकार्य। | लालमटीया खण्ड, बागडड्डी | प्रत्येक ६ महिना वा गुनासो अनुरुप | जनशक्ति खर्च | प्रस्तावक, ट्राफिक प्रहरी/जिप्रका |
| कामदारबीच विभेद | कामदारलाई पैसा तिरेको रसिद तथा सम्झौता पत्रहरु | आयोजनास्थलको अनुगमन एवं प्रत्यक्ष प्रभावित संगको अन्तर्वार्ता | आयोजनास्थल | प्रत्येक ६ महिना वा गुनासो अनुरुप | जनशक्ति खर्च | प्रस्तावक वा जिप्रका |
| **नियमपालन अनुगमन** | | | | | | |
| अध्ययनमा सुझाईएका वातावरणीय व्यवस्थापन उपायहरु | वा.प्र.मू. प्रतिवेदनको व्यवस्थापन योजनामा लेखिएका कार्यक्रमहरु | स्थलगत अवलोकन/ अन्तर्वार्ता/ प्रतिवेदन अध्ययन | आयोजना परिसर | प्रत्येक ६ महिनामा | जनशक्ति खर्च | प्रस्तावक |

Innovative Vision

| अनुगमनका प्रकार | अनुगमनका सुचकहरु | अनुगमनको विधि | स्थान | समय | अनुमानित रकम (ने.रु.) | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| प्रदूषण (ध्वनी, बायु, पानी) | ध्वनी, बायु र पानीको गुणस्तर | परिक्षण प्रतिवेदन/ तथ्याङ्कको समिक्षा/ Instant Handheld Meter मार्फत परिक्षण | बागडङ्गी बस्ती | प्रत्येक ६ महिनामा | रु. १,५०,००० | प्रस्तावक |
| धुलो नियन्त्रण | निर्माण स्थलमा पानी छर्कने काम, आयोजना स्थल भित्रै फोहोरको व्यवस्थापन | स्थलगत अवलोकन / रेकर्ड | बागडङ्गी बस्ती/ आयोजना स्थल | निर्माणको चरणमा हप्तामा दुई पटक | जनशक्ति खर्च | प्रस्तावक |
| ध्वनी नियन्त्रण | रातको समयमा ध्वनि उत्पादन गतिविधिहरूको निषेध (बेलुका ७ अवलोकन देखि बिहान ७) | स्थलगत अवलोकन / रेकर्ड | बागडङ्गी बस्ती/ आयोजना स्थल | निर्माणको चरणमा हप्तामा दुई पटक | जनशक्ति खर्च | प्रस्तावक |
| सवारी साधन र जेनेरेटरको अवस्था | सवारी साधन र डिजेल जेनेरेटर सेटहरूको आवधिक मर्मत | अवलोकन/ मर्मत नियमतित चेकजाँचको रेकर्ड | आयोजनास्थल | त्येक ६ महिनामा | जनशक्ति खर्च | प्रस्तावक |
| ठोस फोहोर व्यवस्थापन प्रणाली | ४ R (रिफ्युज (अस्वीकार) , रिड्युस (कम गर्ने), रियुज (पुनः प्रयोग) र रिसाइकल (पुनः प्रशोधन)) सिद्धान्तको पालना | स्थलगत अवलोकन/ व्यवस्थापनमा काम गर्ने कामदारसँगको अन्तर्वार्ता | आयोजनास्थल | प्रत्येक ६ महिनामा | जनशक्ति खर्च | प्रस्तावक |
| ठोस फोहोरको व्यवस्थापन | कार्यक्षेत्रबाट उत्पन्न ठोस फोहोर व्यवस्थापन गर्न डस्टबिनको प्रावधान | स्थलगत अवलोकन / रेकर्ड | निर्माण स्थल | निर्माणको चरणमा हप्तामा एक पटक | जनशक्ति खर्च | प्रस्तावक |

Innovative Vision

| अनुगमनका प्रकार | अनुगमनका सुचकहरु | अनुगमनको विधि | स्थान | समय | अनुमानित रकम (ने.रु.) | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| तरल फोहोर व्यवस्थापन | फोहोर पानी प्रशोधन प्लान्ट | प्लान्ट सञ्चनलनको अवस्था | आयोजनास्थल | प्रत्येक वर्ष | जनशक्ति खर्च | प्रस्तावक |
| माथिल्लो सतहको माटो संरक्षण | माटो संरक्षण स्थलको अवस्था | स्थलगत अध्ययन | आयोजनास्थल | प्रत्येक ६ महिनामा | जनशक्ति खर्च | प्रस्तावक |
| पानी पूनर्भरण पोखरी | सोक पिट, रिचार्ज पिट, पोखरीको संख्या र अवस्था | स्थलगत अध्ययन | चुरे पहाडको फेदी | प्रत्येक वर्ष | जनशक्ति खर्च | प्रस्तावक |
| वृक्षारोपण | वृक्षारोपण गरिएका रुखहरु र तिन्को अवस्था | स्थलगत अध्ययन र रेकर्डको विश्लेषण | डिभिजन वन कार्यालयले तोकेको स्थान | प्रत्येक वर्ष | जनशक्ति खर्च | प्रस्तावक |
| हरियाली विकास | आयोजना परिसरमा वृक्षारोपण र बगैंचा | स्थलगत अध्ययन र रेकर्डको विश्लेषण | आयोजनास्थल | प्रत्येक वर्ष | जनशक्ति खर्च | प्रस्तावक |
| स्थानीय रोजगारी | स्थानीय कामदारको संख्या | अन्तर्बार्ता | आयोजनास्थल | प्रत्येक वर्ष | जनशक्ति खर्च | प्रस्तावक |
| पेशागत सुरक्षा र स्वास्थ्य | PPE को उपलब्धता, First Aid Kit को उपलब्धता, तालिका र जानकारी | स्थलगत अवलोकन र अन्तर्वार्ता | आयोजनास्थल | प्रत्येक ६ महिनामा | जनशक्ति खर्च | प्रस्तावक |
| गुनासो व्यवस्थापन | प्राप्त गुनासोहरू दर्ता र आवश्यक कार्यहरू गर्ने प्रावधानको कार्यान्वयन अवस्था | स्थलगत अध्ययन, कामदार अन्तर्वार्ता, गुनासो र सम्बोधनको अनुपात | आयोजनास्थल | प्रत्येक ६ महिनामा | जनशक्ति खर्च | प्रस्तावक |

## ९.२ वातावरणीय अनुगमनका सूचक

प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको आधारभूत तथ्याङ्क, पहिचना तथा आकलन गरिएका अनुकूल वा प्रतिकूल प्रभाव एवं वातावरण संरक्षणका उपायहरूलाई ध्यान दिई प्रस्तावकले पालना गर्नुपर्ने र वातावरणीय प्रभावको प्रभावकारिताको अनुगमन गर्न सूचकहरू प्रतिवेदनमा उल्लेख गरिएको छ।

## ९.३ अनुगमनको विधि

आयोजनाको अनुगमनको लागि स्थलगत अध्ययन, आयोजना कार्यालयबाट प्राप्त हुने तथ्याङ्कहरू, स्थानीयहरूसँगको अन्तरक्रिया तथा सरोकारवालाहरूसँगको छलफल आदि विधि अपनाइनेछ। यसका साथै आयोजना क्षेत्रको नमुना (वायु, ध्वनि, पानी आदि) सङ्कलन गरी प्रयोगशाला परीक्षण गरी थप विश्लेषण गरिनेछ। आयोजनाको अनुगमन गर्दा विज्ञद्वारा तयार गरिएको सूचक/मानकहरूको साथ आयोजनाको अनुगमन गरिनेछ। आयोजनाको अनुगमन कार्य गर्दा आयोजनासँग सम्बन्ध राख्ने विभिन्न निकायहरू, आयोजनाको कार्यालय, प्रस्तावक तथा प्रस्तावक अन्तर्गतका निकायहरू, आयोजनाबाट प्रभावित रासी गाउँपालिका तथा वडा कार्यलयहरु ३, २ र ४ को सहकार्यमा गरिनेछ।

## ९.४ अनुगमनको लागि समय तालिका

आयोजना निर्माण तथा सञ्चालनका विभिन्न अवस्थामा अनुगमन गर्नुपर्ने भएकाले सूचकको प्रकृति हेरी वातावरणीय अनुगमन गर्ने समय तालिका उल्लेख गरिएको छ।

## ९.५ अनुगमन गर्ने निकाय

यस खण्डले आयोजना कार्यान्वयनबाट हुने सम्भावित मुद्दाहरूको बारेमा छलफल गर्छ र निगरानी तालिका र जिम्मेवारी सहित न्यूनीकरणका उपायहरूको प्रस्ताव गर्दछ। प्रस्तावित आयोजनासँग सम्बन्धित वातावरणीय व्यवस्थापनको उत्तरदायित्वमा विभिन्न आयोजना निर्माण गर्ने निकायहरू समावेश गरिएका छन् र प्रत्येकको विशेष गतिविधिहरूका लागि विशेष जिम्मेवारहरू समेत तोकिएको छ। प्रस्तावकद्वारा आन्तरिक रूपमा आवधिक अनुगमन गरिनेछ भने वन, वातावरण तथा भू-संरक्षण मन्त्रालयबाट पनि अनुगमन गरिनेछ। लुम्बिनी प्रदेश सरकारको वातावरण संरक्षण ऐन, २०७७ को दफा २८ बमोजिम मन्त्रालय वा स्थानीय तहले प्रस्ताव कार्यान्वयनको अनुगमन तथा निरीक्षण गर्नुपर्नेछ। लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित वातावरण संरक्षण नियमावली, २०७७ को दफा २८ को उपदफा (१) बमोजिम सम्बन्धित स्थानीय तहले आफूले गरेको अनुगमन तथा निरीक्षणको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीस दिन भित्र मन्त्रालय समक्ष पठाउनु पर्नेछ। त्यसैगरी नियमावलीको नियम २८ को उप-नियम (६) बमोजिम प्रस्तावकले प्रस्ताव विषयमा वार्षिक रूपमा स्वःअनुगमन गरी सोको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ। यस प्रकारको अनुगमनका लागि आवश्यक जनशक्ति तथा अनुमानित बजेट रकम समेत विनियोजन गरी प्रतिवेदनमा उल्लेख गरिएको छ। वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनको लागि जिम्मेवार मुख्य निकायहरु तथा तिनका मुख्य जिम्मेवारी निम्न रहेका छन्ः

१. वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
२. पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय
३. रासी गाउँपालिका
४. लुम्बिनी प्रदेश वन निर्देशनालय

५. डिभिजन वन कार्यालय दाङ (देउखुरी)
६. स्थानीय सरकार/गैर सरकारी संघ-संस्था
७. प्रस्तावक (प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वयन ईकाई)

➢ वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय

वन, वातावरण तथा भू-संरक्षण मन्त्रालयले आयोजनालाई आवश्यक नीतिगत सहयोग गर्ने तथा यस वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनलाई पुनरावलोकन तथा स्वीकृति प्रदान गर्ने काम गर्दछ। साथै आयोजनाको वातावरणीय अनुगमनमा पनि मन्त्रालयको प्रमुख भूमिका रहन्छ।

➢ प्रदेश सरकार, पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय, लुम्बिनी प्रदेश; लुम्बिनी प्रदेश वन निर्देशनालय एवं डिभिजन वन कार्यालय

प्रदेश सरकार र अन्य मन्त्रालयसँग समन्वय गर्ने, आयोजनाको लागि आवश्यक पर्ने रुख कटानको अनुमति तथा रुख कटान सम्बन्धि कार्य, र प्रदेश स्तरमा हुने विकास निर्माण आयोजनाहरुको वातावरणीय अध्ययन, अनुगमन र मूल्यांकन प्रदेश सरकार वन, वातावरण तथा भू-संरक्षण मन्त्रालयले गर्दछ। आयोजना स्थलमा रहेको रुखको अनुगमन डिभिजन वन कार्यालय दाङ (देउखुरी) ले गर्दछ।

➢ स्थानीय सरकारी/गैर सरकारी संघ-संस्था

यी संस्थाहरुको आयोजना कार्यान्वयनमा आवश्यक सहयोग पुर्याउने तथा आयोजनको वातावरणीय अनुगमनमा मुख्य भूमिका रहन्छ। प्रभाव मूल्याङ्कन र पहिचानको आधारमा सकारात्मक प्रभावको वृद्धि र प्रतिकूल प्रभावको सामना गर्न सकिन्छ। प्रस्तावित प्रभावहरू र समाधानका उपायहरू बाहेक कुनै पनि प्रभावहरू निर्माण र सञ्चालन चरणको समयमा देखा परेका खण्डमा तिनीहरुलाइ पनि उचित सम्बोधन गरिने छ।

➢ प्रस्तावक

प्रस्तावक (प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वयन ईकाई) को प्रमुख जिम्मेवारी स्वीकृत डिजाइन अनुसार भवन तथा संरचना निर्माण गर्दै वातावरणीय व्यवस्थापन योजनालाई पूर्ण रुपमा लागू गर्नु रहेको छ। साथै परामर्शदाताबाट अनुगमन गराइएको अवस्थामा परामर्शदाताले कामको निरीक्षण गर्ने बेलामा सँगै स्थलगत अध्ययनका लागि उपलब्ध हुने र बिग्रिएका कामहरू सुधार गर्ने कार्यको लागि पर्यवेक्षण परामर्शदाताको निर्देशनलाई पूर्ण रुपमा लागु गर्ने हो। यसका साथै वातावरण संरक्षण सम्बन्धि अभिमुखीकरण तालिम प्रदान गर्नु पनि जिम्मेवारी रहने छ।

## ९.६ अनुगमनको लागि अनुमानित रकम

प्रस्तावित आयोजना निर्माण तथा संचालनको चरणमा वातावरणीय अनुगमन गर्ने जिम्मेवारी प्रदेश सरकार वन, वातावरण तथा भू-संरक्षणण मन्त्रालयको रहेको छ। वातावरणीय अनुगमनका लागि आवश्यक जनशक्ति तथा अनुमानित बजेट रकम समेत विनियोजन गरी प्रतिवेदनमा उल्लेख गरिएको छ।

तालिका ९. २: वातावरणीय अनुगमनका लागि लाग्ने खर्च

| क्र.सं. | विवरण | संख्या | दर (ने.रु.) | लागत (ने.रु.) |
|---|---|---|---|---|
| १ | वातावरण विद् | २ | १,२५,००० | २,५०,००० |
| २ | भूगर्भ विद् | १ | १,००,००० | १,००,००० |
| ३ | आर्थिक-सामाजिक विज्ञ | १ | १,००,००० | १,००,००० |
| ४ | जीव विज्ञ | १ | १,००,००० | १,००,००० |

| क्र.सं. | विवरण | संख्या | दर (ने.रु.) | लागत (ने.रु.) |
|---|---|---|---|---|
| ५ | ल्याब उपकरण तथा जल, वायू, ध्वनी आदि परीक्षण कार्य | | एक मुष्ठ | ३,००,००० |
| ६ | स्टेसनरी | | एक मुष्ठ | ३०,००० |
| ७ | यातायात | | एक मुष्ठ | २०,००० |
| | **जम्मा लागत (प्रति वर्ष)** | | | ९,००,००० |

# परिच्छेद-१०

## वातावरणीय सम्परीक्षण

### १०.१ वातावरणीय सम्परीक्षण

वातावरणीय परीक्षण आयोजना कार्यान्वयनको परीक्षण गर्ने एक महत्वपूर्ण प्रक्रिया हो। लुम्बिनी प्रदेश सरकारको वातावरण संरक्षण ऐन २०७७ तथा वातावरण संरक्षण नियमावली २०७७ बमोजिम यस आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कनको स्वीकृती गर्ने जिम्मेवार निकाय वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय रहेको छ भने सम्परीक्षण गर्ने निकाय समेत मन्त्रालय नै रहेको छ। लुम्बिनी प्रदेश सरकारको वातावरण संरक्षण ऐन २०७७ को दफा ९ (१) बमोजिम आयोजना संचालनमा आएको २ बर्ष पुगेको मितिले छ महिना भित्र यस आयोजनाले वातावरणीय सम्परीक्षण गर्नुपर्दछ। यसको प्रमुख उद्धेश्य भनेको यस आयोजनाको निर्माण तथा संञ्चालनको चरणमा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनले तय गरे बमोजिमको वातावरणीय ब्यवस्थापन योजनाको पालना गरेको छ/छैन भनि परीक्षण गर्नु हो। यस परीक्षण पश्चात आयोजनाको प्रस्तावलाई वातावरणीय व्यवस्थापनका सम्बन्धमा बिभिन्न सुझावहरु प्रदान गरिन्छ जसलाई प्रस्तावकले पालना गर्नु पर्ने हुन्छ। वातावरणीय परीक्षण का उद्देश्यहरु निम्नानुसार छन्।

- वातावरणको सुरक्षा गर्न तथा मानव स्वास्थमा हुने जोखिमहरुलाई न्यूनीकरण गर्न।
- वातावरणीय व्यवस्थापन प्रणालीको प्रभावकारीता जाँच गर्न।
- सम्बन्धित स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय कानून र नियमहरुको पालना गर्न।
- वातावरणीय स्वास्थ तथा सुरक्षाका समस्याहरुबाट मानवलाई पर्ने जोखिमलाई न्यूनीकरण गर्न।

वातावरणीय सम्परीक्षणका किसिम यसप्रकारका रहेका छन्;

१. **निर्णाय तहको सम्परीक्षण:** निर्णय तहको परीक्षणले वातावरणीय प्रभाव मूल्याङ्कनको प्रभावकारिता जाँच गर्ने गर्दछ।

२. **कार्यान्वयन सम्परीक्षण:** कार्यान्वियन परीक्षणले शर्त अनुसार आयोजना कार्यन्वयन भएको छ या छैन भनि सुनिश्चित गर्दछ।

३. **कार्यको प्रभावकारिता सम्परीक्षण:** कार्यको प्रभावकारिता परीक्षणले आयोजना व्यवस्थापनसंग सम्बन्धित निकायहरुको कार्य प्रभावकारिताको बारेमा अध्ययन गर्दछ।

४. **आयोजना प्रभाव सम्परीक्षण**: आयोजना कार्यन्वयनबाट उत्पन्न हुने वातावरणीय परिवर्तनको बारेमा परीक्षण गर्दछ।

५. **आँकलन गरिएको प्रविधि सम्परीक्षण:** पहिलेको तुलनामा अहिले वातावरणमा पर्ने प्रभावको बारेमा आँकलन गर्ने कार्य गर्दछ।

६. **वातावरणीय प्रभाव मूल्याङ्कन प्रक्रिया सम्परीक्षण:** वातावरणीय प्रभाव मूल्याङ्कनको समयमा प्रयोग गरिएको विधि र पद्दतिलाई जाँच गर्ने कार्य गर्दछ।

Innovative Vision

## १०.२ वातावरणीय सम्परीक्षणमा संलग्न हुने पक्षहरु

### १. परीक्षक

The main components of the proposed project will include:

- Office building of the Office of the Chief Minister and Council of Ministers (OCMCM)
- Office buildings of 12 ministries in 6 blocks
- Province Assembly and Assembly Secretariat Buildings
- Buildings of Secretariat (Committee, Canteen and Library block)
- Parliamentary Party Buildings(for meeting hall capacity of 10,20,30,40,60 members)
- Storm water drainage management inside the premises through side drains, slab and hume pipe culverts
- Landscaping, boundary wall construction and fencing
- MEP (Mechanical, Electrical and Plumbing) works along with fire fighting
- Internal roads with footpath and street lighting
- Maintenance of old buildings and structures



नि. आयोजना प्रमुख

CamScanner

The current project appraisal has been carried out based on economic, social, technology and environmental considerations. In terms of social and economic appraisal, the project will provide various opportunities of development in the area, and it is centrally located for the entire province inhabitants. The project does not need to acquire, or purchase required land as it is already managed.

The proposed project is located in flat plain area significantly far away from the nearest rivers and rivulets and therefore risks related to floods and landslides are negligible. However, recurrent inundation will be an important issue to be addressed by elevating the built-up area.

Some adverse impacts are identified which may be encountered during construction, implementation and operation of the project. Most of them are mitigateable.

## 8.2 Recommendations

The project is found feasible in technical, social, economic and environmental aspects. Some of the issues and potential adverse impacts related to social and economic aspects, environment and technology transfer are also recommended to address and mitigate. The project also needs to undertake Environmental Impact Assessment (EIA) in accordance with Environmental Protection Act (EPA) and Environmental Protection Rules (EPR).

Er. Roshan Adhikari



नि. आयोजना प्रमुख

CamScanner

अनुसूची – २ : स्वीकृत कार्यसूचीको पत्र तथा प्रतिवेदन

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
मुकाम: बुटवल

☎ : ०७१-५५१२१६
०७१-५४१५१९
फ्याक्स नं.: ०७१-५४७४७४
ईमेल: mofesc.lumbini@gmail.com

पत्र संख्या: २०७८/०७९
चलानी नं.: १४४१

मिति: २०७९।०३।१३

विषय: क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची स्वीकृति सम्बन्धमा ।

श्री पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय,
राप्ती उपत्यका (देउखुरी), दाङ्ग ।

प्रस्तुत विषयमा तहाँ मन्त्रालयको च.नं. ९५० मिति २०७९।०२।३० को पत्रसाथ प्राप्त प्रदेश सरकारका प्रशासनिक भवन र अन्य संरचनाहरुको निर्माण तथा सन्चालनको लागि गरिने वातावरणीय प्रभाव मुल्यांङ्कन प्रतिवेदनको लागि तयार पारिएको परिमार्जित क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची उपर कार्वाही हुँदा यस मन्त्रालयको मिति २०७९।३।१० को मा. मन्त्रिस्तरको निर्णयबाट वातावरणीय प्रभाव मुल्यांङ्कन प्रतिवेदनमा तपसिलका विषयहरु समावेश गर्ने शर्तमा स्वीकृत भएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

तपसिल

१. वातावरणीय प्रभाव मुल्यांङ्कन प्रतिवेदन तयार गर्दा प्रतिवेदनमा उल्लेख हुने तथ्यांङ्कहरुको जवाफदेहिता सम्बन्धित परामर्शदाता, अध्ययन कार्यमा संलग्न विषयगत विज्ञहरु र प्रस्तावकले लिने शर्तमा मात्र वातावरणीय प्रभाव मुल्यांङ्कन प्रतिवेदन कार्य अघि बढाउने,
२. वातावरणीय प्रभाव मुल्यांङ्कन प्रतिवेदन अनिवार्य रुपमा लुम्बिनी प्रदेशको वातावरणीय संरक्षण ऐन, २०७७ तथा नियमावली, २०७७ बमोजिम तयार गरी पेश गर्नुपर्ने,
३. वातावरणीय प्रभाव मुल्यांङ्कन प्रतिवेदन तयार गर्दा आयोजनासंग सम्बन्धित स्वीकृत गुरु योजना (Master Plan), सम्भाव्यता अध्ययन प्रतिवेदन, डि.पि.आर. समेतलाई आधार लिनुपर्ने,
४. वातावरणीय प्रभाव मुल्यांङ्कन प्रतिवेदनमा आयोजनासंग सम्बन्धित गुरु योजना (Master Plan), सम्भाव्यता अध्ययन प्रतिवेदन र डि.पि.आर. स्वीकृत गरिएको पत्रहरु समावेश गर्नुपर्ने,
५. वातावरणीय प्रभाव मुल्यांङ्कन प्रतिवेदनमा पार्किङ्ग, पिउने पानी, फोहोरमैला, विपद्, राजमार्गमा हुन सक्ने ट्राफिक चाप लगायतका सवालहरुको उचित व्यवस्थापनको उपायहरु समेटिनु पर्ने,
६. राजधानीकरणबाट हुन सक्ने बसाई सराई र सोबाट वनक्षेत्रमा हुन सक्ने अतिक्रमण, वन पैदावार र वन्यजन्तुको चोरी शिकार तथा चोरी निकासी सम्बन्धि विषयलाई गहन रुपमा



Scanned with CamScanner

☎ :०७१-५५१२१६
०७१-५४१५१९
फ्याक्स नं.: ०७१-५४७४७४
ईमेल: mofesc.lumbini@gmail.com

प्रदेश सरकार
लुम्बिनी प्रदेश

# वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय

मुकाम: बुटवल

पत्र संख्या: २०७८/०७९
चलानी नं.: १४४१

अध्ययन गरी उक्त समस्याहरुको समाधान तथ न्यूनिकरणका उपायहरु प्रतिवेदनमा उल्लेख हुनु पर्ने,

७. सम्भाव्यता अध्ययन प्रतिवेदनबाट औंल्याईएका आयोजना क्षेत्रमा हुने Recurrent inundation र High seismic hazard जस्ता सवालहरुलाई सम्बोधन हुने गरी प्रतिवेदन तयार गर्नु पर्ने,

८. दैनिक ३० हजार लि. भूमिगत पानीको प्रयोगबाट Water table मा पर्न जाने असरको न्यूनिकरण गर्न Ground water recharge का कृयाकलापहरु व्यवस्थापन योजनामा समावेश गर्नुपर्ने,

९. प्रतिवेदन आयोजना कार्यान्वयनमा आकर्षण हुने अन्य प्रचलित ऐन, कानुनहरुको अधिनमा रही तयार गर्नुपर्ने ।

(सन्त बहादुर थीङ)
अधिकृतस्तर सातौं
वन व्यवस्थापन तथा उद्यम शाखा

## वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) का लागि

# दाङमा लुम्बिनी प्रदेश राजधानी निर्माणको

## कार्यसूची (Terms of Reference) प्रतिवेदन

**राप्ती गाउँपालिका-३, दाङ जिल्ला, लुम्बिनी प्रदेश**

**स्वीकृतिका लागि पेश गरिएको निकाय**

श्री वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय

बुटवल, रुपन्देही, लुम्बिनी प्रदेश

**प्रस्तावक**

पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय

प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वयन ईकाई

राप्ती उपत्यका (देउखुरी), लुम्बिनी प्रदेश

Innovative Vision

**जेठ, २०७९**

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
मुकाम: बुटवल, नेपाल

# विषय सूची

**विषय** **पाना नं.:**


विषय सूची ........ i
नक्सा र चित्रको सूची ........ iv
तालिकाको सूची ........ iv
परिच्छेद १ ........ १
पृष्ठभूमि ........ १
१.१ भूमिका ........ १
१.२ प्रतिवेदन तयार गर्ने संस्था तथा व्यक्तिहरु ........ १
१.२.१ प्रस्तावकको परिचय ........ १
१.२.२ परामर्शदातृ संस्थाको परिचय ........ १
१.२.३ वातावरणीय अध्ययनमा संलग्न हुने विज्ञहरु ........ २
१.३ कार्यसूची तयार गर्नुको उद्देश्य ........ २
१.४ वातावरणीय प्रभाव मूल्याङ्कनको उद्देश्य ........ २
१.५ वातावरणीय प्रभाव मूल्याङ्कनको औचित्यता ........ ३
परिच्छेद २ ........ ४
प्रस्तावको बारेमा जानकारी ........ ४
२.१ प्रस्तावको सामान्य परिचय ........ ४
२.२ प्रस्तावको सान्दर्भिकता ........ ४
२.३ प्रस्तावको अवस्थिति र पहुँच ........ ४
२.४ प्रकृति/किसिम ........ ६
२.५ आयोजनाका मुख्य विशेषताहरु र निर्माको लागि आवश्यक संरचनाहरुको जानकारी ........ ६
२.६ आयोजना सम्बन्धी क्रियाकलापहरु ........ ११
२.७ निर्माण योजना ........ ११
२.८ प्रस्ताव/आयोजनाको लागि आवश्यकता ........ १२
परिच्छेद ३ ........ १४
तथ्याङ्क सङ्कलन ........ १४
३.१ प्रतिवेदन तयार गर्दा आवश्यक पर्ने तथ्याङ्क ........ १४
३.२ तथ्याङ्क सङ्कलन गर्न अपनाइने विधि ........ १६
३.३ तथ्याङ्क विश्लेषण ........ १८
३.४ प्रभाव विश्लेषण ........ १८
३.५ सार्वजनिक सुनुवाई ........ १८
३.६ सूचना टाँस, मुचुल्का संकलन र सूचना प्रकाशन ........ १८




Innovative Vision

३.७ सिफारिस पत्र संकलन तथा प्रतिवेदन तयारी ........ १८
परिच्छेद ४ ........ १९
प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति, ऐन, नियम, निर्देशिका, मापदण्ड, सन्धि, सम्झौता ........ १९
संविधान ........ १९
४.१ प्रस्तावसँग सम्बन्धित योजना, नीति र रणनीति ........ १९
४.२ प्रस्तावसँग सम्बन्धित आवधिक योजना ........ १९
४.३ प्रस्तावसँग सम्बन्धित ऐन ........ १९
४.४ प्रस्तावसँग सम्बन्धित नियमावली ........ १९
४.५ प्रस्तावसँग सम्बन्धित निर्देशिका/कार्यविधि/कार्यनीति ........ २०
४.६ प्रस्तावसँग सम्बन्धित वातावरणीय तथा अन्य मापदण्ड ........ २०
४.७ प्रस्तावसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि/सम्झौता ........ २०
परिच्छेद ५ ........ २१
वातावरणीय प्रभाव अध्ययनको अवधि, बजेट र जनशक्ति ........ २१
५.१ समय तालिका ........ २१
५.२ आवश्यक लागत ........ २२
५.३ आवश्यक विज्ञ तथा अध्ययन टोली ........ २२
परिच्छेद ६ ........ १
क्षेत्र निर्धारणको क्रममा पहिचान गरी प्राथमिकिकरण गरिएका सवालहरु ........ १
६.१ सरोकारवालाले पहिचान गरेका सवाल ........ १
६.२ अध्ययन टोलीले पहिचान गरेका सवाल ........ १
६.३ वातावरणीय प्रभाव मूल्याङ्कन तयार पार्न प्राथमिकीकरण गरिएका सवालहरु ........ ३
६.३.१ सकारात्मक सवालहरु ........ ३
६.३.२ नकारात्मक सवालहरु ........ ४
६.४ सरोकारवालाले उठाएका तर प्राथमिकीकरणमा नपरेका सवाल हटाउनुको औचित्य ........ ६
परिच्छेद ७ ........ ७
प्रस्तावको विकल्प विश्लेषण ........ ७
परिच्छेद ८ ........ ८
वातावरणीय प्रभाव विश्लेषण ........ ८
परिच्छेद ९ ........ १०
वातावरणीय प्रभाव नियन्त्रण तथा व्यवस्थापन ........ १०
९.१ निरोधात्मक ........ १०
९.२ सुधारात्मक ........ १०
९.३ क्षतिपूर्ति ........ १०
परिच्छेद १० ........ ११
वातावरणीय व्यवस्थापन योजना ........ ११

प्रदेश सरकार
लुम्बिनी प्रदेश
... तथा भू-संरक्षण मन्त्रालय
मुकाम: बुटवल, नेपाल

परिच्छेद ११ ....................................................................................................................१२
अनुगमन योजना ..............................................................................................................१२
परिच्छेद १२ ....................................................................................................................१३
वातावरणीय निरीक्षण अनुगमन ............................................................................................१३
परिच्छेद १३ ....................................................................................................................१४
वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको रुपरेखा/विषयसूची ..............................................१४
परिच्छेद १४ ....................................................................................................................१७
अनुसूची ..........................................................................................................................१७



Innovative Vision

## नक्सा र चित्रको सूची

**विषय** **पाना नं.:**


नक्सा २. १: नेपालको नक्सामा आयोजना क्षेत्र ........ ५

नक्सा २. २: गाउँपालिकाको नक्सामा आयोजना क्षेत्र ........ ५

नक्सा २. ३: टोपोग्राफिक नक्सामा आयोजना क्षेत्र ........ ६


## तालिकाको सूची

**विषय** **पाना नं.:**


तालिका २. १: आयोजना स्थलसम्मको पहुँचमार्गको विवरण ........ ६

तालिका २. २: आयोजनाका मुख्य विशेषताहरु ........ ६

तालिका २. ३: आयोजनाको प्रभाव क्षेत्रको विवरण ........ ११

तालिका २. ४: आयोजनाको लागि आवश्यकता पर्ने जनशक्तिको विवरण ........ १२

तालिका २. ५: आयोजनाको निर्माण तालिका पहिलो चरण ........ १३

तालिका २. ६: आयोजनाको निर्माण तालिका दोस्रो चरण ........ १३

तालिका ५. १: अध्ययनको विस्तृत विवरण ........ २१

तालिका ५. २: अध्ययनको लागि आवश्यक विज्ञ तथा कर्मचारीको विवरण ........ २२

# परिच्छेद १
# पृष्ठभूमि

## १.१ भूमिका

नेपालको संविधानले जन-आन्दोलन २०६२-६३ र बिभिन्न समयमा भएका राजनीतिक आन्दोलनको आकांक्षा पूरा गर्दै राज्यको शक्ति र सेवाको विकेन्द्रीकरण, समावेशी विकास र सुशासनको उद्देश्यसहित सातवटा प्रदेश सरकारको व्यवस्था गरेको छ । लुम्बिनी प्रदेश तिनै सात प्रदेशहरुमध्येको पश्चिम नेपालमा अवस्थित एउटा प्रदेश हो। लुम्बिनी प्रदेशको संसदले २०७७ असोज २० गते दाङ जिल्लाको रासी र गढवा गाउँपालिका र अर्घाखाँची जिल्लाको शीतगंगा नगरपालिकालाई समेट्दै रासि उपत्यकामा राजधानी स्थापना गर्ने निर्णय भएको छ। सोही निर्णय बमोजिम रासि गाउँपालिका वडा नं. ३ मा अवस्थित रासि प्राविधिक शिक्षालय परिसरमा प्रदेश सरकारका प्रशासनिक भवन, सभाहल तथा संरचनाहरुको निर्माणको लागि प्रस्ताव गरिएको छ। जस अन्तर्गत १ वटा मुख्य मन्त्री तथा मन्त्री परिषद्को कार्यालय भवन, १२ वटा अन्य मन्त्रालयहरुको भवन र १ वटा सभाहल निर्माणको लागि योजना बनाईएको छ। त्यस्तै सडक, ढल निकाश, परिसर पर्खाल, सडक बत्ती जस्ता अन्य संरचनाहरु पनि निर्माणको लागि प्रस्ताव गरिएको छ। त्यसैगरी पूर्वाधार निर्माण अन्तर्गत प्रदेश सभा हल, प्रदेश सचिवालय, क्यान्टिन, पुस्तकालय, समूह भवन, संसद सदस्य भवन र सुरक्षा पोष्ट बनाउन प्रस्ताव गरिएको छ। यस प्रस्ताव कार्यान्वयनको लागि लुम्बिनी प्रदेश सरकार, पर्यटन, ग्रामीण तथा शहरी विकाश मन्त्रालय, शहरी विकाश तथा भवन कार्यालय अन्तर्गत प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वियन इकाई, रासी उपत्यका (देउखुरी), दाङ स्थापना गरिएको छ। लुम्बिनी प्रदेश सरकारको वातावरण संरक्षण ऐन, २०७७ तथा नियमावली, २०७७ बमोजिम प्रस्तावित आयोजना निर्माण गर्दा वतातवरणीय अध्ययन गरी आयोजना कार्यान्वयन गर्दा आयोजना क्षेत्र र वरपरको वातावरणमा पर्न सक्ने प्रभावहरुको पहिचान गरी व्यवस्थापनका उपायहरुको अवलम्बन गर्दै वातावरणीय क्षति न्यून गर्नपर्ने भएकाले आयोजनाको वातावरणीय अध्ययन गर्न लागिएको हो।

## १.२ प्रतिवेदन तयार गर्ने संस्था तथा व्यक्तिहरु

### १.२.१ प्रस्तावकको परिचय

आयोजनाको प्रस्तावक पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय, प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वयन ईकाई रहेको छ। आयोजना सञ्चालनका निमित्त यस ईकाई जिम्मेवार निकाय रहेको छ। प्रस्तावकको नाम र ठेगाना यस प्रकार रहेको छ:

<u>**प्रस्तावकको नाम र ठेगाना:**</u>

पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय,
प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वयन ईकाई
रासी उपत्यका (देउखुरी), लुम्बिनी प्रदेश
ईमेल: pccpiudang@gmail.com

### १.२.२ परामर्शदातृ संस्थाको परिचय

ईनोभेटिभ भिजन प्रा.लि. लाई पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय, प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वयन ईकाईले लुम्बिनी प्रदेश, दाङ जिल्लाको, रासि गाउँपालिका वडा नं. ३ मा अवस्थित रासी उपत्यका (देउखुरी)मा प्रस्ताव गरिएको लुम्बिनी प्रदेश राजधानी निर्माणको लागि वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्ने जिम्मेवारी उपलब्ध गराएको छ। प्रस्ताव तयार गर्ने संस्थाको नाम र ठेगाना यस प्रकार रहेको छ:

Innovative Vision

प्रस्ताव तयार गर्ने संस्थको नाम र ठेगाना

ईनोभेटिभ भिजन प्रा.लि.
काठमाडौं, नेपाल
फोन नं.: +९७७ १ ४३८७६९७ |+९७७ ९८५१२४८२४८
ईमेल: innovativevisionktm@gmail.com

### १.२.३ वातावरणीय अध्ययनमा संलग्न हुने विज्ञहरु

ईनोभेटिभ भिजन प्रा. लि.द्वारा पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय, प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वयन ईकाई द्वारा राप्ती उपत्यका (देउखुरी) मा प्रस्ताव गरिएको लुम्बिनी प्रदेश राजधानी निर्माणको लागि गरिने वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीका लागि निम्न क्षेत्रका विज्ञहरुको संलग्नता रहने छ।

| | | |
|---|---|---|
| क. वातावरणविद् | : | अध्ययन टोली प्रमुख |
| ख. वातावरणविद् | : | अध्ययन टोली सदस्य |
| ग. प्राकृतिक स्रोत व्यवस्थापन/वन विज्ञ | : | अध्ययन टोली सदस्य |
| घ. सिभिल ईन्जिनियर | : | अध्ययन टोली सदस्य |
| ङ. समाज शास्त्री | : | अध्ययन टोली सदस्य |
| च. भूगोलविद् | : | अध्ययन टोली सदस्य |
| छ. भूगर्भविद् | : | अध्ययन टोली सदस्य |
| ज. जलवायुविद | : | अध्ययन टोली सदस्य |
| झ. भाषा विज्ञ तथा अन्य कार्यालय सहयोगिहरु | | |

## १.३ कार्यसूची तयार गर्नुको उद्देश्य

वातावरणीय अध्ययनका लागि कार्यसूची तयारी गर्नुका निम्न उद्देश्यहरु रहेका छन्;

- अध्ययनलाई सिलसिलेवार एवं व्यवस्थित बनाउन,
- अध्ययनका लागि आवश्यक क्रियाकलापहरु लाई क्रमगत रुपमा प्रस्तुत गर्न एवं संलग्नता सुनिश्चित गर्न,
- अध्ययन क्षेत्र निक्र्योल गर्न एवं स्थापित कानूनी मान्यताहरुमा आधारित भई अध्ययन सम्पन्न गराउन,
- अध्ययनमा समावेश गर्ने सम्पूर्ण सवालहरुलाई समष्टि गर्न एवं अवयवहरुलाई समावेश गरिएको सुनिश्चित गर्ने।

## १.४ वातावरणीय प्रभाव मूल्याङ्कनको उद्देश्य

वातावरणीय प्रभाव मूल्याङ्कनको प्रमुख उद्देश्य आयोजना कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावहरुको पहिचान गरी यसबाट पर्न सक्ने प्रभावहरुको बारेमा जिम्मेवार निकायहरुलाई जानकारी उपलब्ध गराउनु तथा आयोजना कार्यान्वयनबाट वातावरणमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनीकरण र सकारात्मक प्रभावहरुको अभिवृद्धिका लागि उपयुक्त एवं व्यवहारिक उपायहरु सिफारिस गर्दै आयोजनालाई वातावरण मैत्री बनाउन सिफारिस गर्नु रहेको छ। वातावरणीय प्रभाव मूल्याङ्कनका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन्;

- प्रस्ताव कार्यान्वयन स्थलको जैविक, भौतिक, रासायनिक तथा सामाजिक, आर्थिक एवं सांस्कृतिक अवस्थितिको पहिचान गर्न;

- प्रस्तावित कार्यबाट स्थानीय जैविक, भौतिक, रासायनिक तथा सामाजिक-सांस्कृतिक वातावरणमा पर्न सक्ने अनुकूल तथा प्रतिकूल असरहरु पहिचान गरी निर्माणका चरणको आधारमा परिणाम, फैलावट एवं अवधि भावस्तरीकरण गर्दै तिनको लेखाजोखा गर्न;
- प्रस्तावका विभिन्न विकल्पहरुको विश्लेषण गर्न;
- आयोजना कार्यान्वयनबाट वातावरणमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनिकरण र सकारात्मक प्रभावहरुको अभिवृद्धिका लागि उपयुक्त र प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिने उपायहरु सिफारिस गर्न;
- आयोजना क्षेत्रका स्थानीय समुदाय, सरोकारवाला संघसंस्थाहरुलाई आयोजनाका बारेमा जानकारी दिन, परिचित गराउन तथा उनीहरुका राय सुझाव सङ्कलन गरी आयोजना कार्यान्वयनबाट पर्न सक्ने प्रभावहरुको पहिचान गर्दै र सवालहरु समावेश गराउन;
- उक्त क्रियाकलापको लागि वातावरणीय व्यवस्थापन योजना, अनुगमन योजना र वातावरणीय परीक्षण योजना तर्जुमा गर्न;
- सम्बन्धित सरोकारवालाहरुलाई प्रस्तावका वातावरणीय पक्षको बारेमा जानकारी गराउनु तथा प्रस्ताव कार्यान्वयनको निर्णय लिनका लागि आवश्यक जानकारी उपलब्ध गराउन।

## १.५ वातावरणीय प्रभाव मूल्याङ्कनको औचित्यता

प्रस्तावित आयोजनाले ५ हेक्टरभन्दा बढी जमिनमा भवन निर्माण गर्ने, तथा दैनिक २०,००० लिटरभन्दा बढी भूमिगत पानी उपयोग गर्ने भवन निर्माण गर्ने भएकोले लुम्बिनी प्रदेश सरकारको वातावरण संरक्षण ऐन, २०७७ र नियमावली २०७७ अनुसार वातावरणीय अध्ययन गर्न र प्रस्तावित विकास वातावरणमैत्री भएको सुनिश्चित गर्न प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्नपर्ने देखिन्छ। यसर्थ आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन को लागि नियमावलीको नियम ७ बमोजिमको कार्यसूची तयार गरी लुम्बिनी प्रदेश सरकार, वन,वातावरण तथा भू-संरक्षण मन्त्रालयमा पेश गरिएको छ।

| मापनको आधार | कानूनी दायरा | प्रस्तावको दायरा | अनुसूची |
|---|---|---|---|
| भवन निर्माणको क्षेत्रफल | ५ हेक्टरभन्दा बढी क्षेत्रमा आवास विकास गर्ने। (आवास, भवन, तथा बस्ती विकास र शहरी विकास क्षेत्र) | रासी प्राविधिक शिक्षालय, दाङले चर्चेको चारकिल्लाभित्र रहेको कित्ता नं. १ को २-२-९ (बिघा) र कित्ता नं. १८ को १५-१६-१५ (बिघा) गरी जम्मा १७-१९-४ (बिघा) ऐलानी पर्ने जग्गामध्ये १० हेक्टर क्षेत्रफलमा प्रस्तावमा उल्लेखित भौतिक संरभना निर्माण गर्ने। | वातावरण संरक्षण नियमावली, २०७७ को नियम ३, अनुसूची-३, (ङ) ३ |
| दैनिक भूमिगत पानीको प्रयोग | दैनिक २०,००० लिटर भन्दा माथि प्रयोग हुने भवन निर्माण गर्ने | ३०,००० लिटर | वातावरण संरक्षण नियमावली, २०७७ को नियम ३, अनुसूची-३, (ङ) ६ |

# परिच्छेद २
# प्रस्तावको बारेमा जानकारी

## २.१ प्रस्तावको सामान्य परिचय

लुम्बिनी प्रदेश, दाङ जिल्लाको राप्ती उपत्यका (देउखुरी) मा पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय, प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वयन ईकाई द्वारा लुम्बिनी प्रदेश राजधानीको प्रशासनिक भवन तथा संरचनाहरुको निर्माणका लागि प्रस्ताव गरिएको छ। मुख्यमन्त्री तथा मन्त्रीपरिषदकोकार्यालय, १२ वटा अन्य मन्त्रालय र विभागका भवन, ढल निकाश, परिसर पर्खाल लगायतका संरचनाहरु प्रस्ताव गरिएको छ। त्यसैगरी पूर्वाधार निर्माण अन्तर्गत प्रदेश सभा हल हल, प्रदेश सचिवालय, क्यान्टिन, पुस्तकालय, समूह भवन, संसद सदस्य भवन र सुरक्षा पोष्ट बनाउन प्रस्ताव गरिएको छ।

## २.२ प्रस्तावको सान्दर्भिकता

लुम्बिनी प्रदेशको संसदले २०७७ असोज २० गते दाङ जिल्लाको राप्ती र गढवा गाउँपालिका र अर्घाखाँची जिल्लाको शीतगंगा नगरपालिकालाई समेट्दै राप्ति उपत्यकामा राजधानी स्थापना गर्ने निर्णय गरेको थियो। हाल लुम्बिनी प्रदेश सरकार र संसदकाका संरचनाहरु प्रदेशको अस्थायी राजधानी तोकिएको मुकाम बुटवलमा रहेको छन्। यसर्थ प्रदेश राजधानी निर्माणको लागि प्रदेश सरकारका प्रशासनिक भवन, सभाहल तथा संरचनाहरुको निर्माणको लागि वातावरणीय अध्ययन गर्न लागिएको छ। प्रस्तावद्धारा ५ हेक्टरभन्दा बढी क्षेत्रमा भवन निर्माण तथा शहरिकरण र दैनिक २०,००० लिटरभन्दा माथि भूमिगत पानीको उत्खनन् हुने देखिएकाले लुम्विनि प्रदेश सरकारको वातावरण संरक्षण ऐन २०७७ तथा नियमावली २०७७ बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्न लागिएको हो।

## २.३ प्रस्तावको अवस्थिति र पहुँच

प्रस्तावित संरचनाहरु लुम्बिनी प्रदेशको दाङ जिल्लाका सात गाउँपालिका मध्ये राप्ती गाउँपालिका वडा नं. ३ मा अवस्थित छन्। राप्ती गाउँपालिका दाङ जिल्लाको दक्षिण पूर्वमा अर्घाखाँची र प्यूठान जिल्लासँग जोडिएको गाउँपालिका हो। दाङ जिल्लामा चुरे क्षेत्र बाहेक कुनै पनि संरक्षित क्षेत्र, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष र संरक्षित सिमसार क्षेत्रहरु छैनन्। आयोजना क्षेत्रबाट चुरे १.२ किमि टाढा अवस्थित छ। यसर्थ आयोजना क्षेत्र नेपालका कुनै पनि संरक्षित क्षेत्रभित्र पर्दैन। आयोजनास्थल पूर्व-पश्चिम महेन्द्र राजमार्ग सँग जोडिएर २०० मिटर उत्तरतर्फ अवस्थित छ। उक्त स्थानमा हाल सीटीईभीटी अन्तर्गतको राप्ती प्राविधिक शिक्षालयका २८ वटा साना-ठूला भवन संरचनाहरु रहेका छन्। उक्त शिक्षालयलाई दाङ जिल्लाकै गढवा गाउँपालिकामा सार्ने प्रस्ताव राखिएको छ। भौगोलिक हिसाबमा आयोजना क्षेत्र समुन्द्री सतहदेखि २८८ मिटरको उचाईमा अवस्थित छ। आयोजना क्षेत्रको नक्सा नं. २.१ मा नेपालको नक्सामा देखाईएको छ भने र नक्सा नं. २.२ मा गाउँपालिकाको नक्सामा देखाईएको छ।




नक्सा २. १: नेपालको नक्सामा आयोजना क्षेत्र




नक्सा २. २: गाउँपालिकाको नक्सामा आयोजना क्षेत्र

प्रदेश सरकार
लुम्बिनी प्रदेश



Innovative Vision




नक्सा २. ३: टोपोग्राफिक नक्सामा आयोजना क्षेत्र

आयोजना क्षेत्रसँगको मुख्य पहुँचमार्ग काठमाडौंदेखि भरतपुर, बुटवल हुँदै लालमटीया रहेको छ।

तालिका २. १: आयोजना स्थलसम्मको पहुँचमार्गको विवरण

| सडकको नाम | सडकको स्तर | सडकको अवस्था | दूरी (किमि मा) |
|---|---|---|---|
| काठमाडौं-भरतपुर | राजमार्ग (H6) | कालोपत्रे | १५० |
| भरतपुर-लालमटीया | राजमार्ग (H1) | कालोपत्रे | २३६ |

स्रोत: स्थलगत अध्ययन टोली

## २.४ प्रकृति/किसिम

प्रस्ताव वातावरण संरक्षण नियमावलीको अनुसूची ३: **आवास, भवन तथा बस्ती विकास र शहरी क्षेत्र** अन्तर्गतको ५ हेक्टर भन्दा बढी क्षेत्रमा भवन निर्माण तथा दैनिक २०,००० लिटरभन्दा माथी भूमिगत पानी प्रयोग हुने भवन निर्माण सँग सम्बन्धित आयोजना हो। आयोजनाले लुम्बिनी प्रदेश, दाङ जिल्लाको राप्ति गाउँपालिका वडा नं. ३ मा अवस्थित राप्ती उपत्यका (देउखुरी) मा प्रदेश सरकारका भवन र आवश्यक संरचनाहरु निर्माण गर्ने प्रस्ताव गरेको छ।

## २.५ आयोजनाका मुख्य विशेषताहरु र निर्माको लागि आवश्यक संरचनाहरुको जानकारी

### २.५.१ आयोजनाका मुख्य बिशेषताहरु

प्रस्तावित आयोजनाका विशेषता निम्न बमोजिम रहेका छन्:

तालिका २. २: आयोजनाका मुख्य विशेषताहरु

| बिषय | विवरण |
|---|---|
| आयोजनाको नाम | दाङमा लुम्बिनी प्रदेश राजधानी निर्माण आयोजना |
| प्रस्तावकको नाम | पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय, प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वयन ईकाई |
| **भौगोलिक स्थान** | |
| गाउँपालिका | राप्ती गाउँपालिका |
| प्रभावित वडाहरु | वडा नं. ३, २ र ४ |

| बिषय | विवरण |
|---|---|
| जिल्ला | दाङ |
| प्रदेश | लुम्बिनी |
| अक्षांश | २७° ५०' ५३.१८" N |
| देशान्तर | ८२° ४२' १६.८७" E |
| समून्द्री सतहबाट उचाई | २८८ मिटर |
| पहुँच | काठमाडौं – लालमटीया, पूर्व-पश्चिम महेन्द्र राजमार्ग ३८६ कि.मि. को दुरीमा र राजमार्गबाट २०० मिटरको दूरीमा |
| जग्गा कित्ता नम्बर | कित्ता न. १ र कित्ता न १८ |
| जग्गा स्वामित्व | नेपाल सरकारको स्वामित्व रहेको ऐलान पर्ती जग्गा, राप्ती प्राविधिक शिक्षालय, मौरीघाट, लालमटीयाले उपभोग गर्दै आईरहेको |
| कित्ताको कुल क्षेत्रफल | १२.१३ हेक्टर |
| **भवन तथा निर्माण क्षेत्र** | |
| भवन तथा संरचनाले ओगट्ने क्षेत्रफल | ६.१२ हेक्टर (४०.४२%) |
| खुला हरियाली क्षेत्र | ६.०१ हेक्टर (४९.५८%) |
| भवन संख्या | १३ वटा (१ वटा मुख्यमन्त्री तथा मन्त्रीपरिषद भवन र १२ वटा मन्त्रालय भवनहरु) |
| | |
| भवनको उचाई (भुईतलाबाट) | मुख्यमंत्रीको कार्यालय-२४.२ मिटर,<br>मंत्रीपरिषदको कार्यालय-२१.९ मिटर |
| भवनको भुईतलाको क्षेत्रफल | १४२९.०५ वर्ग मिटर, मुख्यमंत्रीको कार्यालय<br>७९१.९८ वर्ग मिटर, मंत्रीपरिषदको कार्यालय |
| भवनका प्रकार | ढलान |
| पार्किङ्ग गर्न सकिने कारको संख्या | मुख्यमंत्रीको कार्यालय-१६ वटा,<br>मंत्रीपरिषदको कार्यालय-८४ वटा |
| पार्किङ्ग गर्न सकिने मोटर साईकलको संख्या | मुख्यमंत्रीको कार्यालय-२० वटा,<br>मंत्रीपरिषदको कार्यालय-१२६ वटा |
| **आन्तरिक सडक** | |
| मूल सडक (कालोपत्रे) | ११०० मिटर (१२ मिटर चौडाई भएको) |
| फूटपाथ | ११०० मिटर (२ मिटर चौडाई भएको) |
| लिङ्क सडक | ११४०.७८ मिटर (७ मिटर चौडाई भएको) |
| पैदल यात्री बाटो | रहने |
| **अन्य संरचनाहरु** | |
| हरियाली विकास क्षेत्र | ३४५२५.७९३ वर्ग मिटर |
| पानी पोखरी | ३ वटा |
| विश्राम केन्द | ४ वटा |

प्रदेश सरकार लुम्बिनी प्रदेश



Innovative Vision

| बिषय | विवरण |
|---|---|
| पानी पोखरी जाने काठको पुल | ४ वटा |
| सुरक्षाकर्मी पोष्ट | १ वटा |
| फउन्टेन (सजावट) | १ वटा |
| मण्डल निर्माण | २ वटा |
| एम्पी थियटर | १ वटा |
| कोर्टयार्ट | १ वटा |
| विद्युत कन्ट्रोल कोठा | १ वटा |
| वुद्ध स्तुपा जाने भऱ्याङ | १ वटा |
| **सुविधाहरु** | |
| लिफ्ट संख्या | मुख्यमंत्रीको कार्यालयमा-१ वटा,<br>मंत्रीपरिषदको कार्यालयमा-७ वटा |
| अपाङ्गता भएका व्यक्तिका लागि ऱ्याम्प | रहनेछन् |
| आपतकालीन समयमा बाहिर निस्कनको लागि व्यवस्था | रहनेछ |
| धुवाँ पहिचान गर्ने यन्त्र र आगो निभाउने उपकरणहरू | रहनेछ |
| बैठक हल | प्रत्येक भवनमा एक/एक वटा रहनेछन् |
| सभा हल | १ वटा |
| A/C सुविधा, कोठा तताउने/चिस्याउने सुविधा | रहनेछ |
| **खानेपानी तथा सरसफाई** | |
| पानी भण्डारण टयाङ्की | ७ घन मि. क्षमताको २ वटा टयाङ्की निर्माण गरिने हरेक भवनलाई |
| पानी प्रशोधन प्रलान्ट | रहनेछ |
| अग्नी नियन्त्रणको लागि पानी भण्डारण टयाङ्की | रहनेछ |
| दैनिक पानी आवश्यकता | ५०,००० लिटर प्रति दिन<br>भूमिगत पानी (३०,००० लिटर प्रति दिन)<br>मुलको पानी (२०,००० लिटर प्रति दिन) |
| फोहोर मैला उत्पादन | ठोस फोहोर (१३५ किलोग्राम प्रति दिन)<br>तरल फोहोर (३०,००० लिटर प्रति दिन) |
| सेफ्टीक टयाङ्क | प्रत्येक भवनमा १-१ वटा रहनेछ |
| ढल प्रशोधन प्लान्ट )STP — Sewage Treatment Plant( | १ वटा रहनेछ |



Innovative Vision

| विषय | विवरण |
|---|---|
| **अन्य आवश्यक कुराहरु** | |
| उर्जा | उर्जाको श्रोत— नेपाल विद्युत प्राधिकरणको ग्रीडबाट<br>वैकल्पिक उर्जा — २ वटा जेनरेटर (क्षमता — ३०० KV) |
| कामदार संख्या | निर्माण चरण- २२८ दक्ष कामदार, ६८२ सामान्य श्रमिक, ५ इन्जिनियर र १० सुपरभाइजर |
| प्रस्तावित आयोजनाको लागि कुल अनुमानित लागत | ने.रु. ६,४७,६०,३६,७८७.११ |
| निर्माण समय | ४ वर्ष |

**२.५.२ आयोजना निर्माणको लागि आवश्यक संरचनाको जानकारी**

आयोजनालाई आवश्यक पर्ने संरचना तथा स्थानहरुको विवरण यस प्रकार रहेको छ:

- कामदार शिविर
- पार्किङ क्षेत्र
- निर्माण सामग्री भण्डारण क्षेत्र
- आयोजनाको आन्तरिक सडक
- संरक्षित माटो राख्ने स्थल
- फोहोर बस्तु जम्मा गर्ने तथा व्यवस्थापन गर्ने स्थल

**क) कामदार शिविर**

आयोजनाको प्रशासनिक कार्यका लागि हाल राप्ती प्राविधिक शिक्षालयमा रहेका भवन प्रयोग गरिनेछ र आवासीय कामदारका लागि थप शिविरहरु आवश्यक भएमा आयोजना परिसरभित्रै कामदार शिविर स्थापना गर्न प्रस्ताव गरिएको छ।

**ख) पार्किङ क्षेत्र र मर्मत क्षेत्र**

आयोजनाका लागि दैनिक प्रयोग गरिने सवारी साधन तथा निर्माण सामग्री ढुवानी गर्ने ट्रकको पार्किङ्का लागि परिसरभित्र पार्किङ क्षेत्रको प्रस्ताव गरिएको छ।

**ग) निर्माण सामग्री भण्डारण कक्ष**

आयोजनालाई आवश्यक पर्ने निर्माण सामग्री भण्डार कक्ष निर्माण परिसरभित्र प्रस्ताव गरेको छ।

**घ) आयोजनाको आन्तरिक सडक**

आयोजना परिसरभित्र आन्तरिक सडक विद्यमान रहेको छ। आवश्यकता अनुसार निर्माण परिसरभित्र थप बाटोहरु बनाईनेछ।

**ङ) जमिनको सतहको मलिलो माटो संरक्षण गरी भण्डार गर्ने स्थल**

निर्माण क्षेत्रको जमिनको सतहको मलिलो माटो व्यवस्थापन गर्न एउटा व्यवस्थापन स्थल प्रस्ताव गरिएको छ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहरी विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी) दाङ, नेपाल

Innovative Vision

च) ठोस फोहोर बस्तु जम्मा गर्ने तथा व्यवस्थापन गर्ने स्थल

आयोजना स्थलमा कामदार शिविर, भान्सा, तथा सामान प्याकिङ बाट प्राप्त हुने ठोस फोहोर बस्तुलाई जम्मा गर्न तथा व्यवस्थापन गर्न गर्नका लागि एउटा छुट्टै फोहोर व्यवस्थापन स्थल प्रस्ताव गरिएको छ।

**२.५.३ प्रभाव क्षेत्र निर्धारण**

आयोजनाका संरचनाहरु निर्माण गर्दा तथा संचालनको चरणमा आयोजनस्थल वरपर पर्नसक्ने सम्भावित वातावरणीय असरहरुको आधारमा प्रभाव क्षेत्र निर्धारण गरिएको छ। राप्ती प्राविधिक शिक्षालय, दाङले चर्चेको चारकिल्लाभित्र रहेको कित्ता नं. १ को २-२-९ (बिघा) र कित्ता नं. १८ को १५-१६-१५ (बिघा) गरी जम्मा १७-१९-४ (बिघा) ऐलानी जग्गा आयोजनास्थल रहेको छ भने निर्माणस्थल वरपरको क्षेत्र आयोजना क्षेत्र रहेको छ। अध्ययनले आयोजनाका कृयाकलापबाट पर्ने असरको परिणाम, फैलावट र अवधिको आधारमा प्रभाव क्षेत्रलाई तीन भागमा बाढेको छ। आयोजना भन्नाले "प्रदेश राजधानी निर्माण आयोजना" र प्रभाव क्षेत्र भन्नाले "प्रत्यक्ष प्रभाव क्षेत्र", "अप्रत्यक्ष प्रभाव क्षेत्र" र "प्रभावित क्षेत्र" रहेका छन्। प्रत्यक्ष प्रभाव क्षेत्रले आयोजना कार्यान्वयन हुने स्थल तथा यसका संरचनाहरुलाई बुझाउने छ।

**क) प्रत्यक्ष प्रभाव क्षेत्र (DIA)**

प्रत्यक्ष प्रभाव क्षेत्र भन्नाले आयोजना कार्यान्वयन हुने स्थल तथा आयोजना कार्यान्वयनका लागि बनाईने संरचनाहरु र यस्ता संरचनाहरु संचालन एवं आयोजना कार्यान्वयनबाट प्रभावित हुने क्षेत्र, आयोजनाका लागि तारबार गरिएको तथा नियन्त्रण गरिएको क्षेत्रलाई बुझाउने छ। अध्ययनले भवन तथा संरचनाहरु निर्माण हुने क्षेत्र र आयोजनाका संरचनाहरुबाट ५०० मिटरको दूरीसम्मका क्षेत्रलाई प्रत्यक्ष प्रभावित क्षेत्र निर्धारण गरेको छ। आयोजना कार्यान्वयनबाट यस क्षेत्रमा सबैभन्दा बढी असर पर्नेछ। राजनीतिक नक्साङ्कनको आधारमा, आयोजनाको प्रत्यक्ष प्रभावित क्षेत्र राप्ती गाउँपालिका वडा नं. ३, २ र ४ भित्र पर्दछन्।

**ख) अप्रत्यक्ष प्रभाव क्षेत्र (IIA)**

अप्रत्यक्ष प्रभाव क्षेत्र भन्नाले आयोजना कार्यान्वयन हुने स्थल तथा आयोजना कार्यान्वयनका लागि बनाईने संरचनाहरु र यस्ता संरचनाहरु संचालन एवं आयोजना कार्यान्वयनबाट अप्रत्यक्ष रूपमा प्रभावित हुने क्षेत्रलाई बुझाउने छ। अध्ययनले भवन तथा संरचनाहरु निर्माण हुने क्षेत्र र आयोजनाका संरचनाहरुबाट ५०० मिटर बाहिरदेखि आयोजना संचालन हुने गाउँपालिकाको वडाको सिमासम्मको क्षेत्रलाई अप्रत्यक्ष प्रभावित क्षेत्र निर्धारण गरेको छ। आयोजना कार्यान्वयनबाट यस क्षेत्रमा प्रत्यक्ष प्रभावित क्षेत्रमा भन्दा कम असर पर्नेछ। राजनीतिक नक्साङ्कनको आधारमा, आयोजनाको अप्रत्यक्ष प्रभावित क्षेत्र राप्ति गाउँपालिका वडा नं. ३, २ र ४ पर्दछन्।

**ग) प्रभावित क्षेत्र (ZoI)**

प्रभावित क्षेत्र भन्नाले आयोजना द्वारा संचालित कृयाकलापहरुद्वारा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव नपर्ने तर प्रशासनिक तथा प्राविधिक रुपमा असर पर्ननसक्ने आयोजना क्षेत्र वरीपरीका क्षेत्रहरु बुझिन्छ। अध्ययनले आयोजना कार्यान्वयन हुने गाउँपालिका, तर प्रत्यक्ष वा अप्रत्यक्ष प्रभावित क्षेत्र बाहिरको क्षेत्रलाई प्रभावित क्षेत्र निर्धारण गरेको छ। राजनीतिक नक्साङ्कनको आधारमा, राप्ति गाउँपालिका प्रभावित क्षेत्र भित्र पर्दछ।

तालिका २. ३: आयोजनाको प्रभाव क्षेत्रको विवरण

| प्रभावको वर्गिकरण | प्रत्यक्ष प्रभावित क्षेत्र | अप्रत्यक्ष प्रभावित क्षेत्र | प्रभावित क्षेत्र |
|---|---|---|---|
| प्रभाव निर्धारण | भवन तथा संरचनाहरु निर्माण हुने क्षेत्र र आयोजनाका संरचनाहरुबाट ५०० मिटरको दूरीसम्मका क्षेत्र | प्रत्यक्ष प्रभावित क्षेत्र बाहिरदेखि आयोजना संचालन हुने गाउँपालिकाको वडाको सिमासम्मको क्षेत्र | आयोजना कार्यान्वयन हुने गाउँपालिका |
| असर पर्ने क्षेत्र | आयोजना संचालन हुने रासी उपत्यका क्षेत्रको मौरीघाट, लालमटीया गाउँ | रासि गाउँपालिका वडा नं. ३, २ र ४ वडा भित्रका क्षेत्रहरु | रासि गाउँपालिका |

## २.६ आयोजना सम्बन्धी क्रियाकलापहरु

### २.६.१ निर्माण कार्य गर्नुपूर्वका क्रियाकलापहरु

क) शिक्षालयलाई स्थानान्तरण गर्ने
ख) आयोजना क्षेत्रका रुखहरु हटाउने
ग) आयोजना क्षेत्रलाई तारबार गर्ने
घ) कामदार शिविर र भण्डारण कक्ष स्थापना गर्ने
ङ) पहुँचमार्ग निर्माण एवं मर्मत गर्ने

### २.६.२ निर्माण कार्य हुँदा गरिने क्रियाकलापहरु

च) भवन निर्माण गर्ने
छ) सडक निर्माण गर्ने, पैदल यात्रीका लागि बाटो
ज) ढल निकासको व्यवस्था गर्ने
झ) परिसर पर्खाल र तारबार गर्ने
ञ) बगैंचा, फउन्टेन, मण्डल, बुद्ध स्तुपा, एम्पी थियटर, हरियाली क्षेत्र र ल्याण्डस्केपिङ गर्ने
ट) पानी प्रशोधन प्लान्ट स्थापना गर्ने
ठ) पानी भण्डारण टयाङ्की व्यवस्था गर्ने
ड) विद्युत कन्ट्रोल भवन
ढ) सभा हल
ण) पानी पोखरी
त) सूरक्षा पोष्ट निर्माण ऊर्दे

### २.६.३ आयोजना संचालन पश्चात् गरिने क्रियाकलापहरु

क) प्रदेश सरकारको कार्यालय सञ्चालन गर्ने
ख) आवश्यकता अनुसार परिसरभित्र संरचनाहरु थप गर्ने
ग) मर्मत सम्भार गर्ने

## २.७ निर्माण योजना

आयोजानाका भवन तथा संरचनाहरु निर्माणका निम्ति करिव ४ वर्षको समय लाग्ने अनुमान गरिएको छ ।

#### २.७.१ जग्गाको क्षेत्रफल

आयोजना कार्यान्वयनको लागि कूल १० हेक्टर जमिनको आवश्यकता पर्छ। रासी प्राविधिक शिक्षालय परिसरमा नेपाल सरकारको स्वामित्वमा रहेको र शिक्षालयले भोगचलन गरिरहेको १२.१३ हेक्टर ऐलानी पर्ती जमिन रहेको छ। हाल उक्त जग्गाको भोगचलनको लागि नेपाल सरकारबाट लुम्बिनी प्रदेश सरकारलाई स्विकृती दिईएको छ।

#### २.७.२ जग्गाको प्रकार

आयोजना कार्यान्वयनको लागि कूल १० हेक्टर जमिनको आवश्यकता पर्छ। रासी प्राविधिक शिक्षालय परिसरमा नेपाल सरकारको स्वामित्वमा रहेको र शिक्षालयले भोगचलन गरिरहेको १२.१३ हेक्टर ऐलानी पर्ती जमिन रहेको छ। उक्त जमिन तथा शिक्षालयका विद्यमान संरचना उपयोग गर्दै प्रदेश सरकाले आयोजना निर्माण गर्ने निर्णय गरेको छ। यसर्थ आयोजनालाई आवश्यक पर्ने सम्पूर्ण जमिन सरकारी जमिन रहेको र वन क्षेत्र बाहेकको क्षेत्र रहेको देखिन्छ।

### २.८ प्रस्ताव/आयोजनाको लागि आवश्यकता

#### २.८.१ आवश्यक जनशक्ति

आयोजनाका भवन र संरचना निर्माण को लागि करिव ४ वर्ष लाग्ने अनुमान गरिएको छ। आयोजनालाई कूल ९२५ जना कामदार ४ वर्षको लागि निरन्तर आवश्यक पर्ने देखिन्छ। जसबाट लगभग २७ लाख ७५ हजार दिन रोजगारी उपलब्ध हुने देखिन्छ। आयोजनालाई आवश्यक पर्ने जनशक्तिको विवरण यसप्रकार रहेको छ।

तालिका २. ४: आयोजनाको लागि आवश्यकता पर्ने जनशक्तिको विवरण

| अवधि/प्रकार | अदक्ष/ अर्धदक्ष | दक्ष | विशेषज्ञ | कूल |
|---|---|---|---|---|
| निर्माणको चरणमा | ६८२ | २२८ | १५ | **९२५** |

#### २.८.२ निर्माण सामग्री र परिणाम स्रोत

आयोजनालाई आयोजनालाई आवश्यक निर्माण सामग्रीहरु निर्माण व्यवयसायीमार्फत आपूर्ती गरिनेछ। सामग्रीहरु यसप्रकार रहेका छन्;

- आयोजनालाई आवश्यक पर्ने सिमेन्ट लमही/घोराहीबाट आपूर्ती गरिने।
- ढुङ्गा, गिटी र बालुवा लगायतका निर्माण सामग्री सरकारबाट अनुमति प्राप्त क्रसर तथा ढुङ्गा उद्योग वा स्थानीय आपूर्तीकर्ताबाट आपूर्ती गरिने।
- रड, फलाम, स्टील र जस्ता निर्माण सामग्री लमही तथा वरपरका शहरका हार्डवेर पसलहरुबाट निर्माण आपूर्ती गरिने।
- खनिज ग्यास र तेल (डिजेल, पेट्रोल र मट्टितेल) लमहीका डिपोहरुबाट आपूर्ती गरिने।
- बिभिन्न प्रकारका सवारी साधन र मेसिनरीहरु खरिद तथा बहालमा लिने व्यवस्था मिलाईने।

#### २.८.३ निर्माण तालिका

आयोजानाका भवन तथा संरचना निर्माणका निम्ति करिव ४ वर्षको समय लाग्ने अनुमान गरिएको छ । आयोजना तयारी लागि तीन महिना लाग्नेछ। पहिलो चरणको निर्माण भवन निर्माण (१ मुख्यमन्त्री कार्यालय र ७ वटा मन्त्रालय) को लागि २४ महिना, आयोनाका अन्य संरचनाहरु निर्माण गर्न १५ महिना र रंगरोगन, सजावट र हस्तान्तरणको लागि ६ महिना लाग्नेछ।

तालिका २. ५: आयोजनाको निर्माण तालिका पहिलो चरण

| विवरण/ महिना | ०-३ | ३-६ | ६-९ | ९-१२ | १२-१५ | १५-१८ | १८-२२ | २२-२४ | २४-२७ | २७-३० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जमिन खाली गर्ने तथा निर्माण सामग्रीको तयारी | | | | | | | | | | |
| भवन निर्माण गर्ने | | | | | | | | | | |
| सडक, पैदलमार्ग, ल्याण्डस्केपिङ, पोखरी मण्डल लगायतका संरचना निर्माण | | | | | | | | | | |
| रंगरोगन, सजावट र हस्तान्तरण | | | | | | | | | | |

त्यसैगरी दोस्रो चरणको निर्माण भवन निर्माण(५ वटा मन्त्रालय र प्रदेश सभा हल हल, प्रदेश सचिवालय, क्यान्टिन, पुस्तकालय, समूह भवन, संसद सदस्य भवन र सुरक्षा पोष्ट) को लागि १८ महिना, आयोनाका अन्य संरचनाहरु निर्माण गर्न ९ महिना र रंगरोगन, सजावट र हस्तान्तरणको लागि ३ महिना लाग्नेछ।

तालिका २. ६: आयोजनाको निर्माण तालिका दोस्रो चरण

| विवरण/ महिना | १८-२२ | २२-२४ | २४-२७ | २७-३० | ३०-३३ | ३३-३६ | ३६-३९ | ३९-४२ | ४२-४५ | ४५-४८ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| भवन तथा संरचना निर्माण गर्ने | | | | | | | | | | |
| रंगरोगन, सजावट र हस्तान्तरण | | | | | | | | | | |

### २.८.४ प्रयोग हुने उर्जाको किसिम, स्रोत, खपत हुने परिणाम

निर्माणको अवधिमा उर्जाको स्रोतको रूपमा आयोजनाका विद्युतिय उपकरणहरु चलाउनको लागि बिजुलीको प्रयोग गरिनेछ भने ब्याकअपको लागि २०० kVA को एउटा जेनेरेटर समेत राखिनेछ। त्यसैगरी सञ्चालनको समयमा ३०० KVA को दुईवटा जेनेरेटर राखिनेछ भने विद्युतीय उर्जाको अधिकतम उपयोग गरिनेछ।

### २.८.५ प्रयोग हुने प्रविधि *Associated /Ancillary facility* प्रस्ताव कार्यान्वयन तालिका

यस आयोजना संचालनका निम्ति आवश्यक पूर्वतयारी गरी निर्माणस्थल खाली गरिएपश्चात मात्रै निर्माण कार्यको सुरुवात गरिने छ। ४ वर्षभित्र आयोजना निर्माण सक्ने अनुमान गरिएको छ।

# परिच्छेद ३
## तथ्याङ्क सङ्कलन

### ३.१ प्रतिवेदन तयार गर्दा आवश्यक पर्ने तथ्याङ्क

वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनका लागि आयोजना क्षेत्रको भौतिक, जैविक र सामाजिक-आर्थिक तथा साँस्कृतिक वातावरणका बारेमा जानकारी आवश्यकता पर्दछ। प्रस्तावका लागि सान्दर्भिक जानकारीहरु अध्ययनका क्रममा सङ्कलन गरी प्रतिवेदनमा उल्लेख गरिनेछ। यस्तो जानकारीको सङ्कलन प्रस्ताव कार्यान्वयनको क्रममा आयोजना क्षेत्रको भौतिक, जैविक र सामाजिक-आर्थिक तथा साँस्कृतिक वातारणमा पर्न सक्ने प्रभावहरुमा लक्षित हुनेछ। प्रतिवेदनमा प्रयोग गरिएका जानकारी, तथ्य र तथ्याङ्कको स्रोत उल्लेख गरिनेछ। यदि जानकारीको स्रोत स्थलगत अध्ययन भएमा जानकारी सङ्कलन गर्न प्रयोग गरिएको विधिसहित उल्लेख गरिनेछ। त्यस्तै प्रकाशित प्रतिवेदन, वैज्ञानिक लेख तथा साहित्यहरुको पूरा स्रोत उल्लेख गरिनेछ।

### ३.१.१ भौतिक तथा रासायनिक वातावरणः

भौतिक तथा रासायनिक वातावरण अध्ययनको लागि आवश्यक तथ्याङ्कहरु यसप्रकार रहेका छन्;

- आयोजना क्षेत्र तथा कार्यान्वयन स्थलको टोपोग्रफिक जानकारी, जियोमर्फोलोजी र भूउपयोग
- स्थलगत अध्ययनको आधारमा जियोलोजी
- जमिनमुनीको पानीको अवस्था
- पानीका स्रोत तथा मुहानहरु
- खोला/नाला/खोल्साको विवरण (river regime and sediment contents); नदी/खोला/खोल्साको सञ्जाल, सञ्जालको घनत्व, भिरालोपना, जलाधार, सेडिमेन्ट लोड
- आयोजना क्षेत्रको वर्षा र जलवायु
- समुन्द्री सतहदेखिको उचाई, आद्रता (चिसोपना एवं सुख्खापना)
- पहिरो गएको, चट्टान देखिएको ठाउँ, पहिरो जान सक्ने ठाउँ, भूक्षय सम्भावित ठाउँ, भौगर्भिक नक्साङ्कन, जियोमर्फोलोजी र जोखिम क्षेत्र नक्साङ्कन
- आयोजना क्षेत्र र वरिपरीको भूउपयोग (बस्ति क्षेत्र, खेतीयोग्य क्षेत्र, नदी, वनजंगल, बाँझो जमिन)
- आयोजना क्षेत्रका पानीका स्रोतहरुको पानीको गुणस्तर राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुरुप मापन
- आयोजना क्षेत्रको फोहोर व्यवस्थापन प्रणाली
- आयोजना क्षेत्रको वायुको गुणस्तरमा प्रभाव पार्ने स्रोतहरु
- आयोजना क्षेत्रको ध्वनिको गुणस्तरमा प्रभाव पार्ने स्रोतहरु
- आयोजनाका औजार तथा मेसिनरीहरुमा प्रयोग हुन सक्ने रसायन, जीवाश्म उर्जा (fossil fuel)

### ३.१.२ जैविक वातावरणः

जैविक वातावरण अध्ययनको लागि आवश्यक तथ्याङ्कहरु यसप्रकार रहेका छन्;

- आयोजना स्थल वरीपरी वनले ढाकेको क्षेत्र

- आयोजना स्थलमा पाईने वनस्पतिका प्रजातिहरु
- आयोजना कार्यान्वयन गर्दा कटान गर्नुपर्ने रुखहरुको संख्या, काठको आयतन (wood volume) र बायोमास
- आयोजना क्षेत्रमा पाईने स्तनधारी जीव, चरा, सरीसृप तथा उभयचर हरुको उपलब्धता र वासस्थानको अवस्था
- वन्यजन्तुको हिडडुल गर्ने मार्ग (movement corridor) आयोजना वरपरको क्षेत्र
- आयोजना क्षेत्रका वनस्पति तथा वन्यजन्तुहरुको संरक्षणको अवस्था (राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, प्रकृति संरक्षण कोषको रातो सूची र संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापारलाई नियमन तथा नियन्त्रण गर्ने अन्तर्राष्ट्रिय संधिको अनुसूची अनुसार) र तिनीहरु माथिको चुनौती
- आयोजना क्षेत्रमा पाईने गैरकाष्ठजन्य वन पैदावर र तिनको उपयोग (औषधीय गुण, इथ्नो बोटानी, डाले घाँसको आधारमा)
- आयोजना क्षेत्रका नदिनालामा पाईने जलीय जीव तथा वनस्पतिहरु र जीवको वासस्थानको अवस्था; विशेषगरी माछाको उपलव्धताको अवस्था, बसाईंसराईको अवस्था, प्रजनन् क्षेत्र, समय आदि

### ३.१.३ सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरणः

सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरण अध्ययनको लागि आवश्यक तथ्याङ्कहरु यसप्रकार रहेका छन्;

- आयोजना क्षेत्रको नजिकका वस्तीहरुको नाम र आयोजना स्थलसँगको दूरी
- स्थानीय तह र वडाहरुको विवरण
- जनसाङ्खीकी: जनसंख्या, जम्मा घरधुरी, औसत घरधुरी सङ्ख्या, महिला पुरुष अनुपात, उमेर समूहअनुसारको जनसंख्या
- जाति र धार्मिक सम्प्रदाय, धार्मिक स्थल, साँस्कृतिक रीतिरीवाज
- शैक्षिक स्तर
- शैक्षिक संस्था: आधारभूत, माध्यमिक, उच्च माध्यमिक, कलेज तथा विश्वविद्यालय
- स्वास्थ्य र सफाईको अवस्था: खानेपानीको अवस्था, स्वास्थ्य संस्था, स्थानीय रुपमा देखिने रोग एवं महामारीको घटना, शौचालयको अवस्था
- रोजगारी, तथा आयस्तर
- सीमान्तकृत समूह
- उद्योग र यसका किसिम
- पूर्वाधार: सडक र यसका किसिम, यातायातका साधनको उपलब्धता, संचार सुविधा
- जग्गा जमिनको मूल्य
- सार्वजनिक सुविधा
- बसाइँ सराईको स्थिति
- बजार र यसको स्थिति
- सम्भाव्य विकास केन्द्र
- कृषी गतिबिधि र उत्पादन
- आर्थिक गतिविधिहरु (कृषी, पशुपंक्षी, पर्यटन, व्यपार)
- जमिनको स्वामित्व
- खाद्यान्न तथा स्थानीय उत्पादनहरुको मूल्य





प्रदेश सरकार
लुम्बिनी प्रदेश
भौतिक पूर्वाधार विकास मन्त्रालय

- आयोजना कार्यान्वयनको लागि श्रमिकको उपलब्धता
- पुरातात्विक, ऐतिहासिक र सौंस्कृतिक स्थलहरु
- गैरकाष्ठजन्य वन पैदावरमा आश्रित परिवारहरु, व्यापारबाट हुने वार्षिक आम्दानि

## ३.२ तथ्याङ्क सङ्कलन गर्ने अपनाइने विधि

### ३.२.१ सन्दर्भ सामग्रीको पुनरावलोकन

साहित्यिक पुनरावलोकनका लागि आयोजनासँग सम्बन्धित र उस्तै उस्तै परियोजनाहरुको उपलब्ध प्रतिवेदन, पुस्तक, अनुसन्धान लेख र जानकारीहरु सङ्कलन गरिनेछ। त्यसैगरी नेपाल सरकार र प्रदेश सरकाद्वारा प्रकाशित प्रतिवेदन, ऐन, कानून, नियमावलीहरुको अध्ययन गरिनेछ। त्यसैगरी प्रस्तावित आयोजनासँग सम्बन्धित प्रतिवेदन तथा आयोजना क्षेत्रसँग सम्बन्धित साहित्यहरुको पुनरावलोकन गरिनेछ। ती प्रमुख साहित्यहरु यसप्रकार रहेका छन्;

- आयोजनाको विस्तृत आयोजना प्रतिवेदन, २०७९
- राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा, २०७८
- राप्ती गाउँपालिकाको खानानी, सरसफाई तथा स्वच्छता (WASH) प्रतिवेदन, २०७८
- स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना, २०७७
- राप्ती गाउँपालिकाको पार्श्वचित्र, २०७६
- Geological Study of Rapti Rural Municipality Dang, 2020
- National Housing and Population Census 2011; (Household, Population and Sex) ward level (based on new structure of 753 local units), 2017
- The state of Nepal's Forest, 2015
- Churia Forests of Nepal, 2014

त्यसैगरी आयोजना क्षेत्रको नक्सालाई टोपोग्राफिक नक्सा, गुगल नक्सा, भूउपयोग नक्सा, ओपन स्ट्रिट नक्सा र भूगर्भ नक्सामा ओभरले गरी पुनरावलोकन गरिनेछ। साथै आयोजनको विस्तृत आयोजना प्रतिवेदन, नक्सा, र डिजाईन समेत अध्ययन गरिनेछ।

भौतिक वातावरणसँग सम्बन्धित आयोजना क्षेत्रबाट नजिकमा पर्ने जलवायु मापन केन्द्रले ले देखाएको धुलाका कणहरुको मात्रा, हावापानी तथा जलवायुको अवस्थाको अध्ययन गरिनेछ। आयोजना स्थलमा मापन केन्द्र नरहेकाले लामो समयको जलवायु अध्ययनको लागि एफ्रोडाईट ईन्टरपोलेटेड ग्रिडेड तथ्याङ्क प्रयोग गरिनेछ। त्यसैगरी आयोजना क्षेत्रको नजिकमा रहेका संरचनाहरु, सडकमा सवारीको चाप तथा दुर्घनाका रेकर्डहरु समेत संकलन गरिनेछ।

जैविक वातावरणसँग सम्बन्धित विवरणको लागि वरीपरीका सामुदायिक वनहरुको अवस्थिती र गाउँपालिकाको पार्श्वचित्रलाई मुख्य आधार मानी आयोजना क्षेत्रसँग सम्बन्धित साहित्यहरुको पुनरावलोकन गरी प्रस्ताव कार्यान्वयन स्थलका वनस्पति तथा जीवजन्तुको बारेमा जानकारी लिईनेछ।

आयोजना क्षेत्रको सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरणको अध्ययनको लागि मुख्य साहित्यको रुपमा राप्ती गाउँपालिकाको पार्श्वचित्रलाई लिईनेछ भने अन्य विषयगत पार्श्वचित्र र राष्ट्रिय जनगणना २०६८ र २०७८ को प्रतिवेदन समेत अध्ययन गरिनेछ।

### ३.२.२ स्थलगत अध्ययन

प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनको लागि भौतिक वातावरण, जैविक वातावरण र सामाजिक, आर्थिक, साँस्कृतिक वातावरणसँग सम्बन्धित विज्ञहरुसहितको अध्ययन टोलीले आयोजना सञ्चालन हुने स्थल र वरिपरिको वातावरणको विस्तृत स्थलगत अध्ययन गर्नेछ। भौतिक वातावरण, जैविक वातावरण र सामाजिक, आर्थिक, साँस्कृतिक वातावरणको लागि प्रयोग गरिने विधि तलका उपशिर्षकहरुमा विस्तृतमा उल्लेख गरिएको छ;

#### ३.२.२.१ भौतिक वातावरणको लागि अपनाईने विधि

आयोजना क्षेत्रको भौतिक वातावरणको अध्ययन एवं जानकारी सङ्कलनको लागि आयोजना स्थल तथा वरिपरिका क्षेत्रहरुको भौतिक वातावरणका पक्षहरुको भौतिक वातावरण विज्ञ सम्मिलित टोलीले अध्ययन गर्नेछ। अध्ययन आयोजनास्थल र आयोजनाका संरचनाहरु बन्ने स्थानको ५०० मिटर वरिपरिको क्षेत्रमा केन्द्रित भएर अध्ययन गरिनेछ। तथापि आयोजना क्षेत्रका मुख्य बस्ती तथा क्षेत्रलाई अध्ययनमा समाबेस गरिनेछ। भौतिक वातावरणका टोपोग्राफी, भूउपयोग, माटो, भूगर्भ, हाईड्रोलोजी, जलवायु, पानीको गुणस्तर, ध्वनि तथा कम्पन, हाल भैरहेका तथा प्रस्ताव गरिएका विकासका पूर्वाधार एवं संचलनका बारेमा अध्ययन गरिने छ। आयोजना क्षेत्रको भौतिक वातावरणसँग सम्बन्धित तस्वीरहरु रेकर्ड तथा सङ्कलन गरिनेछ।

#### ३.२.२.२ जैविक वातावरणमा अपनाउनुपर्ने विधि

वातावरणीय प्रभाव मूल्याङ्कनको लागि आयोजना क्षेत्र भित्रको बोटबिरुवा तथा त्यस क्षेत्रको जैविक विविधता अध्ययन गरिने छ। अध्ययनका लागि आयोजना क्षेत्रमा पर्ने वन भित्रका सम्पूर्ण रुखहरुको गणना (Total count) गरिनेछ भने बुट्यान र घाँसका प्रजातिहरुको नाम सङ्कलन गरिनेछ। आयोजना क्षेत्रमा भेटिएका वन्यजन्तुका शरिरका चिन्हहरु, दिसा, आवाज, खोस्रिएको/पन्जाले बनाएको चिन्ह, रुखमा भाग, दुला/खोपिल्टा एवं चराका गुँडहरुको रेकर्ड गरिनेछ। त्यस्तै आयोजना क्षेत्रमा पाईने वन्यजन्तु तथा माछाहरुका बारेमा प्रत्यक्ष अवलोकन तथा लक्षित व्यक्ति अन्तर्वार्ता विधिबाट जानकारी सङ्कलन गरिनेछ। जैविक वातावरणका सम्पूर्ण पक्षको स्थलगत जानकारी दिने गरी तस्वीर समेत सङ्कलन तथा रेकर्ड गरिनेछ।

#### ३.२.२.३ सामाजिक, आर्थिक, साँस्कृतिक वातावरणमा अपनाउनुपर्ने विधि

आयोजना क्षेत्रको सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरणसँग सम्बन्धित जानकारी सङ्कलनको लागि आयोजना क्षेत्रको बारेमा प्रत्यक्ष अवलोकन तथा लक्षित व्यक्ति अन्तर्वार्ता र अन्तर्क्रिया मार्फत गरिनेछ। सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरणका विज्ञसहितको अध्ययन टोलीद्वारा गरिने स्थलगत अध्ययनमा घरधुरी र जनसंख्याको वितरण, जातजातिहरु, धर्म, मातृभाषा, शैक्षिक अवस्था, स्वास्थ्य संस्थाको अवस्था, गाउँ जोड्ने सडक, खानेपानीको स्रोत, उर्जाको स्रोत, धार्मिक स्थलहरु, स्थानीयले मान्ने मुख्य चाडपर्वहरु, स्थानीयले लगाउने प्रमुख बालीनालीहरु, त्यहाँ लगाउँदै आएका प्रमुख फलफूलहरु, स्थानीय स्तरमा गरिएको तरकारी खेती, खेतबारीमा सिंचाईको अवस्था, सिंचाई समूहको नाम, पशुपालन तथा कुखुरापालन एवं तिनको व्यवसायिकरणको अवस्था, बस्तीमा सञ्चालनमा रहेका आयोजनाहरु, बस्ती क्षेत्रमा काम गर्ने संघसंस्थाहरु, नजिकमा पर्ने बजार क्षेत्र/आर्थिक कारोवार हुने ठाउँ, बस्तुहरुको बजारभाउ, कामको ज्याला दर, गाउँपालिकाको वडा कार्यालय भएको स्थान, नजिकको प्रहरी चौकी रहेको स्थान को अध्ययन गरिनेछ। त्यसैगरी आयोजना क्षेत्रमा पाईने गैरकाष्ठजन्य वन पैदावरको व्यापार व्यवसाय, त्यसमा आश्रित परिवारको पनि अध्ययन गरिनेछ । आयोजनाले क्षति पुऱ्याउन सक्ने संरचना, जग्गा जमिन तथा क्षति पुऱ्याउने कृषी बाली, फलफूल, डालेघाँसको समेत अध्ययनमा समावेश गरिनेछ। आयोजनाको नजिकमा पर्ने बस्तीका स्थानीयसँग प्रभावसँग सम्बन्धित छलफल तथा अन्तर्क्रिया कार्यक्रम गरिनेछ भने गाउँपालिकाको वरीपरीको स्थल मौरीघाट र लालमटीयामा आयोजनासँग सम्बन्धित

छलफल तथा अन्तर्क्रिया कार्यक्रम गरिनेछ। आयोजनाको प्रत्यक्ष प्रभावित क्षेत्रमा जानकार व्यक्ति अन्तर्वार्ता मार्फत सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरणको विवरण संकलन गरिनेछ।

### ३.३ तथ्याङ्क विश्लेषण

यसरी सङ्कलित तथ्याङ्कहरु लाइ स्प्रेडसीट एवं भौगोलिक सूचना प्रणाली जस्ता सफ्टवेरहरु प्रयोग गरि विश्लेषण गरिनेछ।

### ३.४ प्रभाव विश्लेषण

आयोजना निर्माणका क्रममा वातावरणमा पर्नसक्ने प्रतिकूल प्रभावहरु एवं अनुकूल प्रभावहरुलाइ विज्ञ अनुभव, उस्तै प्रकृतिको आयोजनाका अनुभूति एवं वातावरणीय म्याट्रिक्स जस्ता विधिहरु उपयोग गरी विश्लेषण गरिनेछ।

### ३.५ सार्वजनिक सुनुवाई

वातावरणीय प्रभाव मूल्याङ्कनको लागि वातावरण संरक्षण नियमावली २०७७ को नियम ४ बमोजिम सार्वजनिक सुनुवाई गरिनेछ। सार्वजनिक सुनुवाई कार्यक्रमको लागि नियम ६ (४) बमोजिमको सूचना स्थानीय पत्रिकामा प्रकाशन गरिनेछ। त्यसैगरि स्थानिय एफ एम वा अन्य विधि मार्फत् समेत सूचना सम्प्रेषण गरि सार्वजनिक सुनुवाई गरिनेछ र त्यहाँबाट सङ्कलित राय सूझावहरुलाई प्रतिवेदनमा समावेश गरिनेछ।

### ३.६ सूचना टाँस, मुचुल्का संकलन र सूचना प्रकाशन

स्थानीय व्यक्ति, समुदाय, सरोकारवाला निकाय र संघसंस्थाहरुको जानकारी तथा सुझावहरु सङ्कलन तथा अध्ययनमा समावेश गर्नका लागि वातावरण संरक्षण नियमावली २०७७ को नियम ९(२) बमोजिमको सूचना अनुसूची ९ मा दिईएको ढाँचामा टाँस गरी राष्ट्रियस्तरको एक दैनिक पत्रिकामा प्रकाशन गरिनेछ।

### ३.७ सिफारिस पत्र संकलन तथा प्रतिवेदन तयारी

सम्बन्धित सरोकारावालसँग अनुसूची १४ बमोजिमको ढाँचामा सिफारिस पत्र संकलन गरिनेछ । त्यसैगरी वातावरण संरक्षण नियमावली २०७७ को अनुसूची १२ वमोजिमको ढाँचामा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गरिनेछ। प्रतिवेदनको रुपरेखा कार्यसूची प्रतिवेदनको अन्त्यमा राखिएको छ।

# परिच्छेद ४

## प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति, ऐन, नियम, निर्देशिका, मापदण्ड, सन्धि, सम्झौता

राज्यले विकास निर्माणको सहजीकरण तथा वातावरण संरक्षणको लागि विभिन्न नीति, ऐन, नियम, निर्देशिका, मापदण्ड बनाएको तथा विभिन्न देश तथा निकायहरुसँग सन्धि र सम्झौता गरेको छ। कुनैपनि आयोजना कार्यान्वयन गर्दा त्यस्ता कानुनी दस्तावेजहरुको पूर्ण पालना आवश्यक प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्दा पुनरावलोकन गर्नुपर्ने सान्दर्भिक नीति/नियमहरु तल प्रस्तुत गरिएको छ;

| |
|---|
| **संविधान** |
| नेपालको संविधान |
| **४.१ प्रस्तावसँग सम्बन्धित योजना, नीति र रणनीति** |
| राष्ट्रिय वन नीति, २०७५ (२०१९) |
| नेपाल वातावरणीय नीति तथा कार्ययोजना, २०५० (१९९३) |
| राष्ट्रिय संरक्षण रणनीति, २०४४ (१९८८) |
| राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्ययोजना (२०१४-२०) |
| राष्ट्रिय शहर नीति, २०६३ |
| राष्ट्रिय भूउपयोग नीति, २०६८ |
| **४.२ प्रस्तावसँग सम्बन्धित आवधिक योजना** |
| पन्ध्रौं योजना, २०७६।७७-२०८१।८२ |
| **४.३ प्रस्तावसँग सम्बन्धित ऐन** |
| लुम्बिनी प्रदेश वन ऐन, २०७८ |
| लुम्बिनी प्रदेश वातावरण संरक्षण ऐन, २०७७ |
| वातावरण संरक्षण ऐन, २०७६ (२०१९) |
| वन ऐन, २०७६ (२०१९) |
| बालबालिका सम्बन्धी ऐन २०७५ (२०१८) |
| श्रम ऐन, २०७४ (२०१७) |
| संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापारलाई नियमन तथा नियन्त्रण गर्न बनेको ऐन, २०७४ (२०१७) |
| स्थानीय सरकार संचालन ऐन, २०७४ |
| फोहोरमैला व्यवस्थापन ऐन, २०६८ (२०११) |
| वनस्पति संरक्षण ऐन, २०६४ (२००७) |
| वाल श्रम निषेध र नियमित गर्ने ऐन, २०५६ (२००१) |
| भवन ऐन, २०५५ |
| सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ (१९९३) |
| भू तथा जलाधार व्यवस्थापन ऐन, २०३९ (१९८२) |
| प्राचीन स्मारक संरक्षण ऐन, २०१३ (१९५६) |
| **४.४ प्रस्तावसँग सम्बन्धित नियमावली** |
| लुम्बिनी प्रदेश वन नियमावली, २०७९ |
| लुम्बिनी प्रदेश वातावरण संरक्षण नियमावली, २०७७ |
| वातावरण संरक्षण नियमावली, २०७७ (२०२०) |
| संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापारलाई नियमन तथा नियन्त्रण गर्न बनेको नियमावली, २०७६ |
| वन नियमावली, २०५१ |
| फोहोरमैला व्यवस्थापन नियमावली, २०७० (२०१३) |

| |
|---|
| भवन नियमावली, २०६६ |
| श्रम नियमावली, २०६५ |
| प्राचीन स्मारक संरक्षण नियमावली, २०४६ |
| **४.५ प्रस्तावसँग सम्बन्धित निर्देशिका/कार्यविधि/कार्यनीति** |
| राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५० (१९९३) |
| वातावरण व्यवस्थापन निर्देशिका, २०५३ (१९९७) |
| **४.६ प्रस्तावसँग सम्बन्धित वातावरणीय तथा अन्य मापदण्ड** |
| राष्ट्रिय वायुको गुणस्तर मापदण्ड, २०६९ (२०१२) |
| राष्ट्रिय ध्वनी गुणस्तर मापदण्ड, २०६९ (२०१२) |
| राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६९ (२०१२) |
| नेपाल सवारी प्रदुषण मापदण्ड, २०६९ (२०१२) |
| डिजेल जेनेरेटरबाट निष्काशन भई हावामा जाने धुवाँ सम्बन्धी मापदण्ड २०६९ |
| राष्ट्रिय भवन संहिता, २०७७ |
| वस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७२ |
| **४.७ प्रस्तावसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि/सम्झौता** |
| संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापारलाई नियमन तथा नियन्त्रण गर्ने संधि (१९७३) |
| International Convention on Indigenous and Tribal Peoples (No. 169) |

# परिच्छेद ५

## वातावरणीय प्रभाव अध्ययनको अवधि, बजेट र जनशक्ति

यस परिच्छेदमा प्रतिवेदन तयारी समयातालिका, अनुमानित लागत र जनशक्ति जस्ता विषयहरु समावेश गरिएको छ।

## ५.१ समय तालिका

यस प्रस्तावको लागि आवश्यक वातावरणीय अध्ययनका लागि गर्नुपर्ने क्षेत्र निर्धारण, कार्यसूची लगायत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीका लागि करिब ३ महिनाको समय लाग्ने अनुमान गरिएको छ। यस समयावधिमा विज्ञहरुको आवश्यकता अनुसार अन्तरिम तथा निरन्तर प्रकृतिको संलग्नता रहनेछ। अध्ययनको विभिन्न चरणको विस्तृत विवरण तालिका ५.१ मा प्रस्तुत गरिएको छ।

तालिका ५. १: अध्ययनको विस्तृत विवरण

| क्र.सं. | कार्य विवरण | समय (हप्ता) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| १. | **क्षेत्रनिर्धारण तथा कार्यसूचि तयारी** | ■ | ■ | | | | | | | | | | |
| २. | **स्थलगत निरीक्षण तथा सरोकारवालासँग अन्तरक्रिया** | | | ■ | | | | | | | | | |
| २.१. | टेवल अध्ययनः अध्ययन टोलीको परिचालन, साहित्य सङ्कलन तथा समिक्षा | | | ■ | | | | | | | | | |
| २.२. | क्षेत्रनिर्धारण सम्बन्धी सूचना तयारी एवं सूचना टाँसको मुचुल्का सङ्कलन | | | ■ | | | | | | | | | |
| २.३. | सार्वजनिक सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन | | | ■ | | | | | | | | | |
| ३. | **क्षेत्रनिर्धारण तथा कार्यसूची तयार गर्ने** | | ■ | ■ | ■ | | | | | | | | |
| ४. | क्षेत्रनिर्धारण तथा कार्यसूचीलाई मन्त्रालयको विज्ञ समूह सामु प्रस्तुती एवं आवश्यक परिमार्जन | | | | ■ | ■ | | | | | | | |
| ५. | **क्षेत्रनिर्धारण तथा कार्यसूचीको स्वीकृती** | | | | | | ■ | | | | | | |
| ६. | **इआईए र अध्ययन** | | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | |
| ६.१. | टेवल कार्य तथा अध्ययन टोलीको परिचालन | | | | | | ■ | | | | | | |
| ६.२. | स्थलगत निरीक्षण तथा Walk through सर्वेक्षण | | | | | | | ■ | | | | | |
| ६.३. | बैठक, अन्तरवार्ता, नामावली सङ्कलन छलफल तथ्याङ्क सङ्कलन आदि | | | | | | | ■ | | | | | |
| ६.४. | तथ्याङ्क Analysis प्रतिवेदन तयारी, वातावरणीय व्यवस्थापन योजना तर्जुमा आदि | | | | | | | | ■ | ■ | | | |
| ६.५. | सार्वजनिक सुनुवाई कार्यक्रम एवं सार्वजनिक सूचना | | | | | | | | | ■ | | | |
| ६.६. | प्रतिवेदन परिमार्जन एवं वन, वातावरण तथा भूसंरक्षण मन्त्रालयमा प्रस्तुत | | | | | | | | | | ■ | | |
| ६.७. | प्रतिवेदनमा आवश्यक परिमार्जन | | | | | | | | | | | ■ | |
| ६.८. | प्रतिवेदन सार्वजनिकरण तथा आवश्यक परिमार्जन | | | | | | | | | | | ■ | |
| ६.९. | इआईए प्रतिवेदन वन, वातावरण तथा भूसंरक्षण मन्त्रालयको विज्ञ समूह सामु प्रस्तुतीकरण एवंम आवश्यक परिमार्जन र स्वीकृती | | | | | | | | | | | | ■ |

## ५.२ आवश्यक लागत

